# शिक्षक निर्देशिका

# नेपाली

## कक्षा ६

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# शिक्षक निर्देशिका
## नेपाली

## कक्षा ६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाले सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री सचितानन्द घिमिरे, बुद्धिसागर अधिकारी, श्री इन्दु खनाल, श्री चिनाकुमारी निरौला, श्री उमेश अधिकारी र श्री प्रतिमा पौडेलबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, विषय समितिका पदाधिकारी प्रा.डा कृष्णप्रसाद घिमिरे, डा. देवी नेपाल, श्री विष्णु ज्ञवाली, डा.जानुका नेपाल र श्री टुकराज अधिकारीको योगदान रहेको छ । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

## विषयसूची


| पाठ | शीर्षक | विधा | पेज नम्बर |
|---|---|---|---|
| १. | मातृभूमिको आवाज | कविता | |
| २. | कुमार यवक्रीत | कथा | |
| ३. | नेपाली संस्कृति | निबन्ध | |
| ४. | छोरालाई चिठी | चिठी | |
| ५. | सङ्गीतकार अम्बर गुरुङ | जीवनी | |
| ६. | चम्किला अनुहारहरू | कथा | |
| ७. | सम्पत्तिभन्दा स्वास्थ्य ठुलो | वादविवाद | |
| ८. | मेरा रहर | निबन्ध | |
| ९. | जाग जाग | कविता | |
| १०. | आशाको दियो | कथा | |
| ११. | सहभागिताका लागि निवेदन | निवेदन | |
| १२. | थोमस एल्भा एडिसन | जीवनी | |
| १३. | लाग्दछ मलाई रमाइलो | कविता | |
| १४. | वनभोज | संवाद | |
| १५. | पानीको कथा | प्रबन्ध | |
| १६. | मायाको घर | कथा | |

## शिक्षक निर्देशिका प्रयोगम्बन्धी जानकारी

यो शिक्षक निर्देशिका आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रमअन्तर्गत नेपाली विषयमा आधारित छ । पाठ्यक्रम शिक्षण सिकाइको मेरुदण्ड हो । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक तयार पारिन्छ । पाठ्यपुस्तकले मात्र निश्चित कक्षाका विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमता पूरा गराउन सक्दैनन् । तसर्थ पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा नेपाली विषयको विषयगत सक्षमताहरू हासिल गराउने अपेक्षासहित यो शिक्षक निर्देशिका तयार पारिएको छ । मूलतः पाठ्यक्रमको अपेक्षाअनुरूप विद्यार्थीहरूलाई भाषिक सिप विकासका लागि मौखिक अन्तरक्रिया, बोध र अभिव्यक्ति, धारणा निर्माण र प्रस्तुति, सुनाइ र बोलाइ, भाषिक प्रकार्य, भाषिक प्रतिक्रिया, भाषिक सञ्चार, अनुभूति, घटना, कल्पना जस्ता विविध विषयवस्तुलाई सिर्जनात्मक, जीवनोपयोगी सिपसँग अभ्यस्त गराउनुपर्छ ।

पाठ्यपुस्तकले व्यवस्थित गरेको अक्षर संरचना पहिचान र शुद्धोच्चारण, सांस्कृतिक तथा सामाजिक परिवेशअनुरूप शिष्ट भाषाको प्रयोग, सूचनामूलक समग्री तथा विषयवस्तुका आधारमा स्वाभाविक प्रतिक्रिया, सञ्चार सिप र भाषिक सिकाइका लाागि विविध ढाँचा र शैलीको प्रयोग, भाषिक अभिव्यक्तिका क्रममा विश्लेषणात्मक प्रतिक्रियासहितको विचार प्रस्तुति, खोज र सिकाइबिचको सम्बन्ध स्थापना गरी विषयवस्तु विश्लेषण र मूल्याङ्कन, रचनात्मक सिकाइ तथा प्रत्यक्ष सम्पर्कबाट विचार निर्माण र भाषिक कार्य सम्पादनमा सिर्जनात्मक र समालोचनात्मक चिन्तन सिपको उपयोग, प्रयोजन र परिवेशअनुसारको भाषिक प्रयोग जस्ता सिकाइ सक्षमता हासिल हुने पाठ्यवस्तु र तिनका क्रियाकलाप समेटिएका छन् ।

पाठ्यक्रमको मर्मअनुसार यस पाठ्यपुस्तकमा जीवनोपयोगी सिपलाई जोड दिएको छ । यो शिक्षक निर्देशिकाको प्रयोगबाट शिक्षकले शिक्षण सिकाइलाई भाषिक सिपकेन्द्रित, अनुभवकेन्द्रित, अभ्यासकेन्द्रित तथा सिर्जनाकेन्द्रित बनाउनुपर्छ । यो शिक्षक निर्देशिकाको प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य पक्षलाई निम्नानुसार उल्लेख गरिएको छ :

- पाठ्यक्रमका सिकाइ उपलब्धिमा आधारित हुनुपर्ने
- तोकिएको भाषिक सिप विकासका लागि पाठ्यसामग्रीमा आधारित हुनुपर्ने
- शिक्षकले पाठ्यक्रमका आधारमा थप पाठ्यसामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने
- सिकाइ र व्यवहारलाई सन्तुलित बनाउनुपर्ने
- विद्यार्थीको सिर्जनात्मक पक्षलाई प्रोत्साहन दिनुपर्ने
- सिकाइ सहजीकरणलाई विविधतापूर्ण बनाउनुपर्ने
- स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनलाई अधिकतम उपयोग गर्नुपर्ने
- मनोवैज्ञानिक सिद्धान्तको उपयोग गर्नुपर्ने
- क्रमिक सिकाइ रणनीतिलाई उपयोग गर्नुपर्ने
- विद्यार्थीलाई गरेर सिक्ने वातावरण तयार पार्नुपर्ने
- दोस्रो भाषी विद्यार्थीलाई मातृभाषाका माध्यमबाट आर्जित भाषिक सिप र ज्ञानलाई स्रोतका रूपमा उपयोग गराउनुपर्ने
- फरक सिकाइ क्षमता भएका विद्यार्थीहरूको वास्तविक अवस्था पहिचान गरी सिकाइ सहजीकरणलाई व्यवस्थित गर्नुपर्ने (जस्तै : बोल्न नसक्ने विद्यार्थीहरूलाई साङ्केतिक भाषाको प्रयोग गरिदिने, देख्न नसक्ने विद्यार्थीहरूलाई ब्रेललिपिको प्रयोग गरिदिने आदि)

**पाठ : १**
**शीर्षक : मातृभूमिको आवाज**
**विधा : कविता**
**कार्यघण्टा : १०**

'मातृभूमिको आवाज' देशभक्ति कविता हो । कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ। लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ। त्यसैगरी लेखाइ सिपअन्तर्गत श्रुति लेखन, गद्य रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भाव विस्तारलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ। यो पाठमा शब्दभण्डारअन्तर्गत पर्यायवाची शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत नाम शब्दको पुनरावृत्ति, सर्वनाम शब्दको पहिचान र प्रयोग, पुरुषवाचक  दर्शकवाचक सर्वनाम, सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति र प्रयोगका क्रियाकलाप गराउनुपर्छ। वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा अनुरोधसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत कविता सिर्जना तथा नेपाली भाषाबाहेकका अन्य मातृभाषाका शब्द सङ्कलन र अर्थबोध गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास
गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुति वर्णन | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• नेपाललाई विश्वमा चिनाउने व्यक्ति/ठाउँ/वस्तुका नाम<br>• नेपाललाई विश्वमा चिनाउने वृत्तचित्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सिकाइ सहजीकरणको पहिलो दिन कक्षाका सम्पूर्ण विद्यार्थीलाई स्वागत गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना साथीलाई स्वागत गर्न लगाउनुहोस् । नयाँ भर्ना भएका विद्यार्थीलाई समेत स्वागतको अवसर दिनुहोस् ।

२. विद्यार्थीले यो शैक्षिक सत्रमा गर्नुपर्ने मुख्य मुख्य काम तथा पढाइ लेखाइको सन्दर्भलाई जोडेर प्रभावकारी ढङ्गमा अभिमुखीकरण क्रियाकलाप गराउनुहोस् । विद्यार्थीका अनुभव र धारणालाई पनि सुन्नुहोस् ।

३. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका सगरमाथा, पशुपतिनाथ, लुम्बिनी र वीर गोर्खालीको चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप लगाई थप छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. शिक्षकले स्थानीय परिवेशमा भएका नेपाललाई चिनाउने चित्र सङ्कलन गरी वा स्थलगत भ्रमण गराई धारणा स्पष्ट पार्नुहोस् ।

> उदाहरण : काठमाडौँ, ललितपुर र भक्तपुरका दरबार स्क्वायर, भोटेकोसीको बन्जी जम्प, चितवन राष्ट्रिय निकुञ्ज, इलामको चिया बगान, नेपालको राष्ट्रिय झन्डा आदि ।

५. नेपाललाई संसारमा चिनाउन मदत पुऱ्याउने अरू विषयवस्तुका सन्दर्भमा समूह समूहमा छलफल गर्न लगाई पालैपालो सुनाउन लगाउनुहोस् । यस क्रममा अन्य समूहलाई थप जानकारी भएमा विषयवस्तु थप गर्ने अवसर प्रदान गर्नुहोस् ।

६. प्रत्येक समूहको प्रस्तुति पश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

७. नेपाललाई संसारमा चिनाउने व्यक्ति, ठाउँ, जनावर र वस्तु आदिसँग सम्बन्धित वृत्तचित्र प्रदर्शन गरी उक्त विषयवस्तुका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।

८. विद्यार्थीलाई सहभागी गराउने क्रममा फरक भाषा र फरक सिकाइ क्षमता आदिका आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई नेपाललाई चिनाउने चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई देशप्रेमसम्बद्ध विषयवस्तुका बारेको सामग्री सुनाएर सुनेका आधारमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयबद्ध पठन (श्लोक १)<br>• कविताको संरचना पहिचान<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • कवितालाई लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको नमुना<br>• कविताका संरचनाको नमुना<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठ्य कविताको श्लोकलाई उपजाति छन्दको नियमअनुसार लयबद्ध वाचन गरेर सुनाउनुहोस् । उपजाति छन्दको पत्येक पाउमा पाँचौँ अक्षरमा अर्ध विश्राम र एघारौँ अक्षरमा पूर्ण विश्राम गरी वाचन गर्न सकिने कुरा ख्याल गर्नुहोस् ।

३. शिक्षकले पाठ्य कविता वाचनको नमुना मोबाइलमा रेकर्ड गरेर वा सामाजिक सञ्जाललाट डाउनलोड गरेर पनि सुनाउन वा देखाउन सक्नुहुने छ ।

४. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः वल्लो समूह र पल्लो समूह, बेन्च बेन्चको समूह, युगल र एकल गरी कविता वाचन अभ्यास गराउनुहोस् । यस क्रममा स्वयम् शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने र विद्यार्थी आफैँले गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

५. कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा याद गर्नुहोस् ।

६. कविताको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा पाँचौँ अक्षरमा अर्धविश्राम र एघारौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

७. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीलाई कविताका नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

९. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

१०. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

जस्तै :

(क) किन कोही पराई छैनन् ?

(ख) मनुष्यसँगै के हाँस्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कविताका श्लोक वाचन र संरचना पहिचान सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

१. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भेष, पूर्ण, मनुष्य, परिवेश, श्रम, उच्च, समान

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) केलाई देशको माथ भनिएको छ ?

(ख) म किन पूर्ण चित्र हुँ ?

(ग) देश कसरी बाँच्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयवद्ध पठन (पुनरावृत्ति)<br>• संरचना पहिचान (पुनरावृत्ति)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना, पर्यायवाची शब्द)<br>• कविता पुरण<br>• बोध प्रश्नोत्तर | • कवितालाई लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो/भिडियो<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविताको १/२ ओटा श्लोक गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाई लयबद्ध पठन पुनरावृत्ति गराउनुहोस् ।

२. शिक्षकले पाठ्य कविताको श्लोक ४ देखि ५ सम्म उपजाति छन्दको नियमअनुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । अगिल्लो कक्षामा सिकेको उपजाति छन्दको पत्येक पाउमा पाँचौँ अक्षरमा अर्ध विश्राम र एघारौँ अक्षरमा पूर्ण विश्राम गरी वाचन गरिने तरिका पुनरावृत्ति गराउनुहोस् ।

३. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने र विद्यार्थी स्वयम्ले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

४. विद्यार्थीलाई कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्न सिकाउनुहोस् । अक्षर गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा सिकाउनुहोस् । यस क्रममा पाठ्य कविताभन्दा बाहेकका उपजाति छन्दका श्लोकलाई समेत प्रयोग गर्न सक्नुहुने छ ।

५. उपजाति छन्दको कविताको थप सामग्रीको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा पाँचौँ अक्षरमा अर्धविश्राम र एघारौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचन गराउनुहोस् ।

६. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी पाठ्य कविता संरचना/उपजाति छन्दको संरचनाबारे स्पष्ट पार्नुहोस् ।

७. विद्यार्थीलाई पाठ्य कविताका आधारमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

९. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अध्यास गराउनुहोस् ।

जस्तै :

(क) गौरा केमा खुलोस् ?

(ख) नेपाल कुन कलामा हाँसोस् ?

(ग) कसरी संस्कृतिको सुवास छर्न सकिन्छ ?

१०. बोध र अभिव्यक्तिको अभ्यास २ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

**जस्तै :**

हिमाल मेरो **अति** उच्च **माथ**

पहाड **छाती** र मधेस **काख**

म **एक** मान्छेसरि **पूर्ण** ठान

यी **अङ्ग** मेरा सब हुन् **समान** ।

११. शिक्षकले कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

१२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा एक वाक्यमा उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीलाई पाठका आधारमा मूल उत्तर पहिचान गर्न लगाई प्रश्नको संरचनताअनुसार वाक्यात्मक उत्तर दिन सिकाउनुहोस् । जस्तै :

**(क) के बाँचे देश बाँच्छ ?**

उत्तर : संस्कार बाँचे देश बाँच्छ ।

**(ख) देशलाई केले सिँगार्नुपर्छ भनिएको छ ?**

उत्तर : देशलाई श्रमले सिँगार्नुपर्छ भनिएको छ ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कविताबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बक्खु, घलेक, देउडा, रोदी, जीवनगीत, घाननाच, संस्कृति, सुवास

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कवितामा तनमा के सजाऔँ भनिएको छ ?

(ख) हामीले कहाँ जीवनको गीत गाउनुपर्छ ?

(ग) हामीले कसरी संस्कृतिको सुवास छर्नुपर्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • शब्दभण्डार | • पर्यायवाची शब्द पहिचान गर्न<br>• पर्यायवाची शब्दको प्रयोग गरी बोल्न र लेख्न<br>• पर्यायवाची शब्दबिच जोडा मिलाउन<br>• पाठबाट पर्यायवाची शब्द पहिचान गरी लेख्न<br>• वाक्यमा प्रयोग गर्न<br>• पर्यायवाची शब्द पहिचान गरी वाक्य पुनर्लेखन गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका नमुना प्रदर्शन गरी पाठबाट शब्द पहिचान गर्न सिकाउनुहोस् ।

**जस्तै : (क) लक्ष्मीपूजाको भोलिपल्ट बेलुकी भट्याइने गाथा = दैासी**

३. विद्यार्थी समूहलाई अभ्यासमा १ मा दिइएका पदावली बुझाउने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा लेखाइ सफा र शुद्ध नभएमा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन सिकाउनुहोस् ।

जस्तै : **सिङ्गो - पूर्ण, मुलुक - देश आदि ।**

६. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. यस क्रममा शिक्षकले पर्यायवाची शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सक्नुहुने छ ।

९. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् ।

१०. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

११. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा वाक्यमा प्रयोग गरिएको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा शब्दार्थपत्ती र वाक्यपत्ती पनि प्रयोग गर्नुहोस् । विद्यार्थीलाई खाली शब्दपत्ती दिएर अर्थ लेख्न, अर्थपत्ती दिएर शब्द लेख्न तथा अपुरो वाक्यपत्ती दिएर खाली ठाउँमा शब्द भर्न लगाउनुहोस् ।

१२. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. विद्यार्थी समूहलाई अभ्यास ५ का आधारमा रातो रङ लगाइएका शब्दका ठाउँमा उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर वाक्य पुनर्लेखन गर्न सिकाउनुहोस् । यस क्रममा सिकाइ रणनीतिलाई उपयोग गर्नुहोस् ।

१४. विद्यार्थीलाई अभ्यास ५ का आधारमा कक्षाकार्य गराउनुहोस् । विद्यार्थीले अभ्यास गरिसके पश्चात् समूहमा छलफल गर्न लगाइ सहपाठी सिकाइको अवसर प्रदान गर्नुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखिदिएर सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ५ को जस्तै रातो रङ लगाइएका शब्दको ठाउँमा उस्तै अर्थ दिने शब्द खोजेर वाक्य पुनर्लेखन गर्ने थप अभ्यास गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| अखण्ड | उज्यालो |
| इच्छा | संसार |
| तलाउ | सिङ्गो |
| जगत् | चाहना |
| प्रकाश | पोखरी |
| साहस | समय |
| | हिम्मत |

२. विद्यार्थीलाई अभ्यास ३ का आधारमा पाठबाट उस्तै अर्थ दिने शब्द खोजेर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• बोध प्रश्नोत्तर<br>• श्रुतिलेखन | • कविताका प्रत्येक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गर्न | • श्लोकपत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गरेर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

जस्तै : **पूर्वतिर फर्किएर घाँस खाइरहेको गाईको पुच्छर कता फर्किएको हुन्छ ?**

**उत्तर : भुइँतिर ।**

यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न सिकाउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् । कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरकका बारेमा छलफल गराउनुहोस् ।

**जस्तै : कवितात्मक वाक्य : आमा ! पुकार्छन् सबले मलाई ।**

**सामान्य वाक्य : सबले मलाई आमा पुकार्छन् ।**

३. अभ्यास ५ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

४. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहका कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. कविताको पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न पाठ्य कविताबाट थप अभ्यास गराउनुहोस् ।

६. शिक्षकले पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तरका थप अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास ४ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

८. श्रुतिलेखन पश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कविताको दोस्रो श्लोक श्रुतिलेखन गर्न लगाउनुहोस् । श्रुतिलेखन पश्चात् केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब, व, ओ श, ष, स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका प्रश्नका उत्तर एक वाक्यमा भन्न लगाउनुहोस् :

(क) कसले आमा पुकार्छन् ?

(ख) कवितामा मलाई केले सिँगार्नु भनिएको छ ?

(ग) देशलाई कसरी पूर्ण मान्छेसँग तुलना गरिएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● सङ्क्षिप्त उत्तर लेखन<br>● कविताका प्रत्येक श्लोकको भावार्थ लेखन | ● पाठ्य कविताका आधारमा प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>● कविताका प्रत्येक श्लोकको भावार्थ भन्न तथा लेख्न | ● श्लोकपत्ती<br>● वाक्यपत्ती<br>● भावार्थको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् :

**जस्तै :**

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नले मागेको उत्तर पहिचान गर्ने
- ४/५ वाक्यमा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

**उत्तर लेखनको नमुना**

(क) **कवितामा कसलाई आमा स्विकारिएको छ, किन ?**
**उत्तर :** हामी नेपालमा बस्छौँ । यहीँको माटामा श्रम पोखेर जीविकोपार्जन गर्छौँ । जसरी हामीलाई आमाले मायाममता दिन्छिन् त्यसरी नै देशबाट मायाममता पाउँछौँ । त्यसैले कवितामा देशलाई आमा स्विकारिएको छ ।

२. विद्यार्थीलाई अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. कविताको कुनै श्लोकलाई नमुना मानी भावार्थ बुझाउन कविताको श्लोक र भावार्थको बुँदा प्रदर्शन गर्नुहोस् । **जस्तै :**

म देश सिङगो म हुँ चन्द्रसूर्य
म भेष तिम्रो म हुँ पूर्ण चित्र
छैनन् पराई सब भाइ भाइ
आमा ! पुकार्छन् सबले मलाई ।

**भावार्थ बुँदा**

- चन्द्रसूर्य राष्ट्रिय झन्डा भएको नेपाल सिङ्गो मुलुक
- नेपालीका वेशभूषा, कला, संस्कृति आदिले नेपालको पूर्ण चित्र समेट्ने
- नेपालमा बसोबास गर्ने सारा नेपालीबिच भाइ भाइको सम्बन्ध

- नेपालमा बस्ने कोही पनि पराइ नभएका
- सारा नेपालीले देशलाई आमाको रूपमा सम्मान गर्ने

५. विद्यार्थीलाई कविताको श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न सिकाउनुहोस् । यस क्रममा श्लोकमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

६. माथिका भावार्थका बुँदालाई समेटी भाव विस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस् :

**नमुना भाव विस्तार**

नेपाल स्वतन्त्र राष्ट्र हो । नेपालको सिमाना पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । त्यसैगरी उत्तरमा हिमालय पर्वतदेखि दक्षिणमा छिमेकी मुलुक भारतको सिमानासम्म नेपालको भूभाग पर्छ । चन्द्रसूर्य अङ्कित झन्डा नेपालको राष्ट्रिय झन्डा हो । सिङ्गो मुलुक नेपाल हाम्रा वीर पुर्खाहरूको नासो हो । नेपाललाई जोगाई राख्नु हरेक नेपालीको कर्तव्य हो । नेपाल थरी थरीका जातजातिको बासस्थान हो । हरेक जातजातिका आआफ्ना मौलिक भाषा र पहिरन छन् । कला, संस्कृति र सभ्यता छन् । यी विविधता नै नेपाल र नेपालीका पहिचान हुन् । हामी नेपाली हाम्रा परम्परागत भाषा, वेषभूषा, कला र संस्कृतिको विविधतामा नेपालको पूर्ण चित्र देख्न सक्छौँ । नेपालमा बसोबास गर्ने सारा नेपालीहरू एकआपसमा दाजुभाइ तथा दिदीबहिनीको सम्बन्धमा बाँधिएका छन् । त्यसैकारण मुलुकको जुनसुकै स्थानमा बसोबास गरे पनि नेपालीहरू एकआपसमा पराई छैनन् । त्यति मात्र होइन, प्रत्येक नेपालीले आफ्नो देशलाई आमाको रूपमा सम्मान प्रकट गर्छन् । अतः नेपालको पूर्णता र नेपालीको एकताबिच नङ र मासुको जस्तै सम्बन्ध भएको कुरा माथिको श्लोकमा अभिव्यक्त भएको छ ।

७. पाठ्य कविताको कुनै श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

८. पाठ्य कविताको कुनै श्लोकसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोक पहिचान गर्न सिकाउनुहोस् । त्यसपछि यस्तै किसिमका अभ्यास गराई भाव विस्तार लेखनसम्बन्धी धारण स्पष्ट पार्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठ्य कविताका फरक फरक श्लोक प्रदर्शन गरी भावार्थ लेख्न लगाउनुहोस् ।

२. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी भावार्थको बुँदा सुनाउन लगाउनुहोस् ।

३. पाठ्य कवितको कुनै श्लोकसम्बन्धी बुँदालाई जोडेर भावार्थ लेख्न सिकाउनुहोस् ।

४. विद्यार्थीले लेखेका भावार्थलाई कक्षामा सुनाउन लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. दिइएको श्लोकको भावार्थ लेख्नुहोस् :**

संस्कार बाँचेपछि देश बाँच्छ

मनुष्य हाँसे परिवेश हाँस्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

१.सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको मूलभाव लेखन<br>• प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (अनुरोध) | • पाठ्य कविताका आधारमा मूलभाव लेख्न<br>• पाठ्य कविताका आधारमा प्रश्न निर्माण गर्न<br>• कुनै विषयवस्तु वा समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई अनुरोध गर्न | • श्लोकपत्ती<br>• प्रश्नपत्ती<br>• अनुरोधसँग सम्बन्धित अडियो/भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्लो दिन सिकेको पाठ्य कविताको भावार्थका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । भावार्थ लेखन र मूलभाव लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने र मूलभाव लेखनमा पूरै कविता/पाठमा केन्द्रित हुनुपर्ने कुरा बताउनुहोस् ।

२. शिक्षकले पाठ्य कविताको तेस्रो श्लोक र श्लोकसँग सम्बन्धित बुँदा प्रदर्शन गर्नुहोस् । जस्तै :

हिमाल मेरो अति उच्च माथ
पहाड छाती र मधेस काख
म एक मान्छेसरि पूर्ण ठान
यी अङ्ग मेरा सब हुन् समान ।

**भावार्थ बुँदा**

- हिमाल मेरो अग्लो शिर भएको

- पहाड छाती र मधेस काखसमान मानिएको
- शिर, छाती र काख भएका कारण देश पनि पूर्ण मान्छे जस्तै भएको
- मानिसका अङ्ग शिर, छाती र काखलाई देशको भूभाग हिमाल, पहाड र मधेससँग तुलना गरिएको
- पूर्ण मान्छे हुनका लागि सम्पूर्ण अङ्ग आवश्यक भए झैँ देश पूर्ण हुनका लागि हिमाल, पहाड र मधेस समेटिनुपर्ने

३. अगिल्लो कक्षामा सिकेका कविताका श्लोकको भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् र उक्त विषयवस्तुलाई मूलभाव लेखनमा समेट्न सिकाउनुहोस् ।

४. शिक्षकले पाठ्य कविताको मूलभाव लेखनको नमुना प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउनुहोस् । सोही क्रममा कविताका श्लोक, श्लोकसम्बन्धी बुँदा र मूलभावबिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

५. विद्यार्थी समूहलाई अभ्यास ८ मा आधारित भई 'मातृभूमिको आवाज' कविताको मूलभावलाई समेट्ने गरी बुँदा बनाउन लगाउनुहोस् । यस क्रममा शिक्षकले प्रत्येक श्लोकबाट मुख्य मुख्य कुरा जोडेर बुँदा बनाए नबनाएको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई कविताका प्रत्येक श्लोकका बुँदालाई समेटेर मूलभाव लेख्न लगाउनुहोस् ।

६. शिक्षकले प्रदर्शन गरेको मूलभावको नमुना र कुनै विद्यार्थी समूहले तयार पारेको मूलभाव लेखनमा आधारित भई छलफल गराउनुहोस् । यस क्रममा वाक्य शृङ्खला, अनुच्छेद शृङ्खला र मूलभावको आदि, मध्य र अन्त्यको संरचनाका बारेमा धारणा स्पष्ट पार्नुहोस् ।

७. विद्यार्थीका प्रत्येक समूहले लेखेको मूलभाव छलफल गर्न लगाई थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

८. विद्यार्थीलाई पाठ्य कविताको कुनै श्लोकको प्रदर्शन गराई प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस् । जस्तै :

संस्कार बाँचेपछि देश बाँच्छ
मनुष्य हाँसे परिवेश हाँस्छ
उनेर माला अब फूललाई
सिँगार्न आऊ श्रमले मलाइ ।

**प्रश्नका नमुना**

- के बाँचेपछि देश बाँच्छ ?
- कसरी देश बाँच्छ ?

- को हाँसेपछि परिवेश हाँस्छ ?
- परिवेश कहिले हाँस्छ ?
- देश कसरी सिँगार्न सकिन्छ ?

९. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

१०. विद्यार्थीले बनाएका प्रश्न कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

११. विद्यार्थीसँग अनुरोधसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको भाषाको व्यावहारिक प्रयोगका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**अनुरोध**

**निर्मला** : हजुरबुबा ! मलाई धेरै भोक लागेको छ । के खाजा खाने होला ?

**हजुरबुबा** : के खाजा खाने होला त नानु ? पसलमा गएर मन परेको खाजा किनेर ल्याऊ न त ।

**निर्मला** : सुन्नुहोस् न हजुरबुबा, हामीले बजारका तयारी खानेकुरा खान हुँदो रहेनछ । यसले स्वास्थ्यमा समस्या निम्त्याउँदो रहेछ ।

**हजुरबुबा** : हैन के भन्दै छ्यौ तिमी ? बजारका खानेकुराले कसरी स्वास्थ्यमा समस्या आउँछ ?

**निर्मला** : बजारका तयारी खानेकुरामा प्रयोग गरिएका रङले स्वास्थ्यमा समस्या ल्याउँदो रहेछ । त्यति मात्र हो र हजुरबुबा, यस्ता खानेकुरामा स्वादिलो बनाउन तथा चाँडै नबिग्रियोस् भनेर प्रयोग गरिने रासायनिक वस्तु पनि स्वास्थ्यका लागि हानिकारक हुँदा रहेछन् ।

**हजुरबुबा** : अनि यस्ता खानेकुराले के के असर गर्दा रहेछन् त नानु ?

**निर्मला** : छ नि हजुरबुबा, यस्ता खानेकुराले ग्यास्ट्रिक, अल्सर, मधुमेह, उच्च रक्तचाप, क्यान्सर जस्ता रोगलाई निम्त्याउँदा रहेछन् ।

**हजुरबुबा** : ओहो ! उसो हो भने त अबदेखि बजारका तयारी खानेकुरालाई निषेध गर्नुपर्छ ।

**निर्मला** : हो नि हजुरबुबा, अबदेखि हामीले बजारका तयारी खानेकुरा खानुहुँदैन ।

**हजुरबुबा** : मेरी नातिनीलाई आजको खाजा मकै भटमास भुटिदिन्छु ।

१२. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा दुईतीन जना विद्यार्थीको समूहलाई अनुरोधसम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. दिइएको कविताको श्लोकका आधारमा तीनओटा प्रश्न निर्माण गर्न लगाई साथी साथीबिच छलफल गर्न लगाउनुहोस् :

> द्यौसी र भैलो अब खेल्न जाऔँ
> रोदी पसी जीवन गीत गाऔँ
> मिलेर नाचौँ अब धाननाच
> छरौँ मिली संस्कृतिको सुवास ।

**(घ) मूल्याङ्कन**

१. दिइएको श्लोक पढी तीनओटा प्रश्न निर्माण गर्नुहोस् :

> द्यौसी र भैलो अब खेल्न जाऔँ
> रोदी पसी जीवन गीत गाऔँ
> मिलेर नाचौँ अब धान नाच
> छरौँ मिली संस्कृतिको सुवास ।

२. दिइएको श्लोक पढी भाव विस्तार गर्नुहोस् :

> उनेर माला अब फूललाई
> सिँगार्न आऊ श्रमले मलाई ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • नाम पद<br>• सर्वनाम पद | • नाम पदको पहिचान र प्रयोग गर्न<br>• सर्वनाम पदको पहिचान र प्रयोग गर्न<br>• सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति मिलाइ बोल्न र लेख्न | • नामको तालिका र उदाहरण<br>• सर्वनामको तालिका र उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. ४/५ जना विद्यार्थीलाई कक्षाको अगाडि बोलाएर उनीहरूको नाम, आमाबुबाको नाम र आफू बस्ने ठाउँलाई समेटेर परिचय खेल खेलाउनुहोस् । यस क्रममा नामको धारणा बुझाउनुहोस् ।

२. अनुच्छेदका आधारमा व्यक्ति, ठाउँ, द्रव्य र प्राणी, समूह र भाव जनाउने नाम पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा शब्दपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| व्यक्तिका नाम | → | प्रशान्त | प्रसिद्धि | छेदेन |
| ठाउँका नाम | → | ठमेल | कन्याम | धुन्चे |
| प्राणीका नाम | → | बाघ | गाई | दुम्सी |

३. विद्यार्थीलाई समूह विभाजन गराई अभ्यास १ को अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

४. भाषिक संरचना र वर्णविन्यास खण्डको आधारमा नामपद समेटिएको अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई समूहमा छलफल गर्दै अभ्यास १ का आधारमा व्यक्ति, ठाउँ, द्रव्य र प्राणी बुझाउने नाम लेख्न लगाउनुहोस् । साथै अनुच्छेदबाट समूह र भाव बुझाउने शब्द टिपोट गर्न लगाउनुहोस् ।

६. विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीका उत्तरलाई समूह समूहमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

८. विद्यार्थीलाई अभ्यास २ का आधारमा को र केको समूहमा नामलाई तालिकीकरण गर्न सिकाउनुहोस् । अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

९. अभ्यास ३ का आधारमा अनुच्छेद प्रदर्शन गरी राता अक्षर भएका शब्द पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा सर्वनाम शब्द नामका सट्टामा प्रयोग हुने धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

(क) **भाइ ६** कक्षामा पढ्छ । **ऊ** असल विद्यार्थी हो ।

(ख) **नम्रता** मामाघर गइन् । **उनी** एक हप्तापछि घर फर्कन्छिन् ।

१०. अभ्यास ४ का आधारमा नामका सट्टामा सर्वनाम शब्द राखी वाक्य पुनर्लेखन गर्न सिकाउनुहोस् ।

**जस्तै :**

(क) न्हुच्छेमान बजार गयो । न्हुच्छेमानले पत्तीका किन्यो ।

उत्तर : न्हुच्छेमान बजार गयो । उसले पत्तीका किन्यो ।

यस पछि विद्यार्थीलाई अभ्यास गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

११. अभ्यास ५ का आधारमा सर्वनाम र क्रियाबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । त्यसपछि छलफलसहित शैक्षणिक पाटीमा नमुना देखाउनुहोस् । यस क्रममा वाक्य निर्माण अभ्यास पनि गराउनुहोस् ।

१२. अभ्यास ६ का आधारमा सर्वनामलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास २ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. तालिकामा मिल्दो नाम लेख्नुहोस् :

| **व्यक्तिवाचक नाम** | **जातिवाचक नाम** | **समूहवाचक नाम** | **द्रव्यवाचक नाम** | **भाववाचक नाम** |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| (क) ............... (ख) ............... (ग) ............... (घ) .............. (ङ) .............. | (क) ............... (ख) ............... (ग) ............... (घ) .............. (ङ) .............. | (क) ............... (ख) ............... (ग) ............... (घ) .............. (ङ) .............. | (क) ............... (ख) ............... (ग) ............... (घ) .............. (ङ) .............. | (क) ............... (ख) ............... (ग) ............... (घ) .............. (ङ) .............. |

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

१. सिकाइ क्षेत्र

**(क) सुरुआती क्रियाकलाप**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • वर्णविन्यास (ह्रस्व इकार)<br>• सुनाइ पाठ १<br>• छलफल र मौखिक प्रस्तुति<br>• सिर्जना/ परियोजना कार्य | • शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकारको पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ १ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• सुनाइ पाठ १ को अडियो सामग्री<br>• प्रश्नपत्ती<br>• छलफलका लागि बुँदा |

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् । जस्तै : **एक मिटर लम्बाइ, एक मिटर चौडाइ र एक मिटर उचाइ भएको खाल्डामा कति माटो हुन्छ होला ?**

**उत्तर : खाल्डामा माटो नै हुँदैन ।**

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल

गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा ह्रस्व वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी ह्रस्व इकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| **शब्दको सुरुमा ह्रस्व इकार हुने शब्द** | → | इज्जत | किताब | छिमेक |
| **शब्दको बिचमा ह्रस्व इकार हुने शब्द** | → | अन्तिम | नुनिलो | गायिका |
| **शब्दको अन्त्यमा ह्रस्व इकार हुने शब्द** | → | वारि | भोलि | अगाडि |

३. अभ्यास ७ का आधारमा पाठ्य कविताबाट ह्रस्व इकार लागेका शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. अभ्यास ८ का आधारमा वर्णविन्यास मिलाउने क्रियाकलाप गराउनुहोस् । अन्त्यमा छलफलसहित शैक्षणिक पाटीमा उत्तरको नमुना देखाइ वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

६. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

७. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ एक सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् ।

**जस्तै : (क) नेपालमा लेक र बेँसीहरू छन् । ठिक**

१०. विद्यार्थीको उत्तर ठिक भए नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

११. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

१२. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

**जस्तै : (क) सबै जना नेपाललाई कस्तो भूमि भन्छन् ?**

**उत्तर : सबै जना नेपाललाई स्वर्गभूमि भन्छन् ।**

१३. विद्यार्थी सङ्ख्याको अनुपातका आधारमा जातीय तथा भाषिक आधारमा समावेशी समूह निर्माण गर्नुहोस् ।

१४. शिक्षकले आफ्नो स्थानीय तहको भौगोलिक सिमाना, जातजाति, संस्कृति, वेशभूषा, खानपिन, भाषा र जनसङ्ख्या शीर्षकमध्ये कुनै एकमा सूचना सङ्कलन गरी नमुना देखाउनुहोस् ।

१५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ का आधारमा समूह कार्य गर्न निर्देशन दिनुहोस् । यस क्रममा पुस्तकालय, इमेल, इन्टरनेट आदिको उपयोग गर्न सिकाउनुहोस् ।

१६. प्रत्येक समूहलाई चार्ट पेपर, सिसाकलम, साइनपेन आदि सामग्री वितरण गर्नुहोस् ।

१७. समूह कार्य पूरा भए पश्चात् कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

१८. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डका शीर्षकमध्ये कुनै एक शीर्षकमा कविता लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ जस्तै प्रश्न तयार पारी समूह कार्य गर्न लगाउनुहोस् । जस्तै : विद्यालय भएको वडाको भौगोलिक सिमाना, बसोबास गर्ने जातजाति, जनसङ्ख्या, संस्कृतिसम्बन्धी सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. आफू बस्ने वडाको भौगोलिक सिमाना, बसोबास गर्ने जातजाति, जनसङ्ख्या, संस्कृतिसम्बन्धी सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**२. शुद्ध शब्द छानी लेख्नुहोस् :**

| | |
|---|---|
| (क) चीप्लो | चिप्लो |
| (ख) बीकाउँछ | बिकाउँछ |
| (ग) पिलपिल | पीलपिल |
| (घ) गरिबि | गरिबी |
| (ङ) स्वास्नी | स्वास्नि |

(च) महाकालि                    महाकाली

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सिर्जना/परियोजना कार्य (कविता रचना र आफ्नो समुदायमा बोलिने विभिन्न भाषाका शब्द सङ्कलन र तिनका अर्थ) | • निर्दिष्ट शीर्षकमा निर्देशित कविता रचना गर्न<br>• निर्दिष्ट शीर्षकमा स्वतन्त्र कविता रचना गर्न<br>• आफ्नो समुदायमा बोलिने विभिन्न भाषाका बोलीचालीका शब्द सङ्कलन गरी तिनका अर्थ भन्न | • कविताका शीर्षकपत्ती<br>• अपूरो कविता<br>• कविता लेखनको नमुना<br>• आफ्नो समुदायमा बोलिने विभिन्न भाषाका शब्द र अर्थको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कविता सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा कविता रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- कविता रचना गर्दा लयलाई ध्यान दिनुपर्ने
- कविताका प्रत्येक पङ्क्तिका अन्त्यमा अनुप्रासयुक्त शब्द हुनुपर्ने
- कविता रचनाका क्रममा शब्द चयनको विशेष भूमिका रहने
- सम्बन्धित विषयवस्तु वा शीर्षकका आधारमा कविता रचना गर्नुपर्ने

२. शिक्षकले निर्देशित कविता रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा कविताका अपूरा श्लोक र खाली ठाउँमा भर्नुपर्ने शब्द प्रदर्शन गर्नुहोस् ।

**जस्तै :**

| |
|---|
| सपना, लुटुक्क, खोस, मिठो, हजार, सिर्जना, सुकुमार, फूल |

तानेर आफ्नै ............ सुटुक्क
निदाउँला म भुइँमै ..............
न ........... मेरा सपना हजार
मलाई ........... मनले मुसार ।

........... आँखा तर एक दृष्टि
दृष्टान्त मेरो .......... र सृष्टि
साथी सहेली ............. साथ
प्रीति स्वयं ...... र फूलवृष्टि ।

३. विद्यार्थीलाई समूहमा छलफल गर्दै खाली ठाउँमा मिल्ने शब्द भर्न सिकाउनुहोस् ।

४. कविता पुरण पश्चात् अनुप्रासयुक्त पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा कवितालाई लयबद्ध वाचन गर्न सिकाउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा कविता रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कविता रचनासम्बन्धी गृहकार्यलाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका कविता कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सम्भव भएसम्म फरक फरक मातृभाषाका आधारमा समूह विभाजन गराउनुहोस् । प्रत्येक मातृभाषामा बोलिने व्यक्तिका नाम, सामानका नाम, पहिरनका नाम टिपोट गरी तिनका अर्थसमेत लेख्न सिकाउनुहोस् ।

९. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ गर्नका लागि प्रत्येक समूह कार्य गर्नका लागि शब्दपत्ती, साइनपेन, सिसाकलम आदि आवश्यक सामग्री दिनुहोस् ।

१०. समूह कार्य पूरा भए **पश्चात्** कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि समूहको भाषिक अवस्थाका आधारमा कक्षाका सबै भाषा समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

११. अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तलकामध्ये कुनै एक शीर्षकमा १/२ श्लोक कविता लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

**(क) चाडपर्व** **(ख) नेपालका हिमाल** **(ग) नदीनाला**

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका कवितालाई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : २**
**शीर्षक : कुमार यवक्रीत**
**विधा : कथा**
**कार्यघण्टा : १०**

'कुमार यवक्रीत' पौराणिक कथा हो । विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई छलफल, प्रश्नोत्तर धारणा निर्माण र प्रस्तुति जस्ता क्रियाकलाप गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफलका साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तुबोध, प्रश्न निर्माण तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, सार लेखन, तार्किक लेखन अनुकरणात्मक कथा लेखन तथा स्वतन्त्र कथा रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत विपरीतार्थी शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत सर्वनाम शब्दको पहिचान र प्रयोग, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक पुरुषवाचक दर्शकवाचक सर्वनाम, सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा समीक्षासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्देशित कथा रचना तथा समाचारको ढाँचामा कक्षा प्रस्तुति गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ २ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वर पठन (अनुच्छेद १, २ र ३)<br>• शुद्धोच्चारणं<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर (अनुच्छेद १) | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १ का आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र<br>• विभिन्न धर्म/जातजातिसँग सम्बन्धित पौरणिक पात्रका चित्र<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीलाई भस्मासुर वा युधिष्ठिर वा सिद्धार्थ गौतम जस्ता पौराणिक विषयवस्तुमा आधारित सन्देशमूलक लघुकथा सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पनि सन्देशमूलक पौराणिक विषयवस्तुमा आधारित लघुकथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका सीता, भीम, भस्मासुर, एकलव्य, हर्कुलस र यलम्बरको चित्र प्रदर्शन गर्नुहोस् ।

२. प्रत्येक विद्यार्थी समूहलाई एक एकओटा चित्रका बारेमा समूहमा छलफल गरी बताउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु भन्न लगाई थप छलफल गर्दै जानुहोस् ।

३. प्रत्येक समूहको प्रस्तुति **पश्चात्** शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

५. पाठको अनुच्छेद १ लाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

६. विद्यार्थीलाई पाठका अनुच्छेद १ र २ पालैपालो  गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

८. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । विद्यार्थीलाई शब्दभण्डारसम्बन्धी खेल खेलाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

९. पाठको पहिलो अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा अनुच्छेद पढ्ने तरिका, प्रश्न बुझ्ने तरिका तथा अनुच्छेदबाट उत्तर पहिचान गर्ने तरिका सिकाइ उत्तर भन्न र लेख्न सिकाउनुहोस् ।

**जस्तै :**

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदबाट उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्य रचना गर्न लगाउनुहोस् ।

४. पाठको पहिलो अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गराउनुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठको पूर्वपठन खण्डमा भएका चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अनुच्छेद २ र ३ का आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् :

**प्रश्नहरू :**

(क) इन्द्रले कसको गुनासो सुने ?

(ख) कसरी ज्ञान र सिप आर्जन गर्न सकिन्छ ?

(ग) यवक्रीतले के अठोट गरे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ४ देखि ८ सम्म)<br>• समयबद्ध पठन<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• श्रुतिबोध | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई समयबद्ध पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ६, ७ र ८ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्यसामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद ४ र ८ सम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई घडी हेर्न लगाई कथाको कुनै अनुच्छेदलाई समयबद्ध पठन गरी सुनाउनुहोस् । यसपछि क्रमशः विद्यार्थीहरूलाई पनि समयबद्ध पठन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

७. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको ६, ७ र ८ अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् :

- अनुच्छेदलाई ध्यानपूर्वक सुन्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदमा उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्न :**

**ठिक बेठिक छुट्याउनुहोस् :**

(क) इन्द्रले आफ्ना कपाल र दारी जुँगामा सेतो दले ।

(ख) यवक्रीतले गङ्गा स्नान गर्न जाँदा युवकलाई देखे ।

(ग) बुढा मान्छेले गङ्गाको पानीमा ढुङ्गा फ्याँकिरहेका थिए ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले श्रव्य सामग्रीका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

जिद्दी, अनसन, गङ्गास्नान, झुत्रेझाम्रे, समाजसेवी, प्रणाम

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कसले यवक्रीतलाई उदाहरण दिएर सम्झाइबुझाइ गरे ?

(ख) इन्द्र किन हैरान भएका थिए ?

(ग) को गङ्गाको पानीमा बालुवा फ्याँकिरहेका थिए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ९ देखि १२ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• पठन बोध<br>• कथाको संरचना पहिचान | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १०, ११ र १२ का आधारमा बोध प्रश्नोत्तर गर्न<br>• कथाको संरचना पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्य सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद ९ देखि १२ सम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

२. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको १०, ११ र १२ मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक मौन पठन गर्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदबाट उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्नहरू :**

**दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) यवक्रीत कसको कुरा सुनेर हाँसे ?

(ख) बुढा मान्छेले गम्भिर भएर के भने ?

(ग) यवक्रीत किन नदीमा ओर्ले ?

८. विद्यार्थीलाई कुमार यवक्रीत कथा प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा कथाको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य घटना प्रदर्शन गर्नुहोस् ।

९. विद्यार्थी समूहलाई छलफल गरी कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(क) कस्तो मान्छेलाई काँचो बुद्धि भएको भनिन्छ ?

(ख) को इन्द्रका ढोकामा अनसन बसेका थिए ?

(ग) यवक्रीत किन गुरुकुलतिर लागे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम पहिचान<br>• घटनाक्रम मिलान<br>• शब्दभण्डार (पाठगत शब्दार्थ र विपरीतार्थी शब्द) | • घटनाक्रम पहिचान गर्न<br>• घटनाक्रम मिलाउन<br>• विपरीतार्थी शब्द पहिचान गर्न<br>• विपरीतार्थी शब्दको प्रयोग गरी बोल्न र लेख्न | • घटनाक्रम सूची<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै लोकगीत गाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गीत गाएर सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठका घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाको संरचनालाई पुनरावृत्ति गराई प्रारम्भ, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् ।

जस्तै :

**कथाको प्रारम्भ भागका घटना :**

- गङ्गा किनारमा भारद्वाज र रैभ्य ऋषिको आश्रम रहेको
- रैभ्यका छोरा परावसु पनि विद्वान कहलिएका
- भारद्वाजका छोरा यवक्रीतले भने लेखपढ नगरेका

२. विद्यार्थीलाई पाठको आदि भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

३. कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अगिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटना भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. क्रियाकलाप १, २ र ३ जस्तै तरिका अपनाएर कथाको मध्य र अन्त्यसँगसम्बन्धित घटना पहिचान र मिलान गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका शब्दपत्ती र अर्थपत्तीका नमुना प्रदर्शन गरी शब्दार्थ पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा शब्द देखाएर अर्थ पहिचान तथा अर्थ देखाएर शब्द पहिचान गर्न लगाउनुहोस् । **जस्तै : खुसुक्क - सुटुक्क, होनहार - ज्यादै सिपालु आदि ।**

६. विद्यार्थी समूहलाई अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी विपरीत अर्थ बुझाउने शब्द  पाठबाट खोजर लेख्न सिकाउनुहोस् ।  **जस्तै : मूर्ख - विद्वान , चेला - गुरु , पाकेको - काँचो आदि ।**

९. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा विपरीत अर्थ दिने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

११. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा विपरीतार्थी शब्द जोडीलाई चिनेर गोलो घेरा लगाउन

सिकाउनुहोस् ।

१२. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

१३. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा छलफल गरी विपरीत अर्थ बुझाउने शब्द लेख्न लगाउनुहोस् । विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१४. अभ्यास ५ का आधारमा वाक्यमा प्रयोग गरेको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा शब्दार्थ पत्ती र वाक्यपत्ती पनि प्रयोग गर्नुहोस् । विद्यार्थीलाई खाली शब्दपत्ती दिएर अर्थ लेख्न, अर्थपत्ती दिएर शब्द लेख्न तथा अपुरो वाक्यपत्ती दिएर खाली ठाउँमा शब्द भर्न लगाउनुहोस् । यस क्रममा सिकाइ रणनीतिलाई उपयोग गर्नुहोस् ।

१५. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ बाट विपरीत अर्थ बुझाउने शब्द लेख्न लगाउनुहोस् । यस क्रममा थप अभ्यास पनि गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. विद्यार्थीलाई विपरीत अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :**

| | |
|---|---|
| आकाश | रात |
| अग्लो | टुप्पो |
| दिन | पाताल |
| सम्पन्न | होचो |
| फेद | विपन्न |
| | जाँगरिलो |

**२. कथाको अन्त्य भागको घटनाक्रम मिलाएर लेख्नुहोस् :**

( ) बुढाका कुरा सुनेर यवक्रीत झस्किएका

( ) यति पाको उमेरमा पनि कस्तो काँचो बुद्धि

( ) अनसन बसेका भरमा नपढीकन विद्धान बन्न नसकिने

( ) यवक्रीत नदीमा खुसुक्क ओर्लेका

( ) बालुवा फ्याँकेर गङ्गामाथि पुल बनाउन सकिने

( ) विद्वान बन्ने सङ्कल्प लिएर यवक्रीत गुरुकुलतिर लागेका

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन र पठन<br>• बोध प्रश्नोत्तर | • अनुलेखन गरी पढेर सुनाउन<br>• ठिक बेठिक छुट्याउन<br>• ठिक उत्तर पहिचान गर्न<br>• एक वाक्यमा उत्तर लेख्न | • अनुलेखनको नमुना<br>• शब्दपत्ती<br>• प्रश्नोत्तरपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै पौराणिक पात्रका बारेमा प्रेरणादायी कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा विद्यार्थीलाई शुद्धसँग अनुलेखन गर्न सिकाउनुहोस् । यस क्रममा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् :

- शब्द शब्दलाई ख्याल गर्नुपर्ने
- वर्णविन्यासलाई ख्याल गर्नुपर्ने
- लेख्य चिह्नलाई ख्याल गर्नुपर्ने
- सफा र शुद्धसँग अनुलेखन गर्नुपर्ने

२. विद्यार्थीले अनुलेखन गरिसकेपछि उक्त शब्द पढेर सुनाउन लगाउनुहोस् । साथीको अनुलेखन र शब्दोच्चारणको अवलोकन गर्न लगाई सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. बोध र अभिव्यक्तिको अभ्यास २ का आधारमा ठिक बेठिक छुट्याउन सिकाउनुहोस् :

(क) कुमार यवक्रीत भारद्वाज मुनिका पुत्र थिए । (ठिक)

(ख) यवक्रीत इन्द्रकहाँ पढ्नका लागि गए । (बेठिक)

४. विद्यार्थी समूहले क्रियाकलाप पूरा गरेपछि पालैपालो प्रश्न सोध्ने र उत्तर भन्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले छलफलसहित आवश्यक पृष्ठपोषण दिनुहोस् । पाठसम्बद्ध थप अभ्यास पनि गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा प्रश्न र उत्तरका विकल्प प्रदर्शन गरी ठिक उत्तर पहिचान गर्न सिकाउनुहोस् ।

**जस्तै :**

(क) परावसु र उर्वावसुको पिताको नाम के थियो ?

(अ) भारद्वाज √(आ) रैभ्य (इ) वशिष्ठ (ई) द्रोणाचर्य

(ख) यवक्रीत नपढीकन विद्वान् बन्ने उपाय खोज्न कसकहाँ गए ?

(अ) रैभ्यकहाँ (आ) विष्णुकहाँ √(इ) इन्द्रकहाँ (ई) लक्ष्मीकहाँ

६. विद्यार्थी समूह समूहबिच अभ्यास ३ का प्रश्न र उपयुक्त विकल्पबिच छलफल गर्न लगाई ठिक उत्तर पहिचान गर्न लगाउनुहोस् ।

७. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा एक वाक्यमा उत्तर लेख्न सिकाउनुहोस् । विद्यार्थीलाई पाठका आधारमा मूल उत्तर पहिचान गर्न लगाई प्रश्नको संरचनताअनुसार एक वाक्यमा उत्तर लेख्नुपर्ने कुरा बताउनुहोस् ।

**जस्तै :**

**(क) यवक्रीत कसका सन्तान थिए ?**

उत्तर : यवक्रीत भारद्वाज मुनिका सन्तान थिए ।

**(ख) यवक्रीत किन इन्द्रकहाँ गए ?**

उत्तर : यवक्रीत नपढीकन विद्वान् बन्ने तरिका सिक्न इन्द्रकहाँ गए ।

८.विद्यार्थीले लेखेका प्रश्नका उत्तर साथी साथीबिच कापी साटेर परीक्षण गर्न सिकाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. शिक्षकले पाठ्य कथाका आधारमा बोध प्रश्नोत्तरका थप अभ्यास पनि गराउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कथाको दोस्रो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा पुनरावृत्ति गराउनुहोस् ।

२. विद्यार्थीले गरेको अनुलेखनलाई गति, यति, भाव र हाउभाउसहित पढ्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. दिइएका प्रश्नका उत्तर एक वाक्यमा लेख्न लगाउनुहोस् :

(क) यवक्रीतका बुबाको नाम के थियो ?

(ख) यवक्रीत किन इन्द्रकहाँ गए ?

(ग) इन्द्रले कपाल र दारी कस्तो बनाए ?

(घ) यवक्रीतले हजुरबुबालाई कसरी प्रणाम गरे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लामो उत्तर लेखन<br>• प्रश्न निर्माण<br>• सार लेखन | • पाठमा आधारित प्रश्नको लामो उत्तर लेख्न<br>• अनुच्छेदमा आधारित भएर प्रश्न निर्माण गर्न<br>• अनुच्छेदको सार लेख्न | • लामो उत्तरमा आधारित बुँदा चार्ट<br>• अनुच्छेदपत्ती<br>• प्रश्नपत्ती<br>• प्रोजेक्टर |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै स्मरणीय घटना वा प्रसङ्ग सुनाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना स्मरणीय घटना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा प्रश्न प्रदर्शन गरी लामो उत्तर लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

- सर्वप्रथम प्रश्न पढ्ने र प्रश्नको आशय ठम्याउने
- प्रश्नमा केन्द्रित रहेर पाठका आधारमा मुख्य मुख्य बुँदा टिपोट गर्ने
- उत्तरका बुँदालाई जोडेर उत्तरको अनुच्छेद बनाउने
- विषयवस्तुको प्रकृतिअनुसार उत्तरलाई विभिन्न अनुच्छेदमा विभाजन गर्ने
- प्रश्नको केन्द्रियतामा उत्तरको निष्कर्ष अनुच्छेद हुनुपर्ने

२. विद्यार्थी समूहलाई प्रश्न दिने र छलफल गर्दै लामो उत्तरका बुँदा टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्ने र आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

४. लामो उत्तरका बुँदा तयार भइसकेपछि प्रत्येक समूहलाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य समूहबाट प्रतिक्रिया लिने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गराउनुहोस् ।

५. विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी लामो उत्तर लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा प्रत्येक समूहलाई निम्न कुराका आधारमा प्रश्न बनाउन सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

८. प्रश्न न. ६ का आधारमा विद्यार्थी समूहलाई पाठको दोस्रो र तेस्रो अनुच्छेदबाट साथी साथीबिच छलफल गरी प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

९. विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

११. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा निम्न पक्षलाई ख्याल गर्न लगाई अनुच्छेदको सार लेख्न सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- सिसाकलमले मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- दिइएको विषयवस्तुको सार लेख्ने
- विषयवस्तुको सार लेख्दा मुख्य मुख्य कुरा छुट्न नहुने
- सार लेखनको अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्नुपर्ने

१२. कथाको पहिलो अनुच्छेदलाई पढेर सुनाउनुहोस् । यस क्रममा मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्नुहोस् । त्यसपछि अनुच्छेदको सार प्रदर्शन गर्नुहोस् ।

१३. विद्यार्थीलाई छलफलसहित अनुच्छेदको सार लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा आधारित भई लामो उत्तर लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. कथाको दसौँ, एघारौँ र बाह्रौँ अनुच्छेदको सार लेख्न लगाउनुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. पाठका आधारमा लामो उत्तर दिनुहोस् :**

(क) कुमार यवक्रीत कथाको मुख्य सन्देश लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद लेखन<br>• तर्क लेखन<br>• पात्र पहिचान | • निर्देशित वा स्वतन्त्र विषयवस्तुमा अनुच्छेद रचना गर्न<br>• विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा आफ्ना विचार प्रस्तुत गर्न | • अनुच्छेदपत्ती<br>• तार्कित उत्तरको नमुना<br>• चरित्र चित्रणको नमुना |

| | | |
|---|---|---|
| | • पाठ्य विषयवस्तुमा आधारित भई पात्रको चरित्र चित्रण गर्न | • प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा प्रश्न प्रदर्शन गरी अनुच्छेद लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

- सम्बन्धित शीर्षक वा विषयवस्तुमा आधारित भई बुँदा टिपोट गर्ने
- सम्बन्धित बुँदालाई अनुच्छेदको आदि, मध्य र अन्त्यका आधारमा विभाजन गर्ने
- विषयवस्तुलाई पुष्टि गर्ने किसिमका विचार, तर्क, उदाहरण आदि थप गर्ने
- सफा र शुद्धसँग आकर्षक शैलीमा अनुच्छेद लेख्ने
- अनुच्छेदलाई शीर्षकीकरण गर्ने
- अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्ने

२. विद्यार्थी समूहलाई प्रश्न दिने र छलफल गर्दै अनुच्छेद लेखनका बुँदा टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्दै आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

४. अनुच्छेदका बुँदा तयार भइसकेपछि प्रत्येक समूहलाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य समूहबाट प्रतिक्रिया लिने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गराउनुहोस् ।

५. विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी विषयवस्तु पुष्टि हुने किसिमका तर्क, विचार, उदाहरणलाई समेत समेटेर अनुच्छेद लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीले लेखेको अनुच्छेद परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी तर्क वा विचार लेख्न सिकाउनुहोस् :

- दिइएको विषयवस्तुलाई ध्यानपूर्वक पढ्ने
- आफ्ना तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- सम्बन्धित विषयवस्तुलाई जोड्दै स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तर्क/विचार लेख्ने
- तर्क वा विचार लेख्दा सामान्यतया एक अनुच्छेदमा लेखिने

८. बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा विद्यार्थी समूहलाई कथाको मुख्य पात्र कुमार यवक्रीतको भूमिकाका बारेमा छलफल गर्न लगाई कुमार यवक्रीतको ठाँउमा तपाइँ हुनुभएको भए के गर्नुहुन्थ्यो भन्ने विषयमा विचार लेख्न लगाउनुहोस् ।

९. विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थी समूहलाई क्रमैसँग विचार प्रस्तुति गर्न लगाउनुहोस् र अन्य विद्यार्थी समूहलाई उक्त विचारप्रति टिप्पणी गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहको प्रस्तुति **पश्चात्** ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

११. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास १० का आधारमा निम्न पक्षलाई ख्याल गर्न लगाई चरित्र चित्रण गर्न सिकाउनुहोस् :

- कथालाई ध्यानपूर्वक पढ्ने
- कथामा रहेका मुख्य मुख्य पात्र र तिनका भूमिकालाई टिपोट गर्ने
- सम्बन्धित पात्रमा केन्द्रित भएर एक अनुच्छेदमा चरित्र चित्रण गर्ने
- सफा र शुद्धसँग चरित्र चित्रण लेख्ने

१२. कुमार यवक्रीत पात्रसँग सम्बन्धित रहेर मुख्य मुख्य बुँदा टिपोट गर्न लगाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । कक्षा प्रस्तुति **पश्चात्** शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीलाई छलफलसहित कुमार यवक्रीतको चरित्र चित्रण लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा आधारित भई अनुच्छेद लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. कुमार यवक्रीत कस्ता पात्र हुन् भन्ने विषयमा चरित्र चित्रण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. इन्द्रले यवक्रीतलाई नपढी ज्ञान मिल्दैन भन्ने कुरा बुझाउने शैली तपाइँलाई कस्तो लाग्यो, आफ्ना तर्क दिएर एक अनुच्छेद लेख्नुहोस् ।

२. कुमार यवक्रीतको ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, तपाईंको विचार प्रस्तुत गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सर्वनाम पद | • सम्बन्धवाचक सर्वनाम पदको पहिचान र प्रयोग गर्न<br>• प्रश्नवाचक सर्वनाम पदको पहिचान र प्रयोग गर्न<br>• निजवाचक सर्वनाम पदको पहिचान र प्रयोग गर्न | • सर्वनामको तालिका र उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• प्रोजेक्टर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गरी मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कुनै व्यक्ति, ठाउँ, जनावर, चरा आदि समेटिएका चित्र प्रदर्शन गरी विद्यार्थीलाई वर्णन गर्न लगाउनुहोस् । यस क्रममा व्यक्ति, ठाउँ, जनावर, चरा आदिका सट्टामा प्रयोग गरिने शब्द टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले भनेका शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्दै सर्वनामसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

३. क्रमिक सिकाइ रणनीतिलाई उपयोग गरी सम्बन्धवाचक, प्रश्नवाचक, पुरुषवाचक सर्वनामको अवधारणा बुझाउनुहोस् ।

**जस्तै :**

| | | | | |
|---|---|---|---|---|
| **सम्बन्धवाचक सर्वनाम** | → | जो | जे | जोसुकै |
| प्रश्नवाचक सर्वनाम | → | को | के | कुन |
| **पुरुषवाचक सर्वनाम** | → | म | तपाईं | उनी |

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको कुराकानीमा आधारित भई रेखाङ्कन गरिएका शब्द बुझ्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको कुराकानी मौन पठन गर्न लगाई अभ्यास १ को आधारमा उत्तर पहिचान गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. केही विद्यार्थीका नमुना उत्तर कक्षामा प्रदर्शन गराउनुहोस् । विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् ।

७ .विद्यार्थीलाई समूह समूहमा विभाजन गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ मा आधारित भई सर्वनाम शब्द पहिचान गर्न सिकाउनुहोस् ।

८. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा आधारित भई रातो पारिएका नामका सट्टामा प्रश्न बुझाउने सर्वनाम राखेर वाक्य बनाउन सिकाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

११. विद्यार्थीले गरेका अभ्यासात्मक क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कक्षा प्रस्तुति गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ मा आधारित भई अनुच्छेद प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो उक्त अनुच्छेद पढ्न लगाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका शब्द कापीमा टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

१४. विद्यार्थीले गरेका अभ्यासात्मक क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१५. विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कक्षा प्रस्तुति गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास २ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. दिइएको अनुच्छेदका आधारमा सर्वनाम पद पहिचान गरी लेख्नुहोस् :**

उहाँले भन्नुभयो, “जो मन लगाएर पढ्छ, उसले ज्ञान आर्जन गर्छ ।” यी कुरा सुनेपछि के पढ्ने, कति पढ्ने भन्ने कुरा मेरो मनमा खेल्न थाल्यो । कुन कुन कुरा पढ्ने हो, मेरो ध्यान त्यतातिर गयो । त्यसपछि मैले जोसुकैले जोसुकै भनुन्, त्यता ध्यान दिइनँ । आफैँले जे गरिन्छ, त्यसैमा आफू सन्तुष्ट हुनुपर्ने रहेछ ।

| सम्बन्धवाचक सर्वनाम | पुरुषवाचक सर्वनाम | प्रश्नवाचक सर्वनाम |
|---|---|---|
| | | |

**२. कोष्ठकबाट मिल्दो सर्वनाम छानी खाली ठाउँ भर्नुहोस् :**

(क) झ्यालबाट ............... बाहिर हेर्दै छ ? (जे, को, कत्रो)

(ख) ............ भन्न मन लाग्छ, तिमी भन । (तिमी, जे, जोसुकै)

(ग) डोल्माको घरमा .................. आए कि ? (कस्को, कही, कोही)

(घ) उसलाई ................ केही भनेन । (कसैले, के, कुनै)

(ङ) ................... त घर गइन्छ । (तिमी, आफू, म)

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास (दीर्घ ईकार)<br>• भाषिक प्रकार्य (समीक्षा) | • शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकारको पहिचान र प्रयोग गर्न<br>• कुनै विषयवस्तु वा घटनामा आधारित भई सम्बन्धित व्यक्तिलाई समीक्षा गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• समीक्षासँग सम्बन्धित अडियो/भिडियो |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

जस्तै : नौतले घरको झ्याल न ढोका के हो ? उत्तर : बाँस

३. विद्यार्थीलाई पनि गाउँखाने कथा भन्ने अवसर प्रदान गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट

गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी दीर्घ ईकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । **जस्तै :**

| | | | | |
|---|---|---|---|---|
| शब्दको सुरुमा दीर्घ ईकार हुने शब्द | → | तीन | फूल | पूरा |
| शब्दको बिचमा दीर्घ ईकार हुने शब्द | → | नवीन | प्राचीन | द्वितीय |
| शब्दको अन्तिममा दीर्घ ईकार हुने शब्द | → | गाई | प्रहरी | किराँती |

३. अभ्यास ५ का आधारमा अनुच्छेद मनमनले पढी शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार लागेका शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. अभ्यास ६ का आधारमा 'कुमार यवक्रीत' पाठको अन्तिम अनुच्छेदबाट दीर्घ ईकार लागेका शब्दको सूची बनाउन लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका अभ्यासात्मक क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले तयार पारेका सूची प्रदर्शन गराई छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीसँग समीक्षासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । समीक्षाको विषयवस्तु प्रसङ्गअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदि पक्षमा सचेत रहन सिकाउनुहोस् ।

९. विद्यार्थीलाई पालैपालो विद्यालयमा हालसालै गरिएको कुनै कार्यक्रमको समीक्षा गर्न लगाउनुहोस् । समीक्षाका बारेमा विद्यार्थीबाट प्रतिक्रिया लिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पुस्तकालयमा गई शब्दकोशका सहायताले शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार लागेका पाँच पाँचओटा शब्द सङ्कलन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो आफ्नो पढाइलेखाइको अवस्थाबारे समीक्षा गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. 'कुमार यवक्रीत' पाठको अन्तिम अनुच्छेदबाट दीर्घ ईकार लागेका शब्दको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।

२. आफ्नो पढाइलेखाइको अवस्थाबारे समीक्षा गर्न गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सुनाइ पाठ २<br>• मौखिक कथा प्रस्तुति<br>• सिर्जना/परियोजना कार्य | • सुनाइ पाठ २ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• आफूले सुनेका कथाको मौखिक प्रस्तुति दिन<br>• निर्दिष्ट विषयवस्तुमा कथा रचना गर्न<br>• समाचारको ढाँचा तयार पार्न | • शब्दपत्ती<br>• प्रश्नोत्तरपत्ती<br>• सुनाइ पाठ २ को अडियो सामग्री<br>• कथा लेखनको नमुना<br>• समाचार लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । **जस्तै :**

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ दुई सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट शब्दभण्डारसम्बन्धी अभ्यास गराउनुहोस् ।

४. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा पात्र पहिचान गर्न लगाउनुहोस् ।

६. विद्यार्थीको उत्तर ठिक भए नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

७. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भई श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ४ मा आधारित भई विद्यार्थीले सुनेका कथा कक्षामा भन्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

**जस्तै** :

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- कथाले महत्त्वपूर्ण सन्देश दिनुपर्ने

१०. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा निर्देशित कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा रचनासम्बन्धी गृहकार्यलाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

११. विद्यार्थीले गरेका क्रियकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ को प्रश्न बुझाउनुहोस् । शिक्षकले आफू बस्ने ठाउँको वडा कार्यालय र वडा कार्यालयको वडापत्रका आधारमा समाचारको ढाँचा प्रदर्शन गराई धारणा स्पष्ट पार्नुहोस् ।

१४. विद्यार्थीलाई साथी साथी मिलेर आफू बस्ने वडा कार्यालयको भ्रमण गर्न लगाउनुहोस् । त्यहाँको वडापत्र अध्ययन गरी वडाबाट हुने कार्यको समाचार तयार पारी ल्याउन लगाउनुहोस् ।

१५. समूह कार्य पूरा भए **पश्चात्** कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि सबै समूहलाई अवसर प्रदान गर्नुहोस् ।

१६.अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

**१. दिइएका सन्दर्भका आधारमा कथा बनाई त्यसको शीर्षक पनि चयन गर्नुहोस् :**

धेरै पहिला भ्यागुताहरूको दौड प्रतियोगिता हुनु । सबै भ्यागुता जम्मा हुनु । दौड सुरु हुनु । दौडेर पहाडको टुप्पामा पुग्नुपर्ने सर्त हुनु । भ्यागुताहरू उकालामा उफ्रँदै कुद्न थाल्नु । धेरै जनावर भ्यागुताको दौड हेर्न आउनु । बाटामा लहरै लागेर सबै जनावर उकालामा भ्यागुता कुदेको हेर्नु । भ्यागुताहरू उफ्रँदै चढ्नु । भ्यागुताहरूलाई धेरै गाह्रो हुनु । सबै जनावरले भ्यागुताहरूलाई गाह्रो भयो भन्नु । भ्यागुताहरू पनि हामी सक्ने रहेनछौँ भनी दौड छोड्नु । एउटा भ्यागुताले सबैलाई सम्झाउनु । अरू भ्यागुताले साथ नदिनु । त्यो भ्यागुतो पहाडको टुप्पामा पुग्नु । त्यही भ्यागुताले दौड जित्नु । लक्ष्य प्राप्तिका लागि अरूका कुराबाट विचलित नभई अगाडि बढ्नुपर्ने सन्देश ।

**(घ) मूल्याङ्कन**

१. सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका कथाको मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ३**
**शीर्षक : नेपाली संस्कृति**
**विधा : निबन्ध**
**कार्यघण्टा : १०**

'नेपाली संस्कृति' निबन्ध हो । निबन्ध शिक्षणको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो । तसर्थ निबन्ध शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ। यसबाट विद्यार्थीमा नयाँ शब्द पहिचान, संरचना पहिचान, छलफल र प्रश्नोत्तर, विषयवस्तु टिपोट र प्रस्तुति, विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन, देखेका, सुनेका अनुभवका आधारमा घटना वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तु बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ। त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर र विषय विस्तार, प्रश्न निर्माण, श्रुति लेखन, बुँदा टिपोट, अनुच्छेद पूरण वा अनुच्छेद लेखन, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ। भाषिक संरचनाअन्तर्गत विशेषण शब्दको पहिचान र प्रयोग, गुणबोधक र सङ्ख्याबोधक विशेषण, विशेष्य र विशेषणबिचको सङ्गतिका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ। यो पाठमा विचार प्रस्तुतिसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा अनुच्छेद लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ। पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुति वर्णन<br>• सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १-२)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>बोध प्रश्नोत्तर | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न<br>• अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र<br>• शब्दार्थ पत्ती<br>• वाक्यपत्ती<br>प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२.उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएको साकेला नाच, कुमारी नाच, लट्ठी नाच, तामाङ सेलो, मारुनी नाच, घाटु नाचका चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. शिक्षकले विभिन्न नाचका बारेमा समूहगत रूपमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

| उदाहरण : धान नाच, सोरठी नाच, नवदुर्गा नाच आदि |
|---|

५. विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएका मध्ये तपाईंले कुन कुन नाच देख्नुभएको छ, भनेर प्रश्न गर्नुहोस् र नाम बताउन लगाउनुहोस् ।

६. विभिन्न नाचका सन्दर्भमा समूह समूहमा छलफल गर्न लगाई पालैपालो सुनाउन लगाउनुहोस् । यस क्रममा अन्य समूहलाई थप जानकारी भएमा विषयवस्तु थप गर्ने अवसर प्रदान गर्नुहोस् ।

७. प्रत्येक समूहको प्रस्तुति **पश्चात्** शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सहभागी गराउने क्रममा फरक भाषा र फरक सिकाइ क्षमता आदिका आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. शिक्षकले पाठको अनुच्छेद १ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

१०. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

११. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

१२. अनुच्छेद १ र २ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१३. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : दर्शन, समष्टि**

१४. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१५. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

१६. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) किरातहरू केमा रमाउँछन् ?
(ख) गौरा पर्व मुख्य गरी कहाँ मनाइन्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई विभिन्न जातिले बोल्ने भाषाका विषयमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

४. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई विभिन्न नाचका चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भूपरिवेष्टित, जीवन पद्धति, विविधता, अवलम्बन

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) नेपाल कस्तो देश हो ?

(ख) को देउडा भनेपछि हुरुक्क हुन्छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ३-४)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गरेर विद्यार्थीको ध्यान आकर्षित गरी मस्तिष्क मन्थन गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ३ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद ३ र ४ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) कसको भाषालाई नेपाल भाषा भनिन्छ ?

(ख) संविधानले नेपाललाई कस्तो मुलुकको रूपमा परिभाषित गरेको छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न जातिले बोल्ने भाषा र धार्मिक आस्थाका विषयमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सेलो, भिन्नता, सभ्यता, सहिष्णु

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् ।

(क) नेवार समुदायमा मनाइने मुख्य जात्रा र पर्व के के हुन् ?
(ख) रोदी र घाटुमा को को रम्छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ५ - ६)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ४ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद ४ देखि ६ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) नेपाल बाहिरका कुन कुन देशमा फैलिएको छ ?

(ख) नेपालीले पाहुनालाई के मान्ने प्रचलन छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निबन्धबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(घ) **मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

जननी, पाटीपौवा, अतिथि, आजीविका

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) अतिथिलाई कस्तो खाना खुवाउने नेपाली चलन छ ?

(ख) नेपाली संस्कृति कहाँसम्म फैलिएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>(पर्यायवाची शब्द र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग ) | • शब्दको अर्थबोध गर्न<br>• पर्यायवाची शब्द पहिचान र प्रयोग गर्न<br>• अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्ने तरिका सिकाउनुहोस् । **जस्तै : चालचलन - आचारविचार, पाहुना - अतिथि आदि**

४. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउन सिकाउनुहोस् ।

७. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थी समूहलाई अभ्यास ३ मा प्रयोग नभएका अन्य दशओटा अनुकरणात्मक शब्द खोजेर लेख्न लगाउनुहोस् र उपयुक्त क्रियापद प्रयोग गरी वाक्य बनाउन निर्देशन दिनुहोस् ।

९. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**जस्तै : मुसुक्क : गुरुआमा मलाई देखेर <u>मुसुक्क</u> हाँस्नुभयो ।**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दसँग जोडा मिलाई अर्थपूर्ण वाक्य बनाउन सिकाउनुहोस् ।

२. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दसँग जोडा मिलाई अर्थपूर्ण वाक्य बनाउन निर्देशन दिनुहोस् ।

३. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**जस्तै : दसैं र तिहार : <u>दसैं र तिहार</u> हिन्दुले मनाउने प्रसिद्ध चाड हुन् ।**

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ को जस्तै अनुकरणात्मक शब्द खोजेर लेख्ने थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई उस्तै अर्थ दिने शब्द लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अवलम्बन, अप्रतिम, सम्पदा, शिर

२. विद्यार्थीलाई अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पुलुक्क, भतभती, थ्याच्च, तपतप

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• सङ्क्षिप्त र लामो उत्तर लेखन | • निर्दिष्ट शब्दको श्रुति लेखन गर्न<br>• सङ्क्षिप्त र लामो उत्तर लेख्न | • शब्द पत्ती<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• लामो उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना शब्द पत्ती प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास ३ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

२. श्रुतिलेखन**पश्चात्** किताब हेरेर आफैँ कापी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।

५. विद्यार्थीले लेखेका उत्तरलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक

सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको पहिलो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् । श्रुतिलेखन **पश्चात्** केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब - व - ओ, श - ष - स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ का आधारमा छोटो उत्तर लेख्न लगाई साथी साथीबिच छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठको दोस्रो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ५ का आधारमा लामो उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● बुँदा टिपोट<br>● भाषिक प्रकार्य (विचार प्रस्तुति) | ● निर्धारित अनुच्छेद पढी बुँदा टिपोट गर्न<br>● कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई आफ्नो विचार प्रस्तुत गर्न | ● बुँदा टिपोटको नमुना<br>● विचार प्रस्तुतिसँग सम्बन्धित अ |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट बुँदा टिपोटका लागि कुनै नमुना अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई कुनै विद्यार्थीलाई पढेर सुनाउन निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारिका सम्बन्धमा

सोधपुछ गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**बुँदा लेखन तथा बुँदा टिपोट**

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

**बुँदा टिपोटका चरण :**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष** :

(क) बुँदा टिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुई तीन पटक पढ्नुपर्छ ।

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक कुरालाई रेखाङ्कन गर्नुपर्छ ।

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्नुपर्छ ।

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एक पटक पढेर आवश्यकताअनुसार बुँदा संशोधन र परिमार्जन गर्नुपर्छ ।

(ङ) तोकिएको सङ्ख्यामा मुख्य कुरा समेटिने गरी साफी लेखन गर्नुपर्छ ।

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्यका रूपमा राख्नुपर्छ ।

(छ) टिपोट गरिएका बुँदाका आधारमा उपयुक्त शीर्षक चयन गरेर शीर्ष भागमा राख्नुपर्छ र त्यसलाई रेखाङ्कन गर्नुपर्छ ।

(ज) भाषिक शुद्धताको परीक्षण गरी सच्याउनुपर्छ ।

(झ) विषयको प्रकृतिअनुसार क्रम मिलाउँदै बुँदा टिपोट गर्नुपर्छ ।

२. उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसहित शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. पाठको अभ्यासमा दिइएको अनुच्छेदलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

४. विद्यार्थीसँग चालचलनसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो ।

५. विद्यार्थीलाई आफ्नो समुदाय वा परिवारमा मान्दै आएको कुनै एक चालचलनका बारेमा छलफल गराउनुहोस् र उक्त चालचलनका बारेमा लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई आफूले लेखेका विषयवस्तुलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठको तेस्रो अनुच्छेदबाट पाँचओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई आफूले लेखेका चालचलनलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

विद्यार्थीलाई पाठको चौथो अनुच्छेदबाट पाँचओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विशेषण पद | • विशेषण पदको पहिचान र प्रयोग गर्न | • विशेषण पदको तालिका र उदाहरण |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र रातो अक्षरमा लेखिएका शब्द साथीलाई सुनाउन लगाउनुहोस् ।

२. विद्यार्थीलाई माथिको अनुच्छेदबाट तालिकामा मिल्ने शब्द टिप्न सिकाउनुहोस् ।

३. विद्यार्थीलाई माथिको अनुच्छेदबाट तालिकामा मिल्ने शब्द टिप्न निर्देशन दिनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

४. नामको अगिल्तिर आएर 'कस्तो', 'कत्रो', 'कति', 'कुन' र 'कसको उत्तरमा आउने पद विशेषण हुन् । विशेषणले नामको गुण, विशेषता, अवस्था, रङ, सङ्ख्या, मात्रा, क्रम, आवृत्ति, सम्बन्ध आदिलाई बुझाउँछ भन्ने कुरा जानकारी गराउनुहोस् ।

५. विद्यार्थीलाई अभ्यास २ मा दिइएका वाक्यमा रहेका विशेषण शब्द पहिचान गरी लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई अभ्यास ३ मा दिइएको अनुच्छेदमा रहेका रातो अक्षरमा लेखिएका र रेखाङ्कन गरिएका शब्द तालिका बनाएर भर्न सिकाउनुहोस् । जस्तै :

| रातो अक्षरमा लेखिएका शब्द | रेखाङ्कन गरिएका शब्द |
|---|---|

| | |
|---|---|
| असल, खराब | धेरै, जति |

७.. विद्यार्थीलाई अभ्यास ३ मा दिइएको अनुच्छेदमा रहेका रातो अक्षरमा लेखिएका र रेखाङ्कन गरिएका शब्द तालिका बनाएर भर्न निर्देशन दिनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

८. असल, खराब, राम्रो, नराम्रो, सन्तुष्ट, सही, गलत, बलियो, कमजोर, सफल गुणबोधक विशेषण हुन् । यिनले गुण, दोष, अवस्था, पदार्थ, रङ, आकार आदि बताउँछन् । धेरै, जति, कति, ज्यादै, अलिकति, थुप्रै, थोरै, यति परिमाणबोधक विशेषण हुन् । यिनले नामको यति वा उति मात्रा वा परिमाण बुझाउँछन् भन्ने कुरा जानकारी गराउनुहोस् ।

९. विद्यार्थीलाई अभ्यास ४ मा दिइएका विशेषणलाई कति र कस्तो बुझाउने विशेषणमा छुट्याउन लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १ को आधारमा थप अभ्यास गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठको अनुच्छेद ४ बाट विशेषण शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठको अनुच्छेद ५ बाट विशेषण शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पदसङ्गति<br>• वर्णविन्यास (ह्रस्व उकार) | • विशेषण र विशेष्यको पदसङ्गति पहिचान र प्रयोग गर्न<br>• शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकारको पहिचान र प्रयोग गर्न | • विशेषण र विशेष्यको तालि<br>• शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. रोचक विषयवस्तु सुनाएर विद्यार्थीलाई ध्यान केन्द्रित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पदसङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

२. विद्यार्थीलाई पदसङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई समूह विभाजन गराई अभ्यास ५ मा दिइएका प्रश्नलाई लिङ्ग, वचन र आदरअनुसार विशेषण मिलाएर लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले लेखेका उत्तरलाई पालैपालो सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अन्तिम अनुच्छेद मौन पठन गर्न लगाई शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

६. विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीका उत्तरलाई समूह समूहमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

८. विद्यार्थीलाई अभ्यास ७ का आधारमा दिइएका शब्द शुद्ध गरी लेख्न सिकाउनुहोस् । **जस्तै : बूद्धि बुद्धि**

९. अभ्यास ७ का आधारमा दिइएका शब्द शुद्ध गरी लेख्न निर्देशन दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ५ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई कुनै एक अनुच्छेद दिई त्यसबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. दिइएका प्रश्नलाई लिङ्ग, वचन र आदरअनुसार विशेषण मिलाएर लेख्नुहोस् :**

(क) सानी केटो विद्यालय जान्छ ।

(ख) हाम्रो भाइहरू घर गए ।

**२. शुद्ध गरी लेख्नुहोस् :**

ठूलो, मूला, लूगा, दाजू

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठ ३<br>• सिर्जना/ परियोजना कार्य | • सुनाइ पाठ ३ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन | • सुनाइ पाठ ३ को अडियो सामग्री |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ एक सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

४. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

५.. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित खाली ठाउँ भर्न लगाउनुहोस् ।

**जस्तै : (क) इभान मिनाएभले ............. को यात्रा गरे । (नेपाल, भारत, चीन)**

**उत्तर : इभान मिनाएभले <u>नेपालको</u> यात्रा गरे ।**

६. विद्यार्थीको उत्तर ठिक भए नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

७. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

८. विद्यार्थीलाई उत्तर भन्ने क्रममा मिल्दो शब्दसँग जोडा मिलाउन सिकाउनुहोस् ।

**जस्तै** : **प्रस्तुत - भनिएको** **चर्चा - गम्भीर छलफल**

९. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस् ।

**जस्तै : (क) इभान मिनाएभ को थिए ?**

**उत्तर : इभान मिनाएभ प्रसिद्ध रसियन प्राच्यविद् थिए ।**

१०. विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना/परियोजना खण्डको मलाई मन पर्ने कला शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

११. विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना/परियोजना खण्डको प्रश्न न. २ को बारेमा एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ जस्तै प्रश्न तयार पारी समूह कार्य गर्न लगाउनुहोस् ।

जस्तै : विद्यालय भएको वडाको भौगोलिक सिमाना, बसोबास गर्ने जातजाति, जनसङ्ख्या, संस्कृतिसम्बन्धी सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

**१.** सुनाइ पाठ ३ सुनेर खाली ठाउँ भरेर वाक्य पूरा गरी भन्नुहोस् :

(क) अफ्रो एसियाली लेखक सम्मेलनमा ........ ले सम्बोधन गरे । (माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा)
(ख) रसियाली भाषामा ............... सङ्ग्रह प्रकाशन भएको थियो । (कथा, कविता, गीत)

२. सुनाइ पाठ ३ मा आधारित भई उत्तर भन्नुहोस् :
(क) अक्टोबर समाजवादी क्रान्ति कहिले भयो ?
(ख) तत्कालीन सोभियत सङ्घको भ्रमण ककसले गरेका थिए ?
आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना/ परियोजना कार्य ( अनुच्छेद लेखन ) | • मलाई मन पर्ने कला शीर्षकमा अनुच्छेद रचना गर्न<br>• सांस्कृतिक महत्त्वको स्थानका बारेमा अनुच्छेद रचना गर्न | • अनुच्छेद रचनाका शीर्षक पत्ती<br>• सांस्कृतिक महत्त्वको स्थानका चित्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कविता सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा अनुच्छेद रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. शिक्षकले तयार पारेर ल्याएका निर्देशित अनुच्छेद रचना प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा अनुच्छेद रचनाका बारेमा छलफल गराउनुहोस् ।

४. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ र २ का आधारमा अनुच्छेद रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको अनुच्छेद रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका अनुच्छेद कक्षामा वाचन गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तलका शीर्षकमा अनुच्छेद लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

**(क) मलाई मन पर्ने कला** **(ख) चौतारो**

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका अनुच्छेदलाई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ४**
**शीर्षक : छोरालाई चिठी**
**विधा : चिठी**
**कार्यघण्टा : १०**

'छोरालाई चिठी' घरायसी चिठी हो । चिठी शिक्षणको प्रमुख उद्देश्य व्यावहारिक लेखन सिपको विकास गर्नु हो । तसर्थ चिठी शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा संरचना पहिचान, विषयवस्तुमा आधारित संवेगात्मक प्रस्तुति, विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, सुनाइका आधारमा सन्देश प्रवाह जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, चिठीको संरचना पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण र प्रतिक्रया तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, लेखन ढाँचा र शैली अनुकरण, चिठीको प्रत्युत्तर लेखन, सन्दर्भ र आवश्यकताका आधारमा सन्देशमूलक रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत विशेषण शब्द (परिमाणबोधक, सार्वनामिक र भेदक विशेषण) को पहिचान र प्रयोग, विशेष्य र विशेषणबिचको सङ्गति र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्तिममा दीर्घ उकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा स्वागत र आतिथ्यसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत घरायसी चिठी लेखन र विषयवस्तुको विश्लेषणसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ४ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १-३)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्वपठन खण्डका चित्र<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका खाम, पत्रमञ्जुषा, रेडियो, टिकट र टेलिभिजन आदिको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले पाठको अनुच्छेद १ सस्वरवाचन गरेर सुनाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गर्न लगाउनुहोस् ।

६. अनुच्छेद १ देखि ३ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

७. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : शुभाशीर्वाद - सु.भा.सिर्.बाद्, मार्गदर्शन - मार्.ग.दर्.सन्, सहानुभूति - स.हा.नु.भु.ति**

८. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

९. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थसमेत भन्न लगाउनुहोस् ।

१०. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) चिठी कुन मितिमा लेखिएको हो ?

(ख) यो चिठी कसले कसलाई लेखेको हो ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्वपठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई किशोरावस्थामा उत्पन्न हुने संवेगको सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई सूचना तथा सन्देश आदानप्रदान गर्न प्रयोग गरिने साधनको चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अत्यन्त, सार्थक, चिन्ता, काल

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कुन काललाई आँधीबेहरीको उमेर पनि भनिन्छ ?

(ख) किशोर किशोरी कसरी अरूको लहैलहैमा लागेर गलत गतिविधिमा बस्छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ४-५)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको (अनुच्छेद ४ र ५) गति, यति मिलाएर शुद्धसँग वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ४ को केही हरफ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गर्न लगाउनुहोस् ।

४. अनुच्छेद ४ र ५ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : हितैषी - हि.तै.सि, तापक्रम - ताप्. क्रम्**

६. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

७. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थसमेत भन्न लगाउनुहोस् ।

८. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) कुन ठाउँलाई देशको अन्नभण्डार मानिन्छ ?

(ख) जैविक खेती भनेको के हो ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठबाट कृषिसम्बन्धी विषयवस्तुका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आग्रह, हितैषी, कर्जा, स्नेह

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कहाँ आफूले सोचे जस्तो नहुँदो रहेछ ?

(ख) कसलाई खेतीपातीमा असाध्यै रुचि छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (शब्दार्थ, पर्यायवाची शब्द)<br>• शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग<br>• श्रुतिलेखन | • शब्दको अर्थ पहिचान गर्न<br>• पर्यायवाची शब्द पहिचान गर्न<br>• शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग गर्न<br>• सुनेका आधारमा शुद्धसँग लेख्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दावलीको तालिका<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन सिकाउनुहोस् ।

**जस्तै : जिम्मेवारी - जिम्मा लिने काम**

२. विद्यार्थी समूहलाई अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्ने तरिका सिकाउनुहोस् । **जस्तै : अभिभारा - जिम्मेवारी, कर्जा - ऋण आदि**

५. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास ३ मा भएका शिष्टाचारका शब्द वा शब्दावलीका नमुना प्रदर्शन गरी दिइएका शब्द पहिचान गर्न सिकाउनुहोस् ।

८. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास ३ मा भएका शिष्टाचारका शब्द वा शब्दावलीका नमुना प्रदर्शन गरी दिइएका शब्द तालिकाको मिल्ने कोठामा भर्न लगाउनुहोस् ।

**जस्तै : आफूभन्दा ठुलाका लागि प्रयोग गरिने शिष्टाचारका शब्द वा शब्दावली : दण्डवत्, हार्दिक प्रणाम**

९. विद्यार्थीले समूह कार्य गरिसके **पश्चात्** कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. दिइएको तालिकाका आधारमा सम्बोधन र शिष्टाचार वा अभिवादनसम्बन्धी शब्दको थप अभ्यास गराउनुहोस् ।

११. शिष्टाचारयुक्त शब्द प्रयोग भएको अनुच्छेद प्रदर्शन गरी शिष्टाचारयुक्त शब्द पहिचान गर्न लगाउनुहोस् ।

| **क्र.स** | **नातागोता** | **सुरुको सम्बोधन** | **अभिवादन** |
|---|---|---|---|
| १. | माता/पिता | पूज्य/पूजनीय | साष्टाङ्ग दण्डवत्/सेवाढोग |
| २. | मामा/काका | आदरणीय/श्रद्धेय | नमस्कार/ढोग/प्रणाम |
| ३. | दाजु/दिदी | आदरणीय/श्रद्धेय | नमस्कार/ढोग/प्रणाम |
| ४. | साथी | प्रिय/स्नेही/प्यारो/प्यारी | नमस्कार/धेरै माया |
| ५. | भाइ/बहिनी | प्रिय/प्यारो/प्यारी | शुभाशीर्वाद/आशिष |

१२. विद्यार्थीलाई श्रुतिलेखनका लागि आवश्यक सामग्रीसहित तयारी अवस्थामा रहन निर्देशन दिनुहोस् । विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न, पदयोग र पदवियोग आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् ।

१३. विद्यार्थीलाई पाठको दोस्रो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् । श्रुतिलेखन**पश्चात्** केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब - व - ओ, श - ष - स, ए - य, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ, पदयोग र पदवियोग) पहिचान गरी उदाहरणसहित आवश्यक छलफल गराउनुहोस् ।

१४. श्रुतिलेखन**पश्चात्** साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास २ का आधारमा पाठबाट उस्तै अर्थ दिने शब्द खोजेर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई श्रुतिलेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| आराम | स्वदेश |
| पत्र | धेरै |

| | |
|---|---|
| अत्यन्त | सन्चो |
| साथी | चिठी |
| देश | मित्र |
| | परदेश |

२. विद्यार्थीलाई अभ्यास ३ का आधारमा थप अभ्यास गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन र छलफल<br>• संरचना पहिचान | • निर्दिष्ट पाठ  मौन पठन गर्न<br>• चिठीको संरचना पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• चिठीको संरचनाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गरेर मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई चिठी पाठ मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौनपठन गर्न समर्थ भए वा नभएको एकिन गरी मौनपठन गर्ने तरिका प्रष्ट पारिदिनुहोस् साथै मौनपठन गर्दा ध्यान दिनुपर्ने कुराका बारेमा सचेत गराउनुहोस् ।

२. विद्यार्थीले मौनपठन गरिसकेपछि चिठी लेख्दा के के कुरा आवश्यक पर्दा रहेछन् र कुन कुन कुरामा विचार पुऱ्याउनुपर्ने रहेछ भन्ने विषयमा सामूहिक छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

३. शिक्षकले तयार पारेर ल्याएको चिठीको संरचना प्रदर्शन गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रदर्शन गरिएको चिठीको संरचनालाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

**चिठीको संरचनाको नमुना**

| |
|---|
| **१. मिति**<br>**२. ठेगाना**<br>**३. सम्बोधन**<br>**४. अभिवादन**<br>**५.सन्चो बिसन्चो खबर..........पत्र लेख्नुको कारण............**<br>**६. चिठीको पेटबोली................**<br>**७. समापन.....**<br>**८. नाता**<br>**९. नाम**<br>**१०. खामको नमुना** |

४. शिक्षकले पाठ्य चिठीका माध्यमबाट चिठीको आदि भागमा लेखिने मिति, ठेगाना, सम्बोधन र शिष्टाचारका कुराका बारेका विद्यार्थीलाई जानकारी दिनुहोस् ।

५. पाठ्य चिठीमा कुशलकामना कसरी गरिएको छ अथवा विषय प्रवेश कसरी गरिएको छ भन्ने बारेमा सामूहिक छलफल गराउनुहोस् ।

६. विद्यार्थीबाट आएका कुरालाई समेटी चिठीको मुख्य वा मध्य भागमा समेटिनुपर्ने विषयवस्तुका बारेमा पाठ्य चिठीमा आधारित भई धारणा स्पष्ट पार्नुहोस् ।

७. चिठीको अन्त्य भागमा समेटिनुपर्ने विषयवस्तुका बारेमा पाठ्य चिठीमा आधारित भई धारणा स्पष्ट पार्नुहोस् र खामको नमुना बनाउँदा समेटिनुपर्ने प्रेषक तथा प्रापकको नाम तथा ठेगानाको क्रमको बारेमा जानकारी गराउनुहोस् ।

८. चिठीको संरचनाका बारेमा विद्यार्थीबिच सामूहिक छलफल गराउनुहोस् । चिठीको संरचनाको बारेमा विद्यार्थी प्रष्ट भए नभएको एकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. चिठी मौनपठन गर्न लगाई चिठीको संरचनाका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. चिठी लेख्दा आवश्यक पर्ने भागको सूची बनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चिठीको विषयवस्तु तथा सन्देश<br>• बहुबैकल्पिक प्रश्नोत्तर<br>• विषयमा आधारित संवेगात्मक प्रस्तुति | • चिठीको विषयवस्तु तथा सन्देश बताउन<br>• पाठ्य कविताका आधारमा बहुवैकल्पिक प्रश्नोत्तर गर्न<br>• विषयमा आधारित संवेगात्मक प्रस्तुति दिन | • विषयवस्तु तथा सन्देशको बुँदा<br>• बहुबैकल्पिक प्रश्नको नमुना<br>• संवेगात्मक विषयमा आधारित शीर्षक |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई चिठी पाठ मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन पठन गर्न समर्थ भए वा नभएको एकिन गरी मौन पठन गर्ने तरिका प्रष्ट पारिदिनुहोस् साथै मौन पठन गर्दा ध्यान दिनुपर्ने कुराका बारेमा सचेत गराउनुहोस् ।

२. मौन पठन गर्दा पाठमा समावेश भएको विषयवस्तु र सन्देशका बारेमा ध्यान दिन लगाउनुहोस् ।

३. विद्यार्थीले मौन पठन गरिसकेपछि पाठ्य चिठीको विषयवस्तु तथा सन्देशका बारेमा विद्यार्थीबिच सामूहिक छलफल गराउनुहोस् । आएको निष्कर्षलाई कक्षामा पालैपालो सुनाउन लगाउनुहोस् ।

४. विद्यार्थीलाई पाठ्य चिठीको विषयवस्तु तथा सन्देशका बारेमा विद्यार्थीको सामूहिक छलफलबाट आएको निष्कर्षलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई कापी साटासाट गरेर सहपाठी सिकाइको अवसर प्रदान गर्नुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. २ मा भएका ठिक उत्तरमा रेजा लगाउने प्रश्न प्रदर्शन गरी बहुबैकल्पिक प्रश्नोत्तरका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

६. विद्यार्थीलाई किशोरावस्थामा उत्पन्न हुने संवेगको सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. चिठी मौनपठन गर्न लगाई चिठीको विषयवस्तु र सन्देशका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. चिठीको मुख्य विषयवस्तु र सन्देशका बारेमा लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• चिठीको प्रत्युत्तर लेखन | • पाठका आधारमा प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>• पाठका आधारमा चिठीको प्रत्युत्तर लेख्न | • सङ्क्षिप्त उत्तरको नमुना<br>• चिठीको प्रत्युत्तर लेखनको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कथा अथवा चुट्किला सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र छोटो उत्तर लेख्ने प्रश्न प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

३. शिक्षकले कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

**उत्तर लेखनको नमुना**

**(क) चिठीमा बुबाले छोरालाई कस्ता सुझाव दिएका छन् ?**
**उत्तर : चिठीमा बुबाले छोरालाई किशोरावस्थामा आउने शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक परिवर्तन र त्यसले पार्न सक्ने नकारात्मक प्रभावबाट बच्न अपनाउने पर्ने सावधानीका बारेमा सुझाव दिएका छन् ।**

४. विद्यार्थीलाई अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

५. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई छोरालाई चिठी पाठ पढ्न लगाउनुहोस् । चिठी कहिले, कहाँबाट, कसले, कसलाई, किन लेखेको रहेछ भन्ने बारेमा सामूहिक छलफल गराउनुहोस् ।

७. छलफलबाट आएका कुरालाई क्रमश शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र चिठीको प्रत्युत्तर लेख्ने तरिकाका बारेमा जानकारी गराउनुहोस् ।

८. चिठीको प्रत्युत्तर लेख्दा ध्यान दिनुपर्ने कुराका बारेमा जानकारी गराई शिक्षकले तयार पारेको चिठीको प्रत्युत्तर फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएको चिठीको प्रत्युत्तर सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

९. विद्यार्थीलाई चिठीको प्रत्युत्तर लेख्न निर्देशन दिनुहोस् र चिठी लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. एक दुई जना विद्यार्थीले तयार पारेको चिठीको प्रत्युत्तर सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र चिठीको संरचनाका बारेमा छलफल गराउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ५ गर्न निर्देश गनहोस् । उनीहरूले लेखेको चिठीको प्रत्युत्तर एक आपसमा साटासाट गरेर हेर्न लगाई सहपाठी सिकाइ गराउनुहोस् । केही विद्यार्थीलाई वाचन गर्ने अवसर दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ४ को उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • बोध प्रश्नोत्तर<br>• प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (स्वागत र आतिथ्य ) | • निर्दिष्ट विषयवस्तु पढी बोध प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न<br>• कुनै विषयवस्तुमा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई स्वागत र आतिथ्य गर्न | • बोध प्रश्नको नमुना<br>• प्रश्नपत्ती<br>• स्वागत र आतिथ्यसँग सम्बन्धित अडियो वा भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ मा दिइएको बधाई ज्ञापन पत्र र दोस्रो समूहलाई कृतज्ञता ज्ञापन पत्र पढ्न लगाउनुहोस् ।

२. पहिलो समूहलाई प्रश्न न. 'क' र 'ख' तथा दोस्रो समूहलाई 'ग' र 'घ' का उत्तर लेख्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई सामूहिक रूपमा आफूले लेखेका प्रश्नको उत्तर सुनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

४. यस क्रममा विद्यार्थीलाई बधाई ज्ञापन र कृतज्ञता ज्ञापन पत्रको प्रयोजनका बारेमा छलफल गराएर बधाई ज्ञापन र कृतज्ञता ज्ञापन पत्रको नमुना वा ढाँचाका बारेमा जानकारी गराउनुहोस् र बधाई ज्ञापन र कृतज्ञता ज्ञापन पत्रको नमुना लेख्न सिकाउनुहोस् ।

५. विद्यार्थीलाई पाठ्य चिठीको कुनै अनुच्छेदको प्रदर्शन गराई प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस् ।

जस्तै :

छोरा कमलेश ! मलाई तिम्रो पत्र पढ्दा जिम्मेवारीले तिमीलाई सानै उमेरमा ठुलो बनाए जस्तो अनुभूति भइरहेको छ । हुन त तिमी उमेरले ११ वर्षका मात्र भयौ तर तिमी आमाको सहारा र छ वर्षकी बहिनीको अभिभावक पनि हौ । घरमा बुबा नभएपछि तिमीमा कलिलै उमेरमा जिम्मेवारी आइलाग्यो । अबको केही महिनापछि तिमी किशोर कालमा प्रवेश गर्छौ । किशोर उमेरमा शरीरमा हुने हर्मोनको परिवर्तनले व्यक्तिको सोच्ने तरिकामा पनि फरक पार्छ र अलि विद्रोही भावना आउँछ । त्यसैले किशोर काललाई आँधीबेहरीको उमेर पनि भनिन्छ । म परदेशी बुबालाई तिम्रा बारेमा यसकारणले पनि अलि चिन्ता लागिरहेको छ । तिमी मेरा सुझाव र शिक्षकहरूको मार्गदर्शनमा रहेर अघि बढ्ने छौ भन्ने कुरामा म विश्वस्त छु । तिमीले आफ्नो जीवन सार्थक पार्ने छौ ।

**प्रश्नका नमुना**

**(क) पत्र पढ्दा अखिलेशलाई कस्तो अनुभूति भइरहेको छ ?**

**(ख) कमलेश कति वर्षका भए ?**

**(ग) कमलेश कसरी आमाको सहारा र छ वर्षकी बहिनीको अभिभावक पनि हुन् ?**

**(घ) कुन उमेरमा शरीरमा हुने हर्मोनको परिवर्तनले व्यक्तिको सोच्ने तरिकामा पनि फरक पार्छ ?**

६. विद्यार्थीलाई पाठ्य चिठीको अनुच्छेद तीनका आधारमा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

७. विद्यार्थीले बनाएका प्रश्न कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तर गराउनुहोस् ।

८. विद्यार्थीसँग स्वागत तथा आतिथ्यसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । आफ्नो घरमा कोही पाहुना आउँदा आआफ्नो घरको चलनअनुसार कसरी स्वागत तथा सम्मान गर्नुहुन्छ भन्ने बारेमा प्रश्न गर्नुहोस् र हरेकलाई पालैपालो सुनाउन लगाउनुहोस् ।

९. भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**स्वागत तथा आतिथ्य**

**दोर्जे : नमस्कार ! पेम्बा जी ।**

**पेम्बा : ओहो ! दोर्जे जी नमस्कार, होइन आज कताबाट पाल्नुभयो हाम्रो विद्यालयमा ?**

**दोर्जे : पल्लो गाउँको विद्यालयमा अनुगमनमा आएकी थिएँ । यता पनि पसेर जाऊँ भनेर नि ।**

**पेम्बा : धेरै राम्रो गर्नुभयो दोर्जे जी, स्वागत छ यहाँलाई हाम्रो विद्यालयमा ।**

**दोर्जे : धन्यवाद ! पेम्बा जी ।**

**पेम्बा : आउनुहोस् यो कुर्चीमा बस्नुहोस् । धेरै पछि आउनुभएको छ, आज मज्जाले बसेर भलाकुसारी गर्नुपर्छ ।**

**दोर्जे : विद्यालयको शैक्षिक अवस्था कस्तो छ अहिले ? भौतिक अवस्था त राम्रो बनाउनुभएछ ।**

**पेम्बा : शैक्षिक अवस्था पहिलाको भन्दा सुधार हुँदै छ । विद्यार्थी सङ्ख्या पनि बढ्दै छ अहिले त ।**

**दोर्जे : राम्रो काम गर्नुभएछ । अब यस विद्यालयलाई नमुना विद्यालय बनाउनुपर्छ ।**

**पेम्बा : हवस्, कोसिस गर्दै छु ।**

१२. विद्यार्थीलाई अभ्यास ७ का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ७ का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा २/३ जना विद्यार्थीको समूहलाई स्वागत तथा आतिथ्यसम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठको तेस्रो अनुच्छेदका आधारमा तीनओटा प्रश्न निर्माण गर्न लगाई बोध प्रश्नोत्तर गराउनुहोस् र साथी साथीबिच छलफल गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विशेषण पद (परिमाणबोधक, सार्वनामिक र भेदक विशेषण) | • विशेषण पदको पहिचान र प्रयोग गर्न | • विशेषणको तालिका र उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् । विद्यार्थीलाई पनि कुनै रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

**जस्तै : भन्दा छ गन्दा सात हुने के हो ?**

**उत्तर : नेपाली वर्णको सातौँ अक्षर 'छ'**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले केही वाक्यपत्ती फलाटिन पाटीमा टाँसी देखाउनुहोस् ।

जस्तै : मेरी बहिनी घर गई ।
त्यो केटाले टुलुटुलु हेर्‍यो ।
सबिनाले धेरै भात खान्छे ।
हाम्रा भाइ घुम्न गए ।

२. माथिका वाक्यमा **मेरी, त्यो, धेरै, हाम्रा** जस्ता शब्द केसँग बढी सम्बन्धित छन् ? भनी विद्यार्थीलाई सोध्नुहोस् । आवश्यकताअनुसार यस्तै प्रकृतिका वाक्य निर्माण गरी विद्यार्थीलाई सोध्नुहोस् । उल्लिखित वाक्यमा **मेरी, त्यो, धेरै, हाम्रा** शब्दले नामको विशेषता जाहेर गरेको कुरा प्रस्ट पार्नुहोस् ।

३. नामको विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । कति, कस्तो/कत्रो, कुन, कसको आदि भन्ने प्रश्नको उत्तरमा आउने शब्द विशेषण हुने कुरामा हेक्का राख्नुहोस् ।

४. शिक्षकले विशेषण शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर विशेषण शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्द शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न १ मा दिइएको अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र विशेषण शब्द टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द भन्न लगाउनुहोस् । कक्षामा विभिन्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीका उत्तरलाई आवश्यकताअनुसार संशोधन गरी थप सिकाइ गर्नुहोस् ।

६. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न २ मा दिइएका विशेषण शब्दलाई गोलो घेरा लगाउन र नाम शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई समूह विभाजन गराई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न ३ न. मा दिइएका विशेषण शब्दका पछाडि मिल्ने नाम शब्द राखी वाक्य बनाउन सिकाउनुहोस् । जस्तै :

**आफ्नो मान्छे** : हामीले आफ्नो मान्छेलाई सहयोग गर्नुपर्छ ।

**तेरो भाइ** : श्याम ! तेरो भाइ त असल रहेछ नि ।

८. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न ३ न. मा दिइएका विशेषण शब्दका पछाडि मिल्ने नाम शब्द राखी वाक्य बनाउन लगाउनुहोस् । अलमलमा परेका विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीका उत्तरलाई समूह समूहमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास २ को जस्तै थप अभ्यास गर्न र वाक्य बनाउन लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ३ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. विशेषण शब्दलाई गोलो घेरा लगाउनुहोस् :**

पेम्बाकी बहिनी मिहिनेती छन् । उनी धेरै खाना पकाउँछिन् र अरूलाई बाँड्छिन् । उनका केही साथी पनि छन् । ती साथीमध्ये हसिना उनकै घर छेउमा बस्छिन् । हसिना आफ्नो काम छिटो पूरा गर्छिन् । उनको त्यो बानीलाई सबैले असाध्यै मन पराउँछन् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • वर्णविन्यास (दीर्घ उकार)<br>• सुनाइ पाठ ४<br>• सिर्जना/ परियोजना कार्य | • शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकारको पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ ४ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• सिर्जना/परियोजना क्रियाकलाप गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• सुनाइ पाठ ४ को अडियो सामग्री<br>• प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।


२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी दीर्घ ऊकार प्रयोगसम[illegible]ोस् । जस्तै :




३. विद्यार्थीलाई अभ्यास ४ का आधारमा दिइएका शब्दका ह्रस्व र दीर्घ ऊकार सच्याएर सार्न सिकाउनुहोस् ।

४. विद्यार्थीलाई अभ्यास ४ का आधारमा दिइएका शब्दका ह्रस्व र दीर्घ उकार सच्याएर सार्न निर्देशन दिनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक सल्लाह दिनुहोस् ।

६. अभ्यास ५ का आधारमा पाठबाट दीर्घ ऊकार लागेका शब्द खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले दीर्घ ऊकार लागेका शब्द खोजेर लेखिसकेपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

**जस्तै : अनुभूति : धरहराको अवलोकन गर्दा मलाई रमाइलो अनुभूति भयो ।**

८. विद्यार्थीलाई दीर्घ ऊकार लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

९. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ विषयवस्तु ध्यानपूर्वक सुन्न
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिन
- प्रश्नको संरचनाअनुसार उत्तर दिन
- सुनाइ पाठकै आधारमा उत्तर दिन

११. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ चार सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा अन्य व्यक्तिलाई वाचन गर्न लगाएर मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

१२. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

१३. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित जोडा मिलाउन लगाउनुहोस् ।

**जस्तै : (क) रश्मिराज - चेतनाथका दाइ**

१४. विद्यार्थीले जोडा मिलाएको उत्तर ठिक भए नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

१५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

१६. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

**जस्तै : (क)** सुनाइ पाठ ४ को चिठी कुन विषयमा लेखिएको हो ?

**उत्तर :** सुनाइ पाठ ४ को चिठी व्यावहारिक तथा घरायसी विषयमा लेखिएको हो ।

१७. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न न. १ का आधारमा चिठी लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सामूहिक रूपमा अभ्यास ४ का आधारमा दिइएका शब्दका ह्रस्व र दीर्घ उकार सच्याएर सार्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. शुद्ध शब्द छानेर लेख्न लगाउनुहोस् :

(क) दाजु दाजू .................

(ख) भाउजू        भाउजु        .............
(ग) फुपू        फुपु        .............
(घ) फुपाजू        फुपाजु        ...............

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सिर्जना/परियोजना कार्य (चिठी रचना र विषयवस्तुको विश्लेषण) | • निर्दिष्ट शीर्षकमा चिठी रचना गर्न<br>• निर्दिष्ट विषयवस्तुको विश्लेषण गरी वर्णन गर्न | • चिठीको नमुना<br>• विषयवस्तुसँग सम्बन्धित बुँदा |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

**जस्तै : रमिताकी आमाको मामाकी दिदीकी एकमात्र छोरीसँग रमिताको के नाता पर्छ ?**

**उत्तर : आमा**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विद्युतीय चिठी (इमेल) को बारेमा छलफल गराउनुहोस् । सूचना तथा सञ्चार प्रविधिको युगमा विद्युतीय चिठी (इमेल) को प्रयोजन र महत्त्वका बारेमा जानकारी गराउनुहोस् र विद्युतीय चिठी (इमेल) पठाउने र आएको इमेल हेर्ने तरिका सिकाउनुहोस् । (सम्भव भएसम्म प्रयोगात्मक रूपमा इमेल गर्ने र प्राप्त इमेल हेर्ने तरिका सिकाउनुहोस् ।)

२. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा चिठी रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- चिठी रचना गर्दा सुरु भागको दाँयापट्टि माथि मिति उल्लेख गर्न
- मितिको ठिक तल चिठी लेख्ने व्यक्तिको ठेगाना उल्लेख गर्न
- एक हरफ छोडेर बाँयापट्टि यथोचित सम्बोधन र अभिवादन उल्लेख गर्न
- पत्र लेखनको मुख्य भागमा कुशल कामनासहित विषयमा प्रवेश, मुख्य कुराको जानकारीसहित कुरा टुङ्ग्याउन
- अन्त्य भागमा चिठीको दाँयापट्टि प्रेषकको प्रापकसँगको सम्बन्ध, हस्ताक्षर र प्रेषकको नाम उल्लेख गर्न
- खामको नमुना बनाएर प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम उल्लेख गर्न ।

३. शिक्षकले तयार पारेर ल्याएको चिठी रचनाको नमुना प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै एक विद्यार्थीलाई उक्त चिठी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

४. नमुना चिठीका आधारमा चिठी लेख्ने तरिकाका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास न. १ का आधारमा चिठी रचना गर्न चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको चिठी रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका चिठी कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई फरक फरक समूहमा विभाजन गराउनुहोस् । विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास न. २ का आधारमा सामूहिक रूपमा अबको २० वर्षमा हुने परिवर्तनका बारेमा छलफल गराउनुहोस् र आएको निष्कर्षलाई  कापीमा टिपोट गर्न लगाउनुहोस् ।

९. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ गर्नका लागि प्रत्येक समूह कार्य गर्नका लागि साइनपेन, सिसाकलम आदि आवश्यक सामग्री दिनुहोस् ।

१०. समूह कार्य पूरा भए **पश्चात्** कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि सबै समूहलाई अवसर प्रदान गर्नुहोस् ।

११. अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. सफा र शुद्ध पानी प्रयोग गर्नुपर्ने सल्लाह दिँदै काठमाडौँमा पढ्न बसेको भाइलाई चिठी लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका चिठीलाई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

पाठ : ५
शीर्षक सङ्गीतकार अम्बर गुरुङ
विधा : जीवनी
कार्यघण्टा : १०

'सङ्गीतकार अम्बर गुरुङ' जीवनी विधाको पाठ हो । समाज राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीमा उत्साह र प्रेरणा प्रदान हुन्छ । विद्यार्थीको व्यक्तित्वको निर्माण र भाषिक सिपको विकासमा जीवनी शिक्षणबाट महत्त्वपूर्ण सहयोग पुग्छ । जीवनी शिक्षण अन्तर्गत सम्पन्न गरिने क्रियाकलापबाट विद्यार्थीमा गति यति मिलाएर पाठ्यसामग्रीको सस्वरवाचन गर्न, मौन पठन गर्न, बोधात्मक क्षमताको विकास गर्न, जीवनी रचना गर्न, घटना टिपोट तथा वर्णन गर्न, घटना क्रम मिलाउन र सारांश गर्न आवश्यक सिप विकास हुन्छ ।

यस पाठमा पढाइ लेखाइ सिपको विकासका लागि समयबद्ध पठन, घटनाक्रम मिलान, बोधात्मक प्रश्नोत्तर जस्ता पाठ्यवस्तु समावेश गरिएको छ भने शब्दभण्डार क्षमताको विकासका लागि समावेशक तथा समावेश्य शब्दलाई उपयोग गरिएको छ । भाषिक संरचना र वर्णविन्यास अन्तर्गत लेख्य चिह्न र 'ब' र 'व' को प्रयोगलाई समावेश गरिएको छ । भाषिक प्रकार्य अन्तर्गत सहयोगलाई समावेश गरिएको छ । सुनाइ तथा बोलाइ पाठ पाँचको उपयोग गरेर बोधात्मक प्रश्नोत्तर, घटना क्रम पहिचान, व्यक्तिवृत्त वर्णन र छलफल तथा अनुमानका पाठ्यवस्तुको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ । अनुमानित पाठ्यभारअनुसार तयार गरिएको पाठ्यवस्तस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|

| | | |
|---|---|---|
| ● दृश्यबोध र  छलफल<br>● पठनबोध<br>(अनुच्छेद १ र २)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● पूर्व पठन खण्डका चित्र, अम्बर गुरुङको चित्र, शब्दपत्ती, अर्थपत्ती शब्दकोश, वाक्यपत्ती, प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महत्त्वपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । पूर्वपठन खण्डमा प्रस्तुत गरिएका व्यक्तिका योगदानका बारेमा विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् । उक्त व्यक्तिका बारेमा विद्यार्थीले टिपोट गर्न छुटेका महत्त्वपूर्ण कुरा भनिदिनुहोस् र समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका व्यक्तिका चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अम्बर गुरूङको फोटो र सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट उनको कुनै गीत सुनाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन  गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको  विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

४. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् ।  विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

५. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

६. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द

विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

७. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

८. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नहरूको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सिर्जनशील, समर्पित, इच्छा, धार्मिक, आदर्श

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) अम्बर गुरुङको जन्म कहाँ भएको हो ?

(ख) अम्बर गुरुङको बाल्यकाल कसरी बित्यो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● पठनबोध<br>(अनुच्छेद ३, ४ र २)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● अम्बर गुरुङको चित्र, शब्दप<br>अर्थपत्ती शब्दकोश, वाक्यपत्ती<br>प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न  निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

३. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई  टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

४. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

५. विद्यार्थीलाई  निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित छोटा बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्राप्त उत्तरको पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तु समूहमा टिपोट गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बरिष्ठ, अहोरात्र, मूर्धन्य, आत्मीय, कदर ....

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) अम्बर गुरुङको साहित्यिक यात्रा कहिलेबाट सुरु भयो ?

(ख) अम्बर गुरुङसँग सङ्गीतको शिक्षा प्राप्त गर्ने प्रतिभा को को हुन ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षिक सामग्री** |
|---|---|---|
| ● पठनबोध<br>(अनुच्छेद ६ देखि अन्तिमसम्म)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● अम्बर गुरुङको चित्र, शब्दपत्ती, अर्थपत्ती शब्दकोश, वाक्यपत्ती, जीवनीका मुख्य मुख्य विषयवस्तुका बुँदा, प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई अम्बर गुरुङले सङ्गीत भरेको तथा गाएको कुनै गीत सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट उनको कुनै गीत सुनाएर उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

३. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

४. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

५. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. निर्दिष्ट पाठाको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई जीवनीका निर्दिष्ट अनुच्छेद वाचन गरेर सुनाउन लगाउनुहोस् । अरूले त्यसबाट के कति बोध गरे छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१ विद्यार्थीलाई निर्दिष्ट पाठको कुनै अनुच्छेद वाचन गर्न लगाएर गति यति मिलाएर वाचन गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

२. निर्दिष्ट पाठबाट विभिन्न प्रश्न सोधी जीवनीको भाव बोध र उत्प्रेरणा प्राप्त भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन

गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (समावेशक तथा समावेश्य शब्द) | • समावेशक तथा समावेश्य शब्दको पहिचान र प्रयोग गर्न । | • समावेशक तथा समावेश्य शब्दको सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरबाट विभिन्न समावेश्य अर्थ दिने वस्तुको चित्र प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएका चित्रलाई कुन समावेशक शब्दमा समावेश गर्न सकिन्छ भनी केही समय विद्यार्थीलाई सोच्न निर्देश गर्नुहोस् । प्रस्तत गरिएका समावेश्य चित्र समावेश हुने समावेशक अर्थ दिने शब्दका विकल्प दिनुहोस् । उपयुक्त विकल्प छनोट गरी टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई टिपोट गरेका समावेश्य शब्द प्रस्तुत गर्न अवसर प्रदान गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् । विविध समावेश्य चित्र देखाउँदै यो प्रक्रिया पटक पटक दोहोर्‍याउनुहोस् ।

२. जुन शब्दभित्र अन्य शब्द समावेश हुन्छन्, त्यस्ता शब्द समावेशक शब्द हुन् । समावेशक शब्दभित्र समावेश हुने शब्द समावेश्य शब्द हुन् भन्ने कुरा हेक्का राख्नुहोस् । जस्तैः अन्न समावेशक शब्द हो । अन्नमा समावेश हुने दाल, चामल, मकै, कोदो आदि समावेश्य शब्द हुन् ।

३. समावेशक र समावेश्य शब्दका शब्दपत्ती फलाटिन शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् । शब्दलाई छ्यासमिस पारी राख्नुहोस् । समावेश्य शब्द र समावेशक शब्द पहिचान गरी छुट्टाछुट्टै समूहमा टिपोट गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न अवसर प्रदान गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् । यो प्रक्रिया पटक पटक दोहोर्‍याउनुहोस् ।

४. केही समावेशक र समावेश्य शब्दलाई वाक्यमा प्रयोग गर्न दिनुहोस् । विद्यार्थीले रचना गरेका वाक्य प्रस्तुत गरी सबैले सुन्ने गरी वाचन गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

५. प्रोजेक्टरबाट समावेशक र समावेश्य शब्द प्रयोग भएका अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई समावेशक र समावेश्य शब्द टिपोट गर्न निर्देश गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समावेशक शब्द दिई समावेश्य शब्द भन्ने र समावेश्य शब्द दिई समावेशक शब्द भन्ने कार्यकलापलाई प्रतियोगितात्मक ढङ्ले सञ्चालन गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१ समावेशक र समावेश्य शब्द छ्यासमिस पारेर दिई टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• प्रश्नोत्तर लेखन | • घटनाक्रम मिलान गर्न<br>• लामो तथा छोटो प्रश्नको उत्तर लेख्न | • घटनाक्रमका बुँदा, नमुना उत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. अम्बर गुरुङका जीवनीका मुख्य मुख्य घटनालाई क्रम बिगारेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला क्रम मिलाउने समूहलाई प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

३. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

४. लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले लेखेका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. तलका जस्तै पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोधी मौखिक तथा लिखित रूपमा उत्तर दिन लगाउनुहोस् :

(क) अम्बर गुरुङले प्राप्त गरेका मान सम्मान र उपाधि के के हुन् ?

(ख) अम्बर गुरुङ कसरी नेपाली सङ्गीत जगतमा सुपरिचित बने ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बुँदा टिपोट<br>• भाषिक प्रकार्य | • बुँदा टिपोट गर्न<br>• सहयोगको विषयमा आधारित भाषिक अभिव्यक्ति दिन | • बुँदा टिपोटको नमुना, सहयोगपूर्ण भाषिक अभिव्यक्तिको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट बुँदा टिपोटका लागि कुनै नमुना अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई कुनै विद्यार्थीलाई पढेर सुनाउन निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारीका सम्बन्धमा सोधपुछ गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा विद्यार्थीलाई जानकारी गराउनुहोस् :

**बुँदा लेखन तथा बुँदा टिपोट**

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

**बुँदा टिपोटका चरण :**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुरा** :

(क) बुँदा टिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुई तीन पटक पढ्नुपर्छ ।

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक कुरालाई रेखाङ्कन गर्नुपर्छ ।

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्नुपर्छ ।

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एक पटक पढेर आवश्यकताअनुसार बुँदा संशोधन र परिमार्जन गर्नुपर्छ ।

(ङ) तोकिएको सङ्ख्यामा मुख्य कुरा समेटिने गरी साफी लेखन गर्नुपर्छ ।

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्यका रूपमा राख्नुपर्छ ।

(छ) टिपोट गरिएका बुँदाका आधारमा उपयुक्त शीर्षक चयन गरेर शीर्ष भागमा राख्नु पर्छ र त्यसलाइ रेखाङ्कन गर्नुपर्छ ।

(ज) भाषिक शुद्धताको परीक्षण गरी सच्याउनुपर्छ ।

(झ) विषयको प्रकृतिअनुसार क्रम मिलाउँदै बुँदा टिपोट गर्नुपर्छ ।

२. उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. पाठको अभ्यासमा दिइएको अनुच्छेदलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

४. विद्यार्थीसँग सहयोगसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । विद्यार्थीलाई विभिन्न भूमिकामा बाँड्नुहोस् । जस्तै :

**सहयोग :**

दोर्जे : ऐया ! उफ !

कर्ण : के भयो दोर्जे ?

दोर्जे : उफ ! हेर न छुट्टि हुनासाथ छिटो छिटो घर जान्छु भनेर निस्केको थिएँ । साथीहरूलाई उछिन्न खोज्दा ढोकामा मेरो हात ठोकियो । निक्कै दुख्न थाल्यो । उफ !

मनिला : लौ हेर सुनिन थाले जस्तो छ । झोला बोक्न पनि गाह्रो भए जस्तो छ । खै लेऊ झोला म बोकिदिन्छु ।

दोर्जे : हैन बोकिहाल्छु नि ! तिमीलाई पनि गाह्रो होला ।

मनिला : साथीलाई सहयोग गर्ने भनेको यही वेला त हो नि ! खै लेऊ ।

कर्ण : लेऊ लेऊ दोर्जे । हामी पालो पालो गरेर बोकेर सहयोग गर्छौं नि !

दोर्जे : हुन्छ, सहयोगको लागि साथीहरूलाई धन्यवाद !

५. अभ्यासको प्रश्नमा आधारित छलफल गर्नुहोस् । छलफलको निष्कर्ष विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बुँदा टिपोटका लागि अनुच्छेद दिनुहोस् । टिपोट गरेका बुँदा एकआपसमा साटासाट गरेर हेर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१ कुनै अनुच्छेद दिई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## सातौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वर्णविन्यास (लेख्य चिह्न, ब र व को प्रयोग ) | ● लेख्य चिह्नको प्रयोग गर्न<br>● ब र व प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न | ● चिह्न सूची, ब र व प्रयोग भएका शब्द सूची तथा शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई तलका जस्तै रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) आमाको मामाको भान्जे ज्वाइँलाई तिम्रो के नाता पर्छ ? (उत्तर : बुबा)

(ख) म भन्दा जोडिने ऊ भन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. शिक्षकले लेख्य चिह्नको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर लेख्य चिह्नको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्यहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. लेख्य चिह्नको सूचीलाई फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई पाठमा दिइएको लेख्य चिह्न प्रयोगसम्बन्धी जानकारी पढ्न निर्देश गर्नुहोस् । शैक्षणिक पाटीमा उदाहरण लेख्दै विद्यार्थीको धारणा प्रष्ट पार्नुहोस् ।

जस्तै : (क) सामान्य अवस्थामा वाक्य टुङ्गिँदा पूर्णविराम चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : सुकरात पुस्तक पढ्छ । )

(ख) प्रश्न बुझाउने वाक्य टुङ्गिँदा प्रश्न चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : तिमी कति वर्षका भयौ ? )

३. शिक्षकले शैक्षणिक पाटीमा लेख्य चिह्नगत त्रुटि भएका वाक्य लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर वाक्यहरू लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले लेख्य चिह्न नराखेका केही वाक्य शैक्षणिक पाटीमा लेखी प्रश्नोत्तर र छलफलका आधारमा ती वाक्यमा प्रयोग हुने लेख्य चिह्न पत्ता लाउन लगाउनुहोस् ।

५. शिक्षकले ब र व प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई ब र व प्रयोग भएका शब्द छुट्टा छुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न विद्यार्थीलई निर्देश गर्नुहोस् ।

६. शिक्षकले ब र व को शुद्ध प्रयोग मिलेका र नमिलेका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

७. शब्दपत्तीको प्रयोग गरेर व लेखेर ब बोलिने शब्दको अवधारणबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

जस्तै : वियोग, विचार, विद्वान, विधाता

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठबाट ब र व प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गराउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ र २ गर्न लगाउनुहोस् ।

२. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३ र ४ गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठ ५<br>(छलफल, प्रश्नोत्तर र प्रस्तुति) | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न | • सुनाइ पाठ १ को अडियो सामग्री, प्रश्न पत्ती, छलफलका लागि बुँदा |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

जस्तै : धार्नी न बिसौली दुई हातले उचाली के हो ? (उत्तर : टोपी)

तीन भाइको एउटै पगरी के हो ? (उत्तर: ओदान)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ पाँच सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा

दुई पटक सुनाउन सक्नुहुने छ ।

२. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

३. शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास २ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भएर छलफल गर्न लगाउनुहोस् । विद्यार्थीले सोधखोज गरेअनुसार आवश्यक विषयवस्तु सहजीकरण गरिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको सहायताले विषयवस्तुको जानकारी प्रदान गर्नुहोस् । सोधखोज गरिएको विषयवस्तुका बारेमा बताउन विद्यार्थीलई पालैपालो अवसर दिनुहोस् । विद्यार्थीले पालैपालो सुनाएको विषयवस्तु एकअर्कालाई कस्तो लाग्यो छलफल गर्न लगाउनुहोस् । विद्यार्थीको विचार प्रस्तुतिका लागि स्याबासी दिँदै आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई आफू बस्ने ठाउँ आसपासका पर्वतारोही, खेलाडी, समाजसेवी विद्यालयका शिक्षक, माथिल्लो कक्षाका दाजु दिदी, आफ्ना साथीमध्ये कसैले गरेको महत्त्वपूर्ण कार्यका बारेमा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै :

**कामीरिता शेर्पा**



(क) जन्म : २०२६ माघ ४ गते

(ख) जन्मस्थान :सोलुखुम्बु

(ग) २०७८ वैशाख २४ मा २५ औँ पटक सगरमाथाको चुचुरोमा पुगेर विश्वकीर्तिमान कायम राखेका व्यक्ति ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● व्यक्तित्त्व वर्णन (लिखित तथा मौखिक)<br>● अनुकरणात्मक जीवनी रचना<br>● सिर्जना/परियोजना | ● निर्देशित बुँदाका आधारमा जीवनी रचना गर्न<br>● अनुकरणात्मक जीवनी रचना गर्न<br>● सिर्जना/परियोजना गर्न | ● राष्ट्रिय व्यक्तित्वका तस्बिरहरू, जीवनीको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सुनाइ बोलाइ खण्डको अभ्यास ४ मा दिइएका व्यक्तिका तस्बिरलाई सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् । तस्बिरलाई १ देखि ६ को क्रममा राख्नुहोस् । उक्त व्यक्ति विद्यार्थीलाई पहिचान गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई नाम भन्न लगाउनुहोस् । शिक्षकले नाम मिले नमिलेको आवश्यक संशोधन गर्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. कक्षामा विद्यार्थीलाई विभिन्न ६ समूहमा विभाजन गर्नुहोस् । गोला प्रथाद्वारा कुनै एक व्यक्तिका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उक्त व्यक्तिका सम्बन्धमा विद्यार्थीलाई आवश्यक जानकारी प्रदान गरी सहजीकरण गर्नुहोस् ।

३. हेक्का राख्नुहोस्, अभ्यास खण्डमा दिइएका व्यक्ति देहायअनुसारका रहेका छन् :



गौतम बुद्ध



पृथ्वीनारायण शाह



नारायण गोपाल



भानुभक्त आचार्य



पारिजात



भीमसेन थापा

४. अभ्यासमा दिइएअनुसार विद्यार्थीलाई देहायअनुसार बुँदा सङ्कलन गर्न निर्देश गर्नुहोस् :

**भानुभक्त आचार्य**

**१. आदि भाग**

(क) जन्म : वि.सं. १८७१ असार २९ गते

(ख) जन्मस्थान : तनहुँ जिल्लको चुँदी, रम्घा

(ग) आमाबुबाको नाम : धनञ्जय आचार्य र धर्मावतीदेवी

(घ) शैक्षिक योग्यता : घरमै अनौपचारिक अध्ययन

**२. मध्य भाग/मुख्य भाग**

(क) पेसा: कवि

(ख) कृति : भक्तमाला (१९१०), प्रश्नोत्तर (१९१०), रामायण (१९१०), बधूशिक्षा (१९१९)

(ग) योगदान : नेपाली भाषा र साहित्यको विकास

**३. अन्त्य भाग**

(क) मृत्यु र स्थान : वि.सं.१९२५ चुँदी, रम्घा

(ख) मूल्याङ्कन : नेपाली साहित्यका आदिकवि, नेपाली कविता विकासको प्राथमिक कालीन कविताका प्रमुख प्रतिभा ।

५. सङ्कलन गरिएका बुँदाका आधारमा प्रत्येक समूहलाई प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

६. अनुकरणात्मक जीवनी रचनाका लागि कसैको छोटो जीवनी प्रस्तुत गर्नुहोस् । जस्तै :

**सिद्धिचरण श्रेष्ठ**

सिर्जनशील कर्मले मान्छेलाई महान् बनाउँछ । यस्तै सिर्जनशील कर्म गर्ने व्यक्तिमध्ये एक सिद्धिचरण श्रेष्ठ हुन् । सिद्धिचरण श्रेष्ठको जन्म वि.सं. १९६९ जेठ ९ गते ओखलढुङ्गा जिल्लामा भएको हो । पिता विष्णुचरण र माता नीरकुमारीका सुपुत्र सिद्धिचरण श्रेष्ठको बाल्यकाल सामान्य रूपमा बितेको थियो । सिद्धिचरण श्रेष्ठलाई नेपाली साहित्यमा युगकविको उपनामले चिनिन्छ । नेपाली साहित्यमा युगकविको उपाधि पाएका श्रेष्ठ स्वच्छन्दतावादी कवि हुन् । उनका मेरो प्रतिबिम्ब, कोपिला, कुहिरो र घाम जस्ता कवितासङ्ग्रह र ज्यानमारा शैली उर्वशी, आँसु जस्ता खण्डकाव्यले नेपाली साहित्यलाई धनी बनाएका छन् । नेपाली साहित्यको विकासमा श्रेष्ठले गरेको योगदानलाई सम्मान गर्दै त्रिभुवन पुरस्कार, रत्नश्री पुरस्कार, वेदनिधि पुरस्कार आदिले सम्मान गरिएको छ । उनका साहित्यिक कृतिमा प्रगतिवादी चेतना, प्रकृतिप्रेम र देशभक्तिको भावना व्यक्त भएको पाइन्छ । नेपाली साहित्यको विकासमा लाग्दालाग्दै उनको निधन वि.सं. २०४९ जेठ २२ गते काठमाडौँमा भएको थियो ।

७. नमुनामा जस्तै अभ्यास ४ मा बुँदा सङ्कलन गरेका आधारमा अनुकरणात्मक जीवनी रचना गर्न निर्देश गर्नुहोस् ।

८. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको १ को जीवनी लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. समूहमा छलफल गरी व्यक्तित्त्व वर्णन गर्दा समूहले गरेको प्रस्तुति विद्यार्थीमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले गरेको अनुकरणात्मक जीवनी लेखनको मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सिर्जना/परियोजना निर्देशित र स्वतन्त्र जीवनी रचना | • निर्देशित जीवनी रचना गर्न<br>• स्वतन्त्र जीवनी रचना गर्न | • जीवनीका नमुना, बुँदा, कसैको जीवनीसँग सम्बन्धित अडियो तथा भिडियो सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्देशित जीवनी रचनाका केही बुँदा प्रस्तुत गरी जीवनीको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी जीवनी पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. अगिल्लो दिन सिर्जना परियोजनाको १ को जीवनी रचना गर्न दिइएको अभ्यास केही विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेको जीवनी सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

३. शिक्षकले स्वतन्त्र जीवनीको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई जीवनी पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर अडियो तथा भिडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना परियोजनाको अभ्यासको २ गर्न निर्देश गर्नुहोस् । उनीहरूले रचना गरेका स्वतन्त्र जीवनी आपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कोही विद्यार्थीलाई वाचन गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सिर्जना परियोजना अभ्यास १ मा लेखेका जीवनीलाई मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका जीवनीलाई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

पाठ : ६
शीर्षक : चम्किला अनुहार
विधा : कथा
कार्यघण्टा : १०

'चम्किला अनुहार' सामाजिक कथा हो । विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रकथा वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा सहयोग लेखदेन जस्ता विषयक्षेत्र समेटी विचार प्रस्तुति जस्ता क्रियाकलाप गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौनपठन र बोध साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तुबोध, प्रश्न निर्माण तथा प्रश्नोत्तर, सन्दर्भअनुकूलको स्वाभाविक वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ। त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, चरित्र वर्णन, सार लेखन, तार्किक लेखन अनुकरणात्मक कथा लेखन तथा स्वतन्त्र कथा रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ। यो पाठमा शब्दभण्डारअन्तर्गत श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत सामान्य धातुको पहिचान र प्रयोग तथा क्रियापदको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत 'य' र 'ए' वर्णको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा सामाजिक सद्भाव र सहकार्यसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ। सिर्जना/परियोजना खण्डअन्तर्गत चित्रकथा रचना तथा आफूलाई मन परेको कथाका आधारमा छलफल गराउनुपर्छ। पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ ६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ।

**१. पहिलो दिन**

**सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध, धारणा निर्माण र छलफल<br>• सस्वर पठन (अनुच्छेद १ देखि ५ सम्म)<br>• शुद्धोच्चारण | • विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न | • पूर्व पठन खण्डको चित्र<br>• विभिन्न सामाजिक परिवेश सुहाउँदा चित्रहरू<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती |

| | | |
|---|---|---|
| ● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर (अनुच्छेद ३ र ४) | ● पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>● पाठको अनुच्छेद १ का आधारमा बोध प्रश्नोत्तर गर्न | ● प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीलाई सामाजिक विषयवस्तुमा आधारित उत्प्रेरणात्मक लघुकथा सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पनि सन्देशमूलक सामाजिक विषयवस्तुमा आधारित लघुकथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएको चित्र प्रदर्शन गर्नुहोस् ।

२. प्रत्येक विद्यार्थी समूहलाई चित्रका बारेमा समूहमा छलफल गरी बताउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप विषयवस्तु भन्न लगाई छलफल गराउनुहोस् ।

३. प्रत्येक समूहको प्रस्तुति **पश्चात्** शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

५. पाठको अनुच्छेद १ लाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, भाव र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई पाठका अनुच्छेद १ देखि ५ सम्म पालैपालो  गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

८ .शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । विद्यार्थीलाई शब्दभण्डारसम्बन्धी खेल खेलाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

९. पाठको तेस्रो र चौथो अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा अनुच्छेद पढ्ने तरिका, प्रश्न बुझ्ने तरिका तथा अनुच्छेदबाट उत्तर पहिचान गर्ने तरिका सिकाइ उत्तर भन्न र लेख्न सिकाउनुहोस् । नमुना प्रश्नहरू :

| |
|---|
| (क) गरिमा के गर्दै थिइन् ?<br>(ख) गरिमाका बुबालाई किन झनक्क रिस उठ्यो ?<br>(ग) गाई कराउँदै कहाँ दगुर्‍यो ?<br>(घ) कुन वेला सबै जना कामबाट फर्किए ? |

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्य रचना गर्न लगाउनुहोस् ।

४. पाठको पहिलो अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गराउनुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठको पूर्वपठन खण्डमा भएका चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अनुच्छेद १ र २ का आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् :

**प्रश्नहरू :**

(क) मालाखर्कका घरका छाना केका थिए ?

(ख) को को मिल्ने साथी हुन् ?

(ग) गरिमा कहाँ गएकी थिइन् ?

(घ) मकैका बिरुवा कस्ता थिए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ६ देखि १७ सम्म)<br>• शुद्धोच्चारण | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती |

| | | |
|---|---|---|
| • शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• श्रुतिबोध | • पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ६, ७ र ८ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • प्रश्नोत्तर चार्ट<br>• श्रव्यसामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद ६ देखि १७ सम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको ६, ७ र ८ अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षहरूलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक सुन्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदमा उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्न :**

**१. एक वाक्यमा उत्तर भन्नुहोस् :**

(क) गरिमाको गाई किन तुहियो ?

(ख) ककसको बोलचाल बन्द भयो ?

(ग) मालिकालाई आमाले कसरी चेतावनी दिइन् ?

(घ) गरिमालाई किन झनक्क रिस उठ्यो ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले श्रव्य सामग्रीका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

हिम्मत, चेतावनी, नोक्सान, बित्था, अँचोपैँचो, सुमधुर

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) मालिका कहाँ बसेर रोएकी थिई ?

(ख) मालिकाले मधुरो आवाजमा के भनी ?

(ग) मालिका र गरिमा कसरी विद्यालय गए ?

(घ) मालिका र गरिमा के चाहान्थे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन

गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद १८ देखि २८ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• पठन बोध<br>• कथाको संरचना पहिचान | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति भाव र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद २० देखि २५ बाट बोध प्रश्नोत्तर गर्न<br>• कथाको संरचना पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्य सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक, गजल वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक, गजल वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद १८ देखि २८ सम्म पालैपालो  गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

२. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको २० देखि २५ सम्म मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक मौनपठन गर्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदबाट उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्न :**

**दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) गरिमा र मालिकाका आमाबुबालाई किन नरमाइलो लाग्यो ?

(ख) मालिकाका बुबाले के भने ?

(ग) तिललाई पहाड बनाउनु भनेको के हो ?

(घ) खेतालाले किन खिन्न मन पारेका थिए ?

८. विद्यार्थीलाई चम्किला अनुहार कथा प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा कथाको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य घटना प्रदर्शन गर्नुहोस् ।

९. विद्यार्थी समूहलाई छलफल गरी कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका बुँदाका आधारमा कथाको आरम्भका घटनाक्रम मिलाउनुहोस् :

(……) गरिमा गाई चराउन गएकी

(…..) गाईले आधापाटो मकै खाएको

(……) गाई कराउँदै गोठतिर दगुरेको

(……) मालाखर्क घरहरूको माला जस्तै भएको

(……) मालिकाका बुबाले गाईलाई काठको ठेउकाले हिर्काएका

(……) गरिमा र मालती मिल्ने साथी

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद २९ देखि ३७ सम्म)<br>• घटनाक्रम पहिचान<br>• घटनाक्रम मिलान<br>• शब्दभण्डार (पाठगत शब्दार्थ र विपरीतार्थी शब्द) | • समयबद्ध सस्वर पठन र गतिवृद्धि<br>• घटनाक्रम पहिचान गर्न<br>• घटनाक्रम मिलाउन<br>• विपरीतार्थी शब्द पहिचान गर्न<br>• विपरीतार्थी शब्दको प्रयोग गरी बोल्न र लेख्न | • घटनाक्रम सूची<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै लोकगीत गाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गीत गाएर सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद २९ देखि ३७ सम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा कुनै एक जना विद्यार्थीलाई समय हेर्न लगाई साथीको नाम र सम्बन्धित अनुच्छेद पढ्दा लागेको समय टिपोट गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई छिटो छिटो अनुच्छेद पढ्ने तरिका सिकाउनुहोस् ।

२. विद्यार्थीलाई पुनः छिटो छिटो अनुच्छेद पढ्न लगाउनुहोस् र पढ्दा लागेको समय कुनै एक जना विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् । त्यसपछि पहिलो पटक र दोस्रो पटक अनुच्छेद पठनका क्रममा के कस्तो अनुभव भयो भन्ने विषयमा साथी साथीबिच छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठका घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाको संरचनालाई पुनरावृत्ति गराई आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् । जस्तै :

**कथाको अन्त्य भागका घटना** :

- बुबाहरूको बोलचाल भएकोमा गरिमा र मालिका ज्यादै खुसी भएका
- पिपलको फेदमा छोरीहरू र छोरीहरूलाई लिन गएका आमाहरू पनि पर्खिरहेका
- गरिमा र मालिकाका आमाहरूको पनि बोलीचाली खुलेको
- जुनेली रातमा छ जनाको अनुहार चम्किरहेको
- पिपलका पातहरूबाट खुसीको मधुर हावा मालाखर्कतिर लागेको

४. विद्यार्थीलाई पाठको अन्त्य भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

५. कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अगिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटना भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. क्रियाकलाप ४, ५ र ६ जस्तै तरिका अपनाएर कथाको आदि, मध्य र अन्त्यसँग सम्बन्धित घटना पहिचान र मिलान गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका नमुना प्रदर्शन गरी पदावली र अर्थबिच जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : **हात हालाहाल गर्नु = कुटाकुट गर्नु, चेतावनी दिनु = सचेत गराउनु आदि ।**

८. विद्यार्थी समूहलाई अभ्यासमा १ मा दिइएका पदावली बुझाउने शब्द तिनका अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा श्रुतिसमभिन्नार्थक शब्द र तिनका अर्थ प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

(क) **जाति : जात विशेष**

नेपालमा धेरै जात**जाति**का मानिस बसोबास गर्छन् ।

**जाती : असल**

सानी बहिनी **जाती** छिन् ।

(ख) **आदि : इत्यादि**

तराईमा धान, गहुँ, मकै, उखु **आदि** बाली लगाइन्छ ।

**आदी : बानी परेको**

भाइका लागि बिहान चाँडै उठ्नु **आदी** बनेको छ ।

११. पाठको शब्दभण्डार खण्डको अभ्यास २ मा आधारित भई श्रुतिसमभिन्नार्थी शब्दलाई वाक्य रचना गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा वाक्यपत्ती प्रदर्शन गरी खाली ठाउँमा मिल्दो शब्द छानी वाक्य पूरा गर्न सिकाउनुहोस् र त्यसपछि अभ्यासकार्य गर्न निर्देशन दिनुहोस् । जस्तै : (क) म त विद्यालय ............ लागेँ । (तिर/तीर)

(ख) तिमी पूर्व .................. जाऊ । (दिसा/दिशा)

१६. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

१७. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास ४ का आधारमा छलफल गरी उस्तै सुनिने शब्द लेखी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । जस्तै :

आशु = आँसु

लक्ष्मीप्रसाद देवकोटा **आशु**कवि थिए ।

अनिता **आँसु** पुछ्दै भित्र गइन् ।

शीत = सित

आज आँगनमा धेरै **शीत** परेछ ।

भाइ आमा**सित** मामाघर गयो ।

१८. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट पदावली र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास २ बाट श्रुतिसमभिन्नार्थी शब्दका अर्थ बुझेर वाक्य बनाउन लगाउनुहोस् । यस क्रममा थप अभ्यास पनि गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. पद र पदावलीबिच जोडा मिलाउन लगाउनुहोस् :**

| | |
|---|---|
| हावा चल्नु | चेतना हुनु |
| आँखा खुल्नु | निराश हुनु |
| आलु खानु | हल्लाउनु |
| मन मार्नु | जाँगर चलाउनु |
| | असफल हुनु |

**२. दिइएका शब्दको अर्थ पढेर वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) आउँ : रोग

आऊँ : आउने इच्छा

(ख) महिना : ३० दिन

मैना : चरो

(ग) विष : जहर

बीस : सङ्ख्या

(घ) आँट : हिम्मत

आँत : भित्री अङ्ग

(ङ) दाइ : दाजु

दाइँ : मियोमा गोरु घुमाउँदै धान, तोरी आदि माड्ने काम

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• बोध प्रश्नोत्तर<br>• पात्र परिचय<br>• प्रश्न निर्माण र प्रश्नोत्तर | • श्रुतिलेखन गर्न<br>• एक वाक्यमा उत्तर दिन<br>• कथाका पात्रका बारेमा भन्न र लेख्न<br>• अनुच्छेद पढी प्रश्न निर्माण गर्न र उत्तर भन्न | • अनुच्छेदपत्ती<br>• प्रश्नसूची<br>• प्रश्नोत्तरपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै सामाजिक विषयवस्तुमा आधारित कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको छैटौँ अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् । यस क्रममा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् :

- शब्द शब्दलाई ख्याल गर्नुपर्ने
- वर्णविन्यासलाई ख्याल गर्नुपर्ने
- लेख्य चिह्नलाई ख्याल गर्नुपर्ने
- सफा र शुद्धसँग श्रुतिलेखन गर्नुपर्ने

२. विद्यार्थीलाई एकआपसमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास २ का आधारमा एक वाक्यमा उत्तर दिन सिकाउनुहोस् । जस्तै :

**(क) मालाखर्क गाउँ कस्तो थियो ?**

उत्तर : मालाखर्क गाउँ घरहरूको माला जस्तै थियो ।

**(ख) त्यस गाउँमा घरका छाना केले छाएका थिए ?**

उत्तर : त्यस गाउँमा घरका छाना ढुङ्गाले छाएका थिए ।

४. विद्यार्थी समूहले क्रियाकलाप पूरा गरेपछि पालैपालो प्रश्न सोध्ने र उत्तर भन्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले छलफलसहित आवश्यक पृष्ठपोषण दिनुहोस् । पाठसम्बद्ध थप अभ्यास पनि गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा पात्र परिचय भन्न र लेख्न सिकाउनुहोस् । यस क्रममा निम्न पक्षलाई ख्याल गर्न लगाउनुहोस् :

- कथालाई ध्यानपूर्वक पढ्ने
- कथामा रहेका मुख्य मुख्य पात्र र तिनका भूमिकालाई टिपोट गर्ने
- सम्बन्धित पात्रमा केन्द्रित भएर एक दुई वाक्यमा चरित्र चित्रण गर्ने
- सफा र शुद्धसँग चरित्र चित्रण लेख्ने

६. चम्किला अनुहार कथाका पुरुष र महिला पात्रहरूको सूची तयार पार्न लगाउनुहोस् । त्यसपछि चार्टपेपरमा प्रत्येक पात्रका बारेमा छलफल गरी एक दुई वाक्यमा चरित्र चित्रण गर्न लगाउनुहोस् ।

७. विद्यार्थी समूहलाई पालैपालो चरित्र चित्रण गरिएको चार्टपेपर प्रदर्शन गरी कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । ताली बजाएर हौसला प्रदान गर्नुहोस् । कक्षा प्रस्तुति पश्चात् शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा प्रत्येक समूहलाई निम्न कुराका आधारमा प्रश्न बनाउन सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनपर्ने

९. प्रश्न न. ६ का आधारमा विद्यार्थी समूहलाई पाठको अन्तिम अनुच्छेदबाट साथी साथीबिच छलफल गरी प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

१०. विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कथाको दोस्रो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई श्रुतिलेखन गर्दा लेख्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा पुनरावृत्ति गराउनुहोस् ।

२. विद्यार्थीले गरेको अनुलेखनलाई गति, यति, भाव र हाउभाउसहित पढ्न लगाउनुहोस् ।

३. 'चम्किला अनुहार' कथाका पुरुष र महिला पात्रका बारेमा विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठको पहिलो अनुच्छेद पढी दिइएका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :

(क) मालाखर्क गाउँ कस्तो थियो ?

(ख) त्यस गाउँमा घरका छाना केले छाएका थिए ?

(ग) त्यो गाउँको मेलमिलाप कस्तो थियो ?

(घ) वल्लोपल्लो घर के कारण दिक्दार मान्थे ?

(ङ) मालिका र गरिमाबिचको मेल कस्तो थियो ?

२. 'चम्किला अनुहार' कथामा भएका पात्रमध्ये तपाईंलाई मन परेको पात्रका बारेमा भन्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथाकथन<br>• सङ्क्षिप्त उत्तर लेखन<br>• भावार्थ लेखन | • पाठ्य कथाका आधारमा कथाकथन गर्न<br>• पाठ्य कथाका आधारमा प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>• कथाको निर्देशित वाक्यलाई भावार्थ भन्न तथा लेख्न | • वाक्यपत्ती<br>• भावार्थको नमुना<br>• प्रोजेक्टर |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्याथीलाई कुनै स्मरणीय घटना वा प्रसङ्गमा आधारित कथाकथन सुनाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि कथाकथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

२. 'चम्किला अनुहार' कथाका पात्र मालिका र गरिमाको परिवारबिच पुनः मेलमिलाप नभएको भए कथा कसरी अगाडि बढ्थ्यो होला ? विद्यार्थी समूहबिच छलफल गर्न लगाई विषयवस्तु उठान गरिदिनुहोस् । त्यसपछि कल्पना गरी कथा कथन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् । यस क्रममा निम्न तरिकालाई ध्यान दिन लगाउनुहोस् :

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नले मागेको उत्तर पहिचान गर्ने
- ४/५ वाक्यमा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

**उत्तर लेखनको नमुना**

> **(क) गरिमा र मालिकाका परिवारबिच किन झगडा भयो ?**
> **उत्तर :** गरिमा र मालिकाको परिवार मालाखर्क गाउँमा बस्थ्यो । गरिमा र मालिकाको उमेर र पढाइ समान थियो । उनीहरूबिच रहर लाग्दो मित्रता थियो । एकदिन मालिकाको बारीमा गाईले मकै सखाप पाऱ्यो । यो देखेर मालिकाका बुबाले गाईलाई काठको ठेउकाले हिर्काए । गरिमा र मालिकाका परिवारबिच यही निहुँमा झगडा भयो ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा भाव विस्तार लेख्न सिकाउनुहोस् । यस क्रममा भाव विस्तार गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

> - प्रश्नलाई ध्यानपूर्वक पढी आवश्यक बुँदा टिपोट गर्ने
> - भाव विस्तारका लागि दिइएको वाक्यमा केन्द्रित रहेर प्रत्येक बुँदालाई समेट्ने
> - भाव विस्तारलाई तीन अनुच्छेदमा विभाजन गर्ने
> - भाव विस्तारका लागि दिइएको वाक्यमा केन्द्रित रहेर निष्कर्ष लेख्ने
> - प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

७. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ को 'क' का आधारमा भाव विस्तारका लागि समूहमा छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।

८. विद्यार्थी समूहलाई भाव विस्तारका बुँदा पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीबाट आवश्यक सुझाव माग गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई बुँदाका आधारमा भाव विस्तार भन्न सिकाउनुहोस् । यस क्रममा विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

१०. भाव विस्तारका बुँदालाई समेटी भाव विस्तार लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीले भाव विस्तार लेखिसकेपछि कापी परीक्षण गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. ‘चम्किला अनुहार’ कथाका पात्र मालिका र गरिमाको परिवारबिच पुनः मेलमिलाप नभएको भए कथा कसरी अगाडि बढ्थ्यो होला ? कल्पना गरी कथा कथन गर्न लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ कक्षाकार्य गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ (क) एकै ठाउँमा भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छन् । यो वाक्यसँग सम्बन्धित रहेर भाव विस्तारका लागि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

४. क्रियाकलाप ३ का आधारमा भाव विस्तारका बुँदालाई संयोजन गरेर अनुच्छेद लेख्न लगाउनुहोस् । त्यसपछि कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :

(क) गरिमा र मालिकाका परिवारबिच किन झगडा भयो ?

(ख) गरिमा र मालिका एक्लाएक्लै विद्यालय जानुको मुख्य कारण के हो ?

(ग) मालिकाका आमाबुबाले किन पछुतो मानेका होलान् ?

२. भाव विस्तार गर्नुहोस् :

(क) एकै ठाउँ भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छन् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन<br>• तर्क लेखन<br>• सार लेखन | • निर्देशित विषयवस्तुमा आधारित भई सन्दर्भअनुकूलको स्वाभाविक वर्णन गर्न<br>• विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा तार्किक उत्तर लेख्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई सार लेख्न | • प्रश्नपत्ती<br>• अनुच्छेदपत्ती<br>• तार्कित उत्तरको नमुना<br>• सार लेखनको नमुना<br>• प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा प्रश्न प्रदर्शन गरी सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन गर्न सिकाउनुहोस् । यस क्रममा विद्यार्थीलाई वर्णन लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

- पाठलाई ध्यानपूर्वक पढ्ने
- विषयवस्तुका मुख्य मुख्य घटनाका बारेमा समूहमा छलफल गर्ने
- सफा र शुद्धसँग आकर्षक शैलीमा उत्तर लेख्ने
- अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्ने

२. विद्यार्थी समूहलाई प्रश्न दिने र छलफल गर्दै गारिमा र मालिकाका परिवारमा भएको झगडा कसरी अन्त्य भयो भन्ने विषयमा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्दै आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

४. प्रश्नको अपेक्षाअनुसारका बुँदा तयार भइसकेपछि प्रत्येक समूहलाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य समूहबाट प्रतिक्रिया लिने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गराउनुहोस् ।

५. विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी विषयवस्तु पुष्टि हुने गरी अनुच्छेद लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीले लेखेको उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी तर्क /विचार लेख्न सिकाउनुहोस् :

- दिइएको विषयवस्तुलाई ध्यानपूर्वक पढ्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- सम्बन्धित विषयवस्तुलाई जोड्दै स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तार्किक उत्तर लेख्ने
- तार्किक उत्तर सामान्यतया एक अनुच्छेदमा लेखिने

८. बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा गरिमा र मालिकाको मिलाप नभएको भए उनीहरूका आमाबुबाको झगडा अन्त्य हुन्थ्यो कि हुँदैनथ्यो होला, पाठ पढी तार्किक उत्तर दिनुहोस् । यो प्रश्नमा आधारित भई समूहलाई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

९. विद्यार्थी अलमल परेमा नमुना बुँदा प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१०. विद्यार्थी समूहलाई  तार्किक उत्तर लेख्न लगाई क्रमैसँग प्रस्तुति गर्न लगाउनुहोस् र अन्य विद्यार्थी समूहलाई टिप्पणी गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहको प्रस्तुति पश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

११. निम्न पक्षलाई ख्याल गर्न लगाई अनुच्छेदको सार लेख्न सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- सिसाकलमले मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- दिइएको विषयवस्तुलाई करिब आधा हुने गरी सार लेख्ने
- विषयवस्तुको सार लेख्दा मुख्य मुख्य कुराहरू छुट्न नहुने
- सार लेखनको अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्नुपर्ने

१२. कथाको ३४ देखि ३७ अनुच्छेदलाई पढेर सुनाउनुहोस् । यस क्रममा मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्नुहोस् । त्यसपछि विषयवस्तुको सार प्रदर्शन गर्नुहोस् ।

१३. विद्यार्थीलाई छलफलसहित अनुच्छेदको सार लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा आधारित भई विषयवस्तुको स्वाभाविक वर्णन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा आधारित भई तार्किक उत्तर लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. विद्यार्थीलाई पाठको पहिलो र दोस्रो अनुच्छेदका आधारमा सार लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

८. गरिमा र मालिकाका परिवारमा भएको झगडा कसरी अन्त्य भयो, पाठका आधारमा लेख्नुहोस् ।

९. गरिमा र मालिकाको मिलाप नभएको भए उनीहरूका आमाबुबाको झगडा अन्त्य हुन्थ्यो कि हुँदैनथ्यो होला, पाठ पढी तार्किक उत्तर दिनुहोस् ।

- पाठको पहिलो र दोस्रो अनुच्छेद पढी सार लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सामान्य धातु<br>• क्रियापद | • सामान्य धातुको पहिचान र प्रयोग गर्न<br>• क्रियापदको पहिचान र प्रयोग गर्न | • सामान्य धातुको तालिका र उदाहरण<br>• क्रियापदको तालिका र उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ का आधारमा धातुबाट क्रियापद बन्ने तरिका स्पष्ट पार्नुहोस् । यस क्रममा शब्दपत्तीका माध्यमबाट क्रियाको रूपायन प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई उक्त क्रियाबाट वाक्य बनाउन सिकाउनुहोस् ।

जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पढ् | → | पढ्छ | पढ्छु | पढ्छौ | पढ्छन् | पढ्नुहुन्छ |
| खा | → | खान्छ | खान्छु | खान्छौ | खान्छन् | खानुहुन्छ |
| जा | → | जान्छ | जान्छु | जान्छौ | जान्छन् | जानुहुन्छ |

२. विद्यार्थीलाई आफूलाई रमाइलो लाग्ने कामका बारेमा बताउन लगाई उनीहरूले भनेका वाक्यबाट क्रियापद शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई धातु पहिचान गर्न लगाउनुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीतिलाई उपयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. क्रमिक सिकाइ रणनीतिलाईलाई उपयोग गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ का आधारमा धातुबाट क्रियापद बनाउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलापको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले अभ्यास कार्य गरिसके पश्चात् समूहगत रूपमा धातुबाट बनेका क्रियापद प्रदर्शन गर्न लगाई छलफल गराउनुहोस् । प्रत्येक समूहलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ का आधारमा क्रियापदबाट धातु छुट्याएर लेख्न सिकाउनुहोस् । यस क्रममा शब्दपत्ती तथा धातुपत्तीको उपयोग गर्नुहोस् । पहिचान गर्न लगाउनुहोस् ।

६. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ लाई कक्षा कार्य गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. केही विद्यार्थीका नमुना उत्तर कक्षामा प्रदर्शन गराउनुहोस् । विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलबाट धातु र क्रियापदको सम्बन्धका बारेमा धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा आधारित भई धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । जस्तै :

**बोल्** → बोल्छ | बोल्छु | बोल्छौ | बोल्छन् | बोल्नुहुन्छ

| | | |
|---|---|---|
| बोल्छ | = | भाइ नरम बोल्छ । |
| बोल्छु | = | म नरम बोल्छु । |
| बोल्छौ | = | तिमी नरम बोल्छौ । |
| बोल्छन् | = | उनी नरम बोल्छन् । |
| बोल्नुहुन्छ | = | उहाँ नरम बोल्नुहुन्छ । |

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ का आधारमा धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कक्षा प्रस्तुति गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास २ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई अभ्यास ३ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. उदाहरण हेरी तलका धातुबाट क्रियापद बनाउनुहोस् :**

पढ् : पढ्छ, पढ्छु, पढ्छौँ, पढ्छन्, पढ्नुहुन्छ

खा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

जा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

हेर् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

भन् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

**२. तलका क्रियापदबाट धातु छुट्याएर लेख्नुहोस् :**

खायो, जान्छ, भन्छ, दिए, पढ्छ, बोल्छ, हेर्छ, कुद्छ, सुत्छ, उठ्छ, गयो

**३. तलका धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बोल्, सुन्, हेर्, जित्, हार्, घुम

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • वर्णविन्यास ('य' र 'ए' वर्ण)<br>• भाषिक प्रकार्य (सामाजिक सद्भाव र सहकार्य) | • शब्दमा 'य' र 'ए' को पहिचान र प्रयोग गर्न<br>• सामाजिक सद्भाव र सहकार्यका विषयमा छलफल/कुराकानी गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• सामाजिक सद्भाव र सहकार्यसँग सम्बन्धित अडियो/भिडियो |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सामाजिक सद्भाव र सहकार्यको महत्त्वका विषयसँग सम्बन्धित वृत्तचित्र प्रदर्शन गरी विद्यार्थीलाई उत्प्रेरणा जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . 'य' वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा 'य' वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु र अन्तिममा 'य' वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी 'य' वर्णको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| शब्दको सुरुमा 'य' वर्ण प्रयोग भएका शब्द | यिनी | यसरी | यसले |
| शब्दको अन्त्यमा 'य' वर्ण प्रयोग भएका शब्द | आयो | राष्ट्रिय | पराजय |

३ . 'ए' वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा 'ए' वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा 'ए' वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शब्दपत्ती प्रदर्शन गरी 'ए' वर्णको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| शब्दको सुरुमा 'ए' वर्ण प्रयोग भएका शब्द | एक | एउटा | एक्लो |
| शब्दको बिचमा 'ए' वर्ण प्रयोग भएका शब्द | आएर | गएर | पाएको |
| शब्दको अन्त्यमा 'ए' वर्ण प्रयोग भएका शब्द | गए | थिए | आएँ |

५. पाठको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ का आधारमा अनुच्छेद पढी 'य' र 'ए' वर्ण प्रयोग भएका शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई एकआपसमा कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् । त्यसपछि विद्यार्थी समूहलाई चार्टपेपर, साइनपेन आदि सामग्री दिएर 'य' र 'ए' वर्ण प्रयोग भएका शब्दसूची तयार पार्न लगाउनुहोस् ।

७. विद्यार्थीले तयार पारेका 'य' र 'ए' वर्ण प्रयोग भएका शब्दका सूची प्रदर्शन गराई छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीसँग सामाजिक सद्भाव र सहकार्यसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । सामाजिक सद्भाव र सहकार्यको विषयवस्तु वा प्रसङ्गअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदि पक्षमा सचेत रहन सिकाउनुहोस् । जस्तै :

**सामाजिक सद्भाव र सहकार्य**

अनिता : नमस्कार काका ! सन्चै हुनुहुन्छ ?

काका : नमस्कार नानी, म त सन्चै छु । तिमीलाई कस्तो छ ?

अनिता : म पनि सन्चै छु काका । अनि हजुर कता हिँड्नुभयो त ?

काका : तल क्लबमा छलफल हुँदै छ । त्यतै हिँडेको नि नानी ।

अनिता : के विषयमा छलफल हुँदै छ नि काका क्लबमा ?

काका : सामाजिक सम्बन्ध कसरी राम्रो बनाउने भनने विषयमा छलफल हुँदै छ ।

अनिता : छलफल गर्नु मात्रै त हो नि काका । छरछिमेकमा कसैको मेलमिलाप छैन । एकले अर्काको विरोध नगरी खाएको पनि पच्दैन ।

काका : कुरा त्यसो होइन नि छोरी, सामाजिक सद्भाव राम्रो बनाउनका लागि सबैभन्दा पहिला समस्या पहिचान गर्नुपर्छ । त्यसपछि छलफल गर्नुपर्छ । सबैले एकआपसमा सहकार्य गर्नुपर्छ । यसो गर्दा व्यक्ति व्यक्तिबिचका मनमुटाव हट्दै जान्छन् ।

अनिता : आहा ! हजुरको कुरा साह्रै महत्वपूर्ण लाग्यो । हजुरले भने जसरी सबैले काम गर्ने हो भने सामाजिक सद्भाव बढ्छ नि काका ।

काका : हो त, लौ हिँड तिमी पनि क्लबतिर, सँगसँगै जाऔँ ।

बिहानी : हुन्छ काका, म पनि हजुरसँगै जान्छु ।

९. विद्यार्थीलाई पनि आफ्नो गाउँ वा टोलमा सामाजिक सद्भाव र सहकार्य बढाउन के के गर्न सकिन्छ भन्ने विषयमा पालैपालो कुराकानी गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई आवश्यक सुझाव दिन लगाउनुहोस् ।

१०. प्रत्येक समूहको भाषिक प्रकार्य सुनिसकेपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पुस्तकालयमा गई शब्दकोशका सहायताले 'य' र 'ए' वर्ण प्रयोग भएका दश दशओटा शब्द सङ्कलन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो आफ्नो गाउँटोलमा सामाजिक सद्भाव वा सहकार्य बढाउन के के गर्नुपर्छ भन्ने विषयमा छलफल गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. 'चम्किला अनुहार' पाठको पैँतिसदेखि सैँतिस अनुच्छेदबाट 'य' र 'ए' वर्ण लागेका लागेका शब्दको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।

२. सामाजिक सद्भाव र सहकार्य विषयमा छलफल गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सुनाइ पाठ ६<br>• सिर्जना/परियोजना कार्य<br>• छलफल मौखिक कथा प्रस्तुति | • सुनाइ पाठ ६ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• चित्र हेरी कथा रचना गर्न<br>• आफूलाई मन पर्ने कथा सुनाइ समूहमा छलफल गर्ने | • शब्दपत्ती<br>• प्रश्नोत्तरपत्ती<br>• सुनाइ पाठ ६ को अडियो सामग्री<br>• कथा लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ छ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ का आधारमा खाली ठाउँमा शब्द भरी वाक्य पूरा गर्न लगाउनुहोस् ।

४. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा पात्र पहिचान गर्न लगाउनुहोस् ।

६. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

७. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भई श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ४ मा आधारित भई विद्यार्थीलाई क्रमशः आफ्नो टोलसमाजमा भएको कुनै एक समस्या सुनाउन लगाउनुहोस् । त्यसपछि उक्त समस्या समाधानका लागि अन्य विद्यार्थीलाई समाधानको सुझाव दिन लगाउनुहोस् ।

९. विद्यार्थीका क्रियाकलाप अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा चित्र हेरी कथा रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- दिइएका चित्रलाई ध्यानपूर्वक हेरी विषयवस्तु, पात्र तथा परिवेश बोध गर्नुपर्ने
- चित्रका आधारमा कथाको आदि, मध्य र अन्त्यको शृङ्खला तयार पार्नुपर्ने
- विषयवस्तुअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथाले महत्त्वपूर्ण सन्देश दिनुपर्ने
- विषयवस्तुअनुसारको शीर्षक चयन गर्नुपर्ने
- सफा र शुद्धसँग कथा रचना गर्नुपर्ने

११. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा चित्र कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा रचनासम्बन्धी गृहकार्यलाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

१२. विद्यार्थीले गरेका क्रियकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ को प्रश्न बुझाउनुहोस् । विद्यार्थी समूहलाई पालैपालो आफूलाई मन परेको कथा सुनाउन लगाउनुहोस् । प्रत्येक कथामा केन्द्रित भई छलफल गर्न लगाउनुहोस् । त्यसपछि समूहमा उत्कृष्ट ठहरिएका कथा कक्षामा सुनाउन लगाउनुहोस् ।

१४. प्रत्येक समूहको प्रस्तुति पश्चात् ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठको सुनाइ र बोलाइ खण्डमा आधारित भई शब्दभण्डार, पात्र पहिचान र श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. पाठको सिर्जना/परियोजना खण्डको अभ्यास १ मा आधारित भई चित्र हेरी कथा रचना गर्न लगाउनुहोस् र आवश्क पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पाठको सिर्जना/परियोजना खण्डको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई पालैपालो आफूलाई मन पर्ने कथा भन्न लगाउनुहोस् । साथीले सुनाएका कथाका विषयवस्तुमा छलफल गर्न लगाउनुहोस् । त्यसपछि समूहमा उत्कृष्ट ठहरिएका कथा कक्षामा सुनाउन लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका कथाको मूल्याङ्कन गर्नुहोस् ।

३. विद्यार्थीले सबलीकरण क्रियाकलापमा सुनाएका कथा तथा छलफलका आधारमा उत्कृष्ट कथाको मौखिक प्रस्तुति मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ७**
**शीर्षक : सम्पत्तिभन्दा स्वास्थ्य ठुलो**
**विधा : वादविवाद**
**कार्यघण्टा : १०**

'सम्पत्तीभन्दा स्वास्थ्य ठुलो' शीर्षकमा रहेको वादविवाद रूपक विधाको एक उप विधाको पाठ हो । वादविवाद कुनै विषयमाथि पक्ष र विपक्ष भएर गरिने बहस हो । अभिव्यक्ति क्षमता बढाउने र तर्कवितर्क गर्ने क्षमता विकास गर्न वादविवादको विशेष भूमिका हुन्छ । वादविवाद शिक्षणले अरूको कुरा सुनेर हाउभाउपूर्ण तरिकाले त्यसको खण्डन गर्न सक्ने क्षमताको विकास गराउँछ । वादविवादलाई सहक्रियाकलापका रूपमा पनि उपयोग गरिन्छ । यस पाठमा पढाइ लेखाइ सिपको विकासका लागि समयबद्ध पठन, पात्र र घटना पहिचान, घटनाक्रम मिलान, बोधात्मक प्रश्नोत्तर बुँदा टिपोट र वादविवाद लेखन जस्ता पाठ्यवस्तु समावेश गरिएको छ भने शब्दभण्डार क्षमताको विकासका लागि लघुतावाची र अनेकार्थी शब्दको पहिचान र प्रयोगलाई समावेश गरिएको छ । भाषिक संरचना र वर्णविन्यास अन्तर्गत वर्तमान, भूत र भविष्यत्कालको पहिचान र प्रयोग तथा 'ऋ' र 'रि' लागेका शब्दको पहिचान र प्रयोगलाई समावेश गरिएको छ । भाषिक प्रकार्य अन्तर्गत उद्घोषणलाई समावेश गरिएको छ । सुनाइ तथा बोलाइ पाठ 'छ' को उपयोग गरेर बोधात्मक प्रश्नोत्तर, र छलफल तथा अनुमानका पाठ्यवस्तुको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ । अनुमानित पाठ्यभारअनुसार तयार गरिएको पाठ्यवस्तस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

**पहिलो दिन**

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र  छलफल<br>• पठनबोध<br>(उद्घोषकको अभिव्यक्ति)<br>• संरचना पहिचान<br>• शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदहरू शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र , वादविवादका अभिव्यक्ति, प्रश्नसूची, **वाक्यसूची**, शब्दपत्ती, अर्थपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै सहकार्यकलाप वक्तृता, हाजिरजवाफ, नृत्य आदिको छोटो समयको फोटो, सम्भव भएसम्म वृत्तचित्र वा कुनै गीत प्रस्तुत गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तक हेर्न निर्देश गर्नुहोस् । आफूले पाठको उद्घोषकको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

२. विद्यार्थीलाई पनि पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित उद्घोषकको अंश सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वरवाचन गराउनुहोस् ।

४. विद्यार्थीले सस्वरवाचन गरिसकेपछि वाचनका क्रममा देखिएका कमीकमजोरी र उच्चरणगत पक्षलाई औंल्याएर पृष्ठपोषण दिई पुनः कमजोर विद्यार्थीलाई निराकरण अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई  निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण र शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी बोधको मूल्याङ्कन गर्नुहोस् । जस्तै :

(क) वादविवाद प्रतियोगिताका नियम के के हुन् ?

८. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई उद्घोषकको भूमिका निर्वाह गरी उद्घोषकको अंश ंसस्वरवाचन गर्न लगाउनुहोस् । विद्यार्थीलाई उद्घोषकको भूमिका निर्वाह गरी उद्घोषकको अंश ंसस्वरवाचन गर्न लगाउनुहोस् ।  विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुनः केही विद्यार्थीलाई गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सविनय, अनुरोध, आरोप, सहभागी, खण्डन

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

१. सिकाइ क्षेत्र

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१.शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तक हेर्न निर्देश गर्नुहोस् । आफूले वादविवादको करुणा गुरुङको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

२. विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई पनि पालैपालोसँग

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● पठनबोध<br>(अभिव्यक्ति : करुणा गुरुङ र विकल्प अधिकारी)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● वादविवादका अभिव्यक्ति, प्रश्नसूची, **वाक्यसूची**, शब्दपत्ती, अर्थपत्ती |

उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित वादविवादको अंश सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुन : केही विद्यार्थीलाई गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

४. कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वरवाचन गराउनुहोस् ।

५. विद्यार्थीले सस्वरवाचन गरिसकपेछि वाचनका क्रममा देखिएका कमीकमजोरी तथा उच्चरणगत पक्षलाई औँल्याएर पृष्ठपोषण दिई पुनः कमजोर विद्यार्थीलाई निराकरण अभ्यास गराउनुहोस् ।

६. विद्यार्थीलाई  निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

७. शुद्ध र स्पष्ट उच्चारण शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

८. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी बोधको मूल्याङ्कन गर्नुहोस् । जस्तै :

**(क) करुणा गुरुङले किन मान्छे पैसाको पछि दौडिन्छ भनेकी छन् ?**

**(ख) विकल्प अधिकारीले किन सम्पत्तीमा सबैको हाइहाइ हुन्छ भनेका हुन् ?**

**(ग) सम्पत्ती भए के के गर्न सकिन्छ ?**

९. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पक्ष र विपक्षको समूहमा विभाजन गर्नुहोस् विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तुका सम्बन्धमा प्रश्न निर्माण गर्न लगाउनुहोस् । समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

प्रतियोगिता, गरगहना, उद्वेग, व्यायाम, सङ्कट

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) मानिसले सम्पत्तीबाट के के कुरा प्राप्त गर्न सक्छ ?

(ख) कस्तो मान्छे जीवनमा सधैँ खुसी रहन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पठनबोध<br>(अभिव्यक्ति : मुस्तफ अलाम र सरिस्मा अलाम)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● पूर्व पठन खण्डका चित्र, वादविवादका अभिव्यक्ति, प्रश्नसूची, वाक्यसूची, शब्दपत्ती, अर्थपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तक हेर्न निर्देश गर्नुहोस् । मुस्तफा अलामको वादविवादको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

२. विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई पनि पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित वादविवादको अंश सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई  पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गार्न लगाउनुहोस् ।

४. विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुन : केही विद्यार्थीलाई गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

५. कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वरवाचन गराउनुहोस् ।

६. सबै समूहले सस्वरवाचन गरिसकपेछि वाचनका क्रममा देखिएका कमीकमजोरी तथा उच्चरणगत पक्षलाई औँल्याएर पृष्ठपोषण दिई पुनः कमजोर विद्यार्थीलाई निराकरण अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई  निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

८. शुद्ध र स्पष्ट उच्चारण र शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

९. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी बोधको मूल्याङ्कन गर्नुहोस् । जस्तै :

**(क) धनलाई हातको मैला सुनको थैला कसले भनेका हुन् ?**

**(ख) धनाढ्यहरूले देशलाई कसरी सम्पन्न बनाउँछन् ?**

१०. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पक्ष र विपक्षको समूहमा विभाजन गर्नुहोस् विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तुका बुँदा टिपोट गर्न लगाउनुहोस् । टिपिएका बुँदालाई समूहमा छलफल र प्रस्तुत गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अलौकिक, तन्दुरुस्त, राजस्व, उद्वर, योगदान

३. दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(क) मानिसले किन सम्पति कमाउन चाहन्छ ?

(ख) भइपरिआउने सङ्कटबाट सम्पत्तिले कसरी बचाउँछ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

१.

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शब्दभण्डार (अनेकार्थी र लघुतावाची शब्द)<br>● वक्ता र घटना पहिचान | ● अनेकार्थी र लघुतावाची शब्दको पहिचान र प्रयोग गर्न<br>● वक्ता र घटना पहिचान गर्न | ● शब्दपत्ती, शब्दसूची, वक्तव्यका मुख्य मुख्य घटनाको टिपोट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । गीतको अन्तिम शब्दको अन्तिम अक्षरबाट विद्यार्थीलाई गीत गाउन लगाई विद्यार्थीलाई दुई समूहमा विभाजन गरी अन्त्याक्षरी कार्यक्रम गरी ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले केही अनेकार्थी शब्दका शब्दपत्ती फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई उक्त शब्दको अर्थ के के हुन सक्छ विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । उनीहरूले भनेका अर्थलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शिक्षकले विद्यार्थीले भन्न सके नसकेको पहिचान गरी शब्दका अनेक अर्थलाई प्रस्ट पार्दै आवश्यक सिकाइ गर्नुहोस् । यस क्रममा शब्दका अनेक अर्थलाई आवश्यकताअनुसार वाक्यमा प्रयोग समेत गरेर देखाउनुहोस् ।

२. दुई वा दुईभन्दा बढी अर्थ दिने शब्द नै अनेकार्थी शब्द हुन् भन्ने कुरा हेक्का राख्नुहोस् ।

जस्तै : हार - पराजय, लहर

काल - समय, मृत्यु

३. विद्यार्थीलाई अनेकार्थी शब्द भन्न अवसर दिनुहोस् । शिक्षकले विद्यार्थीले भनेका शब्द टिप्दै जानुहोस् । उनीहरूले भनेका अनेकार्थी शब्दका फरक फरक अर्थ विद्यार्थीलाई नै भन्न अवसर दिनुहोस् । विद्यार्थीले अनेक अर्थ भन्न सके नसकेको पहिचान गर्दै अनेक अर्थसहित अन्त्यमा आवश्यक सिकाइ गर्नुहोस् ।

४. शिक्षकले तयार गरेका अनेकार्थी शब्दका सूची प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार हाउभाउ, चित्र र वाक्यमा प्रयोग समेत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर प्रस्तुत गर्नुहोस् ।

५. शिक्षकले केही शब्द र तिनका सानो रूप जनाउने शब्दपत्ती फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई उक्त शब्दको सानो रूप के हुन सक्छ, विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । उनीहरूले भनेका सानो रूपलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शिक्षकले विद्यार्थीले शब्दको सानो रूप भन्न सके नसकेको पहिचान गरी सानो रूप प्रस्तुत गर्दै आवश्यक सिकाइ गर्नुहोस् । यस क्रममा शब्दका सानो रूपलाई आवश्यकता अनुसार वाक्यमा प्रयोग समेत गरेर देखाउनुहोस् ।

६. सानो भाव बुझाउने शब्द लघुतावाचक शब्द हुन् भन्ने कुरा हेक्का राख्नुहोस् ।

जस्तै : पानी : थोपो

केरा : कोसो

७. विद्यार्थीलाई केही शब्दका लघुतावाचक रूप भन्न अवसर दिनुहोस् । शिक्षकले विद्यार्थीले भनेका शब्द टिप्दै जानुहोस् । उनीहरूले भनेका विभिन्न शब्दका लघुतावाचक रूप मिले नमिलेको विद्यार्थीलाई नै छलफल गरी निष्कर्ष निकाल्न अवसर दिनुहोस् । विद्यार्थीले सही ढङ्गले लघुतावाचक रूप भन्न सके नसकेको पहिचान गर्दै आवश्यक सिकाइ गर्नुहोस् ।

८. शिक्षकले तयार गरेका लघुतावाचक शब्दका सूची प्रस्तुत गर्नुहोस् । आवश्यकता अनुसार हाउभाउ, चित्र र वाक्यमा प्रयोग समेत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर प्रस्तुत गर्नुहोस् ।

९. अनेकार्थी र लघुतावाची शब्दसम्बन्धी प्रतियोगितात्मक कार्यकलाप सञ्चालन गर्नुहोस् ।

१०. अनेकार्थी र लघुतावाची  शब्दालाई स्पष्ट पारी वाक्यमा प्रयोग गर्नका लागि शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् ।

११. वादविवादमा वक्ताले भनेका विभिन्न भनाई फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । उक्त भनाइ कसका हुन्, विद्यार्थीलाई सोध्नुहोस् । विद्यार्थीले सही वक्ता पहिल्याउन सके नसकेको छलफल गराउनुहोस् । सही वक्ता पहिचान गरी आवश्यक  सिकाइ गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई अनेकार्थी शब्द टिपोट गर्न लगाउनुहोस् । एउटा समूहलाई शब्द भन्न र अर्को समूहलाई अनेक अर्थ भन्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई लघुतावाची रूप आउने विविध शब्द टिपोट गर्न लगाउनुहोस् । एउटा समूहलाई शब्द भन्न र अर्को समूहलाई लघुतावाचक रूप भन्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. तलका शब्दको अनेक अर्थ भन्नुहोस् :

फल, दर, खोटो, पेटी, जाली

२. शब्दभण्डारको ३ र ४ नम्बर अभ्यास गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्नोत्तर<br>• बुँदा टिपोट<br>• सारांश लेखन | • प्रश्नोत्तर गर्न<br>• बुँदा टिपोट गर्न<br>• सारांश लेख्न | • नमुना उत्तर, बुँदाका नमुना, सारांशको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

२. शिक्षकले निर्दिष्ट बुँदा टिपोटका लागि कुनै नमुना अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेद कुनै विद्यार्थीलाई पढेर सुनाउन निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारिका सम्बन्धमा सोधपुछ गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न पक्षहरूमा जानकारी गराउनुहोस् :

**बुँदा लेखन तथा बुँदा टिपोट**

कुनै पाठ्याशंको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ । बुँदाले मुख्य कुरालाई बुझाउँछ ।

**बुँदा टिपोटका चरण :**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुरा :**

(क) बुँदाटिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुई तीन पटक पढ्नुपर्छ ।

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक कुरालाई रेखाङ्कन गर्नुपर्छ ।

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्नुपर्छ ।

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एक पटक पढेर आवश्यकता अनुसार बुँदा संशोधन र परिमार्जन गर्नुपर्छ ।

(ङ) तोकिएको सङ्ख्यामा मुख्य कुरा समेटिने गरी साफी लेखन गर्नुपर्छ ।

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्यका रूपमा राख्नुपर्छ ।

(छ) टिपोट गरिएका बुँदाका आधारमा उपयुक्त शीर्षक चयन गरेर शीर्ष भागमा राख्नु पर्छ र त्यसलाई रेखाङ्कन गर्नुपर्छ ।

(ज) भाषिक शुद्धताको परीक्षण गरी सच्याउनुपर्छ ।

(झ) विषयको प्रकृति अनुसार क्रम मिलाउँदै बुँदा टिपोट गर्नुपर्छ ।

३. उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

४. पाठको अभ्यासमा दिइएको प्रश्न प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

५. उपयक्त बुँदालाई आधार मानरे साराशं भन्न लगाउनुहोस् । सारांशलाई लेख्न पनि लगाउनहोस् । बुँदा र सारांशका बारेमा आवश्यक छलफल समेत गर्नुहोस् ।

६. शिक्षकले तयार पारेर ल्याएको टिपोट र सारांशको नमुना फलाटिन पाटीमा प्रस्तुत गरेर त्यसैअनुसार सच्याउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई पाठमा दिइएको सारांश लेखन सम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । आवश्यक परेमा सहयोग गरी पृष्ठपोषण समेत प्रदान गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले टिपोट गरेका बुँदा र सारांश लेखनका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१.पाठका छोटो उत्तर लेख्ने प्रश्न लेख्न लगाउनुहोस् ।

२.पाठसँग सम्बन्धित र स्वतन्त्र विभिन्न अनुच्छेद दिई बुँदा टिपोट र सारांश लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● अनुलेखन<br>● वादविवाद<br>(छलफल, शीर्षक चयन शीर्षकअनुसार बुँदा टिपोट र तयारी) | ● अनुलेखन गर्न<br>● वादविवादका लागि बुँदा टिपोट गर्न | ● अनुलेखनको नमुना, वादविवादका लागि विविध शीर्षकहरू, शीर्षकअनुसारका आवश्यक बुँदा |

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अनुलेखनका लागि पाठबाट निर्दिष्ट अनुच्छेद दिनुहोस् । निश्चित समय दिएर विद्यार्थीलाई अनुलेखन गर्न लगाउनुहोस् । विद्यार्थीले अनुलेखन गरेपछि शुद्धसँग अनुलेखन गरे नगरेको अवलोकन गर्नुहोस् । शुद्ध र राम्रा अक्षर पारेर लेख्न सके नसकेको हेरी आवश्यक सिकाइ गर्नुहोस् ।

२. विद्यार्थीको अनुलेखन गरेका कापी एकअर्कामा साटासाट गरेर हेर्न लगाउनुहोस् ।

३. शिक्षकले विद्यार्थीलाई वादविवादका लागि शीर्ष भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शीर्षक शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । टिपोट गरिएका शीर्षकमा शिक्षकले पनि केही शीर्षक थपी सूचीबद्ध गर्नुहोस् । जस्तै :

- गाउँले जीवनभन्दा सहरिया जीवन सरल हुन्छ ।
- धनभन्दा विद्या ठुलो
- तरबारभन्दा कलम बलियो
- छोराछोरीलाई अंश कि शिक्षा
- विज्ञान वरदान कि अभिशाप

- मानिसभन्दा प्रकृति बलियो

- युवा विदेशमा जानुभन्दा स्वदेशमै बस्नु जाती

४. सूचीबद्ध गरिएका शीर्षकमध्ये विद्यार्थीलाई शीर्षक छनोटका लागि छलफल गराउनुहोस् । विद्यार्थीको रूचि, स्थानीय परिवेश र विषयवस्तु सङ्कलनका लागि विद्यार्थीलाई सहज हुने शीर्षक छनोट गर्नुहोस् । केही शीर्षकमा विद्यार्थीलाई छलफल गराउनुहोस् । छलफल पश्चात् विद्यार्थीलाई आवश्यक बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले बुँदा टिपोट गर्दै गर्दा अवलोकन गरी शीर्षकसँग सम्बन्धित आवश्यक बुँदा भनिदिनुहोस् र आवश्यक सिकाइ गर्नुहोस् ।

५. भोलिपल्ट प्रतियोगितात्मक ढङ्गले वादविवाद कार्यक्रम सञ्चालनका लागि आवश्यक तयारी गर्नुहोस् । विद्यार्थीले रोजेअनुसारको शीर्षक छनोट गर्नुहोस् । विद्यार्थीलाई कार्यक्रमका लागि उद्घोषक, सभाध्यक्ष, निर्णायक मण्डलमा, समयपालकको भूमिका तथा जिम्मेवारी दिनुहोस् । विद्यार्थीलाई पक्ष र विपक्षमा समूहमा विभाजन गर्नुहोस् । प्रतियोगितामा सहभागी हुने विद्यार्थीको पक्ष र विपक्षको सूची तयार गर्नुहोस् । तोकिएको शीर्षकअनुसार कार्यक्रमका लागि आवश्यक तयारी गरेर आउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै शीर्षकमा आधारित भएर वादविवादका लागि समूहमा छलफल गरेर आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीको समूह कार्य अवलोकन गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीको अनुलेखन जाँची मूल्याङ्कन गर्नुहोस् ।

२. कुनै अनुच्छेद दिई अनुलेखन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वादविवाद कार्यक्रम आयोजना ) | • वादविवाद कार्यक्रम सञ्चालन गर्न<br>• विवादास्पद विषयको पक्ष र विपक्ष दुवैमा तर्क प्रस्तुत गर्न | • घडी, घण्टी, कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. वादविवाद कार्यक्रम सञ्चालनका लागि छलफल गरेर आवश्यक नियम निर्माण गरी सूचीबद्ध गर्न लगाउनुहोस् । आवश्यक परेमा सहयोग गरिदिनुहोस् ।

२. विद्यार्थीको भूमिका तोकिदिनुहोस् :

उद्घोषक - मिलन कार्की

सभापति - उदय मिजार

प्रमुख अतिथि - प्रधानाध्यापक

निर्णायक वर्ग - पवन मिजार, यमुना अधिकारी, दीपक तामाङ

कार्यक्रम व्यवस्थापक : सलिना थापा, बिमला श्रेष्ठ, मनिता पुन र समय पालक फुर्वा गुरुङ

३. जिम्मा दिइएको भूमिकाअनुसार विद्यार्थी स्वयम्लाई कार्यक्रम व्यवस्थापन गर्न लगाई वादविवाद सञ्चालन गर्न लगाउनुहोस् र विद्यार्थीलाई निम्नानुसार व्यवस्थापन गर्न निर्देशन दिनुहोस् । विद्यार्थीलाई पक्ष विपक्षमा विभाजन गर्न लगाउनुहोस् । देहायअनुसार सहभागी चयन गर्न लगाउनुहोस् ।

सहभागी चयनः

पक्ष १ .................. २ ..................

पक्ष १ .................. २ ..................

४. समय र नियम बनाउने, जस्तै :

- हरेक वक्ताले पाँच मिनेट समय पाउने छ ।
- पाँच मिनेटपछि सङ्केत घन्टी बज्ने छ । सङ्केत घन्टीपछि आफ्नो भनाइ टुङ्ग्याउनेतर्फ लाग्नुपर्ने छ ।
- अरूलाई व्यक्तिगत आक्षेप लगाउन पाइने छैन ।
- उद्घोषण गर्न, समय हेर्ने, घन्टी बजाउने कार्यको पनि विद्यार्थीलाई नै जिम्मेवारी दिनुहोस् ।
- साथै वादविवाद सञ्चालन गर्दा ध्यान दिनपुर्ने थप केही कुरा पनि स्पष्ट पारिदिनुहोस् ।

६. सबै विद्यार्थीलाई आआफ्नो भूमिका निर्वाह गरी वादविवाद कार्यक्रम सञ्चालन गर्न लगाउनुहोस् । कार्यक्रमका बिचमा पृष्ठपोषण दिनुहोस् ।

६. मुख्य अतिथि प्रधानध्यापकलाई कायक्रमको समीक्षा गर्न लगाई विद्यार्थीका कार्यलाई प्रेरणा प्रदान गर्नहोस् ।

(ग) **सबलीकरण क्रियाकलाप**

१. कार्यक्रममा सहभागिता जनाई विद्यार्थीले गरेका प्रस्तुति अवलोकन गरी आवश्यक सिकाइ गर्न पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. कार्यक्रम सम्पन्न भइसकेपछि नतिजा सुनाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • भूत, वर्तमान र भविष्यत् काल | • भूत, वर्तमान र भविष्यत् कालका वाक्य पहिचान र प्रयोग गर्न | • भूत, वर्तमान र भविष्यत् कालका वाक्यसूची, अनुच्छेद आदि |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. एकै प्रकृतिका तर क्रियापद मात्र भिन्न भएका भूत, वर्तमान र भविष्यत् काल जनाउने वाक्यका सूची फलाटिन पाटीमा टाँस्नुहोस् । जस्तै :

| | | |
|---|---|---|
| सुकरात बजार गयो । | सुकरात बजार जान्छ । | सुकरात बजार जाने छ । |
| पूर्णिमाले घाँस काटी । | पूर्णिमा घाँस काट्छे । | पूर्णिमाले घाँस काट्ने छे । |
| लाक्पाले प्रतियोगिता जित्यो । | लाक्पाले प्रतियोगिता जित्छ । | लाक्पाले प्रतियोगिता जित्ने छ । |

२. फरक फरक विद्यार्थीलाई फलाटिन पाटीमा टाँसेका उक्त वाक्य सबैले सुन्ने गरी वाचन गर्न लगाउनुहोस् । उक्त वाक्यमा प्रयोग भएका क्रियापद फरक फरक समूहमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका

क्रियापदमा के भिन्नता छ विद्यार्थीमा छलफल गराउनुहोस् । आवश्यकता अनुसार थप सिकाइ गरेर अवधारण स्पष्ट पार्नुहोस् ।

३. भूत, वर्तमान र भविष्यत् काल जनाउने क्रियापद प्रयोग भएका वाक्यहरू छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् ।

४. विद्यार्थीलाई शैक्षणिक पाटीमा लेखिएका वाक्य भूत, वर्तमान र भविष्यत जनाउने तीन समूहमा पहिचान गरी भिन्न भिन्न समूहमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका वाक्य प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले सही ढङ्गले टिपोट गर्न सके नसकेको विद्यार्थीलाई नै आपसमा छलफल गराउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

५. भूत, वर्तमान र भविष्यत् काल जनाउने क्रियापद प्रयोग गरिएका वाक्य भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई तालिका बनाई फरक फरक समूहमा वाक्यहरू टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका वाक्यहरू प्रस्तुत गर्न लगाई छलफल र आवश्यक सिकाइ गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई  तीन समूहमा विभाजन गर्नुहोस् । एउटा समूहले भूतकालका वाक्यभन्दा अर्को समूहलाई त्यही वाक्य वर्तमान कालमा परिवर्तन गरी भन्न लगाउनुहोस् । त्यसैगरी अर्को समूहलाई भविष्यत् कालमा परिवर्तन गरी भन्न लगाउनुहोस् । विद्यार्थीको सहभागितालाई अवलोकन गर्नुहोस्, आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी उत्प्रेरणा प्रदान गर्नुहोस् ।

२. विद्यार्थीलाई तीन समूहमा विभाजन गरी भूत, वर्तमान र भविष्यत् काल जनाउने क्रियापद प्रयोग गरिएका वाक्यहरू पहिचान गर्ने कार्यलाई प्रतियोगितात्मक ढङ्गले सञ्चालन गरी आवश्यक सिकाइ र सवलीकरण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. भाषिक संरचना र वर्णविन्यासको अभ्यासमा दिइएको प्रश्न १, २ र ३ गर्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • वर्णविन्यास पहिचान र प्रयोग (ऋ र रि )<br>• सुनाइ पाठ<br>• सिर्जना/परियोजना | • ऋ र रि प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>• सिर्जना /परियोजना गर्न | • शब्दपत्ती, वाक्यपत्ती, प्रश्नसूची, उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई तलका जस्तै रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) आमाको मामाको भान्जे ज्वाइँलाई तिम्रो के नाता पर्छ ? ( उत्तर : बुबा)

(ख) मभन्दा जोडिने ऊभन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न र सबै विद्यार्थीलाई सार्न लगाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक पाटीमा 'रि' र 'ऋ' को उपयुक्त प्रयोगगत त्रुटि भएका शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई 'रि' र 'ऋ' को उपयुक्त प्रयोग भएका शब्द छुट्टा छुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

५. शिक्षकले 'रि' र 'ऋ' को शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

६. शब्दपत्तीको प्रयोग गरेर 'रि' र 'ऋ' को उपयुक्त प्रयोग गरिने शब्दको अवधारणबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

७. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ सात सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ गराउनुहोस् ।

९. शिक्षकले सुनाइ बोलाइ सम्बन्धी अभ्यास २ का बोधप्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भन्न सके नसकेको पहिचान गरी सहजीकरण गर्नुहोस । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

१०. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न १ को वादविवाद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठबाट 'रि' र 'ऋ' को प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गराउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ गर्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सिर्जना /परियोजना ( वादविवाद लेखन र भूमिका निर्वाह र तर्क प्रस्तुति) | ● वादविवाद लेख्न<br>● भूमिका निर्वाह गरी तर्क प्रस्तुत गर्न | ● वादविवादको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले वादविवाद रचनाका केही बुँदा प्रस्तुत गरी वादविवादको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई वादविवाद पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. अगिल्लो दिन सिर्जना परियोजना १ को वादविवाद रचना गर्न दिइएको अभ्यास केही विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेको वादविवाद सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

३. कक्षामा सिर्जाना परियोजनाको २ ले निर्देश गरे अनुसार कार्यक्रम आयोजनाका लागि विद्यार्थीलाई तयारी गर्न निर्देश गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गरी देशका विभिन्न नेताले समसामयिक विषयमा गरेको तर्क वितर्कको भिडियो सामग्री प्रस्तुत गर्नुहोस् । त्यस पश्चात् विद्यार्थीलाई कुनै समसामयिक विषयवस्तुमा पक्ष

विपक्षमा तर्क प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले भूमिका निर्वाह गरी गरेको तर्क वितर्क अवलोकन गरी उनीहरूको सहभागिताको अवलोकन र तर्क प्रस्तुतिका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी देशका विभिन्न नेताले समसामयिक विषयमा गरेको तर्क वितर्कको भिडियो सामग्री प्रस्तुत गर्नुहोस् । त्यस पश्चात् विद्यार्थीलाई कुनै समसामयिक विषयवस्तुमा पक्ष विपक्षमा तर्क प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले भूमिका निर्वाह गरी गरेको तर्क वितर्क अवलोकन गरी उनीहरूको सहभागिताको अवलोकान र तर्क प्रस्तुतिका लागि आवश्यक सहजीकरण गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सिर्जना परियोजना अभ्यास १ मा लेखेका वादविवादको मूल्याङ्कन गर्नुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ८**
**शीर्षक : मेरा रहर**
**विधा : निबन्ध**
**कार्यघण्टा : १०**

'मेरा रहर' निबन्ध हो । निबन्ध शिक्षणको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो । तसर्थ निबन्ध शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा भाषा शैली पहिचान, अन्य भाषाबाट आएका शब्द पहिचान तथा कथन, भाव सचेततासहित छलफल र प्रश्नोत्तर, विषयवस्तुमा आधारित अन्तरक्रिया, विषयक्षेत्रमा आधारित ज्ञान, स्मरण र अनुभवको वर्णन, अनुमान, कल्पना वा सिर्जना जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । मौन पठन र छलफल, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तु बोध तथा प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, प्रश्न निर्माण, अनुलेखन तथा श्रुतिलेखन, बुँदा टिपोट, अनुच्छेद पूरण वा अनुच्छेद लेखन, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत अपूर्ण पक्षको पहिचान र प्रयोग, समस्त शब्दको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दमा छ/क्ष को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा इच्छा अनिच्छासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा निबन्ध तथा अनुच्छेद लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ८ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुति वर्णन<br>• सस्वर वाचन र शुद्धोच्चारण (अनुच्छेद १)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न<br>• अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र<br>• शब्दार्थ पत्ती<br>• वाक्यपत्ती<br>प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२.उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका भान्से, शिक्षक, सिपाही, नर्स, स्वयंसेवक, सङ्गीतकार, डाक्टर आदिको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. शिक्षकले विभिन्न पेसाका बारेमा समूहगत रूपमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

| उदाहरण : पाइलट, साहित्यकार, कृषक, खेलाडी |
|---|

५. विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएकामध्ये तपाईँले कुन कुन पेसाका मानिस देख्नुभएको छ, भनेर प्रश्न गर्नुहोस् र नाम बताउन लगाउनुहोस् ।

६. विभिन्न पेसाका सन्दर्भमा समूह समूहमा छलफल गर्न लगाई पालैपालो सुनाउन लगाउनुहोस् । यस क्रममा अन्य समूहलाई थप जानकारी भएमा विषयवस्तु थप गर्ने अवसर प्रदान गर्नुहोस् ।

७. प्रत्येक समूहको प्रस्तुति पश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सहभागी गराउने क्रममा फरक भाषा र फरक सिकाइ क्षमता आदिका आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. शिक्षकले पाठको अनुच्छेद १ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

११. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

१२. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

१३. अनुच्छेद १ र २ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१४. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

१५. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१६. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

१७. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) लेखकलाई किन कवि बन्न मन लाग्छ ?
(ख) लेखकलाई के गरेर चेतना बाँडूँ जस्तो लाग्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई विभिन्न पेसाका विषयमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(घ) **मूल्याङ्कन**

१. विद्यार्थीलाई विभिन्न पेसासँग सम्बन्धित चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

राजनीतिज्ञ, शिक्षक, किसान, जवाफ

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) तपाइँ भविष्यमा के बन्नुहुन्छ ?
(ख) चित्र बनाउने मानिसलाई के भनिन्छ ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद २-३)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गरी मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद २ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो उक्त अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद २ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै : **चेतना, उत्साह, रङ्गशाला**

७. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) लेखकलाई किन कवि बन्न मन लाग्छ ?
(ख) लेखकलाई के गरेर चेतना बाँडूँ जस्तो लाग्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न पेसाका विषयमा समूहमा थप छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्वास्थ्यकर्मी, चेतना, रङ्गशाला, खेलाडी

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) लेखकलाई के गरेर उत्साह थपूँ जस्तो लाग्छ ?

(ख) कसले नयाँ कुराको निर्माण गर्छन् ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ४ -५ )<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ४ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद ४ र ५ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) हाम्रो देश केले रङ्गिएको छ ?

(ख) कस्तो व्यक्तिलाई असल व्यक्ति भनिन्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निबन्धबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(घ) **मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

रहर, अन्धविश्वास, मूल, सुशासन, गाथा

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) सुशासनको लागि कसको भूमिका रहन्छ ?

(ख) हाम्रो इतिहासभरि केको गाथा पाइन्छ ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>( पारिभाषिक शब्दको पहिचान र प्रयोग ) | • शब्दको अर्थबोध गर्न<br>• पारिभाषिक/प्राविधिक शब्दको पहिचान र प्रयोग गर्न<br>• पारिभाषिक शब्द राखी वाक्य पूरा गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी  अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाएको पढ्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थीले समूह कार्य गरिसकेपछि प्रत्येक समूहलाई पालैपालो एकअर्काबिच पारिभाषिक शब्दका अर्थ सोध्न लगाउनुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । उत्कृष्ट समूहलाई हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा मिल्ने पारिभाषिक शब्द राखी वाक्य पूरा गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा पारिभाषिक शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

९. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा पारिभाषिक शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**जस्तै : दूरसञ्चार : दूरसञ्चार**को सुविधाले गर्दा विश्व नै एउटा गाउँ जस्तो भएको छ ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ का पारिभाषिक शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ३ को जस्तै पारिभाषिक शब्द खोजेर अर्थ लेख्ने थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई निम्नलिखित पारिभाषिक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आशुकवि, निक्षेप, कुपोषण, जमानत

२. विद्यार्थीलाई पारिभाषिक शब्द दिई अर्थ सोध्नुहोस् :

प्रश्नावली, सम्पादक, ऐलानी, निक्षेप

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • द्रुतपठन<br>• अनुलेखन<br>• ठिक बेठिक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको द्रुतपठन गर्न<br>• शुद्धसँग उच्चारण गरी अनुलेखन गर्न | • शब्दपत्ती<br>• ठिक बेठिकको नमुना<br>• सङ्क्षिप्त उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

विद्यार्थीलाई समूहमा विभाजन गरी पाठको पहिलो र दोस्रो अनुच्छेद द्रुतपठन गर्न निर्देशन दिनुहोस् । एउटा समूहलाई समय हेर्न लगाउनुहोस् र अर्को समूहलाई पढ्न लगाउनुहोस् । पढाइ सही भए नभएको साथी समूहलाई सुन्न लगाउनुहोस् । निर्धारित समयमा पढ्ने समूहलाई हौसला प्रदान गर्नुहोस् ।

१. विद्यार्थी समूहलाई पालैपालो निर्दिष्ट शब्द शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना शब्द पत्ती प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास २ का आधारमा अनुलेखन अभ्यास गराउनुहोस् ।

२. अनुलेखन पश्चात् किताब हेरेर आफैँ कापी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थी समूहलाई पाठको अभ्यास ३ बाट ठिक बेठिक छुट्याउने अभ्यास गर्न सिकाउनुहोस् ।

४. विद्यार्थी समूहलाई पाठको अभ्यास ३ बाट ठिक बेठिक छुट्याउने अभ्यास गर्न निर्देशन दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अभ्यास ४ का आधारमा उत्तर छान्ने अभ्यास गराउनुहोस् । शिक्षकले आफूले तयार पारेर ल्याएका सामग्री प्रदर्शन गरी विद्यार्थीलाई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नहरूको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीहरूमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

५. विद्यार्थीले लेखेका उत्तरलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको पहिलो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् । अनुलेखन पश्चात् केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब - व - ओ, श - ष - स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ५ का आधारमा छोटो उत्तर लेख्न लगाई साथी साथीबिच छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठको दोस्रो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ५ का आधारमा छोटो उत्तर लेख्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• बुँदा टिपोट<br>• प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (इच्छा/अनिच्छा) | • निर्धारित अनुच्छेद मौन पठन गर्न र बुँदा टिपोट गर्न<br>• निर्धारित अनुच्छेदबाट प्रश्ननिर्माण गर्न<br>• कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई आफ्नो विचार प्रस्तुत गर्न | • प्रश्नपत्ती<br>• विचार प्रस्तुतिसँग सम्बन्धित अडियो/भिडियो |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट मौन पठनका लागि अभ्यास ६ को अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारीका सम्बन्धमा सोधपुछ गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा विद्यार्थीलाई जानकारी गराउनुहोस् :

**बुँदा लेखन तथा बुँदा टिपोट**

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

**बुँदा टिपोटका चरण :**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुरा** :

(क) बुँदाटिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुई तीन पटक पढ्नुपर्छ ।

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक कुरालाई रेखाङ्कन गर्नुपर्छ ।

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्नुपर्छ ।

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एकपटक पढेर आवश्यकता अनुसार बुँदा संशोधन र परिमार्जन गर्नुपर्छ ।

(ङ) तोकिएको सङ्ख्यामा मुख्य कुरा समेटिने गरी साफी लेखन गर्नुपर्छ ।

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्यका रूपमा राख्नुपर्छ ।

(छ) टिपोट गरिएका बुँदाका आधारमा उपयुक्त शीर्षक चयन गरेर शीर्ष भागमा राख्नु पर्छ र त्यसलाई रेखाङ्कन गर्नुपर्छ ।

(ज) भाषिक शुद्धताको परीक्षण गरी सच्याउनुपर्छ ।

(झ) विषयको प्रकृति अनुसार क्रम मिलाउँदै बुँदा टिपोट गर्नुपर्छ ।

२. उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. पाठको अभ्यासमा दिइएको अनुच्छेदलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

४ विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद प्रदर्शन गराई प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस्

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

६. विद्यार्थीले बनाएका प्रश्न कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

७. विद्यार्थीले बनाएका प्रश्नको उत्तर आफैँ खोज्न निर्देशन दिनुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले तयार पारेका उत्तरलाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

८. विद्यार्थीसँग इच्छा/अनिच्छा सम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् ।

९. विद्यार्थीलाई विभिन्न व्यक्तिका बारेमा विभिन्न श्रव्यदृश्य सामग्री वा मुद्रित सामग्री अध्ययन गर्न निर्देश गर्नुहोस् र उनीहरूका इच्छा वा रहर टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

१०. घरपरिवारका सदस्यसँग आआफ्ना इच्छा वा रहरका बारेमा छलफल गर्न लगाउनुहोस् । भिन्न भिन्न इच्छा वा रहरको सूची बनाई कक्षामा प्रस्तुत गर्न निर्देश गर्नुहोस् विद्यार्थीलाई आफूले तयार पारेका विषयवस्तुलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठको तेस्रो अनुच्छेदबाट पाँचओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई आफूले तयार पारेका विषयवस्तुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

विद्यार्थीलाई पाठको चौथो अनुच्छेदबाट पाँचओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समस्त शब्द<br>• अपूर्ण पक्ष | • समस्त शब्दको पहिचान र प्रयोग गर्न<br>• अपूर्ण पक्षको पहिचान र प्रयोग गर्न | • समस्त शब्दको तालिका र उदाहरण<br>• अपूर्ण पक्षको तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र समस्त शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई माथिको अनुच्छेदबाट समस्त शब्द टिप्न सिकाउनुहोस् ।

३. विद्यार्थीलाई माथिको अनुच्छेदबाट समस्त शब्द र तिनको बनोट प्रक्रिया टिप्न निर्देशन दिनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीहरूले टिपेका समस्त शब्दका बनोट प्रक्रिया शिक्षकले तालिका र उदाहरणमार्फत् प्रदर्शन गरी देखाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई मेरा रहर निबन्धबाट दशओटा समस्त शब्द टिप्न सिकाउनुहोस् ।

६. विद्यार्थीलाई अभ्यास २ का आधारमा मेरा रहर निबन्धबाट दशओटा समस्त शब्दपहिचान गरी लेख्न निर्देश गर्नुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई अभ्यास ३ को तालिकामा भएका वाक्य पढ्न लगाउनुहोस् र क्रियामा गोलो घेरा लगाउन निर्देश गर्नुहोस् । शिक्षकले तालिकामार्फत् क्रियाको उदाहरण देखाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

८. अभ्यास ३ को तालिकाका क्रियापदले कुनै काम भइरहेको बुझाएकाले यी क्रियापद अपूर्ण पक्षका हुन् भन्ने कुरा जानकारी गराउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १ को आधारमा थप अभ्यास गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठबाट अपूर्ण पक्षका क्रियापद पहिचान गरी लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई मेरा रहर निबन्धबाट समस्त शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अपूर्ण पक्ष<br>• वर्णविन्यास (छ/क्ष) | • अपूर्ण पक्षको पहिचान र प्रयोग गर्न<br>• वर्णविन्यास (छ/क्ष) पहिचान र प्रयोग गर्न | • अपूर्ण पक्षको तालिका र उदाहरण<br>• शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ३ को तालिकामा भएका क्रियापदलाई कालका आधारमा अभ्यास ४ को तालिकामा भर्न सिकाउनुहोस् ।

२. विद्यार्थीलाई तालिकामा भएका क्रियापदलाई अभ्यास ४ को तालिकामा मिल्ने गरी भर्न निर्देशन दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई अभ्यास ५ को आधारमा दिइएको निर्देशन अनुसार वाक्य पूरा गर्न सिकाउनुहोस् ।

४. विद्यार्थीलाई अभ्यास ५ को आधारमा निर्देशन अनुसार वाक्य पूरा गर्न लगाउनुहोस् । शिक्षकले तालिका र उदाहरण प्रयोग गरी विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अभ्यास ६ को अनुच्छेद मनमनै पढी क्ष, छ, छे, छ्य लागेका शब्द टिप्न निर्देशन दिनुहोस् । शिक्षकले 'छ' र 'क्ष' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर 'छ' र 'क्ष' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

६. शिक्षकले 'छ' र 'क्ष' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई सबैले सुन्नेगरी पढ्न र सबै विद्यार्थीलाई सार्न लगाउनुहोस् ।

७. शिक्षकले शैक्षणिक पाटीमा 'छ' र 'क्ष' का उपयुक्त प्रयोगगत त्रुटि भएका शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

८. शिक्षकले 'छ' र 'क्ष' को उपयुक्त प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई 'छ' र 'क्ष' को उपयुक्त प्रयोग भएका शब्द छुट्टा छुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

९. शिक्षकले 'छ' र 'क्ष' को शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

१०. शब्दपत्तीको प्रयोग गरेर 'छ' र 'क्ष'को उपयुक्त प्रयोग गरिने शब्दको अवधारणबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ५ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई कुनै एक अनुच्छेद दिई त्यसबाट छ' र 'क्ष' को प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. अभ्यास ५ र ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● सुनाइ पाठ ८ (छलफल, प्रश्नोत्तर र प्रस्तुति) | ● विषयवस्तुको सुनाइ र बोध गर्न<br>● विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>● सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न | ● सुनाइ पाठ ८ को अडियो सामग्री, प्रश्न पत्ती, छलफलका लागि बुँदा |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टमा रहेको सुनाइ पाठ ८ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

४. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् ।

५. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

८. विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको एकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. विद्यार्थीलाई समूहमा विभाजन गरी ब्रम्ह दहमा निलो, पासा दहमा कालो र टोटी दहमा रातो दृश्य किन देखिएको होला भनी अनुमान गर्न लगाउनुहोस् । विद्यार्थीले अनुमान गरेका कुरालाई पालैपालो प्रस्तुतिको अवसर दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको मेरो जीवनको लक्ष्य शीर्षकमा निबन्ध लेखेर ल्याउन लगाउनुहोस् ।

११. विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई आफ्नो गाउँ वा टोलमा विभिन्न पेसा वा व्यवसाय गर्ने मानिसमध्ये कुनै तीन जना फरक फरक पेसा वा व्यवसाय भएका मानिसलाई भेटेर सिर्जना/परियोजना खण्डको अभ्यास २ मा भएका प्रश्न सोधी प्रत्येकका बारेमा एक एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ जस्तै प्रश्न तयार पारी समूह कार्य गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सुनाइ पाठ ८ मा केको वर्णन गरिएको छ ?

२. ब्रम्ह दहमा निलो, पासा दहमा कालो र टोटी दहमा रातो दृश्य किन देखिएको होला ?

३. सिद्ध टोपीमा कुन कुन ताल रहेका छन् ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना/परियोजना कार्य (निबन्ध लेखन/अनुच्छेद लेखन) | • मेरो जीवनको लक्ष्य शीर्षकमा निबन्ध रचना गर्न<br>• पेसा वा व्यवसायका बारेमा अनुच्छेद रचना गर्न | • निबन्धका शीर्षकपत्ती<br>• विभिन्न पेशा वा व्यवसायसँग सम्बन्धित चित्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका प्रस्तुति सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा निबन्ध रचना गर्ने तरिका सिकाउनुहोस् ।

यस क्रममा विद्यार्थीलाई निबन्धको संरचना र ढाँचाको बारेमा छलफल गराउनुहोस् र निम्नलिखित कुराको जानकारी दिनुहोस् ।

**निबन्धको संरचना र ढाँचा**

**क. आदि भाग** : निबन्धको सुरुको भागलाई आदि भाग भनिन्छ । यो सम्बन्धित विषय वा शीर्षकको परिचयात्मक खण्ड हो ।

**ख. मध्य भाग :** निबन्धको मूल भागलाई मध्य भाग भनिन्छ । यसमा सम्बन्धित विषय वा शीर्षकको विश्लेषण गरिन्छ ।

**ग. अन्त्य भाग :** यो निबन्धको उपसंहार भाग हो । यसमा निष्कर्ष प्रस्तुत गरिन्छ ।

**नमुना निबन्ध**

**मेरो जीवनको लक्ष्य**

हरेक मानिसले जीवनमा केही न केही लक्ष्य लिएर अगि बढिरहेको हुन्छ । त्यो लक्ष्य पूरा गर्नका लागि मानिसले धेरै मिहिनेत गरेको हुन्छ । धेरै मानिस लक्ष्यलाई पूरा गरेर आफ्नो नाम उच्च राख्न सफल भएका छन् । म छ कक्षामा पढ्ने विद्यार्थी हुँ । मैले पनि जीवनमा लक्ष्य बोकेर अगि बढिरहेको छु । भविष्यमा डाक्टर बन्ने मेरो लक्ष्य छ ।

हाल मैले मेरो पढाइलाई निरन्तरता दिइरहेको छु । म भविष्यमा उच्च शिक्षा पढेर डाक्टर बन्न चाहन्छु । गरिब, दीनदुःखी र असहायहरूलाई सहयोग गर्न चाहन्छु । गाउँमा मेरी आमा र आमा जस्ता दिदीबहिनी घाँस दाउरा गर्न जङ्गल जाँदा हात काटेर रगताम्य हुँदा पनि औषधी लगाउन नपाएकालाई औषधी दिने मन छ । बच्चा जन्माउने वेला कष्ट सहेर बसेका आमालाई अस्पताल लगेर उपचार गराउने मन छ । गाउँमा बिरामी हुँदा धामी झाँक्रीकामा लैजाने चलन छ जसले गर्दा धेरै मानिसको ज्यान गएको छ । त्यस्तो कुप्रथालाई हटाउन एउटा सानो अस्पताल बनाउने र बिरामीको अकालमा हुने मृत्युबाट जोगाउने मन छ । मैले रोज्ने पेसा सेवामूलक भएकाले मलाई डाक्टर भएर सहरमा मात्र बस्ने र कमाउनेभन्दा पनि गाउँमा बसेर बिरामीको सेवा गर्ने तीव्र इच्छा छ ।

म मेरो डाक्टर बन्ने लक्ष्य पूरा गर्न सधैँ प्रयत्न गरिरहने छु । त्यसका लागि मैले अहिलेदेखि नै मिहिनेत गरिरहेको छु । भित्री मनदेखि चाहेको कुरा अवश्य पूरा हुन्छ त्यसैले पनि म आफ्नो लक्ष्यमा पुगेरै छोड्ने कुरामा विश्वस्त छु ।

२. शिक्षकले तयार पारेर ल्याएको निर्देशित निबन्ध रचना प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा निबन्ध लेखनका बारेमा छलफल गराउनुहोस् ।

४. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा निबन्ध रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको निबन्ध रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहले आफ्नो गाउँ वा टोलमा विभिन्न पेसा वा व्यवसाय गर्ने मानिसमध्ये कुनै तीन जना फरक फरक पेसा वा व्यवसाय भएका मानिसलाई भेटेर सिर्जना/परियोजना खण्डको अभ्यास २ मा भएका प्रश्न सोधी तयार ल्याएको अनुच्छेद कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तलकामध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

**(क) मलाई मन खेल** **(ख) अनुशासन**

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका निबन्धलाई मूल्याङ्कन गर्नुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ९**
**शीर्षक : जाग जाग**
**विधा : कविता**
**कार्यघण्टा : १०**

'जाग जाग' सामाजिक कविता हो । कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा विषयवस्तुमा आधारित छलफल, लय पहिचान, पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया, निर्धारित विषय वा सन्दर्भमा आधारित भाव वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध, भाव बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत अनुलेखन र श्रुति लेखन, गद्य रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भाव विस्तारलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ। यो पाठमा शब्दभण्डारअन्तर्गत लयात्मक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ। भाषिक संरचनाअन्तर्गत पूर्ण पक्षको पहिचान र प्रयोग, द्वित्व भएका शब्द पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ। वर्णविन्यासअन्तर्गत श/ष/स को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ। यो पाठमा स्नेह र प्रशंसासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ। सिर्जना/परियोजना खण्डअन्तर्गत कविता सिर्जना तथा समाज र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिको परिचय गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ९ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• कविताको लयबद्ध पठन (श्लोक १-३)<br>• कविताको संरचना पहिचान<br>• शब्दभण्डार | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• कविताका निर्दिष्ट श्लोक लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्वपठन खण्डका चित्र<br>• श्लोकपत्ती<br>• कविता वाचनको नमुना<br>• कविताको संरचनाको नमुना<br>• शब्दार्थपत्ती |

| | | |
|---|---|---|
| (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर | | ● वाक्यपत्ती<br>● प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्ग प्रस्तुत गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका कृषि, व्यापार, प्रविधि, बैङ्क तथा वित्तीय संस्था, व्यवसाय र कलकारखाना आदिको चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप लगाई थप छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

विद्यार्थीलाई पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले पाठ्य कविताको श्लोक १ देखि ३ सम्म स्वागता छन्दको नियमअनुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । स्वागता छन्दको प्रत्येक पाउमा सातौँ अक्षरमा अर्धविश्राम र चारौँ अक्षरमा पूर्ण विश्राम गरी वाचन गर्न सकिने कुरा ख्याल गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविता वाचनको नमुना मोबाइलमा रेकर्ड गरेर वा सामाजिक सञ्जालबाट डाउनलोड गरेर पनि सुनाउन वा देखाउन सक्नुहुने छ ।

६. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः वल्लो समूह र पल्लो समूह, बेन्च बेन्चको समूह, युगल र एकल गरी कविता वाचन अभ्यास गराउनुहोस् । यस क्रममा स्वयम् शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने र विद्यार्थी आफैँले गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

७. कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा याद गर्नुहोस् ।

८. कविताको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा सातौँ अक्षरमा अर्धविश्राम र चारौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

९. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

१०. विद्यार्थीलाई कवितामा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

११. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

१२. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) अब हामी किन जाग्नुपर्छ ?

(ख) अब केको थैलो फाल्नुपर्छ ?

(ग) को को जागे ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्वपठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई कविताका श्लोक वाचन र संरचना पहिचान सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई देश विकासमा एकजुट भएर लागेका चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

जाग, नीद, थैलो, मैलो, उन्नतिविषे

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) अब हामीले के त्याग्नुपर्छ ?

(ख) कविले उठ जाग भनेर कसलाई भनेका हुन् ?

(ग) मनको मैलो किन धुनुपर्छ ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयवद्ध पठन (श्लोक ४-६)<br>• संरचना पहिचान (पुनरावृत्ति)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • कवितालाई लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो/भिडियो<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक, चुट्किला वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविताको (श्लोक ४, ५ र ६) गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा शिक्षकले क्रमिक सिकाइ रणनीतिलाई उपयोग गर्नुहोस् ।

२. शिक्षकले पाठ्य कविताको श्लोक ४ देखि ६ सम्म स्वागता छन्दको नियमानुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । अगिल्लो कक्षामा सिकेको स्वागता छन्दको प्रत्येक पाउको सातौँ अक्षरमा अर्धविश्राम र चारौँ अक्षरमा पूर्ण विश्राम गरी वाचन गरिने तरिका पुनरावृत्ति गराउनुहोस् ।

३. शिक्षकले पाठ्य कविता वाचनको नमुना मोबाइलमा रेकर्ड गरेर वा सामाजिक सञ्जालबाट डाउनलोड गरेर पनि सुनाउन वा देखाउन सक्नुहुने छ ।

४. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने र विद्यार्थी स्वयम्ले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

५. विद्यार्थीलाई कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्न सिकाउनुहोस् । अक्षर गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा सिकाउनुहोस् । यस क्रममा पाठ्य कविताभन्दा बाहेकका स्वागता छन्दका श्लोकलाई समेत प्रयोग गर्न सक्नुहुने छ ।

६. स्वागता छन्दको कविताको थप सामग्रीको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा सातौँ अक्षरमा अर्धविश्राम र चारौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचन गराउनुहोस् ।

७. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी पाठ्य कविता संरचना/स्वागता छन्दको संरचनाबारे स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीलाई पाठ्य कविताका आधारमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

९. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

१०. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास १ मा रहेका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

११. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अध्यास गराउनुहोस् । जस्तै :

(क) हामी सबै केमा लाग्नुपर्छ ?

(ख) अब हामी कसका दाँजामा लाग्नुपर्छ ?

(ग) अब हामीले के खोल्नुपर्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कविताबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दाँजा, काल, नयन, ताजा, खोल, अति

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) दाजुभाइ किन उठ्नु र जाग्नुपर्छ ?

(ख) हामीले के फाल्नुहुँदैन ?

(ग) नयन र काल शब्दको अर्थ के हो ?

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • शब्दभण्डार (पर्यायवाची, अनेकार्थी, लयात्मक शब्द)<br>• कविताको लयबद्ध पठन (पुनरावृत्ति)<br>• शुद्धोच्चारण र अनुलेखन | • पर्यायवाची शब्द पहिचान गर्न<br>• पर्यायवाची शब्दको प्रयोग गरी बोल्न र लेख्न<br>• अनेकार्थी शब्दको पहिचान र प्रयोग गर्न<br>• लयात्मक शब्द पहिचान गरी लेख्न<br>• कवितालाई लयवद्ध वाचन गर्न<br>• नवीन शब्दको शुद्धोच्चारण गर्न र अनुलेखन | • शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् । **जस्तै : गुनिलो फल फल्ने रुखको कल्याङ्कुलुङ् पात, न दुनो बन्ने न टपरी बन्ने के हो त्यसको जात ? उत्तर : अमला**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्थाअनुसार समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास २ मा भएका शब्दको शब्दपत्तीको नमुना प्रदर्शन गरी पाठबाट उस्तै अर्थ दिने शब्द पहिचान गर्न सिकाउनुहोस् । जस्तै : **धेरै = अति, विकास = उन्नति**

३. विद्यार्थी समूहलाई अभ्यास २ मा दिइएका उस्तै अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अभ्यास ३ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी एकभन्दा बढी अर्थ दिने शब्दको अर्थ लेख्न सिकाउनुहोस् । जस्तै : **काल : समय, मृत्यु, हार - पराजय, माला**

६. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा एकभन्दा बढी अर्थ दिने शब्दको अर्थ लेख्न र भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. यस क्रममा शिक्षकले पर्यायवाची र अनेकार्थी शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सक्नुहुने छ ।

९. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा पाठमा प्रयोग भएका लयात्मक शब्दको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् र पाठबाट लयात्मक शब्द खोजेर लेख्न निर्देशन दिनुहोस् ।

१२. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा विद्यार्थीलाई पालैपालो पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले कविता वाचन गर्न असमर्थ भएमा कविता वाचन गर्न सिपालु विद्यार्थीलाई नमुना वाचन गराउनुहोस् ।

१४. कविताका प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा सातौँ अक्षरमा अर्धविश्राम र चारौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

१५. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

१६. बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा विद्यार्थीलाई पालैपालो दिइएका शब्द शुद्धोच्चारण गर्न लगाउनुहोस् र राम्रा अक्षरमा बान्की मिलाएर अनुलेखन गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास २ को जस्तै उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्ने थप अभ्यास गराउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ को जस्तै लयात्मक शब्द पाठबाट खोजेर लेख्ने थप अभ्यास गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| घोर | राष्ट्र |
| निद | उन्नति |
| देश | आँखा |
| विकास | देशबन्धु |
| नयन | प्रकाश |

दाजुभाइ			निद्रा

धेरै

२. विद्यार्थीलाई अभ्यास ३ का आधारमा पाठबाट एकभन्दा बढी अर्थ दिने शब्द खोजेर लेख्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविता पुरण<br>• बोध प्रश्नोत्तर<br>• कविताका पङ्क्तिको गद्य रूपान्तरण | • खाली ठाउँमा शब्द भरी कविता पुनर्लेखन गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• कविताका प्रत्येक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न | • श्लोकपत्ती<br>• शब्दपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । जस्तै : **पान सयमा किनेर तीन सयमा बेच्दा कति नाफा हुन्छ ? उत्तर : दुई सय** । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् र बोध र अभिव्यक्तिको अभ्यास २ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस् । जस्तै :

देशबन्धुहरू हो **उठ** जाग ।
लाग **उन्नतिविषे** अब लाग ॥
धोऊ धोऊ **मनको** अब **मैलो** ।
**फालिदेऊ** डरको **अब** थैलो ॥

२. शिक्षकले कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा एक वाक्यमा उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीलाई पाठका आधारमा मूल उत्तर पहिचान गर्न लगाई प्रश्नको संरचनताअनुसार वाक्यात्मक उत्तर दिन सिकाउनुहोस् । जस्तै :

**(क) 'जाग जाग' कविताका रचयिता को हुन् ?**
उत्तर : 'जाग जाग' कविताका रचयिता धरणीधर कोइराला हुन् ।
**(ख) कविले के के धुने र फाल्ने सन्देश दिएका छन् ?**
उत्तर : कविले मनको मैलो धुने र डरको थैलो फाल्ने सन्देश दिएका छन् ।
४. शिक्षकले पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तरका थप अभ्यास गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न सिकाउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् । कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरकका बारेमा छलफल गराउनुहोस् । जस्तै :

**कवितात्मक वाक्य :** धोऊ धोऊ मनको अब मैलो ।
**सामान्य वाक्य : अब मनको मैलो धोऊ ।**

६. अभ्यास ४ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

७. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहका कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. कविताको पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न पाठ्य कविताबाट थप अभ्यास गराउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएका प्रश्नको उत्तर भन्न र लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. कविताको पाँचौँ श्लोकबाट केही शब्द झिकी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

२. कविताको तेस्रो श्लोकका सबै पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • कविताका प्रत्येक श्लोकको भावार्थ<br>• लामो उत्तर लेखन | • कविताका प्रत्येक श्लोकको भावार्थ भन्न तथा लेख्न<br>• पाठ्य कविताका आधारमा लामो उत्तरात्मक प्रश्नको उत्तर लेख्न | • श्लोकपत्ती<br>• भावार्थको नमुना<br>• लामो उत्तरको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र कविताको पहिलो श्लोकको आशय वा भावका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । शिक्षकले आवश्कतानुसार सहजीकरण गर्नुहोस् ।

२. कविताको कुनै श्लोकलाई नमुना मानी भावार्थ बुझाउन कविताको श्लोक र भावार्थको बुँदा प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

जस्तै :

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
घोर नीद अब ता परित्याग ।
भो भयो अति सुत्यौ अब जाग ॥

**भावार्थ बुँदा**

- देश विकासका लागि अब सबै नेपाली जाग्नुपर्ने
- देशलाई समृद्ध बनाउन सम्पूर्ण नेपाली लाग्ने वेला भएको
- गहिरो निद्रालाई अब त्याग्नुपर्ने वेला भएको
- सुत्ने वेला सकिएकाले अब उठेर देश निर्माणमा अग्रसर हुनुपर्ने ।

३. विद्यार्थीलाई कविताको श्लोक र भावार्थ बुँदा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र बुँदाका आधारमा भावार्थ भन्न सिकाउनुहोस् । यस क्रममा श्लोकमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

४. पाठ्य कविताको दोस्रो श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. पाठ्य कविताको कुनै श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा लामो उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

१०. लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

११. विद्यार्थीलाई अभ्यास ६ का आधारमा लामो उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठ्य कविताका फरक फरक श्लोक प्रदर्शन गरी भावार्थ लेख्न लगाउनुहोस् ।

२. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी भावार्थको बुँदा सुनाउन लगाउनुहोस् ।

३. पाठ्य कवितको कुनै श्लोकसम्बन्धी बुँदालाई जोडेर भावार्थ लेख्न सिकाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. दिइएको श्लोकको भावार्थ लेख्नुहोस् :**

देशबन्धुहरू हो उठ जाग ।

लाग उन्नतिविषे अब लाग ॥

धोऊ धोऊ मनको अब मैलो ।

फालिदेऊ डरको अब थैलो ॥

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • व्याख्या<br>• कविताका निर्दिष्ट श्लोकको भाव लेखन | • कविताका निर्दिष्ट श्लोकको व्याख्या गर्न<br>• कविताका निर्दिष्ट श्लोकको भाव लेख्न | • व्याख्याको नमुना<br>• श्लोकपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्लो दिन सिकेको पाठ्य कविताको भावार्थका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । भावार्थ लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने कुरा बताउनुहोस् ।

२. पाठ्य कविताको कुनै श्लोकसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोक पहिचान गर्न सिकाउनुहोस् । त्यसपछि यस्तै किसिमका अभ्यास गराई व्याख्या लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा व्याख्याको नमुना प्रस्तुत गर्नुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् ।

**व्याख्याको नमुना**

**(क) देशबन्धुहरू हो उठ जाग ।**
**लाग उन्नतिविषे अब लाग ॥**

**उत्तर : माथिका सुन्दर पङ्क्ति कवि धरणीधर कोइराला (वि.सं. १९४९-२०३६) द्वारा रचित 'जाग जाग' शीर्षकको कविताबाट साभार गरिएका हुन् । प्रस्तुत कवितांशमा कविले सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीलाई देशको उन्नतिका लागि उठ्न र जाग्न आग्रह गरेका छन् । अब सुतेर बस्ने होइन, देश विकासका लागि उठ्नुपर्छ । निद्रा परित्याग गरेर सबै नेपाली जुट्नुपर्छ । देशको उन्नति प्रगति गर्नेतर्फ अग्रसर हुनुपर्छ । हामी अहिलेसम्म धेरै सुत्यौँ । अब हामीले अरू देशलाई हेरेर अगि बढ्नुपर्छ । अब हामी सबैले आफ्नो मनमा भएको रिसरागलाई त्यागेर राष्ट्रनिर्माणमा लाग्नुपर्छ भनेर कविले आग्रह गरेका छन् । यसप्रकार माथिका पङ्क्तिमा कवि धरणीधर कोइरालाले सम्पूर्ण देशबन्धु नेपालीलाई उठ्न, जाग्न र देशको उन्नतिमा लाग्न आग्रह गरेका छन् ।**

४. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा व्याख्या गर्न लगाउनुहोस् र पालैपालो प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ मा भएको अनुच्छेद प्रदर्शन गर्नुहोस् र 'जाग जाग' कविताको चौथो श्लोक पढेर मिल्ने विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६ विद्यार्थीलाई 'जाग जाग' कविताको पाँचौँ श्लोकको भाव अनुच्छेदमा लेख्न सिकाउनुहोस् ।

७. विद्यार्थी समूहलाई 'जाग जाग' कविताको पाँचौँ श्लोकको भाव एक अनुच्छेदमा लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थी समूहलाई उनीहरूले लेखेको अनुच्छेद पालैपालो सुनाउन लगाउनुहोस् र ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

९. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा दिइएको श्लोकको भाव एक अनुच्छेदमा लेख्न सिकाउनुहोस् ।

१०. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा दिइएको श्लोकको भाव एक अनुच्छेदमा लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थी समूहलाई लेखेका अनुच्छेद साटासाट गरेर पढ्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ५ का आधारमा व्याख्यासम्बन्धी अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. व्याख्या गर्नुहोस् :

हामीहेरू पनि लौ अब जागौँ ।

देश उन्नतिविषे सब लागौँ ॥

२. 'जाग जाग' कविताको पाचौँ श्लोकको भाव एक अनुच्छेदमा लेख्नुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • भाषिक प्रकार्य (स्नेह र प्रशंसा)<br>• द्वित्व शब्द | • कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई स्नेह गर्न<br>• द्वित्व शब्दको पहिचान र प्रयोग गर्न | • स्नेहसँग सम्बन्धित अडियो/भिडियो<br>• द्वित्व शब्दको तालिका र उदाहरण |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीसँग स्नेह र प्रशंसासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**स्नेह र प्रशंसा**

महिमा : ओहो ! आज मेरी बहिनी कति राम्री देखिएकी हुन् ।

प्रशंसा : राम्री हुनु परेन त ? आज हाम्रो विद्यालयमा पुरस्कार वितरण कार्यक्रम छ नि त । मैले पनि नृत्यमा भाग लिएकी छु ।

महिमा :   ए, हो र ? तिमीले पनि पुरस्कार पाउँछ्यौ आज ?
प्रशंसा   : पाउँछु नि दिदी, आज मैले दुईओटा पुरस्कार पाउँछु ।
महिमा :  स्याबास् ! मेरी सानी बहिनी त कति सिपालु भइछन् हगि ?
प्रशंसा  :  हो र दिदी !
महिमा :  हो त नि, तिमीले अझ धेरै प्रतियोगितामा भाग लिनुपर्छ है ।
प्रशंसा  : हुन्छ दिदी ! मलाई विद्यालयमा गुरु, गुरुआमाले पनि प्रतियोगितामा भाग लिनुपर्छ भन्नुभएको छ नि ।
महिमा :  ठिक छ, हामीले सक्नेजति प्रयास गर्नुपर्छ अनि पो सफल भइन्छ त ।
प्रशंसा  : हवस् दिदी, अब म विद्यालय जान्छु है त ।
महिमा : ल ल, यता आऊ त, म तिम्रो लुगा मिलाइदिन्छु । आज त तिमीलाई विद्यालयमा सबै जनाले कति माया गर्नुहुन्छ होला ।
प्रशंसा  : हो र दिदी, ल अब म विद्यालय गएँ  है ।
महिमा : हुन्छ, जाऊ । राम्रोसँग नृत्य गर है ।
प्रशंसा  : हुन्छ, दिदी ।

२. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले शैक्षणिक पाटीमा द्वित्व शब्द प्रयोग भएको एउटा अनुच्छेद लेख्नुहोस् र द्वित्व शब्दका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।

आमाले मलाई विद्यालय जाँदा आउँदा बाटाको छेउ छेउबाट हिड्नुपर्छ है भन्नुभएको छ । म र मेरो साथी विद्यालय छुट्टी हुने बित्तिकै आआफ्नो घर फर्कन्छौँ । केही साथी हल्लाखल्ला गर्दै बाटामै भुल्छन् । केही साथी अरूको घर घर पस्दै अबेला घर फर्कन्छन् । केही साथी भने बाटामा हिड्ने मान्छेसान्छेको वास्ता नगरी ससाना कुरामा झैझगडा गर्दै हिड्छन् ।

४. शब्द दोहोरिएर बनेका नयाँ शब्दको नमुना शब्दपत्ती प्रदर्शन गर्नुहोस् । आवश्यकतानुसार द्वित्व शब्द प्रयोग भएको कुनै रोचक घटना पनि सुनाउन सक्नुहुने छ । यस क्रममा विद्यार्थीलाई द्वित्व शब्दको धारणा बुझाउनुहोस् ।

५. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को आधारमा उदाहरण हेरी शब्द दोहोऱ्याएर नयाँ शब्द बनाउन सिकाउनुहोस् ।

६. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को आधारमा उदाहरण हेरी शब्द दोहोऱ्याएर नयाँ शब्द बनाउन बनाउन निर्देशन दिनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई अभ्यास १ मा शब्द दोहोऱ्याएर बनाएका नयाँ शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

**जस्तै :**

**आआफ्नो : सबै जना एकजुट भएर आआफ्नो काम गरेमा देशको विकास हुन्छ ।**

८. विद्यार्थीलाई अभ्यास १ मा शब्द दोहोऱ्याएर बनाएका नयाँ शब्दमध्ये कुनै पाँचओटा शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. विद्यार्थीलाई अभ्यास ३ का आधारमा रातो रङका शब्दको बनोट प्रक्रियाका बारेमा छलफल गराउनुहोस् र केही त्यस्ता शब्द दिई बनोट प्रक्रिया देखाउन वा छुट्याउन लगाउनुहोस् ।

**जस्तै : अर्मपर्म : पर्म + पर्म, बाघ बाघ : बाघ + बाघ, जजसको : जसको + जसको**

११. शब्द दोहोऱ्याएर नयाँ शब्द बन्ने प्रक्रियाका बारेमा विद्यार्थी जानकार भइसकेपछि द्वित्व र यसका प्रकारका बारेमा उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

जस्तै :

**शब्द दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रियालाई द्वित्व भनिन्छ ।**
**द्वित्व तीन किसिमका छन् :**
**१. पूर्ण द्वित्व : शब्द दोहोरिएर नयाँ शब्द बन्दा पूरै अंश दोहोरिने**
**जस्तै : घर घर (घर + घर)**
**२. आंशिक द्वित्व : शब्द दोहोरिएर नयाँ शब्द बन्दा केही अंश मात्र दोहोरिने**
**जस्तै : आआफ्नो (आफ्नो +आफ्नो)**
**३. आपरिवर्तित द्वित्व : शब्द दोहोरिएर नयाँ शब्द बन्दा एउटा अंश नै परिवर्तन हुने**
**जस्तै : भातसात (भात + भात)**

१२. विद्यार्थी समूहलाई अभ्यास ३ को आधारमा उदाहरण हेरी शब्द दोहोऱ्याएर नयाँ शब्द बनाउन निर्देशन दिनुहोस् । विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१३. विद्यार्थीका उत्तरलाई समूह समूहमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा २/३ जना विद्यार्थीको समूहलाई स्नेह र प्रशंसासम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ र २ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. दिइएको अनुच्छेदका आधारमा द्वित्व शब्द पहिचान गरी लेख्नुहोस् :

आज बिहान म आमासँग घाँस काट्न गएँ । जङ्गलमा जुकैजुका रहेछ । आमा र मैले छिटो छिटो घाँसको भारी पुऱ्यायौँ अनि आआफ्नो भारी बोकेर बाटैबाटो घर फर्कियौँ । उँभो उँभो चढ्दै गर्दा हामी पसिनाले निथ्रुक्क भिज्यौँ । चौतारीमा घाँसको भारी बिसाएर एकछिन आराम गर्दै थियौँ त्यसै वेला पल्लाघरे काका ठुल्ठुला मेवैमेवा राखेको डोको बोकेर लमक लमक गर्दै हामी भएको ठाउँमा आउनुभयो । काकासँग एउटा मेवा मागेर लिएपछि हामी भारी बोकेर घरतर्फ लाग्यौँ । घर पुग्दा नौ बजिसकेको रहेछ । मैले हतार हतार विद्यालयको पोसाक लगाएँ र भात खाएँ । भाइ भने पैसा नदिए भातसात खान्न भन्दै झगडा गर्दै थियो । आमाले मिठो मिठो खाजा बनाइदिन्छु भनेर भाइलाई फकाउनुभयो । त्यसपछि त भाइ खुसी हुँदै पैसासैसा चाँहिदैन भनेर विद्यालयतिर लाग्यो ।

| पूर्ण द्वित्व | आंशिक द्वित्व | आपरिवर्तित द्वित्व |
|---|---|---|
| | | |

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**आठौं दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पूर्ण पक्ष | • पूर्ण पक्षको पहिचान र प्रयोग गर्न | • पूर्ण पक्षको तालिका र उदाहरण<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शैक्षणिक पाटीमा पूर्ण पक्ष प्रयोग भएका केही वाक्य लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाई क्रियापदको अवस्थाको बारेमा छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ मा दिइएका वाक्य पढ्न लगाई रेखाङ्कित क्रियाले वाक्यमा खेलेको भूमिकाका बारेमा छलफल गराई पूर्ण पक्षको धारणा बसाउनुहोस् । यस क्रममा भूत, वर्तमान र भविष्यत्‌कालको पूर्ण पक्षका बारेमा जानकारी गराउनुहोस् ।

३. पूर्ण पक्ष प्रयोग भएको अनुच्छेद प्रदर्शन गरी भूत, वर्तमान र भविष्यत् कालका पूर्ण पक्षका वाक्य पहिचान गर्न लगाउनुहोस् ।

हिजो हामी लुम्बिनी घुम्न गएका थियौँ । बुटवलबाट हामीलाई लिन साथीहरू आएका थिए । आज उनीहरूले हामीलाई खानेकुरा दिएका छन् । साथीले बदाम बोकेका छन् । हामीले खानेकुरा र बदाम खाएका छौँ । भोलि यहाँ आमाबुबा आउनुभएको हुने छ । हामीले रमाइलो गरेका हुने छौँ ।

४. विद्यार्थी समूहलाई अभ्यास ५ का आधारमा दिइएको निर्देशनअनुसार वाक्य पूरा गर्न सिकाउनुहोस् ।

५. विद्यार्थी समूहलाई अभ्यास ५ का आधारमा दिइएको निर्देशनअनुसार वाक्य पूरा गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई अभ्यास गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ५ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. तपाईंको कक्षाका साथीहरूले के के काम गरेका छन् भन्ने प्रश्नको उत्तर पूर्ण वर्तमान कालको प्रयोग गरी लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| (क) रमा घर गएकी छन् । | पूर्ण भविष्यत् |
| (ख) रमेश सफल भएको हुने छ । | पूर्ण भूत |
| (ग) सिर्जनाले गृहकार्य गरेकी थिइन् । | पूर्ण वर्तमान |
| (घ) फतिमा बजार घुमेकी थिइन् । | पूर्ण भविष्यत् |
| (ङ) अब्दुल मुसुक्क हाँसेका हुने छन् । | पूर्ण वर्तमान |
| (च) पासाङ फुटबल खेलेका छन् । | पूर्ण भूत |

२. हिजो तपाईंका कक्षाका साथीले के के काम गरेका थिए ? पूर्ण भूत कालको प्रयोग गरी पाँच वाक्यमा लेख्नुहोस् ।

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • वर्णविन्यास (श/ष/स)<br>• सुनाइ पाठ ९<br>• सिर्जना/ परियोजना कार्य | • श, ष, स प्रयोग हुने शब्द पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ ९ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• सिर्जना/परियोजनासम्बन्धी कार्य गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• सुनाइ पाठ ९ को अडियो सामग्री<br>• प्रश्नसूची |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . पाठ्य कवितामा श/ष/स प्रयोग भएका शब्द शैक्षणिक पाटीमा टिपी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता शब्दमा श/ष/स प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई श/ष/स प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी श/ष/स प्रयोग हुने शब्दसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| **श प्रयोग हुने शब्द** → | शव | **शुभ** | **शोक** |
| **ष प्रयोग हुने शब्द** → | **षट्कोण** | **ऋषि** | **भेष** |
| **स प्रयोग हुने शब्द** → | **समाज** | **सहज** | **साथी** |

३. अभ्यास ६ का आधारमा दिइएका शब्दलाई तालिकामा मिल्ने गरी भर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. अभ्यास ७ का आधारमा शुद्ध शब्द छानेर खाली ठाउँमा लेख्ने क्रियाकलाप गराउनुहोस् । अन्त्यमा छलफलसहित शैक्षणिक पाटीमा उत्तरको नमुना देखाइ वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

६. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ विषयवस्तु ध्यानपूर्वक सुन्न
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिन
- प्रश्नको संरचनाअनुसार उत्तर दिन
- सुनाइ पाठकै आधारमा उत्तर दिन

७. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ नौ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा अन्य व्यक्तिले वाचन गरेको मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् । जस्तै : **(क) विद्यार्थी जीवनका आदतहरू परिवर्तन हुन्छन् । (बेठिक)**

१०. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

११. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

१२. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित खाली ठाउँ भर्न सिकाउनुहोस् । जस्तै :

(क) विद्यार्थी जीवनमा गरेका हरेक क्रियाकलापले जीवनमा ........राख्छन् ।

उत्तर : विद्यार्थी जीवनमा गरेका हरेक क्रियाकलापले जीवनमा अर्थ राख्दछन् ।

१२. विद्यार्थीले खाली ठाउँ भरेको उत्तर मिले नमिलेको एकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

१४. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । जस्तै :

**(क) मानिसको जीवनको कुन काललाई जग निर्माणको उमेर भनिन्छ ?**

**उत्तर : मानिसको जीवनको विद्यार्थी काललाई जग निर्माणको उमेर भनिन्छ ।**

१५. विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको एकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१६. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डका शीर्षकमध्ये कुनै एक शीर्षकमा कविता लेखेर ल्याउन लगाउनुहोस् ।

१७. विद्यार्थीलाई चार चार जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई आफ्नो समाज र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिका नाम र काम लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ७ सँग सम्बन्धित थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास १ र ३ सँग सम्बन्धित थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. **शुद्ध शब्द छानी लेख्नुहोस् :**

**(क) शहारा सहारा षहारा**

.................................

**(ख) कृशक कृसक कृषक**

.................................

**(ग) देश देस देष**

.................................

२. अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना/परियोजना कार्य (कविता रचना र आफ्नो समाजमा र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिका नाम र काम) | • निर्दिष्ट शीर्षकमा निर्देशित कविता रचना गर्न<br>• निर्दिष्ट शीर्षकमा स्वतन्त्र कविता रचना गर्न<br>• आफ्नो समाज र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिका नाम र काम भन्न | • कविताका शीर्षकपत्ती<br>• अपूरो कविता<br>• कविता लेखनको नमुना<br>• आफ्नो समाज र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिका नाम र काम |

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कविता सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा कविता रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- कविता रचना गर्दा लयलाई ध्यान दिन
- कविताका प्रत्येक पङ्क्तिका अन्त्यमा अनुप्रासयुक्त शब्द हुनुपर्ने
- कविता रचनाका क्रममा शब्द चयनको विशेष भूमिका रहने
- सम्बन्धित विषयवस्तु वा शीर्षकका आधारमा कविता रचना गर्न

२. शिक्षकले तयार पारेर ल्याएको निर्देशित कविता रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा कविताका अपूरा श्लोक र खाली ठाउँमा भर्नुपर्ने शब्द प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा छलफल गर्दै खाली ठाउँमा मिल्ने शब्द भर्न सिकाउनुहोस् ।

४. कविता पुरणपश्चात् अनुप्रासयुक्त शब्द पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा कवितालाई लयबद्ध वाचन गर्न सिकाउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा कविता रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कविता रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका कविता कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ को समूह कार्य गर्नका लागि साइनपेन, सिसाकलम आदि आवश्यक सामग्री दिनुहोस् ।

१०. समूह कार्य पूरा भए पश्चात् कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि समूहको भाषिक अवस्थाका आधारमा कक्षाका सबै भाषा समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

११.अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तलकामध्ये कुनै एक शीर्षकमा १, २ श्लोक कविता लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

**(क) मेरो देश** **(ख) हामी विद्यार्थी** **(ग) आमा** **(घ) मेरो सपना**

**(घ) मूल्याङ्कन**

१. आफूलाई मनपर्ने शीर्षकमा दुई श्लोक कविता लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : १०**
**शीर्षक : आशाको दियो**
**विधा : कथा**
**कार्यघण्टा : १०**

'आशाको दियो' बालमनोवैज्ञानिक कथा हो । विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रमा आधारित वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष जस्ता विषयक्षेत्र समेटी विचार प्रस्तुति जस्ता क्रियाकलाप गराउनुपर्छ । समयबद्ध सस्वरपठन र गतिवृद्धि, मौनपठन र बोध साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तुबोध, प्रश्न निर्माण तथा प्रश्नोत्तर, सन्दर्भअनुकूलको स्वाभाविक वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, चरित्र वर्णन, सार लेखन, तार्किक लेखन, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत विभक्ति तथा कर्ता र कर्म कारकको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत 'ग्यँ' र 'ज्ञ' वर्णको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा सान्त्वना र प्रोत्साहनसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत अनुभूतिमा आधारित अनुच्छेद वर्णन तथा उखान सङ्कलन र कक्षाप्रस्तुति गराउनुपर्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ १० का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यासहरू गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध, धारणा निर्माण र छलफल<br>• सस्वर पठन (पृष्ठ १०७ देखि १०८ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर (पृष्ठ १०७ र १०८ बाट) | • विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको १०७ र १०८ का आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्वपठन खण्डको चित्र<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई मनोवैज्ञानिक विषयवस्तुमा आधारित उत्प्रेरणात्मक लघुकथा सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पनि सन्देशमूलक मनोवैज्ञानिक विषयवस्तुमा आधारित लघुकथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएको चित्र प्रदर्शन गर्नुहोस् ।

२. प्रत्येक विद्यार्थी समूहलाई चित्रका बारेमा समूहमा छलफल गरी चित्रकथाको अन्त्य कसरी भयो होला, बताउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्र कथाको अन्त्यका बारेमा थप विषयवस्तु भन्न लगाई छलफल गराउनुहोस् ।

३. प्रत्येक समूहको प्रस्तुति पश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तु र चित्रकथागत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

५. विद्यार्थीलाई आमा र चमेलीको भूमिका दिई पाठको संवाद गति, यति, भाव र हाउभाउसहित पालैपालो वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । विद्यार्थीलाई शब्दभण्डारसम्बन्धी खेल खेलाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

८. पृष्ठ १०७ र १०८ को कुराकानी पढ्न लगाई बोध प्रश्नोत्तर गराउनुहोस् । नमुना प्रश्न :

(क) आमा र चमेली के विषयमा कुराकानी गर्दै छन् ?

(ख) कसले चामल किनेको रहेछ ?

(ग) चमेलीले कसरी चामल किन्ने पैसा जम्मा गरिन् ?

(घ) आमाको के रहर रहेछ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डको चित्रकथाको बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीहरूबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्य रचना गर्न लगाउनुहोस् ।

४. पाठको पहिलो अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गराउनुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठको पूर्वपठन खण्डमा भएका चित्रकथाको अन्त्यका बारेमा कल्पना गरी भन्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई निम्न शब्दको अर्थ खुल्ने गरी वाक्य बनाउन लगाउनुहोस् :

नेपथ्य, निष्ठुरी, रहर, तात्तातै, निको, सपना

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (पृष्ठ १०९ देखि ११० सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• श्रुतिबोध | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको पृष्ठ १०९ र ११० का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • संवादपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्यसामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका पृष्ठ १०९ र ११० का आधारमा चमेली, बटुवा, कल्पनाको भूमिका पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको पृष्ठ १०९ र ११० बाट कुराकानी सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् ।

- पाठका कुराकानीलाई ध्यानपूर्वक सुन्ने
- विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्नहरू :**

**एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) पैँतालिस रुपियाँमा कति बोतल पानी पाइन्छ ?

(ख) चमेली किन विद्यालय आएकी रहिनछिन् ?

(ग) कसरी दुःख कम हुन्छ ?

(घ) चमेलीका आमाछोरी कहिलेदेखि सहराविहीन भए ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका कुराकानी गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले श्रव्य सामग्रीका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका कुराकानी सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

समस्या, समाधान, सिकिस्तै, उपचार, सहारविहीन, अप्ठ्यारो, स्वास्थ्यलाभ

३. दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(क) चमेली सडकमा के बेच्दै थिइन् ?

(ख) कल्पनाले चमेलीलाई कसरी सम्झाइन् ?

(ग) चमेलीका बुबा कहिले बित्नुभएको रहेछ ?

(घ) चमेलीले कल्पनासँग किन पैसा लिन मानिनन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१.सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (पृष्ठ १११ देखि ११३ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• पठन बोध<br>• कथाको संरचना पहिचान | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति भाव र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको पृष्ठ १११ देखि ११३ बाट बोध प्रश्नोत्तर गर्न<br>• कथाको संरचना पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्यदृश्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. छोटा कविता, मुक्तक, गजल वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक, गजल वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थीलाई पाठका पृष्ठ सङ्ख्या १११, ११२ र ११३ सम्म कल्पना, पाल्तेन, अभिनव, धनीराम, सविता र चमेलीको भूमिकामा पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

२. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४.. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठका १११, ११२ र ११३ का कुराकानी सस्वर पठन गर्न लगाउनुहोस् । त्यसपछि छलफल गर्न लगाउनुहोस् र बोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् ।

- कुराकानीलाई ध्यानपूर्वक सुन्ने
- विषयवस्तु बोध गर्ने
- विषयवस्तुमा आधारित भई छलफल गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्नहरू :**

**कसका भनाइ हुन्, चिनेर भन्नुहोस् :**

(क) उड्यो चरी उड्यो, नाच्यो चरी नाच्यो ।

(ख) तिमीहरूको अरूलाई उडाउने बानी चाहिँ कहिल्यै हटेन ।

(ग) म दुःखीलाई बचाउन नखोज ।

(घ) म पनि बुबासँग कुरा गर्छु ।

८. विद्यार्थीलाई आशाको दियो पाठ प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा संवादको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य घटना प्रदर्शन गर्नुहोस् ।

९. विद्यार्थी समूहलाई छलफल गरी एकाङ्कीको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका कुराकानी गति, यति, भाव र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सस्वरवाचन गर्न कठिनाइ भएका विद्यार्थीलाई साथी साथीबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठका कुराकानी सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका बुँदाका आधारमा कथाको आरम्भका घटनाक्रम मिलाउनुहोस् :

(......) आमालाई निको भएपछि मात्र चमेलीले विद्यालय जाने कुरा गरेकी

(......) चमेलीलाई पढाएर ठुलो मान्छे बनाउने आमाको रहर

(......) चमेलीले नुन हालेर जाउलो पकाएकी

(......) चमेलीले किनेर ल्याएको औषधी आमालाई देखाएकी

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पुस्तकको पृष्ठ १०७ र १०८ का कुराकानी<br>• घटनाक्रम पहिचान<br>• घटनाक्रम मिलान<br>• शब्दभण्डार (अनुकरणात्मक शब्द, टुक्का र उखान ) | • मौन पठन र छलफल<br>• घटनाक्रम पहिचान गर्न<br>• घटनाक्रम मिलाउन<br>• अनुकरणात्मक शब्द क्रिया पहिचान गर्न<br>• उखान र अर्थ पहिचान गर्न | • घटनाक्रम सूची<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै लोकगीत गाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गीत गाएर सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पुस्तकको पृष्ठ १०७ र १०८ मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि पढेका पाठका आधारमा विषयवस्तुबारे छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई मौन पठनका विषयवस्तुबाट बोधात्मक प्रश्नोत्तर गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीतिको उपयोग गरी सिकाइको गति ढिला हुने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठका घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाको संरचनालाई पुनरावृत्ति गराई आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् । जस्तै :

**कथाको मध्य भागका घटनाहरू** :

- चमेलीले सडकमा पानी बेच्दै गरेकी
- सडकमा कल्पना र चमेलीको भेट भएको
- चमेलीले कल्पनासँग आमा सिकिस्त बिरामी हुनुभएको कुरा राखेकी
- चमेली बुबालाई सम्झेर रुन थालेकी
- चमेलीले कल्पनासँग सारा दुःखका कुरा गरेकी

४. विद्यार्थीलाई पाठको मध्य भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

५. कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अगिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटना भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. क्रियाकलाप ४, ५ र ६ जस्तै तरिका अपनाएर कथाको आदि, मध्य र अन्त्यसँगसम्बन्धित घटना पहिचान र मिलान गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका अनुकरणात्मक शब्द र क्रियाका नमुना प्रदर्शन गरी जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : **भुकभुक = भुक्नु, सुँक्कसुँक्क = रुनु**

८. विद्यार्थी समूहलाई अभ्यासमा १ मा दिइएका अनुकरणात्मक शब्द र क्रियासँग जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा टुक्का र तिनका अर्थ प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा टुक्कालाई वाक्यमा प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| गाली खानु | कसैले आफूलाई नराम्रो वचन लगाउनु |
| | विनोदले घडी चोरेकाले उसले सबैको गाली खायो । |
| मुखमुखै लाग्नु | तुरुन्त जबाफ फर्काउनु |
| | चण्डिकाको आफूभन्दा ठुलासँग मुखमुखै लाग्ने नराम्रो बानी छ । |

११. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा उखान र तिनका अर्थ प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा उखानलाई वाक्यमा प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

**अगिको तितो पछिको मिठो** पहिले नराम्रो वा दुःख भएपनि पछाडि राम्रो वा सुख हुँदा बेस

प्रशान्त दुई घण्टा पैदल हिँडेर विद्यालय जाने कुरा सुनेपछि हजुरबुबाले अगिको तितो पछिको मिठो भन्नुभयो ।

**ढुङ्गो खोज्दा देउता मिल्नु** सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु

स्मारिकाले कक्षामा प्रथम हुने गरी तयारी गरेकी थिइन्, ढुङ्गो खोज्दा देउता मिल्नु भनेझैँ उनी विद्यालय प्रथम भइछिन् ।

१२. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा शब्दपत्ती तथा वाक्यपत्ती प्रदर्शन गरी अर्थ खुल्ने गरी वाक्यमा प्रयाग गर्न सिकाउनुहोस् र त्यसपछि अभ्यासकार्य गर्न निर्देशन दिनुहोस् । जस्तै :

**टाउकामा टेक्नु** (मात्तिएर हेप्नु)

एक महिना मामाघर बसेर फर्किएका सुजल र आन्विका टाउकामा टेक्ने भएछन् ।

**तालुमा आलु फल्नु** (भाग्य सप्रनु)

डाँडाघरे काकाको बगैँचामा अलैँची र खेतमा धान  राम्रो फल्यो, यसपालि त उहाँको तालुमा आलु फल्यो ।

१४. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट अनुकरणात्मक शब्द र क्रियाबिच जोडा मिलाउन लगाउनुहोस् । त्यसपछि साथी  साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास २ बाट टुक्का र  अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । यस क्रममा थप अभ्यास पनि गराउनुहोस् ।

३. विद्यार्थीलाई अभ्यास ३ बाट उखान र  अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । यस क्रममा थप अभ्यास पनि गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. दिइएका अनुकरणात्मक शब्दको मिल्ने क्रियासँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| भुकभुक | पड्किनु |
| सुँक्कसुँक्क | आवाज निकाल्नु |

| | |
|---|---|
| प्याच्च | उड्नु |
| ड्याम्म | हास्नु |
| गुनगुन | रुनु |
| फुङ्ग | टिप्नु |
| टक्क | भुक्नु |
| ग्वाम्लाङ्ङ | भन्नु |
| टपक्क | अँगालो हाल्नु |
| | अडिनु |

२. तलका टुक्का र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाली खानु | तुरुन्त जबाफ फर्काउनु |
| मुखमुखै लाग्नु | पक्ष लिनु, पक्षपात गर्नु |
| बढ्ता हुनु | दुःखको गहिरो अनुभूति हुनु |
| माया मार्नु | आवश्यकताभन्दा बढी जान्ने हुनु |
| काखी च्याप्नु | कसैले आफूलाई नराम्रो वचन लगाउनु |
| मुटु चिरिनु | त्याग्नु |

३. तलका उखान र तिनको आशयबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अगिको तितो पछिको मिठो | केही पनि नगुमाईकन काम फत्ते गर्नु |
| ढुङ्गो खोज्दा देउता मिल्नु | आफ्नो ढङ्ग नभईकन अर्कामाथि दोष थोपर्ने |
| साँप पनि मरोस् लट्ठी पनि नभाँचियोस् | काम गर्नेलाई कुनै बाधाले रोक्न नसक्नु |
| खाने मुखलाई जुँघाले छेक्दैन | पहिले नराम्रो वा दुःख भए पनि पछाडि राम्रो वा सुख हुँदा बेस |
| नाच्न नजान्ने आँगन टेढो | सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु |

४. तलका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

टाउकामा टेक्नु (मात्तिएर हेप्नु), तालुमा आलु फल्नु (भाग्य सप्रनु), घुँडा टेक्नु (हार खानु), बाचा बाँध्नु (प्रतिज्ञा गर्नु), लख काट्नु (अड्कल गर्नु), हातमुख जोर्नु (जीविका चलाउनु), कम्मर कस्नु (आँट गर्नु), घैँटामा घाम लाग्नु (बुद्धि खुल्नु), नाक काट्नु (बेइज्जत हुनु)

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• सस्वर पठन<br>• घटनाक्रम मिलान<br>• पात्र परिचय | • मौन पठन गरी सन्दर्भ टिपोट गर्न<br>• गति, यति, भाव र हाउभाउअनुसार सस्वर पठन गर्न<br>• पाठका घटनालाई क्रम मिलाउन<br>• कथाका पात्रका बारेमा भन्न र लेख्न | • संवादपत्ती<br>• मुख्य मुख्य घटना<br>• पात्र परिचय |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै मनोवैज्ञानिक विषयवस्तुमा आधारित कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास १ (क) का आधारमा पाठलाई मौन पठन गरी नबुझेका शब्द वा सन्दर्भ टिपोट गर्न लगाउनुहोस् । यस क्रममा निम्न पक्षमा ध्यान दिन लगाउनुहोस् :

- पाठलाई ध्यानपूर्वक आवाज नआउने गरी पढ्ने
- प्रष्टसँग पाठका विषयवस्तु बुझ्ने
- पाठका शब्द, वाक्य तथा सन्दर्भ अलमल भएमा सिसाकलमले रेखाङ्कन गर्ने
- नबुझिएका शब्द, वाक्य तथा सन्दर्भका बारेमा साथी वा शिक्षकसँग छलफल गर्ने

२. मौन पठनको अवधि सकिएपछि विद्यार्थीलाई नबुझेका शब्द, वाक्य तथा सन्दर्भका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा सकेसम्म विद्यार्थीबाट समस्या समाधान गराउने प्रयत्न गर्नुहोस् । अन्त्यमा पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् ।

३. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास १ (ख) का आधारमा पाठलाई गति, यति, भाव र हाउभाउसहित पात्रहरूको भूमिकाअनुसार सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको उच्चारण, सस्वर पठन, पठनगति आदि कुरालाई ध्यान दिई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठका घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा एकाङ्कीको संरचनालाई पुनरावृत्ति गराई आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् । जस्तै :



**कथाको आदि भागका घटना** :

- चमेलीकी आमा सिकिस्त बिरामी भएर सुतेकी

५. विद्यार्थीलाई पाठको आदि भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

६. कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अगिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटना भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

७. क्रियाकलाप १, २ र ३ जस्तै तरिका अपनाएर कथाको मध्य र अन्त्यसँगसम्बन्धित घटनाहरू पहिचान र मिलान गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

८. बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा आधारित बुँदा पढी घटनाक्रम मिलान गर्न लगाउनुहोस् । विद्यार्थीले अभ्यासकार्य सके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. पाठको बोध र अभिव्यक्ति अखण्डको अभ्यास ३ का आधारमा पात्रहरूको सूची प्रदर्शन गर्नुहोस् । त्यसपछि पात्रका बारेमा लेखिएको शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् । शैक्षिक सामग्री हेरी विद्यार्थीलाई पनि पालैपालो मौखिक वर्णन गर्न लगाउनुहोस् । जस्तै :

पात्र : आमा

- कथाकी प्रमुख नारी पात्र
- श्रीमान् गुमाएकी महिला
- गरिबीको समस्या झेलेकी
- सिकिस्त बिरामी परेकी
- बाँचिन्छ भन्ने आशा गुमाएकी
- टुहुरी छोरीको भविष्यका लागि चिन्तित

१०. विद्यार्थीलाई पालैपालो कथाका चमेली, आमा, कल्पना र सविता गुरुआमाका बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस् । त्यसपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई आशाको दियो पाठ मौन पठन गर्न लगाई नबुझेका शब्द वा सन्दर्भ सोध्न लगाउनुहोस् । त्यसपछि विद्यार्थी अस्पष्ट भएका विषयवस्तुलाई स्पष्ट पार्नुहोस् ।

२. आशाको दियो पाठ गति, यति, भाव र हाउभाउसहित पात्रको भूमिकाअनुसार पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास २ का आधारमा घटनाक्रम मिलान गर्न लगाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा पात्रहरूका बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. माथिको कथा निम्नानुसारले पठन गर्नुहोस् :

(क) मौन पठन गर्नुहोस् र नबुझेका शब्द वा सन्दर्भ टिपोट गर्नुहोस् । मौन पठनको अवधि सकिएपछि नबुझेका कुरा शिक्षकलाई सोधेर प्रस्ट हुनुहोस् ।

(ख) शिक्षकको निर्देशनअनुसारका अनुच्छेदहरू पालैपालो सस्वर पठन गर्नुहोस् ।

२. दिइएका घटनाहरूलाई पाठका आधारमा घटनाक्रम मिलाई १, २, ३ ... को क्रममा राख्नुहोस् :

( ) आमा बिरामी भएका कारण विद्यालय जान नसकेकी

( ) कल्पना भन्ने साथीले चमेलीको समस्या बुझेकी

( ) चमेलीकी आमा बिरामी भएर इन्तु न चिन्तु भई लडेकी

( ) गुरुआमाले सबैलाई सम्झाउने प्रयास गर्नुभएको

( ) चमेली हरबखत आमाको सेवामा लागेकी

( ) अन्त्यमा गुरुआमाले धैर्यले काम गर्नुपर्छ भनी चमेलीलाई सम्झाउनुभएको

( ) बाटामा पानी बेचेर आमाको औषधी र सामान्य खानाको जोहो गरेकी

( ) गुरुआमाले सम्झाएपछि चमेलीको मनमा आशाको दियो बलेको

( ) विद्यालयमा अन्य साथीहरूले चमेलीको खिल्ली उडाएका

३. पाठका आधारमा दिइएका पात्रहरूका बारेमा मौखिक वर्णन गर्नुहोस् :

(क) चमेली (ख) आमा (ग) कल्पना (घ) सविता गुरुआमा

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**छैटौं दिन**

**१.**

१. विद्याथीलाई कुनै स्मरणीय घटना वा प्रसङ्गमा आधारित कथाकथन सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।
विद्यार्थीलाई पनि कथाकथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• भाव विस्तार<br>• सन्देश<br>• सार लेखन | • पाठमा आधारित भई सङ्क्षिप्त उत्तर लेख्न<br>• पाठका वाक्यमा आधारित भएर भाव विस्तार गर्न<br>• पाठको सन्देश लेख्न<br>• पाठको सार लेख्न | • सङ्क्षिप्त उत्तरका नमुना<br>• भाव विस्तारको नमुना<br>• सन्देशको नमुना<br>• सार लेखनको नमुना<br>• प्रोजेक्टर |

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।
यस क्रममा निम्न तरिकालाई ध्यान दिन लगाउनुहोस् :

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नले मागेको उत्तर पहिचान गर्ने
- ४/५ वाक्यमा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

**उत्तर लेखनको नमुना**

(क) **चमेलीकी आमाको रहर के थियो ?**
**उत्तर :** चमेली गरिब बाबुआमाकी छोरी थिइन् । उनका बुबाले सडक दुर्घटनामा ज्यान गुमाएका थिए । बुबाको मृत्यु पश्चात् आमाले दुःखकष्ट सहेर चमेलीलाई हुर्काएकी थिइन् । चमेलीकी आमाको रहर छोरीलाई लेखपढ गराएर असल मान्छे बनाउनुथियो ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा भाव विस्तार लेख्न सिकाउनुहोस् । यस क्रममा भाव विस्तार गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- प्रश्नलाई ध्यानपूर्वक पढी आवश्यक बुँदा टिपोट गर्ने
- भाव विस्तारका लागि दिइएको वाक्यमा केन्द्रित रहेर प्रत्येक बुँदालाई समेट्ने
- भाव विस्तारलाई तीन अनुच्छेदमा विभाजन गर्ने
- भाव विस्तारका लागि दिइएको वाक्यमा केन्द्रित रहेर निष्कर्ष लेख्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा भाव विस्तारका लागि समूहमा छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।

७. विद्यार्थी समूहलाई भाव विस्तारका बुँदा पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीबाट आवश्यक सुझाव माग गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई बुँदाका आधारमा भाव विस्तार भन्न सिकाउनुहोस् । यस क्रममा विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

९. भाव विस्तारका बुँदालाई समेटी भाव विस्तार लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीले भाव विस्तार लेखिसकेपछि कापी परीक्षण गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

११. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी पाठको सन्देश लेख्न सिकाउनुहोस् :

- पाठलाई ध्यानपूर्वक पढ्ने
- पाठका मुख्य मुख्य बुँदा टिपोट गर्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- मुख्य मुख्य बुँदाहरूलाई जोड्दै सन्देश लेख्ने
- स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तार्किक उत्तर लेख्ने
- सामान्यतया एक अनुच्छेदमा लेखिने

**सार लेखनका लागि मुख्य मुख्य बुँदाहरू**

- जीवनमा दुःख र सुख आइपर्ने
- दुःख पर्दा आत्तिन र सुख पाउँदा मात्तिन नहुने
- जन्म र मृत्यु प्राकृतिक कुरा भएकाले अभिभावकको मृत्युमा शोक जनाएर मात्र बाँच्न नसकिने
- जीवन सङ्घर्षको अर्को नाम भएको

१२. क्रियाकलाप ११ मा प्रदर्शन गरिएका बुँदाका आधारमा विद्यार्थीलाई पाठको सन्देश लेख्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१३. विद्यार्थीले अभ्यासकार्य गरिसकेपछि कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१४. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा निम्न पक्षलाई ख्याल गर्न लगाई अनुच्छेदलाई एकतिहाइमा सार लेख्न सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- सिसाकलमले मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- उदाहरण, उखान, टुक्का, विशेषण आदि कुराहरू हटाउने
- दिइएको विषयवस्तुलाई करिब एकतिहाइ हुने गरी सार लेख्ने
- विषयवस्तुको सार लेख्दा मुख्य मुख्य कुराहरू छुट्न नहुने
- सार लेखनको अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्नुपर्ने

१५.अनुच्छेदलाई पढेर सुनाउनुहोस् । यस क्रममा मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्नुहोस् । त्यसपछि अनुच्छेदको सार प्रदर्शन गर्नुहोस् ।

१६. विद्यार्थीलाई छलफलसहित अनुच्छेदको सार लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ कक्षाकार्य गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा भाव विस्तारका लागि बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि बुँदालाई संयोजन गरेर भाव विस्तार गर्न लगाउनुहोस् ।

३. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा पाठको सन्देश लेख्न लगाउनुहोस् ।

४. विद्यार्थी समूहलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा एकतिहाइमा सार लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठका आधारमा उत्तर दिनुहोस् :

(क) चमेलीकी आमाको रहर के थियो ?

(ख) चमेलीका जीवनमा कस्ता समस्या आइपरेका थिए ?

(ग) चमेलीलाई कसले आशाको दियो जगाइदियो ?

२. भाव विस्तार गर्नुहोस् :

समस्या भए समाधान पनि त निस्किन्छ नि ।

३. माथिको कथा पढी एक अनुच्छेदमा उक्त कथाको सन्देश लेख्नुहोस् ।

४. अनुच्छेद पढ्नुहोस् र एकतिहाइमा सार लेख्नुहोस् :

मोतीराम भट्टले नेपाली साहित्यमा 'प्रह्लादभक्ति कथा', 'पिकदूत', 'उषाचरित्र', 'गजेन्द्रमोक्ष', 'मनोद्वेगप्रवाह' 'कविसमूह वर्णनम्', 'भ्रमर गीत' (कविता काव्य), 'प्रियदर्शिका' (नाटिका), 'शकुन्तला' (नाटक), 'भानुभक्तको जीवनचरित्र' (जीवनी) जस्ता अजर अमर कृतिहरू दिएका छन् । उनले नेपाली काव्यजगत्मा कवितामै समस्या राख्ने र त्यसको जबाफ कुनै अन्य कविले कवितामै दिने किसिमका कविता लेख्ने अभियान चलाए । यस चलनलाई नेपाली साहित्यमा समस्यापूर्ति कविता भनिन्छ । 'भारतजीवन' नामक प्रेस खोलेर त्यसको व्यवस्थापकसमेत आफैँ भए । उनले त्यस प्रेसबाट भानुभक्तीय 'रामायण' को बालकाण्ड छपाए । उनले 'गोरखा भारत जीवन' नामक नेपाली भाषाको पत्तीकासमेत प्रकाशन गरे । उनले दिएको साहित्यिक योगदानका कारण हामी उनलाई माध्यमिक कालका केन्द्रीय प्रतिभा मान्छौँ । उनी प्रथम नेपाली गजलकार हुन् । उनी कवि तथा नाटककारका रूपमा समेत परिचित छन् । उनलाई प्रथम जीवनीकार तथा समालोचक पनि भनिन्छ । उनी साहित्य क्षेत्रका एक अन्वेषक र पत्रकार हुन् । त्यसैले साहित्यकार मोतीराम भट्टलाई बहुमुखी प्रतिभाका धनी मानिन्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • कथा लेखन<br>• प्रश्न निर्माण<br>• तार्किक लेखन | • निर्देशित विषयवस्तुमा आधारित भई कथा रचना गर्न<br>• पाठका विषयवस्तुमा आधारित भइ प्रश्न निर्माण गर्न<br>• विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा तार्किक उत्तर लेख्न | • कथाका लागि बुँदा<br>• प्रश्नपत्ती<br>• तार्कित उत्तरको नमुना<br>• प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदाहरूलाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- कथाले महत्त्वपूर्ण सन्देश दिनुपर्ने

२. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा निर्देशित कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा रचनासम्बन्धी गृहकार्यलाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेका क्रियकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

५. पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा प्रत्येक समूहलाई निम्न कुराका आधारमा प्रश्न बनाउन सिकाउनुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

६. प्रश्न न.. ९ का आधारमा विद्यार्थी समूहलाई पाठबाट साथी साथीबिच छलफल गरी प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

७. विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

९.पाठका आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी तर्क /विचार लेख्न सिकाउनुहोस् :

- दिइएको विषयवस्तुलाई ध्यानपूर्वक पढ्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- सम्बन्धित विषयवस्तुल(ाई जोड्दै स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तार्किक उत्तर लेख्ने
- तार्किक उत्तर सामान्यतया एक अनुच्छेदमा लेखिने

१०. तपाइँ आशाको दियो कथाकी मुख्य पात्र चमेलीका भूमिकामा हुनुभएको भए आफ्ना समस्या कसरी समाधान गर्नुहुन्थ्यो ? यो प्रश्नमा आधारित भई समूहलाई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

११. विद्यार्थी अलमल परेमा नमुना बुँदा प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१२. विद्यार्थी समूहलाई  तार्किक उत्तर लेख्न लगाई क्रमैसँग प्रस्तुति गर्न लगाउनुहोस् र अन्य विद्यार्थी समूहलाई टिप्पणी गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहको प्रस्तुति पश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा आधारित भई निर्देशित कथा रचना गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा आधारित भई प्रश्न निर्माण गर्न लगाउनुहोस् र प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

३. पाठको विषयवस्तुमा आधारित भई तार्किक उत्तर लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :

हात्तीको सानो छावा हुनु त्यो साह्रै चकचके हुनु माहुतेले त्यसका खुट्टामा साङ्लाले बाँधेर खम्बामा अल्झाउनु छावाले त्यो साङ्लो चुडाउन बल गर्नु ज्ञज्ञड नेपाली, कक्षा ६ खुट्टामा घाउ हुनु तर पनि साङ्लो चुडाउन नसक्नु छावाले दिनहुँ बल गर्नु तर असफल हुनु छावा बढ्दै जानु र घरीघरी साङ्लो चुडाउन खोज्नु तर पनि चुडाउन नसक्नु पछि पछि त चुडाउने प्रयास गर्नै छोड्नु माहुतेले एउटा सानो डोरीले खुट्टालाई खम्बामा बाँधे जस्तो गर्नु हात्ती त्यसैमा अल्झेर एकै ठाउँ बस्नु

२. आवश्यकताअनुसार समूह बन्नुहोस् । हरेक समूहले 'आशाको दियो' कथाबाट एकदुई शब्दमा उत्तर आउने दुई दुईओटा प्रश्न बनाउनुहोस् र आफ्नो समूहले बनाएका प्रश्न पालैपालो सुनाउनुहोस् ।

- तपाईं आशाको दियो कथाकी मुख्य पात्र चमेलीका भूमिकामा हुनुभएको भए आफ्ना समस्या कसरी समाधान गर्नुहुन्थ्यो ? तर्क लेख्नुहोस् ।
- आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विभक्ति<br>• कर्ता कारक र कर्म कारक | • विभक्तिको पहिचान र प्रयोग गर्न<br>• कर्ता कारक र कर्म कारकको पहिचान र प्रयोग गर्न | • विभक्तिको तालिका र उदाहरण<br>• कारकको उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. तालिका प्रदर्शन गरी विद्यार्थीलाई विभक्ति चिह्नका आधारमा धारणा स्पष्ट पार्नुहोस्  र उदाहरण भन्न लगाउनुहोस् :

| विभक्ति | विभक्ति चिह्न | उदाहरण |
|---|---|---|
| प्रथमा | ले, बाट, द्वारा | आमाले अनुजलाई लुगा लगाइदिनुभयो । |
| द्वितीया | लाई | अनुजलाई मामाघर जान मन थियो । |
| तृतीया | ले, बाट, द्वारा | बसबाट विद्यालय जान सकिन्छ । |
| चतुर्थी | लाई | सबैले काजललाई बधाई दिए । |
| पञ्चमी | देखि, बाट | सुगमलाई अस्तिदेखि ज्वरो आयो । |
| षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | छोराको मलिन अनुहार देखेर आमा गम्भीर हुनुभयो । |
| सप्तमी | मा | चराहरू रुखमा बसे । |

२. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ का आधारमा रातो अक्षरका विभक्ति पहिचान गरी लेख्न सिकाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थी / विद्यार्थी समूह आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदका आधारमा एक पटक मात्र प्रयोग भएका विभक्ति, धेरै पटक प्रयोग भएका विभक्ति भन्न लगाई उनीहरूले भनेका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई कुन कुन विभक्ति कति कति पटक प्रयोग भएका छन् भन्न लगाउनुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीतिलाई उपयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. क्रमिक सिकाइ रणनीतिलाईलाई उपयोग गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ का आधारमा उपयुक्त ठाउँमा विभक्ति लेखी वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलापको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले अभ्यास कार्य गरिसके पश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ का आधारमा पाठबाट सातओटा विभक्ति टिपेर वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहले लेखेका उत्तर प्रदर्शन गर्न लगाई कक्षा प्रस्तुति गराउनुहोस् । उत्तर मिलाउने समूहलाई स्याबासी दिनुहोस् । उत्तर नमिलाउने समूहलाई सुझाव दिनुहोस् ।

८ .विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ मा आधारमा रेखाङ्कन गरिएका शब्द टिप्न लगाई तालिकामा कर्ता कारक र कर्म कारक लेख्न सिकाउनुहोस् ।

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ का आधारमा धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०.विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

११. विद्यार्थीले समूहमा गरेका क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास २ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई अभ्यास ३ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई अभ्यास ४ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरका विभक्ति पहिचान गरी लेख्नुहोस् :

एकादेशमा एउटी बुढी आमा हुनुहुन्थ्यो । उहाँको कोही थिएन । उहाँको दैनिकी भनेकै घरदेखि जङ्गल जानु र फर्किनु थियो । जङ्गलमा गएर दाउरा खोजी गाउँमा लैजानुहुन्थ्यो । ती दाउरा बेचेर धेरै मुस्किलले उहाँ आफ्नो पेट पाल्नुहुन्थ्यो । अरू दिनमा जस्तै गरी एक दिन जङ्गलमा दाउरा खोज्दा उहाँले झाडीमा कुखुराको एउटा फुल भेट्टाउनुभयो । सायद त्यो वन कुखुराको फुल थियो । उहाँले त्यो फुल घर लगेर बडो नेपाली, कक्षा ६ ज्ञज्ञढ जतनले राख्नुभयो । केही दिनपछि फुल राखेका ठाउँबाट उहाँले कुखुराका चल्लाको आवाज सुन्नभयो । त्यहाँ गएर हेर्दा एउटा खुब राम्रो र रहर लाग्दो कुखुराका चल्लो देख्नुभयो । बुढी आमाले त्यस चल्लालाई आफू नखाएर पनि ज्युँ त्युँ गरी हुर्काउनुभयो । एक दिन कुखुरो ठुलो भएपछि त्यसले बुढीलाई भन्यो, “मेरी आमा, तपाईंसँग पैसा छ भने दिनुहोस् न । पसलबाट केही किनेर ल्याउँछु ।” कुखुराले मानिसले झैँ बोलेको सुन्दा बुढी आमा छक्क पर्नुभयो । माथिको अनुच्छेदमा कुन विभक्ति सबैभन्दा धैरै पटक प्रयोग भएको छ ? त्यो कति पटक प्रयोग भएको छ ? एकपल्ट मात्र प्रयोग भएका विभक्ति कुन कुन हुन्, लेख्नुहोस् ।

२. उपयुक्त ठाउँमा ठिक विभक्ति भरी तलका वाक्यहरूको पुनर्लेखन गर्नुहोस् :

(क) मैले भाइ भेटेको छैन ।

(ख) हरि काठमाडौँ देखेको छ ।

(ग) राम बुबा र म चिन्नुहुन्छ ।

(घ) पासाङ टेबल किताब राख्यो ।

(ङ) पर्सि विद्यालय सुरु हुन्छ ।

(च) अञ्जली सुम्निमा साथी ठान्छिन् ।

(छ) केटो कैँची साथी कपाल काट्यो ।

(ज) हाम्रो घर छेउ ठुलो पसल छ ।

(ज) काका धरान हिँडेर काँकडभिट्टा आइपुग्नुभयो ।

(झ) मनोज दिदी म घर बोलाउनुभएको छ ।

३. माथिका संवादमा प्रयुक्त सातओटा विभक्ति टिपेर वाक्यमा प्रयोग गर्नुहोस् ।

४. अनुच्छदमा रेखाङ्कन गरिएका शब्द टिप्नुहोस् र कर्ता र कर्म कारक पहिचान गरी तालिका बनाई लेख्नुहोस् :

भाइ खाजा खान्छ । उसले बहिनीलाई बोलाउँदा उनीहरू चउरमा खेल्छन् । बहिनीले उसका साथीहरू पनि बोलाउँछिन् । साथीहरू पनि केही बेर खेल्छन् । साँझ हुन्छ । आमा उनीहरूलाई बोलाउनुहुन्छ । उनीहरू घर जान्छन् । उनीहरू खाना खान्छन् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • वर्णविन्यास (‘ग्यँ’ र ‘ज्ञ’ वर्ण)<br>• भाषिक प्रकार्य (सान्त्वना र प्रोत्साहन) | • शब्दमा ‘ग्यँ’ र ‘य’ को पहिचान र प्रयोग गर्न<br>• सामाजिक सद्भाव र सहकार्यका विषयमा छलफल/कुराकानी गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• सान्त्वना र प्रोत्साहन |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सान्त्वना र प्रोत्साहनको महत्त्वका विषयसँग सम्बन्धित वृत्तचित्र प्रदर्शन गरी विद्यार्थीलाई उत्प्रेरणा जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . ‘ग्यँ’ वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा ‘ग्यँ’ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । ‘ग्यँ’ वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी ‘ग्यँ’ वर्णको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**शब्दमा ‘ग्यँ’ वर्ण प्रयोग भएका शब्द** → **ग्याँचे** | **ग्याँस** | **ग्याँटिस**

३ . ‘ज्ञ’ वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा ‘ज्ञ’ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्त्यमा ‘ज्ञ’ वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शब्दपत्ती प्रदर्शन गरी 'ज्ञ' वर्णको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| **शब्दको सुरुमा 'ज्ञ' वर्ण प्रयोग भएका शब्द** | → | ज्ञान | ज्ञापक | ज्ञाता |
| **शब्दको बिचमा 'ज्ञ' वर्ण प्रयोग भएका शब्द** | → | विज्ञान | अज्ञान | प्रज्ञान |
| **शब्दको अन्त्यमा 'ज्ञ' वर्ण प्रयोग भएका शब्द** | → | यज्ञ | विज्ञ | प्रज्ञा |

५. पाठको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ६ का आधारमा अनुच्छेद पढी 'ग्यँ' र 'ज्ञ' वर्ण प्रयोग भएका शब्द पहिचान गरी सूची बनाउन निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई एकआपसमा कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् । त्यसपछि विद्यार्थी समूहलाई चार्टपेपर, साइनपेन आदि सामग्री दिएर 'ग्यँ' र 'ज्ञ' वर्ण प्रयोग भएका शब्दसूची तयार पार्न लगाउनुहोस् ।

७. विद्यार्थीले तयार पारेका 'ग्यँ' र 'ज्ञ' वर्ण प्रयोग भएका शब्दका सूची प्रदर्शन गराई छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीसँग सान्त्वना र प्रोत्साहनसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । सान्त्वना र प्रोत्साहनका विषयवस्तु वा प्रसङ्गअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदि पक्षमा सचेत रहन सिकाउनुहोस् ।

९. विद्यार्थीलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास १०का आधारमा सान्त्वना र प्रोत्साहन दिने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

१०. प्रत्येक समूहको भाषिक प्रकार्य सुनिसकेपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पुस्तकालयमा गई शब्दकोशका सहायताले 'ग्यँ' र 'ज्ञ' वर्ण प्रयोग भएका पाँच पाँचओटा शब्द सङ्कलन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई भाषिक प्रकार्यअन्तर्गत पालैपालो सान्त्वना र प्रोत्साहनका विषयमा छलफल गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

६. अनुच्छेद पढ्नुहोस् र ग्यँ एवम् ज्ञ प्रयोग भएका शब्दको छुट्टाछुट्टै सूची बनाउनुहोस् :

ग्याँचराजले ज्ञानगुनका धेरै कुरा बुझेको छैन तर ऊ ज्ञानविज्ञानका कुरालाई अवज्ञा गर्दैन । उसले आफ्ना भाइलाई चाहिँ ज्ञानी बनाउने विचार राखेको छ । ऊ भाइको विज्ञतामा मक्ख छ । आफू भने गलामा ग्याँटिस झुन्ड्याएर ग्याँठवाला जुत्तामा सजिएर बजार जान्छ । आमाको आज्ञाअनुसार बजारबाट ग्याँस लिएर आउँछ ।

(क) 'ग्यँ' लागेका शब्द : ..........................................................................

(ख) 'ज्ञ' लागेका शब्द : ..........................................................................

१०. कल्पना गर्नुहोस् कि तपाईंको नजिकको साथी कुनै कुरामा असफल भयो । त्यस असफलताले उसलाई गहिरो चोट लाग्यो । यस्तो बेलामा हतासमा भएको उक्त साथीलाई तपाईं कसरी सम्झाउनुहुन्छ ? कसरी सान्त्वना दिनुहुन्छ ? हतास भएको उक्त साथीलाई कसरी प्रोत्साहन गर्नुहुन्छ, कक्षामा बताउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सुनाइ पाठ १०<br>• सिर्जना/परियोजना कार्य<br>• उखान सङ्कलन तथा कक्षा प्रस्तुति | • सुनाइ पाठ १० का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• अनुभूति वर्णन<br>• चित्र हेरी कथा रचना गर्न<br>• आफूलाई मनपर्ने कथा सुनाइ समूहमा छलफल गर्ने | • शब्दपत्ती<br>• अनुच्छेदपत्ती<br>• सुनाइ पाठ १० को अडियो सामग्री<br>• उखानको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ छ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ का आधारमा जोडा मिलाउन लगाउनुहोस् ।

४. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर  आवश्यक सुझाव दिनुहोस् ।

५. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा  मा आधारित भई श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भई सुनाइ पाठ १० को मुख्य सन्देश भन्न लगाउनुहोस् ।  यस क्रममा विद्यार्थीबाट आवश्यक सुझाव माग्नुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीका क्रियाकलाप अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास १२ का आधारमा अनुभूतिसम्बन्धी अनुच्छेद लेख्न सिकाउनुहोस् । यस क्रममा विद्यार्थीका अनुभवलाई कक्षामा सुनाउने अवसर प्रदान गर्नुहोस् ।

११. विद्यार्थीलाई अगिल्लो दिन दिइएको अनुभूतिसम्बन्धी अनुच्छेद रचनालाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

१२. विद्यार्थीले गरेका क्रियकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. प्रत्येक समूहबाट रचना भएका अनुच्छदलाई कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ को गृहकार्यका आधारमा उखान र तिनका अर्थ कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । साथीको प्रस्तुतिमाथि विद्यार्थीलाई टिप्पणी गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गरी निष्कर्ष दिनुहोस् ।

१४. प्रत्येक समूहको प्रस्तुति पश्चात् ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठको सुनाइ र बोलाइ खण्डमा आधारित भई जोडा मिलाउन, श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न र सन्देश सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. पाठको सिर्जना/परियोजना खण्डको अभ्यास १ मा आधारित भई एक अनुच्छेदमा अनुभूति वर्णन गर्न लगाउनुहोस् र आवश्क पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पाठको सिर्जना/परियोजना खण्डको अभ्यास २ मा आधारित भई उखान र तिनका अर्थ सुनाउन लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका अनुभूतिसम्बन्धी अनुच्छेदको मूल्याङ्कन गर्नुहोस् ।

३. विद्यार्थीले सबलीकरण क्रियाकलापमा सुनाएका उखान र तिनका अर्थका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाठ : ११**
**शीर्षक : सहभागिताका लागि निवेदन**
**विधा : निवेदन**
**कार्यघण्टा : १०**

'सहभागिताका लागि निवेदन' व्यावहारिक लेखनको पाठ हो । व्यावहारिक लेखनमा चिठी, विज्ञापन, समवेदना, निमन्त्रणा, बधाई आदि विविध उपविधा पर्छन् । यसमध्ये चिठी खबर आदान प्रदानको माध्यम हो । यो व्यावहारिक लेखनको प्रारम्भिक विधा हो । चिठीका औपचारिक र अनौपचारिक रूपमध्ये निवेदन औपचारिक चिठी हो । यस पाठमा पढाइ लेखाइ सिपको विकासका लागि समयबद्ध पठन, बोधात्मक प्रश्नोत्तर, निवेदनको संचना पहिचान, निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्ष र निवेदन लेखन जस्ता पाठ्यवस्तु समावेश गरिएको छ भने शब्दभण्डार क्षमताको विकासका लागि पर्यायवाची र वपरीतार्थी शब्दको पहिचान र प्रयोगलाई पुनरावृत्ति गरिएको छ । भाषिक संरचना र वर्णविन्यास अन्तर्गत क्रियायोगी र नामयोगीको पहिचान र प्रयोग तथा हलन्त र अजन्त लागेका शब्दको पहिचान र प्रयोगलाई समावेश गरिएको छ । भाषिक प्रकार्य अन्तर्गत सहानुभूतिलाई समावेश गरिएको छ । सुनाइ तथा बोलाइ पाठ सातको उपयोग गरेर बोधात्मक प्रश्नोत्तर र छलफल तथा निमन्त्रणा पत्रको रचना सिपको विकासमा जोड दिइएको छ । अनुमानित पाठ्यभारअनुसार तयार गरिएको पाठ्यवस्तस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी आवश्यकताअनुसार पाठका अभ्यासमा समेटिएका जस्तै अन्य विविध प्रकृतिका थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● दृश्यबोध र छलफल<br>● पठनबोध<br>● संरचना पहिचान<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग) | ● निर्दिष्ट निवेदनको शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>● निवेदनको संरचना पहिचान गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● पूर्व पठन खण्डका चित्र, निवेदनको नमुना, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती,प्रश्नसूची |

| | | |
|---|---|---|
| ● बोध प्रश्नोत्तर | | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१.. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । पूर्व पठन खण्डका चित्र र अन्य त्यस्तै सञ्चार क्षेत्रमा प्रयोग हुने विविध चित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । उक्त सञ्चार साधनका बारेमा विद्यार्थीमा के जानकारी छ, टिपोट गर्न लगाउनुहोस् । उक्त साधनका बारेमा विद्यार्थीले टिपोट गर्न छुटेका महत्त्वपूर्ण कुरा भनिदिनुहोस् र समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका सञ्चार साधन र त्यसका बारेमा आवश्यकताअनुसार चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निवेदनको परिचय दिँदै पाठप्रति ध्यानाकर्षण गर्नुहोस् । शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न  निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् । सस्वरवाचन गर्दा विद्यार्थीले गरेका त्रुटिलाई सुधारका लागि थप अभ्यास गराउनुहोस् ।

३. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । उच्चारण अभ्यास शब्दको मात्र नगराई वाक्यांश, वाक्य तथा अनुच्छेद तहमा पनि गराउनुहोस् र विद्यार्थीले गरेका अंशुद्ध उच्चारण सच्याई शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् ।

४. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

५. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निर्दिष्ट निवेदनको संरचनाका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आयोजाना, फलदायी, स्वीकृतिपत्र, भ्रमण, तथ्य

३. शैक्षिक भ्रमण कार्यक्रम कति दिनको हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● शब्दभण्डार (पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान र प्रयोग) | ● पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती, वाक्यपत्ती, अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम शिक्षकले पर्यायवाची शब्द प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएका शब्द पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।

२. शब्दपत्तीको प्रयोग गरेर केही शब्द प्रस्तुत गर्नुहोस् । उक्त शब्दका पर्यायवाची शब्द के हुन सक्छन्, विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । विद्यार्थीले भनेका पर्यायवाची शब्द टिपोट गर्दै जानुहोस् । उपयुक्त पर्यायवाची शब्द भन्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् । पर्यायवाची शब्द शिक्षणका क्रममा विद्यार्थीलाई शब्दकोशको उपयोग पनि गराउनुहोस् । आवश्यकताअनुसार वाक्यमा प्रयोग गरेर पनि धारण प्रस्ट पारिदिनुहोस् ।

३. पर्यायवाची शब्दका मिलेका र नमिलेका जोडी शब्द प्रस्तुत गर्नुहोस् । जस्तैः

| | | | | |
|---|---|---|---|---|
| मान्छे | पत्र | शक्ति | साथी | हर्ष |
| मानव | पात | भात | मित्र | दुःख |

४.विद्यार्थीलाई जोडी शब्दमा पर्यायवाची शब्द मिलेका र नमिलेका पहिचान गरी सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ र २ गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । सही उत्तर प्रस्तुत गर्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् ।

६. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. यस क्रममा शिक्षकले पर्यायवाची शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सक्नुहुने छ ।

८. शिक्षकले विपरीतार्थी शब्द प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएका शब्द पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।

९. शब्दपत्तीको प्रयोग गरेर केही शब्द प्रस्तुत गर्नुहोस् । उक्त शब्दका विपरीताथी शब्द के हुन सक्छन्, विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । विद्यार्थीले भनेका विपरीतार्थी शब्द टिपोट गर्दै जानुहोस् । उपयुक्त विपरीतार्थी शब्द भन्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् । विपरीतार्थी शब्द शिक्षणका क्रममा विद्यार्थीलाई शब्दकोशको उपयोग पनि गराउनुहोस् । आवश्यकताअनुसार वाक्यमा प्रयोग गरेर पनि धारण प्रस्ट पारिदिनुहोस् ।

१०. विपरीतार्थी शब्दका मिलेका र नमिलेका जोडी शब्द प्रस्तुत गर्नुहोस् । जस्तैः

| | | | | |
|---|---|---|---|---|
| ज्ञात | साधु | जाडो | एक | जित |
| अज्ञात | मित्र | गर्मी | अनेक | विजय |

११.विद्यार्थीलाई जोडी शब्दमा विपरीतार्थी शब्द मिलेका र नमिलेका पहिचान गरी सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

१२. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई पाठको शब्दभण्डार खण्डको अभ्यास ३ गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । सही उत्तर प्रस्तुत गर्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् । विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१३. विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् । विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१४. यस क्रममा शिक्षकले विपरीतार्थी शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सक्नुहुने छ ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई दश दशओटा पर्यायवाची र विपरितार्थी शब्द टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले गरेको समूह कार्य अवलोकन गरी आवश्यकताअनुसार सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. तलका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् ।

इसारा, पृथ्वी, नयन, भवन, आमा

२. तलका शब्दको विपरीतार्थी शब्द लेख्नुहोस् ।

शिर, मिठो, घाम, पक्ष, स्वदेश

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|

| | | |
|---|---|---|
| ● ठिक बेठिक पहिचान<br>● बोध प्रश्नोत्तर<br>● निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्षहरू | ● ठिक बेठिक पहिचान गर्न<br>● बोध प्रश्नोत्तर गर्न<br>● निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्ष पहिचान गर्न | ● प्रश्नसूची , नमुना उत्तर, फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै चड्किला सुनाएर कक्षामा ध्यानाकर्षण गर्नुहोस् । विद्यार्थीलाई पनि त्यस्तै चुड्किला सुनाउन प्रेरित गर्नुहोस् । चुड्किला सुनाइसकेपछि कक्षमा सबैलाई ताली बजाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठको बोध र अभिव्यक्ति खण्डको प्रश्न १ मा रहेका ठिक बेठिक छुट्याउने प्रश्न प्रस्तुत गर्नुहोस् । उक्त प्रश्नका उत्तर पहिचान गरी विद्यार्थीलाई लेख्न निर्देश गर्नुहोस् । उत्तर लेखिसकेपछि क्रमैसँग विद्यार्थीलाई उत्तर भन्ने अवसर दिनुहोस् । विद्यार्थीले सही उत्तर भन्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् ।

२. अभ्यासमा दिइएका जस्तै ठिक बेठिक छुट्याउने अन्य प्रश्न पनि निर्माण गरी आवश्यक छलफल गराउनुहोस् ।

३. बोध अभिव्यक्तिको २ मा दिइएका र अन्य त्यस्तै प्रकृतिका प्रश्न शिक्षकले पाठबाट निर्माण गरी प्रश्नसूची फलाटिन पाटीमा टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीका क्षमताका आधारमा फरक फरक क्षमता भएका विद्यार्थीलाई उत्तर भन्ने अवसर दिनुहोस् । विद्यार्थीले भनेका उत्तर सुनी आवश्यक परिमार्जन र सिकाइ गर्नुहोस् । शिक्षकले तयार गरेका केही नमुना उत्तर पनि प्रदर्शन गर्नुहोस् ।

४. शिक्षकले तयार गरेका विविध विषयसँग सम्बन्धित निवेदन फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएको निवेदन सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई उक्त निवेदनमा मिति, सम्बोधन, कार्यालय वा संस्था, ठेगाना, विषय, पुनः सम्बोधन, विषयवस्तु खुलस्त पार्ने कुरा, भवदीय, हस्ताक्षर आदि कुरा पहिचान गर्न निर्देश गर्नुहोस् ।

५. विद्यार्थीलाई पाठमा दिइएको निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्ष मनमनै पढ्न निर्देशन दिनुहोस् ।

६. अभ्यासमा दिइएका प्रश्नसूची प्रस्तुत गर्नुहोस् । विद्यार्थीले उत्तर भन्न सके नसकेको पहिचान गरी आवश्यक सिकाइ गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध अभिव्यक्तिको अभ्यास २ मा लेखिएका उत्तर साटासाट गरेर हेर्न निर्देश गर्नुहोस् । उनीहरूलाई एकआपसमा छलफल पनि गराउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१.बोध अभिव्यक्तिको अभ्यास २ र ३ मा आधारित भएर विद्यार्थीले कापीमा लेखेका उत्तर जाँची मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निवेदन लेखन | • निवेदन लेख्न | • फलाटिन पाटी, निवेदनका विषयको सूची, निवेदनको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले तयार गरेको कुनै विषयसँग सम्बन्धित निवेदन फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएको निबन्धलाई नमुनाका रूपमा लिन सक्नुहुने छ ।

श्रीमान् प्रधानाध्यापक, मिति २०७८/१२/२०

श्री महाँकाल जनजागृत माध्यमिक विद्यालय

बुढानीलकण्ठ, ८, गोल्फुटार काठमाडौँ ।

विषय : बिरुवा उपलब्ध गराइदिनुहुन ।

महोदय,

उपर्युक्त सम्बन्धमा हामी कक्षा ६ का विद्यार्थीहरूले विद्यालयको खेलमैदान छेउमा फूलबारी निर्माण गर्ने कार्यक्रम आयोजना गरेका छौँ । फूलबारी निर्माणले विद्यालयको वातावरण हराभरा र सुन्दर हुने कुरामा कुनै दुईमत हुनै सक्दैन । विद्यालयमा सुन्दर वाटिका निर्माण गरी आगन्तुक पाहुनालाई विद्यालयको सौन्दर्य प्रस्तुत गर्न पाउँदा हामी सबैमा पक्कै खुसी मिल्नेछ । यस कार्यमा हामीले आआफ्नो घरमा भएका केही बिरुवाहरू ल्याउने छौँ । हामीले ल्याएका बिरुवाले मात्र वाटिका निर्माणमा अपुग हुने देखियो । यसका

लागि फरक फरक प्रकृतिका फूलका बिरुवा उपलब्ध गराई आवश्यक सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ ।

निवेदक

कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरू

श्री महाँकाल जनजागृत माध्यमिक विद्यालय

बुढानीलकण्ठ ८, गोल्फुटार काठमाडौँ ।

२. सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गरी कुनै विद्यार्थीलाई प्रस्तुत गरिएको निवेदन सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

३. कक्षामा विद्यार्थीको सङ्ख्याका आधारमा विद्याथीलाई विभिन्न चार समूहामा विभाजन गर्नुहोस् ।

४. शिक्षकले निवेदन रचनाका लागि केही विषयहरू प्रस्तुत गर्नुहोस् ।

जस्तै :

- छात्रवृत्तिका लागि निवेदन
- खेलकुद कार्यक्रम आयोजनाका लागि निवेदन
- पुस्तकालयमा बालपत्तीका उपलब्ध गराइदिनका लागि निवेदन
- विद्यालयमा फूलबारी निर्माणका लागि निवेदन

५. उल्लिखित शीर्षक गोलाप्रथाका माध्यमबाट विभिन्न समूहलाई उपलब्ध गराउनुहोस् । आफ्नो समूहलाई परेको शीर्षकमा आधारित भएर समूहमा छलफल गरी निवेदन लेख्न निर्देशन दिनुहोस् । निवेदन लेखिसकेपछि उक्त निवेदनलाई फलाटिन पाटीमा टाँसी हरेक समूहको टोली नेतालाई सबैले सुन्ने गरी निवेदन पढेर सुनाउन लगाउनुहोस् । निवेदन सुनाइसकेपछि सबैलाई ताली बजाउन लगाउनुहोस् । अन्य समूहलाई कस्तो लाग्यो प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतिपछि शिक्षकले समूह कार्यको मूल्याङ्कन गरी कुन समूहले राम्रो गरेको हो, मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध अभिव्यक्ति अभ्यासको प्रश्न ४ गर्न निर्देश गर्नुहोस् । उनीहरूले लेखेको निवेदन एक आपसमा साटासाट गरेर हेर्न लगाई सहपाठी सिकाइ गराउनुहोस् । केही विद्यार्थीलाई वाचन गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**(घ) मूल्याङ्कन**

१. विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्न अनुरोध गर्दै प्रधानध्यापकलाई निवेदन लेख्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● प्रश्न निर्माण | ● प्रश्न निर्माण गर्न | ● प्रश्न निर्माणका लागि अनुच्छेद, नमुना प्रश्नसूची, फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले कुनै अनुच्छेद फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको अनुच्छेद कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । उक्त अनुच्छेदबाट कस्ता प्रश्न रचना गर्न सकिन्छ, विद्यार्थीलाई सोच्न भन्दै प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीले रचना गरेका प्रश्न पालैपालो भन्न लगाउनुहोस् । कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीले रचना गरेर भनेका प्रश्नहरू शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । विद्यार्थीले रचना गरेका प्रश्न कस्ता भए, आवश्यक छलफल गराउनुहोस् । आवश्यकताअनुसार संशोधन गरी शिक्षकले पनि प्रश्न थपी प्रश्नसूची तयार गर्नुहोस् ।

३. के, किन, कहिले, कसरी आदि प्रकृतिका पश्न निर्माण गर्न सकिने पक्षका बारेमा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

४. टिपोट गरिएका प्रश्नको उत्तर अनुच्छेदबाटै खोजेर भन्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । यस क्रममा प्रश्नसूचीबाट कुनै एउटा प्रश्न छानेर कुनै विद्यार्थीलाई सोध्न लगाउनुहोस् र अन्य कुनै विद्यार्थीलाई उक्त प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई बोध अभिव्यक्तिको प्रश्न ५ मा दिइएको सूचना मनमनै पढेर पाँचओटा प्रश्न रचना गर्न निर्देश गर्नुहोस् । रचना गरिएका प्रश्न पालैपालो विद्यार्थीलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । आवश्यक संशोधन गरेर शिक्षकले शैक्षणिक पाटीमा टिपोट पनि गर्नुहोस् । टिपिएका प्रश्नहरूको उत्तर भन्न पनि विद्यार्थीलाई प्रेरित गर्नुहोस् । प्रश्न रचना गरेकामा विद्यार्थीलाई स्याबासी दिई ताली बजाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई पढिसकेका पाठको फरक फरक अनुच्छेद दिई प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । उनीहरूको समूह कार्यको

सहभागिता अवलोकन गर्नुहोस् । सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले बोध अभिव्यक्तिको प्रश्न ५ मा आधारित भएर रचना गरेका प्रश्न जाँची मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## छैटौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समवेदना<br>• भाषिक प्रकार्य (सहानुभूति) | • समवेदनाको नमुना तयार गर्न<br>• सहानसभूतिको भाषिक अभिव्यक्ति प्रस्तुत गर्न | • समवेदना र सहानुभूतिको नमुना, पत्रपत्तीका फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले समवेदना प्रकट गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि ध्यान केन्द्रित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले आफूले तयार गरेको कुनै समवेदनाको नमुना फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई उक्त समवेदना सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । कुनै व्यक्तिको निधनप्रति दुःख व्यक्त गर्दै समवेदना लेखिने कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस्

२. विद्यार्थीलाई शिक्षकले लगेका पत्रपत्रिका बाँड्नुहोस् । क्रियाकलाप १ मा छलफल गरे जस्तै पत्रिकाबाट समवेदना पहिचान गर्न निर्देश गर्नुहोस् । उनीहरूले पत्रिकाबाट पहिचान गरेका समवेदना पढेर सुनाउन लगाउनुहोस् ।। कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् ।

३. विद्यार्थीलाई बोध अभिव्यक्तिको प्रश्न ६ पढ्न निर्देश गर्नुहोस् । समवेदनाको संरचना र समवेदनामा प्रयोग गरिने भाषाको बारेमा हेक्का राख्न निर्देश गर्नुहोस् । पढिसकेपछि सोही अनुसार समवेदना तयार गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले तयार गरेका समवेदना फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्न लगाउनुहोस् ।

४. विद्यार्थीसँग सहानुभूतिसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । विद्यार्थीलाई विभिन्न भूमिकामा बाँड्नुहोस् । जस्तै :

**सहानुभूति :**

मनिका : अर्जुन, के भयो तिमीलाई ? तिमी निकै उदास देखिन्छौ नि ।

राजपाल : हैन, केही भएको छैन ।

मनिका : केही त पक्कै भएको छ । तिम्रो अनुहारले नै केही भए जस्तो लाग्छ । एकदम दु:खी देखिएको छौ ।

राजपाल : हेर न, पहिलो त्रैमासिक परीक्षामा मेरो नेपालीको जाँच बिग्रियो । व्याकरणमा राम्रो गर्न नै सकिन ।

मनिका : ओहो ! दु: ख लाग्यो । तर अहिले नै आत्तिनु पर्दैन । अहिलेदेखि नै मिहिनेत गरेर तिमीले दोस्रो त्रैमासिक परीक्षामा राम्रो गर्न सक्छौ ।

राजपाल : अब मिहिनेत गरेर पढ्नुपर्ला । अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छु ।

५. विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । अभ्यास ७ को प्रश्नमा आधारित छलफल गर्नुहोस् । हरेक समूहलाई एउटा एउटा कारण दिनुहोस् । समूहमा आपसमा छलफल गरेर प्रस्तुतिका लागि तयार रहन निर्देशन दिनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहयोग गर्नुहोस् । उनीहरूको तयारी सकिएपछि हरेक समूहबाट भूमिका निर्वाह गरी प्रस्तुत गर्न लगाउनुहोस् । समूहको प्रस्तुति अवलोकन गरी अन्य समूहलाई कस्तो लाग्यो, छलफल गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिँदै ताली बजाएर धन्यवाद ज्ञापन गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै विषय दिई सहानुभूतिको भाव प्रस्तुत हुने संवाद लेख्न लगाउनुहोस् । उनीहरूले लेखेको संवाद आपसमा साटासाट गरेर सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले लेखेको समवेदना जाँची आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियायोगी<br>• नामयोगी | • क्रियायोगी शब्द पहिचान र प्रयोग गर्न<br>• नमयोगी शब्द पहिचान र प्रयोग गर्न | • शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई तलका जस्तै रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) भन्दा छ गन्दा सात के हो ? (उत्तर : छ)

(ख) हिँड्दै छ, पाइला मेट्दै छ, के हो ? (उत्तर : डुङ्गा)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले केही वाक्यपत्ती फलाटिन पाटीमा टाँसी देखाउनुहोस् ।

जस्तै : गोपाल मस्त सुत्छ ।

फुलदेनले टुलुटुलु हेर्‍यो ।

सुजाता धुरुधुरु रुन्छे ।

२. उल्लिखित वाक्यमा मस्त, टुलुटुलु, धुरुधुर जस्ता शब्द गोपाल, फुलदेन, सुजाता जस्ता नाम शब्दसँग बढी सम्बन्धित छन् ? कि सुत्छ, हेर्‍यो, रुन्छ जस्ता क्रियापदसँग बढी सम्बन्धित छन् भनी विद्यार्थीलाई सोध्नुहोस् । आवश्यकताअनुसार यस्तै प्रकृतिका वाक्य निर्माण गरी विद्यार्थीलाई सोध्नुहोस् । उल्लिखित वाक्यमा मस्त, टुलुटुलु, धुरुधुरु शब्दले क्रियापदको विशेषता जाहेर गरेको कुरा प्रस्ट पार्नुहोस् ।

३. क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । रीति, परिमाण, आवृत्ति आदि विशेषता र काल, स्थान, हेतु, परिणम, प्रयोजन, शर्त, स्थिति आदि परिवेश बुझिने शब्द क्रियायोगी हुन्, भन्ने कुरामा हेक्का राख्नुहोस् ।

४. शिक्षकले क्रियायोगी शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर क्रियायोगी शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्द शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यासको प्रश्न १ गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका उत्तर भन्न लगाउनुहोस् । कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीका उत्तरलाई आवश्यकताअनुसार संशोधन गरी थप सिकाइ गर्नुहोस् ।

६. शिक्षकले फलाटिन पाटीमा टाँसेर तथा सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गरेर केही वाक्य प्रस्तुत गर्नुहोस् । जस्तै :

- केशव खोला**तिर** जान्छ ।
- कर्ण म**सँग** बस्छ ।
- तिमी**सित** कलम छ ।

७. उल्लिखित वाक्यमा तिर, सँग, सित जस्ता शब्दमा फरक रङ भर्नुहोस् । उक्त शब्दले नाम वा नामस्थानिक शब्दसँग विभिन्न किसिमको अर्थगत सम्बन्ध जनाउने कार्य गरेको कुरा प्रस्ट पार्नुहोस् ।

८. शिक्षकले नामयोगी शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर नामयोगी शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्द शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यासको प्रश्न २ गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका उत्तर भन्न लगाउनुहोस् । कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीका उत्तरलाई आवश्यकताअनुसार संशोधन गरी थप सिकाइ गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. क्रियायोगी र नामयोगी शब्द प्रयोग भएको अनुच्छेद फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । विद्यार्थीलाई सहपाठी सिकाइ गर्न लगाउनुहोस् । आपसमा छलफल गरी उक्त अनुच्छेदबाट क्रियायोगी र नामयोगी शब्द पहिचान गरी टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्द भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्द शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यासको प्रश्न ३ गर्न लगाउनुहोस् र आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास<br>( हलन्त र अजन्त ) | • हलन्त र अजन्त प्रयोग हुने शब्द पहिचान र प्रयोग गर्न | • शब्दपत्ती, फलाटिन पाटी, वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले हलन्त र अजन्तको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर हलन्त र अजन्तको उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. हलन्त र अजन्त प्रयोग हुने शब्दपत्ती फलाटिन पाटीमा टाँस्नुहोस् । हलन्त लेखिने शब्द र हलन्त उच्चारण भएर पनि अजन्त लेखिने शब्दलाई उदाहरण दिई प्रस्ट पार्नुहोस् ।

जस्तैः हलन्त लेखिने शब्द : झन्, गर्छन्, पढिन्, अकस्मात्, जगत्, भविष्यत् ....।

हलन्त उच्चारण भएर पनि अजन्त लेखिने शब्द : पात, कपाल, किताब, असल, काम, हलचल.....।

३. उल्लिखित प्रकृतिका विविध शब्दलाई वाक्यगत तहमा समेत प्रयोग गरेर विद्यार्थीको धारण प्रस्ट पार्नुहोस् ।

४. शिक्षकले शैक्षणिक पाटीमा हलनत र अजन्तको प्रयोग मिलेका र नमिलेका शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर शब्द लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले शैक्षणिक पाटीमा हलन्त र अजन्तको प्रयोग नमिलेका शब्द लेख्नुहोस् । छलफलका आधारमा ती शब्दको शुद्ध रूप पत्ता लगाउन निर्देशन गर्नुहोस् ।

६. शिक्षकले हलनत र अजन्तको प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई हलन्त र अजन्तको प्रयोग भएका शब्द छुट्टाछुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

७. शिक्षकले हलन्त र अजन्तको शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

८. शब्दपत्तीको प्रयोग गरेर हलन्त र अजन्तको प्रयोग हुने शब्दको अवधारणाबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

९. हलन्त र अजन्तको प्रयोगसम्बन्धी प्रतियोगितात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठबाट हलन्त र अजन्तको प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गराउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यासको प्रश्न ४ र ५ गर्न लगाउनुहोस् र विद्यार्थीका कापी जाँची आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सुनाइ पाठ ११<br>● सिर्जना/परियोजना | ● विषयवस्तुको सुनाइ र बोध गर्न<br>● विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>● निमन्त्रणा पत्र रचना गर्न<br>● सिर्जना परियोजना गर्न | ● सुनाइ पाठ, निमन्त्रणा पत्रका नमुना, प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निमन्त्रणाका विभिन्न पत्र फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रदर्शन गरिएका निमन्त्रण पत्र सबैले सुन्ने गरी कुनै विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीसँग आवश्यक छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ११ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

४. शिक्षकले सुनाइ बोलाइ सम्बन्धी अभ्यास २ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

५. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न १ को वादविवाद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भएर छलफल गर्न लगाउनुहोस् । विद्यार्थीले सोधखोज गरे अनुसार आवश्यक विषयवस्तु सहजीकरण गरिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको सहायताले विषयवस्तुको थप जानकारी प्रदान गर्नुहोस् । विद्यार्थीलाई

समूहमा छलफल गरी विवाहको निमन्त्रण पत्र तयार पार्न निर्देशन दिनुहोस् । समूहले तयार पारेको निमन्त्रणा पत्र फलाटिन पाटीमा टाँसी समूह नेतालाई सुनाउन लगाउनुहोस् । विद्यार्थीले पालैपालो सुनाएको निमन्त्रणा पत्र एक अर्कालाई कस्तो लाग्यो छलफल गर्न लगाउनुहोस् । विद्यार्थीको प्रस्तुतिका लागि स्याबासी दिँदै आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(घ) मूल्याङ्कन

१. विवाहको निमन्त्रणा पत्र तयार गर्न लगाई आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सिर्जना/परियोजना | ● निवेदन रचना गर्न | ● निवेदनका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. अगिल्लो दिन सिर्जना परियोजनाको १ को निवेदन रचना गर्न दिइएको अभ्यास केही विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीका क्षमताका आधारमा फरक फरक क्षमता भएका विद्यार्थीलाई निवेदन सुनाउने अवसर दिनुहोस् । विद्यार्थीले वाचन गरेको निवेदन सुनी आवश्यक परिमार्जन र सिकाइ गर्नुहोस् । विद्यार्थीले आफूले रचना गरेको निवेदन सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । प्रस्तुतिका बारेमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण र सिकाइ गर्नुहोस् ।

२. अगिल्लो दिन सिर्जना परियोजनाको २ को निवेदन रचना गर्न दिइएको अभ्यास केही विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । निवेदन सुनाउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेको निवेदन सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । प्रस्तुतिका बारेमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण र सिकाइ गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई शिक्षकले इमेलका सम्बन्धमा पनि जानकारी गराउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

इलेक्ट्रोनिक मेल वा इमेल इन्टरनेटको सबैभन्दा बढी प्रयोग हुने सेवा मध्येको एक हो । यो सेवा प्रयोग गरेर इमेल ठेगाना भएका व्यक्तिबिच आपसमा विद्युतीय माध्यमबाट पत्राचार गर्न सकिन्छ । यो सेवा हुलाक चिठी जस्तै हो, तर यसको गति धेरै नै छिटो हुन्छ । यसबाट विद्युतीय रूपमा सन्देशहरू पठाइने हुँदा, भौतिक रूपमा पाउनको लागि मुद्रण गर्नुपर्ने हुन्छ । मुख्यतः सन्देश टाइप गरिएका अक्षर, चित्र, श्रवण सामग्री, चलचित्र आदि हुन सक्छन् । यो सेवा धेरै जसो निःशुल्क हुन्छ । इमेल प्रयोग गर्न कम्प्युटर, इन्टरनेट र इमेल आदिको पहुँच हुनुपर्छ । कम्प्युटरको विकल्पमा मोबाइलबाट पनि इमेल सेवा प्रयोग गर्न सकिन्छ ।

४.सूचना प्रविधिको विकासले इमेल पनि अहिले पत्राचारको प्रमुख माध्यम भएको कुरामा छलफल गर्दै इमेल गर्ने तरिकाका सम्बन्धमा देहायअनुसारको जानकारी विद्यार्थीलाई प्रदान गर्नुहोस् :

- इमेल खाता खोल्ने
- आफ्नो इमेल खाता लग इन गर्ने
- इमेल प्राप्त गर्ने व्यक्तिको इमेल खाता/इमेल ठेगाना लेख्ने
- इमेल गर्ने विषय लेख्ने
- इमेलमा लेख्नुपर्ने विषयसँग सम्बन्धित सम्पूर्ण कुराहरू (चिठीको पेटबोलिमा लेखिने सबै कुराहरू) लेख्ने
- इमेल पठाउने

**(ग) सबलीकरण क्रियाकलाप**

१.विद्यार्थीले रचना गरेका निवेदन एकआपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कुन विद्यार्थीलाई कसको निवेदन मन पऱ्यो र उक्त निवेदनको ढाँचा मिले नमिलेको, विषयवस्तु खुलस्त भए नभएको अक्षर राम्रा र शुद्ध भए नभएको आदि विविध पक्षमा विद्यार्थीलाई प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण पनि दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सिर्जना परियोजना अभ्यास १ र २ मा लेखेका निवेदनको मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाठ : १२**
**शीर्षक : थोमस एल्भा एडिसन**
**विधा : जीवनी**
**कार्यघण्टा : १०**

'थोमस एल्भा एडिसन' जीवनी हो । जीवनी शिक्षणको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो । तसर्थ जीवनी शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा मुख्य मुख्य विषय वा तथ्यबोध, घटनाक्रम पहिचान र प्रस्तुति, व्यक्तिवृत्त वर्णन, श्रुति वर्णन, प्रश्नोत्तर, छलफल र अनुमान, धारणा निर्माण र प्रस्तुतिजस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन, मौन पठन र छलफल, संरचना पहिचान, घटनाक्रम पहिचान, प्रेरणा ग्रहण र लक्ष्य निर्धारण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत घटनाक्रम मिलान, प्रश्नोत्तर, प्रश्न निर्माण तथा व्याख्या, व्यक्तित्वमा आधारित भई लिखित मूल्याङ्कन, अनुकरणात्मक जीवनी लेखन, बुँदा टिपोट सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत आगन्तुक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत संयोजकको पहिचान र प्रयोग, विस्मयादिबोधकको पहिचान र प्रयोग, निपातको पहिचान र प्रयोग, उपसर्गद्वारा शब्द निर्माण (अ, प्र, उप, अन, आ, अति, बे) का क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत (चन्द्रबिन्दु) को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा विश्वास, अविश्वाससम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्दिष्ट जीवनी लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १२ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• पठनबोध<br>(अनुच्छेद १ र २)<br>• शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र, थोमस एल्भा एडिसनको चित्र, शब्दपत्ती, अर्थपत्ती शब्दकोश, वाक्यपत्ती, प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै अन्तर्राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महत्त्वपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । चित्रमा प्रस्तुत गरिएका आविष्कार र आविष्कारका नामबिच जोडा मिलाउन लगाउनुहोस् । विद्यार्थीले टिपोट गर्न छुटेका महत्त्वपूर्ण विषयवस्तु भनिदिनुहोस् र समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका आविष्कार र आविष्कारका वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई थोमस एल्भा एडिसनको फोटो र सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

४. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोर्‍याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

५. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

६. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

७. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

८. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कुशाग्र, जिज्ञासु, प्रेरित, उत्सुकता

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) थोमस एल्भा एडिसनको जन्म कहाँ भएको हो ?

(ख) थोमस एल्भा एडिसनको बाल्यकाल कसरी बित्यो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • पठनबोध<br>(अनुच्छेद ३, ४ र ५)<br>• शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • थोमस एल्भा एडिसनको चित्र<br>शब्दपत्ती, अर्थपत्ती शब्दकोश<br>वाक्यपत्ती, प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

३. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

४. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

५. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित छोटा बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्राप्त उत्तरको पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निर्दिष्ट पाठका मुख्य मुख्य विषयवस्तु समूहमा टिपोट गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आविष्कार, प्रविधि, सिद्धहस्त, सफल.....

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) थोमस एल्भा एडिसन कति वर्ष टेलिग्राफ अपरेटरको काम गरे ?

(ख) थोमस एल्भा एडिसनलाई चर्चित बनाउने मुख्य आविष्कार कुन हो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पठनबोध (अनुच्छेद ६ र ७) <br> • शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग) <br> • बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न <br> • पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न <br> • बोधात्मक प्रश्नोत्तर गर्न | • थोमस एल्भा एडिसनको चित्र, शब्दपत्ती, अर्थपत्ती शब्दकोश, वाक्यपत्ती, जीवनीका मुख्य मुख्य विषयवस्तुका बुँदा, प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

३. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

४. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

५. विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. निर्दिष्ट पाठाको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई जीवनीका निर्दिष्ट अनुच्छेद वाचन गरेर सुनाउन लगाउनुहोस् । अरूले त्यसबाट के कति बोध गरे छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१ विद्यार्थीलाई निर्दिष्ट पाठको कुनै अनुच्छेद वाचन गर्न लगाएर गति यति मिलाएर वाचन गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

२. निर्दिष्ट पाठबाट विभिन्न प्रश्न सोधी जीवनीको भाव बोध र उत्प्रेरणा प्राप्त भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## चौथो दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>(टुक्काको पहिचान र प्रयोग ) | • शब्दको अर्थबोध गर्न<br>• पद र पदावलीको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती |

| | | |
|---|---|---|
| | ● अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

३. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी शब्द र तिनका स्रोतबिच जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : **कोट - अङ्ग्रेजी, घले - गुरुङ आदि**

६. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा शब्द र तिनका स्रोतबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा पाठमा प्रयोग भएका **अङ्ग्रेजी** भाषाबाट आएका शब्द खोजेर लेख्न निर्देशन दिनुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा दिइएका शब्द र तिनको अर्थ पढी तिनलाई वाक्य बनाउन निर्देशन दिनुहोस् ।

१०. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ र २ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ को जस्तै अनुकरणात्मक शब्द खोजेर लेख्ने थप अभ्यास गर्न लगाउनुहोस् ।

३. आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई दिइएका टुक्कालाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

हात हाल्नु, मास छर्न जानु, नाक काट्नु, कान समात्नु

२. विद्यार्थीलाई अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कलकल, खलखली, झलमल्ल, दरदर

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• ठिक बेठिक<br>• प्रश्नोत्तर लेखन | • घटनाक्रम मिलान गर्न<br>• ठिक बेठिक छुट्याउन<br>• पाठका आधारमा प्रश्नको उत्तर लेख्न | • घटनाक्रमका बुँदा, ठिक बेठिक नमुना, प्रश्नोत्तर नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा पाठका आधारमा दिइएका मिति र घटनाको जोडा मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला जोडा मिलाउने समूहलाई प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

२. ठिक बेठिक उत्तर लेख्ने प्रश्नका वाक्य प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीहरूमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

३. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

४. लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले लेखेका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोधी मौखिक तथा लिखित रूपमा उत्तर दिन लगाउनुहोस् ।

(क) थोमस एल्भा एडिसनको बाल्यकाल कस्तो थियो ?

(ख) थोमस एल्भा एडिसनले वैज्ञानिक आविष्कार गर्ने सन्दर्भमा गरेका महत्त्वपूर्ण कामलाई क्रमैसँग लेख्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (विश्वास अविश्वास) | • प्रश्न निर्माण गर्न<br>• (विश्वास अविश्वास) विषयमा आधारित भाषिक अभिव्यक्ति दिन | • प्रश्न निर्माणका लागि अनुच्छेद, नमुनाप्रश्नसूची, फलाटिन पाटी<br>• भाषिक अभिव्यक्तिको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले कुनै अनुच्छेद फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको अनुच्छेद कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । उक्त अनुच्छेदबाट कस्ता प्रश्न रचना गर्न सकिन्छ, विद्यार्थीलाई सोच्न भन्दै प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीले रचना गरेका प्रश्न पालैपालो भन्न लगाउनुहोस् । कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीले रचना गरेर भनेका प्रश्न शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । विद्यार्थीले रचना गरेका प्रश्न के कस्ता भए, आवश्यका छलफल गराउनुहोस् । आवश्यकताअनुसार संशोधन गरी शिक्षकले पनि प्रश्न थपी प्रश्नसूची तयार गर्नुहोस् ।

३. के, किन, कहिले, कसरी आदि प्रकृतिका प्रश्न निर्माण गर्न सकिने पक्षहरूका बारेमा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

४.टिपोट गरिएका प्रश्नहरूको उत्तर अनुच्छेदबाटै खोजेर भन्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । यस क्रममा प्रश्नसूचीबाट कुनै एउटा प्रश्न छानेर कुनै विद्यार्थीलाई सोध्न लगाउनुहोस् र अन्य कुनै विद्यार्थीलाई उक्त प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई बोध अभिव्यक्तिको प्रश्न ७ मा दिइएको सूचना मनमनै पढेर चारओटा प्रश्न रचना गर्न निर्देश गर्नुहोस् । रचना गरिएका प्रश्न पालैपालो विद्यार्थीलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । आवश्यक संशोधन गरेर शिक्षकले शैक्षणिक पाटीमा टिपोट पनि गर्नुहोस् । टिपिएका प्रश्नको उत्तर भन्न पनि विद्यार्थीलाई प्रेरित गर्नुहोस् । प्रश्न रचना गरेकामा विद्यार्थीलाई स्याबासी दिई ताली बजाउन लगाउनुहोस् ।

६. विद्यार्थीसँग विश्वास अविश्वाससम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । विद्यार्थीलाई विभिन्न भूमिकामा बाँड्नुहोस् । तपाइँ कस्ता व्यक्तिलाई विश्वास र कस्ता व्यक्तिलाई अविश्वास गर्नुहुन्छ भनी दुई छोटा अनुच्छेदमा लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले रचना गरेका अनुच्छेद पालैपालो प्रस्तुत गर्न लगाउनुहोस्  शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई पढिसकेका पाठको फरक फरक अनुच्छेद दिई प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । उनीहरूको समूह कार्यको सहभागिता अवलोकन गर्नुहोस् । सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् ।  आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले बोध अभिव्यक्तिको प्रश्न ७ मा आधारित भएर रचना गरेका प्रश्न जाँची मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● उपसर्गद्वारा शब्द निर्माण<br>● संयोजक<br>● विस्मयादिबोधक<br>● निपात | ● उपसर्ग लगाई शब्दनिर्माण गर्न<br>● संयोजक/विस्मयादिबोधक/निपात शब्द पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती<br>● संयोजक, विस्मयादिबोधक, निपात शब्दको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई तलका जस्तै रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) फुटेपछि मात्र काममा आउने के हो ? ( उत्तर : अन्डा )

(ख) म भन्दा जोडिने ऊ भन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएको अनुच्छेद पढ्न लगाउनुहोस् र रातो अक्षरका शब्दको बनोटका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शब्दका अगिल्तिर गाँसिने भाषिक एकाइ उपसर्गको धारणा बसाल्नुहोस् । उदाहरणमा दिइए जस्तै तल दिइएका शब्दको बनोट प्रक्रिया छुट्याउन निर्देशन दिनुहोस् । **जस्तै : प्रहार = प्र+हार**

२. विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएका उपससर्ग लगाई शब्द बनाउन सिकाउनुहोस् । जस्तै : उप+हार = उपहार, सु+मार्ग = सुमार्ग

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएका उपसर्ग लगाई शब्द बनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गनुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

५. शिक्षकले विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद पढ्न निर्देशन दिनुहोस् । उक्त अनुच्छेदमा रेखाङ्कन गरिएका, छड्के पारिएका र रातो अक्षरसहित रेखाङ्कन गरिएका शब्दमा विशेष ध्यान दिन लगाउनुहोस् । दिइएको अनुच्छेदमा छड्के पारिएका शब्द संयोजक हुन्, रेखाङ्कन गरिएका शब्द विस्मयादिबोधक हुन् र रातो अक्षरसहित रेखाङ्कन गरिएका शब्द विस्मयादिबोधक हुन् भन्ने कुरा जानकारी गराउनुहोस् ।

६. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास २ को अनुच्छेदबाट अभ्यास ३ को तालिकामा मिल्ने गरी शब्द टिप्न सिकाउनुहोस् । अरू दुई दुईओटा शब्द थप्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएका उपसर्ग लगाई शब्द बनाउन लगाउनुहोस् ।

२. अभ्यास २ को अनुच्छेदबाट अभ्यास ३ को तालिकामा मिल्ने गरी शब्द टिप्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ गर्न लगाउनुहोस् ।

२. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३ गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● संयोजक/विस्मयादिबोधक/निपात<br>● पदवर्ग<br>● वर्णविन्यास<br>(चन्द्रबिन्दुको प्रयोग) | ● संयोजक/विस्मयादिबोधक/निपातलाई वाक्यमा प्रयोग गर्न<br>● पदवर्ग छुट्याउन<br>● वर्णविन्यासको पहिचान र प्रयोग गर्न | ● शब्दपत्तीहरू<br>● पदवर्गसूची<br>● चन्द्रबिन्दु लागेका शब्दसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई केही रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा संयोजक/विस्मयादिबोधक/निपात शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

३. विद्यार्थी समूहलाई अभ्यास ५ का आधारमा पदवर्ग सूचीको प्रयोग गरी रेखाङ्कित पदको पदवर्ग छुट्याउन सिकाउनुहोस् ।

४. विद्यार्थी समूहलाई अभ्यास ५ का आधारमा रेखाङ्कित पदको पदवर्ग छुट्याउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले पदवर्ग छुट्याइसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

६. विद्यार्थी समूहलाई बोध र अभिव्यक्तिको अभ्यास ७ को अनुच्छेद पढेर चन्द्रबिन्दु लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले चन्द्रबिन्दु लागेका शब्दलाई वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । चन्द्रबिन्दु लागेका शब्दसूची प्रयोग गरी शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना समेत देखाउनुहोस् ।

८. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएका शब्दमा उचित ठाउँमा चन्द्रबिन्दु लगाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरिसकेपछि शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् । विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. पाठबाट संयोजक/विस्मयादिबोधक/निपात शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् ।

विद्यार्थीलाई आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ र ७ गर्न लगाउनुहोस् ।

२. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ र ६ गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सुनाइ पाठ १२ (छलफल, प्रश्नोत्तर र प्रस्तुति) | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न | • सुनाइ पाठ १२ को अडियो सामग्री ,प्रश्न पत्ती, छलफलका लागि बुँदा |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई तलका जस्तै गाउँखाने कथा सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् :

जस्तैः धार्नी न बिसौली दुई हातले उचाली के हो ? (उत्तर : टोपी)

तीन भाइको एउटै पगरी के हो ? (उत्तर : ओदान)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १२ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

२. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी ठिक बेठिक छुट्याउने अभ्यास गराउनुहोस् ।

३. शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास २ का प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

४. शिक्षकले विद्यार्थीलाई फ्लोरेन्स नाइटिङ्गेलको जीवनीबाट पाइने प्रेरणाबारे पालैपालो सोध्नुहोस् । विद्यार्थीको विचार प्रस्तुतिका लागि स्याबासी दिँदै आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थीलाई सुनाइ पाठ १२ को अभ्यास ४ का आधारमा सबैभन्दा महान व्यक्ति को होला ? देश विकासका लागि उनको योगदान कस्तो रहेको छ भनी प्रश्न गर्नुहोस् । विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यासमा आधारित भएर छलफल गर्न लगाउनुहोस् । विद्यार्थीले सोधखोज गरे अनुसार आवश्यक विषयवस्तु सहजीकरण गरिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको सहायताले विषयवस्तुको जानकारी प्रदान गर्नुहोस् । सोधखोज गरिएको विषयवस्तुका बारेमा बताउन विद्यार्थीलाई पालैपालो अवसर दिनुहोस् । विद्यार्थीले पालैपालो सुनाएको विषयवस्तु एकअर्कालाई कस्तो लाग्यो छलफल गर्न लगाउनुहोस् । विद्यार्थीको विचार प्रस्तुतिका लागि स्याबासी दिँदै आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. बालबालिकलाई देश विकासका लागि योगदान दिने व्यक्तिबारे बताउन लगाउनुहोस् ।

२. फ्लोरेन्स नाइटिङ्गेलको जीवनीबाट पाइने प्रेरणाबारे पालैपालो सोध्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना/परियोजना<br>निर्देशित र स्वतन्त्र जीवनी रचना | • निर्देशित जीवनी रचना गर्न<br>• स्वतन्त्र जीवनी रचना गर्न<br>• भविष्यको लक्ष्य बताउन | • जीवनीको नमुना, बुँदा, कसैको जीवनीसँग सम्बन्धित अडियो तथा भिडियो सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्देशित जीवनी रचनाका केही बुँदा प्रस्तुत गरी जीवनीको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी जीवनी पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. अगिल्लो दिन सिर्जना परियोजनाको १ को जीवनी रचना गर्न दिइएको अभ्यास केही विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेको जीवनी सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

३. विद्यार्थीलाई तपाईँ भविष्यमा के बन्न चाहनुहुन्छ भनी छलफल गराउनुहोस् । किन बन्न चाहेको हो लेख्न र प्रस्तुत गर्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना परियोजनाको अभ्यासको २ लेख्न निर्देश गर्नुहोस् । उनीहरूले लेखेको आपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कोही विद्यार्थीलाई वाचन गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सिर्जना परियोजना अभ्यास १ मा लेखेका जीवनीलाई मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका विचारलाई मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाठ : १३**
**शीर्षक : लाग्दछ मलाई रमाइलो**
**विधा : कविता**
**कार्यघण्टा : १०**

'लाग्दछ मलाई रमाइलो' प्रकृतिपरक कविता हो । कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा विषयवस्तुमा आधारित कुराकानी, लयबोध, छलफल र प्रश्नोत्तर, भाव पहिचान, विस्तार र अन्तरक्रिया, गद्यमा रूपान्तरण र अनुमान, कविता पूरण, अन्य कविताको श्रवण र भाव वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन, कविताको संरचना पहिचान र सन्दर्भ बोध, पाठको विषयवस्तु बोध तथा अन्य कविताको लयबद्ध वाचन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत अनुलेखन तथा श्रुतिलेखन, गद्य रूपान्तरण, प्रश्नोत्तर र भाव विस्तार सार लेखन, कविता पूरण, संरचनाको अनुकरण, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत समूहवाचक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत सङ्गति (लिङ्ग, वचन, आदर, पुरुष) को पहिचान र प्रयोग, प्रत्ययद्वारा शब्द निर्माण (अन्ते, आइ, उवा, ओट, इलो, न, ने, नु) का क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शिरबिन्दुको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा हेरचाह/संवर्धनसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत बालगीत वा बालकविता सिर्जना तथा वाचन तथा बाल्यकालको वर्णन गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• कविताको लयबद्ध पठन (श्लोक १-३)<br>• कविताको संरचना पहिचान<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• कवितालाई लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्वपठन खण्डका चित्र<br>• श्लोकपत्ती<br>• कविता वाचनको नमुना<br>• कविताका संरचनाको नमुना<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको निश्चित गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु सुनाएर विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका जानकी मन्दिर, कर्णाली पुल, मुस्ताङ, फेवाताल आदिको चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप लगाई थप छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको श्लोक १ देखि ३ सम्म गीति लयको नियमअनुसार प्रत्येक पङ्क्तिलाई विभिन्न लयमा लयबद्ध वाचन गरेर सुनाउनुहोस् । गीति लयको प्रत्येक पाउमा चारौँ अक्षरमा अर्ध विश्राम र सातौँ अक्षरमा पूर्ण विश्राम गरी वाचन गर्न सकिने कुरा ख्याल गर्नुहोस् ।

६. शिक्षकले पाठ्य कविता वाचनको नमुना मोबाइलमा रेकर्ड गरेर वा सामाजिक सञ्जाललाट डाउनलोड गरेर पनि सुनाउन वा देखाउन सक्नुहुने छ ।

७. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः वल्लो समूह र पल्लो समूह, बेन्च बेन्चको समूह, युगल र एकल गरी कविता वाचन अभ्यास गराउनुहोस् । यस क्रममा स्वयम् शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने र विद्यार्थी आफैँले गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

८. कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा याद गर्नुहोस् ।

९. कविताको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा गीति लयको प्रत्येक पाउमा चारौँ अक्षरमा अर्धविश्राम र सातौँ अक्षरमा पूर्ण विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

१०. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् । गीति लयको संरचना प्रायः ४+३=७ हुने कुरामा ख्याल गर्नुहोस् ।

११. विद्यार्थीलाई कविताका नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१२. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थसमेत भन्न लगाउनुहोस् ।

१३. पाठ्य कविताका आधारमा बोध र अभिव्यक्तिको अभ्यास ५ मा भएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् । जस्तै :

(क) कविलाई कुन ठाउँ रमाइलो लाग्छ ?

(ख) लेकमा कुन फूल फुलेको छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई कविताका श्लोक वाचन र संरचना पहिचान सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एक अर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई नेपालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाका चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पाखापखेरो, पँधेरो, लेक, जुनेली, ताँती

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कुन चराले पीरति बोल्छ ?

(ख) साथीले गाउँदागाउँदै कस्तो रात बिताउँछन् ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयवद्ध पठन (श्लोक ४-७)<br>• संरचना पहिचान (पुनरावृत्ति)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • कवितालाई लयवद्ध वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो/भिडियो<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविताको (श्लोक ४, ५, ६ र ७) गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा शिक्षकले क्रमिक सिकाइ रणनीतिलाई उपयोग गर्नुहोस् ।

२. शिक्षकले पाठ्य कविताको श्लोक ४ देखि ७ सम्म गीति लयको नियमानुसार प्रत्येक पङ्क्तिलाई विभिन्न लयमा लयबद्ध वाचन गरेर सुनाउनुहोस् । अगिल्लो कक्षामा सिकेको गीति लयको प्रत्येक पाउको चारौँ अक्षरमा अर्धविश्राम र सातौँ अक्षरमा पूर्ण विश्राम गरी विभिन्न लयमा वाचन गरिने तरिका पुनरावृत्ति गराउनुहोस् ।

३. शिक्षकले पाठ्य कविता वाचनको नमुना मोबाइलमा रेकर्ड गरेर वा सामाजिक सञ्जालबाट डाउनलोड गरेर पनि सुनाउन वा देखाउन सक्नुहुने छ ।

४. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने र विद्यार्थी स्वयम्ले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

५. विद्यार्थीलाई कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्न सिकाउनुहोस् । अक्षर गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा सिकाउनुहोस् । यस क्रममा पाठ्य कविताभन्दा बाहेकका गीति लयका श्लोकलाई समेत प्रयोग गर्न सक्नुहुने छ ।

६. गीति लयका कविताको थप सामग्रीको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा गीति लयको प्रत्येक पाउको चारौँ अक्षरमा अर्धविश्राम र सातौँ अक्षरमा पूर्ण विश्राम गरी विभिन्न लयमा कविता वाचन गराउनुहोस् ।

७. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी पाठ्य कविता संरचना/गीति लयको संरचनाबारे स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीलाई पाठ्य कविताका आधारमा अर्थबोध गर्न कठिन भएका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

९. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

१०. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) कविले हिमचुली कसरी सम्झन्छन् ?

(ख) प्रीतिको देश कहाँ छ ?

(ग) काली लेकलाई केले ताक्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई कविताबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

ढिका, बिरानु, कोमल, इन्द्रेनी

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) कुन मुलुकमा माया बस्दैन ?

(ख) मनमा घाम नलागे के हुन्छ ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शब्दभण्डार (समूहवाची शब्द)<br>● कविताको लयबद्ध पठन (पुनरावृत्ति) | ● समूहवाची शब्द पहिचान र प्रयोग गर्न<br>● कवितालाई लयवद्ध वाचन गर्न | ● शब्दपत्ती<br>● श्लोकपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्थाअनुसार समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका शब्दको शब्दपत्तीको नमुना प्रदर्शन गरी समूहवाची शब्द पहिचान गर्न सिकाउनुहोस् । जस्तै : **कमिलाको = ताँती, अङ्गुरको = झुप्पो**

३. विद्यार्थी समूहलाई सामूहिक छलफल गरी अभ्यास १ मा दिइएका समूहवाची शब्द लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे वा नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी सँगसँगै आउने शब्द लेख्न सिकाउनुहोस् । जस्तै : **पाखा - पाखापखेरो, खेत - खेतबारी**

६. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा सँगसँगै आउने शब्द लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

७. बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा विद्यार्थीलाई पालैपालो पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले कविता वाचन गर्न असमर्थ भएमा कविता वाचन गर्न सिपालु विद्यार्थीलाई नमुना वाचन गर्न लगाउनुहोस् ।

८. कविताका प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा गीति लयको प्रत्येक पाउको चारौँ अक्षरमा अर्धविश्राम र सातौँ अक्षरमा पूर्ण विश्राम गरी विभिन्न लयमा कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

९ विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

१०. बोध र अभिव्यक्ति खण्डको अभ्यास २ का आधारमा विद्यार्थीलाई पालैपालो दिइएका शब्द शुद्धोच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण गर्न सके नसकेको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ बाट समूहवाची शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा पालैपालो पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् र वाचन गरेको मिलेनमिलेको छलफल गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई समूहवाची शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| केरा | वर्ग |
| विद्यार्थी | घरी |
| फोहोर | बथान |
| बारुला | डङ्गुर |
| | गोलो |

२. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास २ का आधारमा थप अभ्यास गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविता पुरण<br>• कविताका पङ्क्तिको गद्य रूपान्तरण<br>• सङ्क्षिप्त उत्तर लेखन | • खाली ठाउँमा शब्द भरी कविता पुनर्लेखन गर्न<br>• कविताका पङ्क्तिको गद्यमा रूपान्तरण गर्न | • श्लोकपत्ती<br>• शब्दपत्ती<br>• प्रश्नोत्तरको नमुना |

| | | |
|---|---|---|
| | • पाठ्य कविताका आधारमा सङ्क्षिप्त उत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । **जस्तै : एउटा मान्छेले एउटा केटालाई देखाउँदै भन्यो, "ऊ मेरी श्रीमतीकी छोरीको बाबुको छोरा हो ।" उक्त केटा त्यो मान्छेको को पर्छ ?**

**उत्तर : छोरा** । यस क्रममा विद्यार्थीलाई पनि यस्तै प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कवितको दोस्रो र तेस्रो श्लोक गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

२. बोध र अभिव्यक्तिको अभ्यास २ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस् । जस्तै :

लेकै हेरूँ **लालीगुराँस** बेँसी हेरूँ प्याउली
पीरति बास्ने परेवा **विरह** बोल्ने न्याउली ।
**हिमाल** छुन्छ बेलुकी सप्तर्षिका **ताँतीले**
जुनेली **रात** बिताउँछन् **गाउँदागाउँदै** साथीले ।

३. शिक्षकले कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न सिकाउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् । कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरकका बारेमा छलफल गराउनुहोस् । जस्तै :

**कवितात्मक वाक्य :** (क) हिमाल छुन्छ बेलुकी सप्तर्षिका ताँतीले ।

**सामान्य वाक्य :** (क) बेलुकी सप्तर्षिका ताँतीले हिमाल छुन्छ ।

५. अभ्यास ४ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहका कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. कविताको पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न पाठ्य कविताबाट थप अभ्यास गराउनुहोस् ।

८. विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

९. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै

गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

सम्झन्छु म ..... आँसुको ढिका खसाली
......बिरानु मुलुकमा बस्दैन......बसाली ।
नौ ...... पारमा प्रीतिको .....छ मेरो
मनमा ..... नलागे संसारै सारा........।

२. कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् :
(क) दौडाई लान्छ मलाई यै बादलु छायाले
(ख) पार्दछ जहाँ इन्द्रेनी परेला भिज्ने मायाले ।
३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङक्षिप्त उत्तर लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. कविताको तेस्रो श्लोकलाई गद्यमा लेख्न लगाउनुहोस् ।
**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताका प्रत्येक श्लोकको भावार्थ<br>• अनुलेखन तथा श्रुतिलेखन | • कविताका प्रत्येक श्लोकको भावार्थ भन्न तथा लेख्न<br>• अनुलेखन तथा श्रुतिलेखन गर्न | • श्लोकपत्ती<br>• भावार्थको नमुना<br>• अनुच्छेदपत्ती |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

२. कविताको कुनै श्लोकलाई नमुना मानी भावार्थ बुझाउन शिक्षक आफैले तयार पारेको कविताको श्लोक र भावार्थको बुँदा प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई कविताको श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न सिकाउनुहोस् । यस क्रममा श्लोकमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

४. पाठ्य कविताको कुनै श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. पाठ्य कविताको कुनै श्लोकसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोक पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा पाठ्य कविताको सबै श्लोकको भावार्थ लेख्न सिकाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई पाठ्य कविताको केही श्लोक अनुलेखन गर्न लगाउनुहोस् ।

७. विद्यार्थीले लेखेका श्लोकलाई  परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिहृन, पदयोग र पदवियोग आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना श्लोक प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् ।

९. श्रुतिलेखन पश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठ्य कविताका फरक फरक श्लोक प्रदर्शन गरी भावार्थ लेख्न लगाउनुहोस् ।

२. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी भावार्थको बुँदा सुनाउन लगाउनुहोस् ।

३.  पाठ्य कवितको कुनै श्लोकसम्बन्धी बुँदालाई जोडेर भावार्थ लेख्न सिकाउनुहोस् ।

४. विद्यार्थीले लेखेका भावार्थलाई कक्षामा सुनाउन लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीलाई कविताको दोस्रो श्लोक श्रुतिलेखन गर्न लगाउनुहोस् । श्रुतिलेखन पश्चात् केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब - व - ओ, श - ष - स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ, पदयोग र पदवियोग) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. दिइएको श्लोकको भावार्थ लेख्नुहोस् :

मेरो काली लेकैलाई ताकेर जाने बादल<br>
नछोए पनि हातले हेर्दैमा कति कोमल ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**छैठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● भाव विस्तार<br>● विषयवस्तु बोध | ● निर्दिष्ट श्लोकको भाव विस्तार गर्न<br>● कविताका मुख्य मुख्य विषयवस्तु भन्न तथा लेख्न | ● भाव विस्तारको नमुना<br>● मुख्य विषयवस्तुको सूची |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनमा सिकेका कविताको श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा श्लोकमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

३. भावार्थका बुँदालाई समेटी शिक्षक आफैँले तयार पारेको भाव विस्तारको नमुना प्रदर्शन गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । यस क्रममा भाव विस्तारसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ का आधारमा भाव विस्तार गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले लेखेका भाव विस्तारका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई पाठ्य कवितामा व्यक्त भएका मुख्य मुख्य विषयवस्तु पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरेका विषयवस्तुमा आवश्यक थपघट गरी निष्कर्ष सुनाउनुहोस् ।

७. विद्यार्थीलाई पाठ्य कवितामा व्यक्त भएका मुख्य मुख्य विषयवस्तु आफ्नै शैलीमा लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठ्य कविताको कुनै श्लोकको भाव विस्तार गर्न लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई पाठ्य कवितामा व्यक्त भएका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले लेखेका उत्तर कक्षामा सुनाउन लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

**१. दिइएको श्लोकको भाव विस्तार गर्नुहोस् :**

लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो

हिमालचुली मन्तिर पानी भर्ने पँधेरो ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |
| ● कविताको लयबद्ध पठन र प्रश्नोत्तर<br>● भाषिक प्रकार्य (हेरचाह)<br>● शब्द निर्माण (प्रत्यय) | ● निर्दिष्ट कविता लयबद्ध वाचन गर्न<br>● निर्दिष्ट कविताका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्न<br>● कुनै विषयवस्तु वा समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्ति वा वस्तुलाई हेरचाह गर्न<br>● निर्दिष्ट प्रत्यय लगाई शब्द निर्माण गर्न | ● श्लोकपत्ती<br>● प्रश्नपत्ती<br>● हेरचाहसँग सम्बन्धित अडियो वा भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा दिइएको कविता गति, यति, लय र हाउभाउ मिलाई लयबद्ध वाचन गर्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. माथिको कविताको श्लोकमा केन्द्रित भई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा दिइएका प्रश्नको उत्तर भन्न र लेख्न सिकाउनुहोस् ।

**जस्तै : प्रकृति कस्तो पुस्तक हो ?**

**उत्तर : प्रकृति खुला पुस्तक हो ।**

३. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले लेखेका उत्तर कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

४. विद्यार्थीसँग हेरचाहसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १० मा दिइएका विषयवस्तुको कसरी र किन हेरचाह गर्नुपर्छ भन्ने बारेमा सामूहिक छलफल गराउनुहोस् र निष्कर्ष दिनुहोस् ।

५. भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**हेरचाह**

प्रमिला : हजुरआमा ! हेर्नु न हाम्रो फूलबारीको फूल त सबै ओइलाएछ ।

हरिमाया : हो र नानी ! खै, म त घुँडा दुखेर फूलबारीसम्म पनि जान सकेकी छैन ।

प्रमिला : हो त नि हजुरआमा ! किन होला सबै फूल ओइलाएको ?

हरिमाया : सुन नानी ! बोटबिरुवालाई पनि त खानापानी चाहिन्छ, हेरचाह गर्नुपर्छ नि । धेरै दिनदेखि मैले पानी हाल्न सकेकी छैन ।

प्रमिला : हो र हजुरआमा, बोटबिरुवालाई पनि खाना चाहिन्छ र ?

हरिमाया : चाहिन्छ नि नानी, जसरी हामीलाई बाँच्नका लागि खानापानी चाहिन्छ त्यसरी नै बोटबिरुवालाई पनि खानापानीको आवश्यकता पर्छ ।

प्रमिला : त्यसो भए हजुरआमा अबदेखि फूलबारीमा पानी राख्ने र गोडमेल गर्ने काम मैले गर्छु है ।

हरिमाया : हुन्छ नानी, कति ज्ञानी छ मेरी नातिनी ।

६. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएको अनुच्छेद पढ्न लगाउनुहोस् र रातो अक्षरका शब्दको बनोटका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शब्दका पछिल्तिर गाँसिने भाषिक एकाइ प्रत्ययको धारणा बसाल्नुहोस् । उदाहरणमा दिइए जस्तै तल दिइएका शब्दको बनोट प्रक्रिया छुट्याउन निर्देशन दिनुहोस् । **जस्तै : हिँडाइ = हिँड् + आइ**

८. विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ मा दिइएका प्रत्यय लगाई शब्द बनाउन सिकाउनुहोस् । **जस्तै : खा+नु = खानु, माया+आलु = मायालु**

१०. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ मा दिइएका प्रत्यय लगाई शब्द बनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा दुई वा तीन जना विद्यार्थीको समूहलाई हेरचाहसम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ मा दिइएका प्रत्यय लगाई शब्द बनाउन लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. निम्न प्रत्यय लगाई एक एक ओटा शब्द बनाउन लगाउनुहोस् :

ई, एलु, उवा, इयार, ओट, अन्ते, ने ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्गति (लिङ्ग, वचन, आदर, पुरुष)<br>• वर्णविन्यास (शिरबिन्दु) | • सङ्गतिको पहिचान र प्रयोग गर्न<br>• कर्ता र क्रियापदअनुसार सङ्गति मिलाई बोल्न र लेख्न<br>• शब्दमा शिरबिन्दुको पहिचान र प्रयोग गर्न | • सङ्गतिको उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती वाक्य पढ्न लगाउनुहोस् । सङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा सङ्गतिको धारणा बुझाउनुहोस् ।

२ विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ३ का आधारमा कर्ताको लिङ्गअनुसार ठिक क्रियापद राखी दिइएका वाक्य पूरा गर्न सिकाउनुहोस् ।

**जस्तै : (क) भाइ घरबाट** ........................ **। (आई, आयो)**

**उत्तर : भाइ घरबाट आयो ।**

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ३ का आधारमा कर्ताको लिङ्गअनुसार ठिक क्रियापद राखी दिइएका वाक्य पूरा गर्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ४ का आधारमा खाली ठाउँमा उपयुक्त सर्वनाम शब्द राखी दिइएका वाक्य पूरा गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीलाई कापी साटेर एक अर्काले लेखेको उत्तर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर देखाउनुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ५ का आधारमा दिइएका वाक्यमा सर्वनामअनुसार ठिक क्रियापद छान्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई लेखेका उत्तर पढेर सुनाउन लगाउनुहोस् र शिक्षकले निष्कर्ष दिनुहोस् ।

६. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ६ का आधारमा दिइएका वाक्यको पुरुष सङ्गति मिलाउन लगाउनुहोस् । विद्यार्थीले उत्तर लेखिसकेपछि छलफलसहित शैक्षणिक पाटीमा नमुना देखाउनुहोस् ।

**जस्तै : (क) म पनि तिमीसँगै जान्छौ ।**

**उत्तर : (क) म पनि तिमीसँगै जान्छु ।**

७. अभ्यास ७ का आधारमा दिइएका वाक्यलाई पदसङ्गति मिलाएर लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

८. शिक्षकले शैक्षणिक पाटीमा केही चन्द्रबिन्दु र केही शिरबिन्दु लागेका शब्द लेखी कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्दबिच तुलना गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले शिरबिन्दुको धारणा बसाल्नुहोस् ।

९. विद्यार्थीलाई .अभ्यास ८ का आधारमा दिइएका शब्दमा उपयुक्त ठाउँमा शिरबिन्दु लगाउन सिकाउनुहोस् ।

**जस्तै : सस्कृत = संस्कृत, सयोग = संयोग ।**

१०. विद्यार्थीलाई अभ्यास ८ का आधारमा दिइएका शब्दमा उपयुक्त ठाउँमा शिरबिन्दु लगाउन निर्देशन दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास ३ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ६ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई अभ्यास ८ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. तलका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :

(क) बहिनी विद्यालय गयो ।

(ख) हामी भात खान्छु ।

(ग) बुबाले मलाई माया गर्छ ।

(घ) ऊ राम्रो नाच्छन् ।

(ङ) मेरो दिदी असल हुनुहुन्छ ।

२. तलका शब्दमा उपयुक्त ठाउँमा शिरबिन्दु लगाउनुहोस् :

सविधान, ससद्, प्रशसा, अक्षाश, अहिसा, वाक्याश

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठ १३<br>• छलफल र मौखिक प्रस्तुति<br>• सिर्जना/ परियोजना कार्य | • सुनाइ पाठ १३ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन<br>• सिर्जना/परियोजनासम्बन्धी कार्यकलाप गर्न | • सुनाइ पाठ १३ को अडियो सामग्री<br>• प्रश्नसूची<br>• छलफलका लागि बुँदा |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

**जस्तै : चार हातको मन्दिरमा बा र हातको मूर्ति कसरी अट्छ ?**

**उत्तर : बुबाको हातसहितको मूर्ति**

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ विषयवस्तु ध्यानपूर्वक सुन्न
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिन
- प्रश्नको संरचनाअनुसार उत्तर दिन
- सुनाइ पाठकै आधारमा उत्तर दिन

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ एक सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा अन्य व्यक्तिले वाचन गरेको मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १३ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

४. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण श्लोकसहित उत्तर भन्न लगाउनुहोस् । जस्तै :

**(क)** हे मेरी ..**मुना**.... ! नभन त्यसो **जून....**मा फुलेकी
फर्कन्छु **..फेरि..** म चाँडै भन्ने किन हो .**भुलेकी.....**?

६. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

७ विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

**जस्तै : (क) 'मुनामदन' नेपाली साहित्यको कस्तो कृति हो ?**

**उत्तर : 'मुनामदन' नेपाली साहित्यको अत्यन्त चर्चित कृति हो ।**

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ का आधारमा दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । **जस्तै : अकेली - एक्ली**

९. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ४ का आधारमा प्रत्येक समूहलाई सुनाइ पाठ १३ को अन्तिम पङ्क्ति समाप्त भएपछि मुना र मदनबिच के कस्ता संवाद भए होलान्, अनुमान गरी टिपोट गर्न लगाउनुहोस् र पालैपालो सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

१०. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको आधारमा कुनै एक शीर्षकमा बालगीत वा बालकविता लेखेर ल्याउन लगाउनुहोस् ।

११. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको आधारमा 'मेरो/मेरी.............................को बाल्यकाल' शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास १ जस्तै छुटेका शब्द भरी श्लोक पूरा गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सबलीकरण क्रियाकलापमा विद्यार्थीले गरेका क्रियाकलापको मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● सिर्जना/परियोजना कार्य ( बालगीत वा बालकविता, 'मेरो/मेरी..................को बाल्यकाल') | ● निर्दिष्ट शीर्षकमा निर्देशित बालगीत वा बालकविता रचना गर्न<br>● निर्दिष्ट शीर्षकमा स्वतन्त्र बालगीत वा बालकविता रचना गर्न<br>● निर्दिष्ट शीर्षकमा अनुच्छेद रचना गर्न | ● बालगीत र बालकविताका शीर्षकपत्ती<br>● अपूरो बालगीत वा कविता<br>● बालगीत र कविता लेखनको नमुना<br>● अनुच्छेदको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका बालगीत वा बालकविता सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा बालगीत वा बालकविता रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

**४ + ३ = ७**

**टालाटुली बटुली**

**कति राम्री पुतली**

२. शिक्षकले निर्देशित बालगीत वा बालकविता रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा बालगीत वा बालकविताका अपूरा श्लोक र खाली ठाउँमा भर्नुपर्ने शब्द प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा छलफल गर्दै खाली ठाउँमा मिल्ने शब्द भर्न सिकाउनुहोस् ।

४. बालगीत वा कविता पुरण पश्चात् अनुप्रासयुक्त शब्द पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा बालगीत वा बाल कवितालाई लयबद्ध वाचन गर्न सिकाउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा बालगीत वा बालकविता लेख्न चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको बालगीत वा कविता लेखनसम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहले लेखेका बालगीत वा बालकविता कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ को कार्य गर्नका लागि प्रत्येक विद्यार्थीलाई साइनपेन, सिसाकलम आदि आवश्यक सामग्री दिनुहोस् । आमा, बुबा, हजुरबुबा वा हजुरआमामध्ये कुनै एकको बाल्यकालका बारेमा टिपोट गरेका कुरालाई सिलसिलाबद्ध रूपमा मिलाएर साफी लेखन गर्न लगाउनुहोस् ।

१०. विद्यार्थीको कार्य पूरा भए पश्चात् कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि सबै विद्यार्थीलाई अवसर प्रदान गर्नुहोस् ।

११.अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्ला कक्षामा पढेका कुनै बालगीत वा बालकविता सम्झिएर लेख्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई आफ्नो बाल्यकालका बारेमा लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई मनपर्ने विषयमा बालगीत वा बालकविता लेख्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाठ : १४**
**शीर्षक : वनभोज**
**विधा : संवाद**
**कार्यघण्टा : १०**

'वनभोज' शीर्षकको संवाद रूपक विधाको प्रारम्भिक ज्ञान दिने एक उपविधाको पाठ हो । संवादलाई वार्ता वा कुराकानी भनिन्छ । दुई वा दुईभन्दा बढी व्यक्तिका बिचमा हुने कुराकानी संवादमा पर्छ । संवाद शिक्षणले व्यक्तिमा हाउभाउपूर्ण तरिकाले आफ्ना भनाइ अरूका सामु राख्ने कलाको विकासमा महत्त्वपूर्ण सहयोग पुग्छ ।

यस पाठमा पढाइ लेखाइ सिपको विकासका लागि आशय, सन्दर्भ र विषयवस्तुका आधारमा अभिनयात्मक पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तुको बोध र प्रश्नोत्तर, संवाद लेखन जस्ता पाठ्यवस्तु समावेश गरिएका छन् । शब्दभण्डार क्षमताको विकासका लागि मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग समावेश गरिएको छ । भाषिक संरचना र वर्णविन्यास अन्तर्गत लिङ्ग, वचन र आदरका आधारमा वाक्य परिवर्तन तथा पञ्चम वर्णको प्रयोगलाई समावेश गरिएको छ। भाषिक प्रकार्य अन्तर्गत कार्यक्रम सञ्चालनलाई समावेश गरिएको छ। सुनाइ तथा बोलाइ पाठ चौधको उपयोग गरेर बोधात्मक प्रश्नोत्तर, छलफल तथा मौखिक अन्तरक्रियाको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ । अनुमानित पाठ्यभारअनुसार तयार गरिएको पाठ्यवस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ। शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• पठनबोध *( सुरुदेखि सबै जना फुर्वाको अभिनय हेरेर थपडी मार्छन्, सम्म । )*<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदहरू शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र, नेपालका विविध कला र संस्कृति झल्कने वृत्तचित्र , शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती, फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप र**

१. नेपालका विविध कला र संस्कृति झल्कने वृत्तचित्र वा कुनै गीत प्रस्तुत गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. पूर्वपठन खण्डमा दिइएका चित्रलाई फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । उक्त चित्रका बारेमा विद्यार्थीलाई छलफल गराउनुहोस् । आवश्यकताअनुसार अन्य चित्र पनि प्रस्तुत गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. वनभोज कार्यक्रमको कुनै भिडियो समग्री सामाजिक सञ्जालबाट डाउनलोड गरी मोबाइल तथा प्रोजेक्टरको माध्यमबाट प्रदर्शन गर्नुहोस् ।

२. शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तक हेर्न निर्देश गर्नुहोस् र ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् । शिक्षकले निर्दिष्ट अनुच्छेद कुराकानीका शैलीमा गति, यतिका साथ वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई संवादका पात्रअनुसार विभिन्न भूमिकामा बाँड्नुहोस् ।  संवादलाई गति, यति मिलाएर सस्वरवाचन गर्न लगाउनुहोस् । पाठमा भएका छुट्टाछुट्टै संवाद पात्रअनुसार छुट्टाछुट्टै विद्यार्थीलाई पढ्न लगाई अन्य विद्यार्थीलाई पाठ हेर्न र सुन्न लगाउनुहोस् र कुनै विद्यार्थीले अंशुद्ध उच्चारण गरेमा शिक्षकले सुधार गरिदिनुहोस् ।

४. निर्दिष्ट पाठ सस्वरवाचन गरिसकेपछि विद्यार्थीलाई उच्चारण गर्न समस्या भएका नयाँ शब्द रेखाङ्कित गर्न लगाउनुहोस् र ती शब्दलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् । पहिले विद्यार्थीबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित निर्दिष्ट संवादको अंश सस्वरवाचन गर्न लगाउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वरवाचन गराउनुहोस् ।

६. विद्यार्थीलाई  निर्धारित पाठ पुनः सस्वरवाचन गरी पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

७. शुद्ध र स्पष्ट उच्चारण र शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

८. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी  बोधको मूल्याङ्कन गर्नुहोस् ।

**जस्तै : रामविलास कुन गीतमा नाच्यो ?**

**कसकी आमाको चिया पसल छ ?**

९. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले गरेका संवादको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुनः केही विद्यार्थीलाई गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका संवाद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मज्जाले, स्वयम्सेवी, बिर्सिकन, भाषण, ऐया

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • पठनबोध *(सबै जना फुर्बाको अभिनय हेरेर थपडी मार्छन्देखि सबै जना गीत गाउँदै नाच्छन्सम्म ।)*<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • नेपालका विविध कला र संस्कृति झल्कने चि<br>, शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती, फलाटिन<br>पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई उनीहरूले सुनेका कुनै अभिव्यक्तिको अभिनय गर्न लगाई उत्प्रेरणा जगाउनुहोस् ।
विद्यार्थीलाई वनभोज जाँदा के कसरी रमाइलो गर्नुहुन्छ भनेर सोध्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई संवादका पात्रअनुसार विभिन्न भूमिकामा बाँड्नुहोस् । निर्दिष्ट पाठ भूमिका निर्वाह गरी गति, यति मिलाएर सस्वरवाचन गर्न लगाउनुहोस् । पाठमा भएका छुट्टाछुट्टै संवाद पात्रअनुसार छुट्टाछुट्टै विद्यार्थीलाई पढ्न लगाई अन्य विद्यार्थीलाई पाठ हेर्न र सुन्न लगाउनुहोस् र कुनै विद्यार्थीले अंशुद्ध उच्चारण गरेमा शिक्षकले सुधार गरिदिनुहोस् ।

२. निर्दिष्ट पाठ सस्वरवाचन गरिसकेपछि विद्यार्थीलाई उच्चारण गर्न समस्या भएका नयाँ शब्द रेखाङ्कित गर्न लगाउनुहोस् र ती शब्दलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् । पहिले विद्यार्थीबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित निर्दिष्ट संवादको अंश सस्वरवाचन गर्न लगाउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनयसहित सस्वरवाचन गराउनुहोस् ।

४. विद्यार्थीलाई निर्धारित पाठ पुनः सस्वरवाचन गरी पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

५. शुद्ध र स्पष्ट उच्चारण र शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

६. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी बोधको मूल्याङ्कन गर्नुहोस् :

जस्तै : फुर्बापछि अभिनय गर्ने पालो कसको छ ?

हरिले कसको अभिनय गर्छ ?

७. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले भूमिका निर्वाह गरी गरेको संवाद कस्तो लाग्यो भनी सोध्नुहोस् । कसको भूमिका मन पर्‍यो, सबै विद्यार्थीबाट प्रतिक्रिया लिनुहोस् । राम्रो भूमिका निर्वाह गर्नेलाई पुनः संवाद वाचन गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक हेर्न र सुन्न लगाउनुहोस् । वाचन सकिएपछि सबैलाई ताली बजाउन लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस्

### ३. मूल्याङ्कन

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका संवाद सस्वरवाचन गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पठनबोध *(सबै जना गीत गाउँदै नाच्छन्देखि अन्तिमसम्म ।)*<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>• संरचना पहिचान<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • नेपालका विविध कला र संस्कृति झल्कने चित्र, शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती, फलाटिन पाटी |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई संवादका पात्रअनुसार विभिन्न भूमिकामा बाँड्नुहोस् । विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई पनि पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित संवादको अंश सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुनः केही विद्यार्थीलाई गति, यति हाउभाउ

र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वरवाचन गराउनुहोस् ।

४. निर्दिष्ट पाठ सस्वरवाचन गरिसकेपछि विद्यार्थीलाई उच्चारण गर्न समस्या भएका नयाँ शब्द रेखाङ्कित गर्न लगाउनुहोस् र ती शब्दलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् । पहिले विद्यार्थीबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् ।

५.विद्यार्थीलाई निर्धारित पाठ पुनः सस्वरवाचन गरी पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

६. शुद्ध र स्पष्ट उच्चारण र शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

७. यसपछि सबै विद्यार्थीलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी उत्तर लेख्न लगाएर बोधको मूल्याङ्कन गर्नुहोस् :

**जस्तै : (क) आमाबुबाले कसका लागि काम गर्नुहुन्छ ?**

**(ख) नाटक विद्यालयमा देखाउनुभन्दा पहिला कहाँ देखाउने कुरा छ ?**

८. माथिका जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र विद्यार्थीलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न समूहमा बाँड्नुहोस् । उनीहरूलाई सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । संवादबाट सिकेका मुख्य विषयवस्तु बुँदागत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । टिपोट गरिएका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सकिएपछि सबैलाई ताली बजाउन लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले लेखेका बोध प्रश्नको उत्तर जाँची मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| शब्दभण्डार (मौलिक र आगन्तुक शब्द) | ● मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग गर्न | ● शब्द सूची, शब्दपत्ती वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । गीतको अन्तिम शब्दको अन्तिम अक्षरबाट विद्यार्थीलाई गीत गाउन लगाई विद्यार्थीलाई दुई समूहमा विभाजन गरी अन्त्याक्षरी कार्यक्रम गरी ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्दको उच्चरण अभ्यास गराउनुहोस् । यस क्रममा सर्वप्रथम विद्यार्थीबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा शिक्षक आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

२. शिक्षकले केही तत्सम शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । जस्तै : बालक, कर्म, दर्शन, पिता, मधुर, योगी, दाम्पत्य .......।

३. आवश्यकताअनुसार स्रोत सामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुने छ ।

४. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द संस्कृत भाषाका शब्द हुन् । संस्कृत भाषाबाट आफ्नो स्वरूपमा परिवर्तन नभई जस्ताको त्यस्तै नेपाली भाषामा प्रयोग हुने शब्द तत्सम शब्द हुन् भन्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

५. केही तत्सम शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. शिक्षकले केही तद्भव शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । जस्तै : आगो, काम, आमा, हात .......।

७. आवश्यकताअनुसार स्रोतसामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुने छ ।

८. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द संस्कृत भाषाका रूप फेरिएर अग्निबाट आगो, कार्यबाट काम, माताबाट आमा, हस्तबाट हात बनेका हुन् । संस्कृत भाषाबाट आफ्नो स्वरूपमा परिवर्तन भई बनेका शब्द तद्भव शब्द हुन् भन्ने जानकारी विद्यार्थीलाई प्रदान गर्नुहोस् ।

९. केही तद्भव शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

१०. शिक्षकले केही आगन्तुक शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

**जस्तै :**

अङ्ग्रेजी : कोट, कप, आइडिया, फोटो, क्यामेरा, .......।

फारसी : कोसिस, सरदर, जागिर, हप्ता.......।

अरबी : किताब, हिसाब, तलब.........।

तामाङ : डम्फु, .....।

नेपाल तथा नेवारी : पसल

शेर्पा : च्याङ्ग्रा

मैथिली : पैनी, खैनी, गाछी....।

हिन्दी : आपस, पहिचान......।

११. आवश्यकताअनुसार स्रोतसामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुने छ ।

१२. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द नेपाली र संस्कृत भाषाभन्दा भिन्न भाषाबाट आएकाले यस्ता शब्दलाई आगन्तुक शब्द भनिने जानकारी विद्यार्थीलाई प्रदान गर्नुहोस् ।

१३. केही आगन्तुक शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

१४. शब्दभण्डार खण्डको ३ मा दिइएको बोध सामग्री विद्यार्थीलाई पढ्न निर्देश गर्नुहोस् ।

१५. तत्सम, तद्भव र आगन्तुक शब्दको सूची दिई प्रतियोगितात्मक ढङ्गले क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. तत्सम, तद्भव र आगन्तुक शब्द छ्यासमिस पारेर दिनुहोस् । विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा टिपोट गर्न निर्देश गर्नुहोस् । उनीहरूले टिपोट गरेका शब्द एकआपसमा साटासाट गरेर हेर्न निदेर्शन दिनुहोस् । विद्याथीहरूबिच छलफल गराउनुहोस् । सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । अन्त्यमा शब्दको स्रोत शिक्षकले भनिदिनुहोस् र आवश्यक संशोधन गर्न लगाउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. शब्दभण्डारको अभ्यास नम्बर ४ र ५ गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • पात्र पहिचान<br>• प्रश्नोत्तर (छोटो)<br>• घटनाक्रम लेखन | • पात्र पहिचान गर्न<br>• छोटो उत्तर लेख्न<br>• घटनाक्रम मिलान गर्न | • प्रश्नसूची, नमुना उत्तर, घटनासूची |

| | | |
|---|---|---|
| ● अनुलेखन | ● अनुलेखन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध अभिव्यक्तिको ४ मा भएका र अन्य त्यस्तै प्रकृतिका भनाइ फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । विद्यार्थीलाई पात्र पहिचान गरी लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । फरक फरक विद्यार्थीहलाई उनीहरूले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । लेखिएका उत्तरका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उत्तर भन्न अवसर दिनुहोस् ।

२. बोध अभिव्यक्तिको ५ मा भएका र अन्य त्यस्तै प्रकृतिका छोटो उत्तर लेख्ने प्रश्न फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गरी कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । हरेक प्रश्नको फरक फरक विद्यार्थीहलाई उनीहरूले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । लेखिएका उत्तरका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उत्तर भन्न अवसर दिनुहोस् ।

३. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोध अभिव्यक्तिको ६ मा भएका र अन्य त्यस्तै प्रकृतिका बुँदा फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला क्रम मिलाउने समूहलाई प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । प्रस्तुति सकिएपछि सबै विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

४.अनुलेखनका लागि विद्यार्थीलाई तयार गराउनुहोस् । कुनै स्वतन्त्र अनुच्छेद फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । राम्रा र शुद्ध अक्षर पारेर अनुलेखन गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले लेखिसकेपछि पुनः उनीहरूलाई नै अनुच्छेदमा ख्याल गरी शुद्धता जाँच्न लगाउनुहोस् । राम्रा अक्षर पारेर लेख्ने विद्यार्थीका कापी प्रदर्शन गरी सबैलाई देखाउनुहोस् । अन्य विद्यार्थीलाई पनि हौसला प्रदान गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले लेखेका छोटा उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले लेखेका उत्तर कापी जाँचेर आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्नोत्तर (लामो)<br>• भाव व्याख्या | • लामो उत्तर लेख्न<br>• भाव व्याख्या गर्न | • प्रश्नसूची, उत्तरको नमुना, भाव व्याख्याको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई मूल पाठ मौन वाचन गर्न लगाई विशिष्ट पङ्क्ति टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्ति शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. विद्यार्थीलाई व्याख्या गर्दा आवश्यक पर्ने निम्न पक्षका बारेमा जानकारी गराउनुहोस् :

- पाठको शीर्षक
- रचनाकार
- दिइएका गद्यांशको सार
- गद्यांशको विस्तार वा व्याख्या

३. उल्लिखित पक्षको छलफलपछि शिक्षकले तयार पारेको कुनै गद्यांशको व्याख्याका नमुना देखाउनुहोस् र कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

४. निम्नानुसार व्याख्या वा भाव विस्तार गराउनुहोस् :

- विशिष्ट भनाइ शैक्षणिक पाटीमा लेख्ने
- विद्यार्थीलाई विशिष्ट पङ्क्ति राम्रोसँग पढ्न लगाउने
- कक्षाका केही  विद्यार्थीलाई भग्न क्रममा उठाएर पङ्क्तिबाट आफूले बुझेका कुरा भन्न लगाउने र एक जनाले भनेका कुरा अर्कालाई दोहोऱ्याएर नभन्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले भनेका कुरा आवश्यक परिमार्जनसहित शैक्षणिक पाटीमा लेखिदिने
- विद्यार्थीले भनेका कुरालाई आवश्यक संशोधन गरी व्याख्या गरिदिने ।

५. बोध अभिव्यक्तिको ७ मा भएका र अन्य त्यस्तै प्रकृतिका व्याख्या गर्ने गद्यांश फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । छलफलका आधारमा व्याख्या गरेर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । केही  विद्याथीलाई उनीहरूले लेखेका उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । लेखिएका उत्तरका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उत्तर भन्न अवसर दिनुहोस् ।

६.यस तहमा व्याख्या र भाव विस्तारलाई एकै अनुच्छेदमा वा आवश्यकता अनुसार दुई तीन अनुच्छेदमा पनि गर्न सिकाउन सक्नुहुनेछ ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले गरेका व्याख्या एकआपसमा बाँडेर हेरी सहपाठी सिकाइ गर्न निर्देश गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीले प्रश्न ७ का आधारमा गरेका व्याख्यालाई कापी जाँचेर आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भूमिका निर्वाह गरी संवाद पठन<br>● संवाद पूरण | ● भूमिका निर्वाह गरी संवाद पठन गर्न<br>● संवादपूरण गर्न | ● संवाद पूरणको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै पात्रको भूमिका निर्वाह गरेर बोल्दै कसैलाई केही भनेर तथा सामाजिक सञ्जालबाट नाटक मञ्चन गरेको कुनै भिडियो सामग्री प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध अभिव्यक्तिको प्रश्न ९ मा दिइएअनुसार वनभोज संवाद कक्षामा अभिनयका लागि विद्यार्थीलाई प्रेरित गर्नुहोस् । अभिनयका लागि आवश्य तयारी गराउनुहोस् । कक्षामा भूमिका निर्वाह गरी अभिनय गरेको सबैले देख्ने गरी बसाइ व्यवस्थापन, अभिनयका लागि आवश्यक ठाउँ जस्ता विविध पक्षहरूको आवश्यक व्यवस्थापन गरी विद्यार्थीलाई आवश्यक सहयोग गरिदिनुहोस् ।

२. विद्यार्थीको भूमिका तोकिदिनुहोस् :

शिक्षक - पवन राई

हरि - मुरारी लामिछाने

लुमन्ती - मनिला कार्की

रामविलास : पवन रिजाल

फुर्बा : लाक्पा लामा

गौरी : सरिता मिजार

झुमा : जयन्ती मगर

३. अन्य विद्यार्थीलाई ध्यानपूर्वक अभिनय हेर्न निर्देशन दिनुहोस् । अभिनयका क्रममा वेला वेला ताली बजाउन लगाउनुहोस् । अभिनय सकिएपछि ताली बजाएर अभिनय गर्ने सबै विद्यार्थीलाई धन्यवाद दिनुहोस् । अभिनय कस्तो भयो भनी विद्यार्थीमा छलफल गर्नुहोस् । अभिनय गर्ने विद्यार्थीलाई अभिनय गर्दाको अनुभव सुनाउन लगाउनुहोस् ।

४. बोध अभिव्यक्तिको प्रश्न १० मा जस्तै संवाद पूरणका लागि शिक्षकले तयार पारेका केही नमुना प्रश्न फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । संवाद पूरण गर्ने सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

५. शिक्षकले रचना गरेको संवाद पूरणको कुनै नमुना प्रस्तुत गरी विद्यार्थीलाई संवाद लेख्दा ध्यान दिनुपर्ने पक्षहरूका सम्बन्धमा आवश्यक छलफल गरी धारण स्पष्ट पार्नुहोस् ।

६. विषयको प्रकृतिअनुसार अगिल्लो वक्ताले भनेका प्रसङ्गसँग जोडेर संवाद तयार गर्नुपर्ने र आवश्यकताअनुसार उखान टुक्का र थेगोको प्रयोग गरेर संवादलाई जीवन्त बनाउन सकिने कुरालाई प्रदर्शन गरिएको नमुनामा उदाहरण दिँदै विद्यार्थीको धारण प्रस्ट पार्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. बोध अभिव्यक्तिको प्रश्न १० विद्यार्थीलाई गर्न लगाउनुहोस् । विद्यार्थीले संवाद लेख्दै गर्दा अवलोकन गरी आवश्य सहयोग गर्नुहोस् । उनीहरूले तयार गरेको संवाद एकअर्कामा कापी साटासाट गरेर हेर्न लगाई सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । साथीहरूले तयार गरेका संवाद के कस्तो लाग्यो, छलफल गराउनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. बोध अभिव्यक्तिको प्रश्न ११ केही विद्यार्थीलाई गर्न लगाउनुहोस् । विद्यार्थीलाई कार्यक्रम गर्न आवश्यक सहयोग गर्नुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक कार्यक्रम हेर्न निर्देशन दिनुहोस् । कार्यक्रम सञ्चालनका क्रममा वेला वेला ताली बजाउन लगाउनुहोस् । कार्यक्रम सञ्चालनको भूमिका सकिएपछि ताली बजाएर सञ्चालन गर्ने विद्यार्थीलाई धन्यवाद दिनुहोस् । अभिनय के कस्तो भयो भनी विद्यार्थीमा छलफल गर्नुहोस् । अभिनय गर्ने विद्यार्थीलाई अभिनय गर्दाको अनुभव सुनाउन लगाउनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. बोध अभिव्यक्तिको प्रश्न १० मा आधारित भएर विद्यार्थीले लेखेका संवादको कापी जाँची मूल्याङ्कन गर्नुहोस् । अन्य त्यस्तै प्रकृतिका संवाद पूरणका अभ्यास दिई आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भाषिक संरचना (वाक्य परिवर्तन : लिङ्ग, वचन र आदर<br>● वर्णविन्यास (पञ्चम वर्णको प्रयोग ) | ● लिङ्ग, वचन र आदरका आधारमा वाक्य परिवर्तन गर्न<br>● पञ्चमवर्ण प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न | ● वाक्यपत्ती , शब्दपत्ती, फलाटिन पाटी |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई देहाय प्रकृतिको रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

-म भन्दा जोडिने ऊ भन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले लिङ्ग, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर लिङ्ग, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त

सङ्गति मिलेका र नमिलेका वाक्य टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. वाक्यमा लिङ्ग, वचन, आदर आदिका आधारमा क्रियापद मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् । वाक्य निर्माण गर्दा लिङ्ग, वचन, आदर आदिका आधारमा क्रियापद मिलाएर वाक्य निर्माण गर्नपर्छ भन्ने कुरा उदाहरण दिएर बताइदिनुहोस् ।

३. शिक्षकले शैक्षणिक पाटीमा लिङ्ग, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गतिगत त्रुटि भएका वाक्य लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर वाक्य लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्दसूची तयार गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले विद्याथीले भनेअनुसार पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्द छुट्टा छुट्टै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र नमिलेका शब्दलाई आवश्यक संशोधन गरी शुद्ध पारिदिनुहोस् ।

५. शिक्षकले पञ्चमवर्णको प्रयोग गर्दा ख्याल गर्नुपर्ने पक्षहरूमा विद्यार्थीलाई उदाहरण दिई अवधारण प्रस्ट पार्नुहोस् ।

जस्तै :

- क, ख, ग, घ, अगाडिको नासिक्य वर्ण ङ् हुन्छ : अङ्क, शङ्ख, सङ्गठन
- च, छ, ज, झ अगाडिको नासिक्य वर्ण ञ् हुन्छ : अञ्चल, चञ्चल
- ट, ठ, ड, ढ अगाडिको नासिक्य वर्ण ण् हुन्छ : कण्ठ, भण्डार, कुण्ड
- त, थ, द, ध अगाडिको नासिक्य वर्ण न् हुन्छ : सन्त, मन्द, बन्धन
- प, फ, ब, भ अगाडिको नासिक्य वर्ण म् हुन्छ : कम्प, अम्बा, गम्भीर

६. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पञ्चमवर्णको प्रयोगसम्बन्धी अभ्यासका लागि प्रतियोगितात्मक ढङ्गले क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न १ गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेखेका उत्तर आपसमा साटासाट गरेर हेरी सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । उनीहरूलाई आपसमा छलफल गराउनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**१. तलका वाक्यलाई सङ्गति मिलाएर लेख्नुहोस् :**

बहिनी सात कक्षामा पढ्छ । म बहिनीलाई माया गर्छौं । तपाइँ आफ्नी बहिनीलाई के गर्छ ?

**२. पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न २ गर्न लगाउनुहोस् ।**

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ र बोलाइ<br>• सिर्जना/परियोजना | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• सिर्जना परियोजना गर्न | • प्रश्नसूची, उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १४ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

२. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट ठिक बेठिक छुट्याउने अभ्यास गराउनुहोस् ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ गराउनुहोस् । सिकाइ क्षमताका आधारमा कक्षाका उच्च, मध्यम र कमजोर सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् ।

४. विद्यार्थीलाई आपसमा छलफल गरेर पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ बाट सुनाइ बोलाइसम्बन्धी जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

५. शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास ४ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गरी लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न १ र २ लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले सुनाइ बोलाइ सम्बन्धी अभ्यास ४ का बोध प्रश्नका उत्तर आपसमा साटासाट गरेर हेर्न लगाई सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् । विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । विद्यार्थीको प्रस्तुतिका लागि स्याबासी दिँदै आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले लेखेका बोध प्रश्नको उत्तर कापीमा जाँची आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## दसौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सिर्जना/परियोजना<br>● संवाद लेखन | ● सिर्जना परियोजना गर्न<br>● संवाद लेख्न | ● अनुच्छेदको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुड्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम शिक्षकले हुनै विषय शीर्षकमा तयार गरेको अनुच्छेद फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई उक्त अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । शिक्षकले प्रस्तुत गरेको अनुच्छेदलाई आधार मान्दै विद्यार्थीलाई अनुच्छेद लेखनका लागि निम्न पक्षहरूमा धारण प्रस्ट पार्नुहोस् ।

**अनुच्छेको संरचना**

आदि भाग : शीर्षक (विषय) को परिचय ३/४ वाक्य

मध्य भाग : ८-१० वाक्य

अन्त्य भाग : ३-४ वाक्य

**अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुरा :**

(क) तोकिएको शीर्षकसँग सम्बन्धित विषयवस्तु तथा बुँदा चयन गर्ने

(ख) टिपोट गरिएका बुँदालाई आदि, मध्य र अन्त्यको संरचनामा वितरण गर्ने

(ग) सबैभन्दा माथि शीर्षक राखी वितरण गरिएका बुँदाका आधारमा अनुच्छेद लेख्ने

(घ) अनुच्छेद लेखनका क्रममा निर्दिष्ट शैली अँगाल्ने

(ङ) अनुच्छेदलाई एक अनुच्छेदमा मात्र लेख्ने

२. अगिल्लो दिन लेख्न दिइएको सिर्जना परियोजना १ को एक अनुच्छेदमा प्रतिज्ञा लेखन अभ्यासको उत्तर फरक फरक प्रश्नमा फरक फरक विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीका क्षमताका आधारमा फरक फरक क्षमता भएका विद्यार्थीलाई प्रतिज्ञा सुनाउने अवसर दिनुहोस् । विद्यार्थीले भनेको प्रतिज्ञा सुनी आवश्यक परिमार्जन र सिकाइ गर्नुहोस् । विद्यार्थीले लेखेको उत्तर सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । प्रस्तुतिका बारेमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

३. विद्यार्थीलाई अब्राहम लिङ्कनले आफ्नो छोरा पढ्ने विद्यालयका प्रधानध्यापकलाई लेखेको चिठी फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । सम्भवभएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको चिठी सबैले सुन्ने गरी कुनै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

**अब्राहम लिङ्कनले आफ्नो छोरो पढ्ने विद्यालयका प्रधानध्यापकलाई लेखेको चिठी**

श्री प्रधानाध्यापकज्यू,

ह्वाइट हाउस, वासिङ्टन ।

मेरो छोराले सबै मानिस एकै किसिमका हुदैनन् भन्ने कुरा सिकोस् । समाजमा दुष्ट मानिस छन् र सज्जन पनि छन्, स्वार्थी राजनीतिज्ञ पनि छन् भने समर्पित निष्ठावान नेता पनि छन् । त्यस्तै शत्रु पनि छन् अनि मित्र पनि छन् । यो कुरा बुझाउन त समय लाग्ला नै । तैपनि उसलाई परिश्रम गरी कमाएको एक डलर सित्तैमा पाएको पाँच डलर भन्दा बढी मूल्यवान हुन्छ भन्ने कुरा बताइदिनुहोस् । उसले विजय र पराजय बुझोस् । त्यस्तै ईर्ष्याले युक्त भएको हाँसाको भित्री मर्म बुझोस् । उसलाई आकाशमा उडिरहेका चरा घमाइलो दिनमा भुन्भुनाइरहेका माहुरी र पहाडी काखमा फुलेका फूलको शाश्वत रहस्य बुझ्न केही समय दिनुहोस् ।

मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृतिको नहोस् । सुनेको कुरालाई राम्ररी छुट्याउन सक्ने होओस् । दुःख र कष्टमय अवस्थामा पनि प्रफुल्ल रहन सक्ने होओस् । उसलाई कहिलेकाही आँखाबाट आँसु झर्नु लाजमर्दो कुरो होइन भनिदिनुस् । ऊ आफ्नो बाहुबल बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । यदि उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि जीउज्यानले लागिपरोस् । उसमा सत्य र न्याय प्राप्तिका लागि संघर्ष गर्न साहस र दृढशक्तिको विकास गरिदिनुहोस् । उसँग नम्र व्यवहार त गर्नुहोस् तर उसले टाउकामा टेक्ने गरी चाहिँ होइन । सम्झनुहोस, आगाको लप्काबाटै फलाम खारिन्छ । उसमा साहस र सधैं केही गरौं भन्ने भावना भइरहोस् । मेरो छोरो स्वयम् निर्भीक साहसी र उत्साही बन्न प्रेरित भइरहोस् अनि मात्र ऊ मानवताप्रति नरम र आस्थावान हुनसक्छ ।

धन्यवाद !

तपाईंको

अब्राहम लिङ्कन

४. चिठीका सम्बन्धमा विद्यार्थीलाई छलफल गराउनुहोस् ।

५. अगिल्लो दिन लेख्न दिइएको सिर्जना परियोजना २ को उत्तर विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । उत्तर सुनाउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । विद्यार्थीले लेखेको उत्तर सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् । प्रस्तुतिका बारेमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले रचना गरेका प्रश्न १ र २ का अनुच्छेद एकआपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कुन विद्यार्थीलाई कसको अनुच्छेद मन पऱ्यो र उक्त अनुच्छेदको ढाँचा मिले नमिलेको, विषयवस्तु खुलस्त भए नभएको अक्षर राम्रा र शुद्ध भए नभएका आदि विविध पक्षमा विद्यार्थीलाई प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण पनि दिनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीले सिर्जना परियोजना अभ्यासमा जस्तै प्रतिज्ञा र अपेक्षा प्रस्तुत हुने विभिन्न शीर्षक दिई अनुच्छेद रचना गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

(क) तपाइँ आफूलाई असल विद्यार्थी कसरी चिनाउनुहुन्छ ?

(ख) तपाइँको मिल्ने साथीको तपाइँप्रति अपेक्षा सोध्नुहोस् । उक्त अपेक्षा समेटी एक अनुच्छेदमा लेख्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाठ : १५**
**शीर्षक : पानीको कथा**
**विधा : प्रबन्ध**
**कार्यघण्टा : १०**

'पानीको कथा' प्रबन्ध हो । प्रबन्ध शिक्षणको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो । तसर्थ प्रबन्ध शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीहरूमा विषयवस्तु बोध, विषयवस्तुको सार निर्माण र कथन, छलफल र प्रश्नोत्तर विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ ।
समययबद्ध सस्वर पठन, मौन पठन र छलफल, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तु बोध तथा सन्देश ग्रहण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर र विषय विस्तार, अनुलेखन र श्रुति लेखन, बुँदा टिपोट, अनुच्छेद पूरण वा अनुच्छेद लेखन, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना, अवधारणाको चित्रात्मक प्रस्तुतिलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत पद तथा पदावलीको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत वाक्य परिवर्तन (पुरुषका आधारमा वाक्य परिवर्तन करण र अकरण) का क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत पदयोग र पद वियोगको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा प्रतिबद्धतासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा संवाद लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १५ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन् आवश्यक हन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुति वर्णन<br>• सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १-५)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न<br>• अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२.उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएको खोला, इनार, ताल, नदी, समुद्र आदिको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. शिक्षकले विभिन्न पानीका स्रोतहरूका बारेमा समूहगत रूपमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

उदाहरण : कुवा, पोखरी, ढुङ्गे धारा, खोल्सा आदि ।

५. विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएका मध्ये तपाईंले कुन कुन पानीका स्रोत देख्नुभएको छ, भनेर प्रश्न गर्नुहोस् र नाम बताउन लगाउनुहोस् ।

६. विभिन्न पानीका स्रोतका सन्दर्भमा समूह समूहमा छलफल गर्न लगाई पालैपालो सुनाउन लगाउनुहोस् । यस क्रममा अन्य समूहलाई थप जानकारी भएमा विषयवस्तु थप गर्ने अवसर प्रदान गर्नुहोस् ।

७. प्रत्येक समूहको प्रस्तुति पश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् । विद्यार्थीलाई सहभागी गराउने क्रममा फरक भाषा र फरक सिकाइ क्षमता आदिका आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

९. शिक्षकले पाठको अनुच्छेद १ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

१०. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

११. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

१२. अनुच्छेद १ देखि ५ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१३. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

१४. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१५. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

१६. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई पानीको प्रयोगका विषयमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई विभिन्न पानीका स्रोतका चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

गमला, चर्पी, शोभा, ज्यान

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) पानी हामीलाई के के कुरामा चाहिन्छ ?

(ख) पानी केको ज्यान हो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ६-११) | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • शब्दार्थ पत्ती<br>• वाक्यपत्ती |

| | | |
|---|---|---|
| • शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ६ र ७ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद १ देखि ११ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : जङ्गल, आकुलव्याकुल, कालान्तर, गल्छी**

७. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

९. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पानीको महत्त्वका विषयमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एकअर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भुलभुले, छाल, उत्पत्ती, खाल्डो, उपत्यका

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) को टन्टलापुर घाममा कुलो खनिरहेछ ?

(ख) पानीले केको अनुहार फेर्ने काम गरेको थियो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १२- १५)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद १२ र १३ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद १२ देखि १५ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : छेलोखेलो, टाइग्रिस**

७. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

९. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निबन्धबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दोभान, इतिहास, छेलोखेलो, घाट, साटफेर

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) पानी छेलोखेलो हुने ठाउँमा के हुन्छ ?

(ख) नदीका दोभानमा के हुन्छन् ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>(टुक्काको पहिचान र प्रयोग ) | • शब्दको अर्थबोध गर्न<br>• पद र पदावलीको पहिचान र प्रयोग गर्न<br>• अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे वा नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी टुक्का र तिनका अर्थबिच जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : अनुहार फेर्नु - स्वरूप बदल्नु, मास छर्न जानु - मर्नु आदि

४. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा टुक्का र तिनका अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई अभ्यास २ मा दिइएका टुक्कालाई वाक्य बनाउन सिकाउनुहोस् ।

६. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा अभ्यास २ मा दिइएका टुक्काहरूलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा अनुकरणात्मक शब्दसँग मिल्ने क्रिया छानेर जोडा मिलाउन सिकाउनुहोस् ।

९. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा अनुकरणात्मक शब्दसँग मिल्ने क्रिया छानेर जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे वा नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थी समूहलाई अभ्यास ४ का आधारमा अनुकरणात्मक शब्दलाई वाक्य बनाउन निर्देशन दिनुहोस् ।

११. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ र २ बाट शब्द पहिचान गर्न लगाउनुहोस् । त्यसपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ४ का जस्तै अनुकरणात्मक शब्द खोजेर लेख्ने थप अभ्यास गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई दिइएका टुक्कालाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

हात हाल्नु, मास छर्न जानु, नाक काट्नु, कान समात्नु

२. विद्यार्थीलाई अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कलकल, खलखली, झलमल्ल, दरदर

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त र लामो उत्तर लेखन | • सङ्क्षिप्त र लामो उत्तर लेख्न | • सङ्क्षिप्त उत्तर र लामो उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

२. लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले लेखेका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोधी मौखिक तथा लिखित रूपमा उत्तर दिन लगाउनुहोस् ।

(क) वनभोजका रमाइला र नरमाइला पक्ष के के थिए ?

(ख) पानीले कसरी आफ्नो बाटो फराकिलो पार्छ ? वर्णन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • व्याख्या<br>• विषयवस्तुको बोध<br>• घटनाक्रम मिलान | • पाठका आधारमा व्याख्या गर्न<br>• पाठको आधारमा मुख्य मुख्य विषयवस्तु टिपोट गर्न<br>• घटनाक्रम मिलान गर्न | • व्याख्याको नमुना<br>• मुख्य विषयवस्तु टिपोटको नमुना<br>• घटना सूची |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले व्याख्याको लागि दिइएका पङ्क्ति शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
२. विद्यार्थीलाई व्याख्या गर्दा आवश्यक पर्ने निम्न पक्षका बारेमा जानकारी गराउनुहोस् :

- पाठको शीर्षक
- रचनाकार
- दिइएका गद्यांशको सार
- गद्यांशको विस्तार वा व्याख्या

५. उल्लिखित पक्षको छलफलपछि शिक्षकले तयार पारेको कुनै गद्यांशको व्याख्याका नमुना देखाउनुहोस् र कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

६. निम्नानुसार व्याख्या वा भाव विस्तार गराउनुहोस् :

- विशिष्ट भनाइ शैक्षणिक पाटीमा लेख्ने
- विद्यार्थीलाई विशिष्ट पङ्क्ति राम्रोसँग पढ्न लगाउने
- कक्षाका केही विद्यार्थीलाई भग्न क्रममा उठाएर पङ्क्तिबाट आफूले बुझेका कुरा भन्न लगाउने र एक जनाले भनेका कुरा अर्कालाई दोहोऱ्याएर नभन्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले भनेका कुरा आवश्यक परिमार्जनसहित शैक्षणिक पाटीमा लेखिदिने
- विद्यार्थीले भनेका कुरालाई आवश्यक संशोधन गरी व्याख्या गरिदिने ।

७. बोध अभिव्यक्तिको अभ्यास ५ मा भएका र अन्य त्यस्तै प्रकृतिका व्याख्या गर्ने गद्यांश फलाटिन पाटीमा टाँसी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । छलफलका आधारमा व्याख्या गरेर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । केही विद्यार्थीलाई उनीहरूले लेखेका उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । लेखिएका उत्तरका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उत्तर भन्न अवसर दिनुहोस् ।

८. यस तहमा व्याख्या र भाव विस्तारलाई एकै अनुच्छेदमा वा आवश्यकता अनुसार दुई तीन अनुच्छेदमा पनि गर्न सिकाउन सक्नुहुनेछ ।

९. पानीको कथा पाठले बताउने मुख्य मुख्य विषयवस्तु दश वाक्यमा टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । केही विद्यार्थीलाई उनीहरूले लेखेका उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । लेखिएका उत्तरका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । कमजोर विद्यार्थीलाई विशेष ध्यान दिई उत्तर भन्न अवसर दिनुहोस् । अन्त्यमा शिक्षकले तयार पारेर ल्याएका बुँदा प्रदर्शन गर्नुहोस् । पानीको कथाका मुख्य मुख्य घटनालाई क्रम बिगारेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला क्रम मिलाउने समूहलाई प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

(ग) **सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीले गरेका व्याख्या एकआपसमा बाँडेर हेरी सहपाठी सिकाइ गर्न निर्देश गर्नुहोस् । आवश्यकता अनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस्

२. विद्यार्थीले लेखेका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. पानीको कथा पाठले बताउने मुख्य मुख्य विषयवस्तु लेख्न लगाउनुहोस् ।

(घ) **मूल्याङ्कन**

१. विद्यार्थीले प्रश्न ५ का आधारमा गरेका व्याख्यालाई कापी जाँचेर आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन र छलफल<br>• प्रश्न निर्माण<br>• बुँदा टिपोट<br>• चित्र वर्णन<br>• भाषिक प्रकार्य ( प्रतिबद्धता) | • निर्धारित अनुच्छेद मौन पठन गर्न र बुँदा टिपोट गर्न<br>• निर्धारित अनुच्छेदबाट प्रश्ननिर्माण गर्न<br>• चित्र हेरी वर्णन गर्न<br>• कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई आफ्नो विचार प्रस्तुत गर्न | • प्रश्न पत्ती<br>• पानीसँग सम्बन्धित चित्र<br>• विचार प्रस्तुतिसँग सम्बन्धित अडियो/भिडियो |

(क) **सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट मौन पठनका लागि अभ्यास ८ को अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारीका सम्बन्धमा सोधपुछ गर्नुहोस् ।

विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा विद्यार्थीलाई जानकारी गराउनुहोस् :

**बुँदा लेखन तथा बुँदा टिपोट**

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

**बुँदा टिपोटका चरण :**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुरा** :

(क) बुँदा टिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुई तीन पटक पढ्नुपर्छ ।

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक कुरालाई रेखाङ्कन गर्नुपर्छ ।

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्नुपर्छ ।

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एक पटक पढेर आवश्यकता अनुसार बुँदा संशोधन र परिमार्जन गर्नुपर्छ ।

(ङ) तोकिएको सङ्ख्यामा मुख्य कुरा समेटिने गरी साफी लेखन गर्नुपर्छ ।

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्यका रूपमा राख्नुपर्छ ।

(छ) टिपोट गरिएका बुँदाका आधारमा उपयुक्त शीर्षक चयन गरेर शीर्ष भागमा राख्नुपर्छ र त्यसलाई रेखाङ्कन गर्नुपर्छ ।

(ज) भाषिक शुद्धताको परीक्षण गरी सच्याउनुपर्छ ।

(झ) विषयको प्रकृति अनुसार क्रम मिलाउँदै बुँदा टिपोट गर्नुपर्छ ।

२. उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. पाठको अभ्यासमा दिइएको अनुच्छेदलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

४. विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद प्रदर्शन गराई प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस्

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

६. विद्यार्थीले बनाएका प्रश्न कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास ९ को चित्र हेरेर वर्णन गर्ने तरिका सिकाउनुहोस् ।

८. विद्यार्थी समूहलाई अभ्यास ९ को चित्र हेरी पालैपालो वर्णन गर्न निर्देशन दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीसँग प्रतिबद्धतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् ।

१०. पानी हाम्रा लागि अति आवश्यक वस्तु भएकाले यसको सदुपयोग कसरी गर्नुहुन्छ भन्ने विषयमा आआफ्नो प्रतिबद्धता तयार पार्न लगाउनुहोस् । विद्यार्थीलाई आफूले तयार पारेका प्रतिबद्धतालाइ पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई पाठको तेस्रो अनुच्छेदबाट पाँचओटा बुँदा  टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई आफूले तयार पारेका विषयवस्तुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

विद्यार्थीलाई पाठको ११ औँ अनुच्छेदबाट पाँचओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |
| • पुरुषका आधारमा वाक्य परिवर्तन<br>• करण र अकरण<br>• वर्णविन्यास (पदयोग र पदवियोग) | • पुरुषका आधारमा वाक्य परिवर्तन गर्न<br>• करणलाई अकरणमा र अकरणलाई करणमा परिवर्तन गर्न<br>• वर्णविन्यास (पदयोग र पदवियोग)को पहिचान र प्रयोग गर्न | • वाक्यपत्ती शब्दपत्ती<br>• अनुच्छेदको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पुरुषको सङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।
२. विद्यार्थीलाई पुरुषको सङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
३. विद्यार्थीलाई समूह विभाजन गराई अभ्यास १ मा दिइएका प्रश्नलाई पुरुषको आधारमा निर्देशन अनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।
४. विद्यार्थीले लेखेका उत्तरलाई पालैपालो सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।
५. शिक्षकले करण र अकरण वाक्यलाई उदाहरण दिई शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।
६. विद्यार्थीलाई अभ्यास २ मा दिइएका वाक्यलाई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।
७. विद्यार्थीले लेखेका उत्तर एकआपसमा बाँडेर हेर्न निर्देश गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।
८. विद्यार्थी समूहलाई अभ्यास ३ मा दिइएको अनुच्छेद मौन पठन गर्न लगाई पदयोग हुनुपर्ने शब्दमा रेखाङ्कन गर्न सिकाउनुहोस् ।
९. विद्यार्थी समूहलाई निर्दिष्ट अनुच्छेदबाट पदयोग हुनुपर्ने शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कन गरिएका शब्दलाई पदवियोग गर्न निर्देश गर्नुहोस् । विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
१०. विद्यार्थीलाई अभ्यास ४ को अनुच्छेद पढी पदयोग र पदवियोग मिलाएर लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीका कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अभ्यास १ को जस्तै थप अभ्यास गर्न लगाउनुहोस् ।
२. विद्यार्थीलाई पदयोग र पदवियोग नमिलेको कुनै एक अनुच्छेद दिई पदयोग र पदवियोग मिलाएर लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

विद्यार्थीले प्रश्न २ र ३ मा लेखेका उत्तरलाई जाँचेर आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • सुनाइ पाठ १५<br>• सिर्जना/ परियोजना कार्य | • सुनाइ पाठ १५ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन | • सुनाइ पाठ १५ को अडियो सामग्री |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

२. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १५ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी उत्तर छान्ने अभ्यास गराउनुहोस् ।

४. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ बाट सुनाइ बोलाइसम्बन्धी ठिक बेठिक उत्तर भन्ने अभ्यास गराउनुहोस् ।

५. शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास ३ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित

गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

६. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ४ बाट सुनाइ बोलाइसम्बन्धी दिइएका शीर्षकमा पालैपालो आफ्नो धारणा राख्ने अभ्यास गराउनुहोस् ।

८. विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना/परियोजना खण्डको पानीको उपयोगिता शीर्षकमा संवाद लेखेर ल्याउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना/परियोजना खण्डको प्रश्न न. २ को बारेमा एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ जस्तै प्रश्न तयार पारी समूह कार्य गर्न लगाउनुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. सुनाइ र बोलाइ खण्डको अभ्यास ४ बाट दिइएका शीर्षकमा पालैपालो आफ्नो धारणा राख्ने अभ्यास गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सुनाइ पाठमा आधारित भई उत्तर भन्नुहोस् :

(क) पानीबिना बाँच्ने प्राणी हुन्छन् कि हुँदैनन् ?
(ख) हामीले पानी नपिई पनि के कसरी पानी खाइरहेका हुन्छौँ ?

२. दिइएका शीर्षकमा आफ्नो धारणा राख्नुहोस् :

(क) पानी कम खाएमा के हुन्छ ?

(ख) हिमाल पानीको स्रोत हो, कसरी ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सिर्जना/ परियोजना कार्य ( सवाद लेखन/विवरण लेखन ) | • पानीको उपयोगिता शीर्षकमा संवाद तयार गर्न<br>• अन्न उब्जाउने क्रममा गर्नुपर्ने कामको विवरण बनाउन | • सवाद लेखनका शीर्षकपत्ती<br>• अन्न उब्जाउने क्रमका चित्रहरू |

| | | |
|---|---|---|
| | | |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कविता सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा संवाद रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. शिक्षकले तयार पारेर ल्याएको निर्देशित संवाद रचना प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा संवाद रचनाका बारेमा छलफल गराउनुहोस् ।

४. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा संवाद रचना गर्न, चार्ट पेपर,साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको संवाद रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. प्रत्येक समूहबाट रचना भएका संवाद कक्षामा वाचन गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

७. कुनै पनि अन्न उब्जाउने क्रममा केके गर्नुपर्छ भनी विद्यार्थीले किसानसँग सोधेर ल्याएको विवरण विद्यार्थीलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले पनि चित्रमार्फत् अन्न उब्जाउने क्रममा गर्नुपर्ने कामको विवरण प्रदर्शन गर्नुहोस् ।

(ग) **सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तलकामध्ये कुनै एक शीर्षकमा संवाद लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

(क) **शिक्षाको महत्त्व** (ख) **वनभोज**

(घ) **मूल्याङ्कन**

१. विद्यार्थीले सबलीकरण क्रियाकलापमा लेखेका संवादलाई मूल्याङ्कन गर्नुहोस् ।

२.सिर्जना/परियोजना खण्डको प्रश्न न. २ को बारेमा लेखेका अनुच्छेदलाई मूल्याङ्कन गर्नुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**पाठ : १६**
**शीर्षक : मायाको घर**
**विधा : कथा**
**कार्यघण्टा : १०**

'मायाको घर' सामाजिक कथा हो । कथा शिक्षणको प्रमुख उद्देश्य कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीहरूमा प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष, चित्रकथा वर्णन, समस्या पहिचान र समाधानका उपाय प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन, मौन पठन र छलफल, प्रश्न निमार्ण र उत्तर पहिचान, विषयवस्तुको सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन, चरित्र चित्रण र पात्र तुलना जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, सार लेखन, तार्किक अभिव्यक्ति, अनुमान तथा पूर्वानुमानका आधारमा घटना विस्तार, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत विशेषण भाव र अर्थ (सामान्यार्थ, आज्ञार्थ, सम्भावनार्थ) को पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत 'र' का विभिन्न रूपको प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा आज्ञा वा आदेशसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत कथा लेखन र निर्दिष्ट शीर्षकमा रचना क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १-१६)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्वपठन खण्डका चित्र<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२.उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका गुफा, दुलो, गुँड, घार, तबेला, खोर, गोठ र हात्तीसारको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले पाठको अनुच्छेद १ देखि ४ सम्म नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

६. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

७. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन

दिनुहोस् ।

८. अनुच्छेद १ देखि १६ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

९. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : हत्तेरी - हत्. ते. री तर्कवितर्क - तर्. क. बि. तर्. क ।**

१०. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

११. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थसमेत भन्न लगाउनुहोस् ।

१२. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) नकुल उसकी हजुरआमालाई हरेक बिहान कसरी अलमल्याउँथ्यो ?
(ख) दुध खायो भने के हुन्छ ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्वपठन खण्डमा सिकेका विषयवस्तुका सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा कुनै विद्यार्थी स्पष्ट नभएमा साथीबाट नै जानकारी दिन लगाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद वाचन सम्बन्धमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा एक अर्काबिच सहपाठी सिकाइ गर्न लगाउनुहोस् ।

३. शिक्षकले प्रत्येक समूहलाई शब्दार्थ र वाक्यमा प्रयोग गर्न लगाएर विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई विभिन्न प्राणीका बासस्थानको चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बलियो, हतार, उत्सुक, भ्रमण, अबेर

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) नकुल कहाँ जाने तयारी गर्दै थियो ?

(ख) किन हरेक महिना विद्यार्थी शैक्षिक भ्रमण जान्थे ?

(ग) मिलन यात्राभरि कसरी बस्यो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १७ - २४)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले ठिक तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद १७ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद १७ देखि २४ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : जिज्ञासा - जिग्. ग्याँ. सा, कार्यक्रम- कार्. य. क्रम्**

७. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) गेटमा ठुला अक्षरले के लेखिएको थियो ?

(ख) कसका कुरा सुनेर मिलन सुक्कसुक्क गरेर रुन लाग्यो ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठबाट बोध प्रश्नोत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् ।

२. प्रत्येक समूहबाट प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको सम्बन्धमा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

घ्याच्च, जिज्ञासा, चञ्चल, चउर, थकाइ

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) गुडिरहेको बस कहाँ रोकियो ?

(ख) हर्कजितकी नातिनी कस्तो स्वभावकी थिइन् ?

(ग) वृद्धाश्रममा कस्ता मानिस बस्छन् ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद २५ - ३१)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् । **जस्तै : हल्ला गर्दैन त्यसले पिटाइ खान्छ मज्जाले के हो ? उत्तर : मादल**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले ठिक तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद २५ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद २५ देखि ३१ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । **जस्तै : गनथन - गन्. थन्       सम्मान - सम्. मान्, ।**

७. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. २ मा दिइएका शब्दलाई शुद्ध उच्चारण गर्ने थप अभ्यास गराउनुहोस् ।

८. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

९. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

१०. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) कसलाई हजुरबुबाको गनथन पटक्कै मन पर्दैनथ्यो ?

(ख) गुरुआमा र अरू साथी कहाँ भेला भए ?

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई निम्नलिखित शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने थप अभ्यास गराउनुहोस् :
झलझली, पछुतो, सम्मान, अनुभव

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. २ मा दिइएका शब्दलाई शुद्ध उच्चारण गर्ने थप अभ्यास गराउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

वृद्धाश्रम, गनथन, पछुतो, धाप, विद्यालय

३. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) बुढाबुढी र केटाकेटीको बानी कस्तो हुन्छ ?

(ख) विद्यार्थी कति बजेपछि विद्यालय फर्किए ?

(ग) नकुलकी हजुरआमा कसरी उभिइरहनुभएको थियो ?

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • शब्दभण्डार (अनुकरणात्मक शब्द)<br>• प्रश्न निर्माण | • अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्धारित उत्तरका आधारमा प्रश्न निर्माण गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शैक्षणिक पाटीमा केही अनुकरणात्मक शब्द र ती शब्दसँग मिल्ने क्रियापद लेख्नुहोस् । कुनै एक विद्यार्थीलाई अनुकरणात्मक शब्द र क्रियापद सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् ।

२. शिक्षकले केही अनुकरणात्मक शब्दअनुसारका क्रियाकलाप गरेर देखाउनुहोस् र विद्यार्थीलाई पनि अनुकरणात्मक शब्दअनुसार क्रियाकलाप गर्न उत्प्रेरित गर्नुहोस् ।

३. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास १ का आधारमा दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियाको जोडा मिलाउन सिकाउनुहोस् ।

४. विद्यार्थी समूहलाई अभ्यास १ का आधारमा अनुकरणात्मक शब्दसँग मिल्ने कियाको जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

६. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास २ का आधारमा पाठबाट दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियापद खोजेर लेख्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ३ का आधारमा दिइएको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गरी रेखाङ्कन गर्न लगाउनुहोस् र कापीमा सार्न लगाउनुहोस् ।

८. विद्यार्थीले अभ्यास गरिसकेपछि विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ४ का आधारमा दिइएका मिल्ने शब्द लेखी खाली ठाउँ भर्न लगाउनुहोस् ।

१०. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

**जस्तै : (क) रुख गर्ल्याम्म ढल्यो ।**

११. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ५ का आधारमा दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य बनाउन सिकाउनुहोस् । **जस्तै : प्याट्ट - रमाले मलाई प्याट्ट पिटिन् ।**

१२. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ५ का आधारमा दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य बनाउन लगाउनुहोस् ।

१३. विद्यार्थीले अभ्यास गरिसकेपछि विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएका उत्तर आउने वाक्यका आधारमा प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा को, कसको, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस् । **जस्तै :**

**(क) मेरो छोरो ज्ञानी छ ।**

**प्रश्न : (अ) कसको छोरो ज्ञानी छ ?**

**(आ) मेरो छोरो कस्तो छ ?**

१५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएका उत्तर आउने वाक्यका आधारमा प्रश्न निर्माण गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । प्रश्न निर्माण पश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियाको जोडा मिलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थीलाई तलको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस् ।

म विद्यालयबाट सरासर घर गएँ र भुईंमा थचक्क बसेँ । कसैले बोलाएको सुनेर म जुरुक्क उठेर बाहिर गएँ । बाहिर त दरर पानी परेको रहेछ । म झटपट कपडा उठाउन थालेँ । त्यत्तिकैमा आमा पनि आउनुभयो र फटाफट कपडा उठाउन थाल्नुभयो । आकाश धुम्म भएकाले जाडो बढ्यो त्यसैले म त लुगलुग काम्न थालेँ । आमाले छिटो छिटो गरी चिया पकाएर खान दिनुभयो । मैले सुरुपसुरुप गर्दै चिया खाएँ ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## पाँचौ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• लामो उत्तर लेखन | • पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्न<br>• पाठका आधारमा लामो उत्तर लेख्न | • प्रश्नसूची<br>• छोटो उत्तरको नमुना<br>• लामो उत्तरको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङक्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

२. छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै

गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा लामो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**लामो उत्तरको नमुना**

**(क) मायाको घरमा कस्ता मानिसहरू बस्दा रहेछन्, पाठका आधारमा लेख्नुहोस् ।**

उत्तर : कथाकार माया ठकुरीद्वारा रचित 'मायाको घर' कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाको विषयवस्तु वृद्धाश्रममा रहेका वृद्धवृद्धासँग सम्बन्धित छ ।

मायाको घर नामक वृद्धाश्रममा विभिन्न किसिमका वृद्धवृद्धा बस्ने गर्छन् । घरका सदस्यहरू दिनभर काममा जाने भएकाले एक्लै घरमा बस्न गारो लाग्ने वृद्धवृद्धाहरू यहाँ आएर बस्ने गर्छन् । छोरा बुहारीले गर्ने नराम्रो व्यवहारका कारणले पनि धेरै वृद्धवृद्धाहरू मायाको घरमा आएर बस्छन् । त्यस्तै घरमा सबैले मन नपराएका र हेला गरेका वृद्धवृद्धा पनि वृद्धाश्रममा आएर बस्ने गर्छन् । बुढेसकालमा सहारा दिने कोही पनि आफन्त नभएका मानिसहरू पनि मायाको घरमा आएर बस्छन् ।

यसरी मायाको घरमा आफ्नो घरबाट अपहेलित भएका, दुःख पाएका, सहारा नभएका वृद्धवृद्धाहरू बस्ने गर्छन् ।

४. विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा छोटो उत्तर लेख्न लगाउनुहोस् र पढेर सुनाउन लगाउनुहोस् ।

२. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा लामो उत्तर लेख्न लगाउनुहोस् र पढेर सुनाउन लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सबलीकरण क्रियाकलापमा लेखेका उत्तरलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● अनुच्छेद लेखन<br>● मौन पठन र सारांश लेखन | ● अनुमानका आधारमा अनुच्छेद लेख्न<br>● निर्दिष्ट अनुच्छेद मौन पठन गरी सारांश लेख्न | ● अनुच्छेद लेखनको नमुना<br>● अनुच्छेदपत्ती<br>● सारांश लेखनको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा मायाको घरबाट फर्केपछि मिलनले कसरी हजुरबुबालाई भेट्यो होला भन्ने विषयमा अनुमान गर्न लगाउनुहोस् ।
२. विद्यार्थी समूहको छलफलबाट आएका कुरालाई निष्कर्षका रूपमा कापीमा टिपोट गर्न लगाउनुहोस् र पालैपालो पढेर सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक कुरा थप गर्नुहोस् र निष्कर्ष दिनुहोस् ।
३. निष्कर्षका आधारमा मायाको घरबाट फर्केपछि मिलनले हजुरबुबालाई भेटेको विषयमा एक अनुच्छेद लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।
४. कापी परीक्षण गरी ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।
५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ मा दिइएको अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र महत्त्वपूर्ण बुँदामा रेखाङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले ठिक तरिकाले मौन पठन गरे नगरेको अवलोकन गर्नुहोस् ।

६. विद्यार्थीले मौन पठन गरिसकेपछि शिक्षक आफैले तयार पारेर ल्याएको सारांश लेखनको नमुना प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी सारांश लेखनको नमुना पढ्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र रेखाङ्कन गरेका महत्त्वपूर्ण बुँदा समेटेर सारांश लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थी समूहले तयार पारेका सारांश लेखनलाई पालैपालो सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. मायाको घरबाट फर्केपछि मिलनले कसरी हजुरबुबालाई भेट्यो होला, अनुमानका आधारमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

२. कुनै एउटा अनुच्छेद दिई सारांश लेख्न लगाउनुहोस् ।

**(घ) मूल्याङ्कन**

१. सबलीकरण क्रियाकलापमा लेखेका उत्तरलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• मौन पठन र प्रश्न निर्माण<br>• घटनाक्रम टिपोट | • विशृङ्खल घटनाक्रमलाई क्रम मिलाएर लेख्न<br>• निर्दिष्ट कथाका आधारमा प्रश्न निर्माण गर्न<br>• निर्दिष्ट कथाका आधारमा मुख्य घटनाहरू टिपोट गर्न | • विशृङ्खल घटनाका बुँदा<br>• प्रश्नपत्ती<br>• मुख्य घटनाका बुँदा |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा दिइएका कथाका विभिन्न घटनाका बुँदाका आधारमा घटनाक्रम मिलाउन लगाउनुहोस् र विद्यार्थीले ठिक तरिकाले घटनाक्रम मिलाउन सके नसकेको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

२. घटनाक्रम मिलाउने काम सकिएपछि विद्यार्थीलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा दिइएको कथा मौन पठन गर्न लगाउनुहोस् र कथाबाट प्रश्न निर्माण गर्न सिकाउनुहोस् ।
**जस्तै : धेरै पहिला कस्ता पदार्थ पनि मान्छे जस्तै बोल्न सक्थे ?**

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले बनाएका प्रश्न कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

५. विद्यार्थीलाई माथिको कथाका आधारमा उदाहरणमा दिइए जस्तै कथाबाट मुख्य घटना बुँदागत रूपमा लेख्न सिकाउनुहोस् ।

६. विद्यार्थीलाई माथिको कथाका आधारमा कथाबाट आठओटा मुख्य घटनाहरू बुँदागत रूपमा लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले टिपेका मुख्य घटना कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष सुनाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. तलको अनुच्छेद मौन पठन गरी चारओटा प्रश्न निर्माण गर्न लगाई साथी साथीबिच छलफल गर्न लगाउनुहोस् :

गुरुआमा र अरू साथी चौताराको वरिपरि भेला भए । आआफ्नो खाजा खाए । रमाइला गीत गाए, नाचे, रमाए । हजुरबुबा हजुरआमाका अनुभवका कथा सुने, सुनाए । आँखाका नानी जस्ता विद्यार्थी अनुभवका खानी पाकाहरूको सम्मानमा रमाए, ताली बजाए । तीन बजेपछि 'मायाको घर' बाट बिदा लिएर विद्यालय फर्की आआफ्ना घर गए । घरमा पुग्नासाथ गेटबाटै 'हजुरआमा' भन्दै नकुल दौडियो । सधैँ झैँ हजुरआमा मुसुमुसु हाँसेर उभिइरहनुभएको थियो ।

**(घ) मूल्याङ्कन**

१. विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा दिइएका कथाका विभिन्न घटनाका बुँदाका आधारमा घटनाक्रम मिलाउन लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (आज्ञा वा आदेश)<br>• भाव वा अर्थ | • कुनै विषयवस्तु वा समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई आज्ञा वा आदेश दिन<br>• भाव वा अर्थको पहिचान र प्रयोग गर्न | • आज्ञा वा आदेशसँग सम्बन्धित अडियो वा भिडियो<br>• भाव वा अर्थको तालिका र उदाहरण<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै सम्बन्धी रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीसँग आज्ञा वा आदेशसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १० मा दिइएका निर्देशन, नियम, आज्ञा वा आदेश हामीले किन पालना गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । प्रत्येक समूहलाई कुनै एउटा निर्देशन, नियम, आज्ञा वा आदेशको पालना गर्नुपर्ने कारण लेख्न लगाउनुहोस् :

(क) गृहकार्य गर्नुपर्ने
(ख) विद्यालय पोसाक लगाउनुपर्ने
(ग) कक्षामा हात उठाएर शिक्षकले अनुमति दिएपछि मात्र बोल्नुपर्ने
(घ) नियमित विद्यालय उपस्थित हुनुपर्ने
(ङ) नियमित रूपमा आफ्नो सरसफाइ गर्नुपर्ने
(च) आमाबुबाको आज्ञा मान्नुपर्ने

२. भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

हसिना : ए बाबु ! छिटो उठ न । आज घुम्न जाने भनेको होइन ।
मोहम्बत : एकछिन पर्खनुहोस् न आमा, बिदाको दिन त अबेरसम्म सुत्न दिनुहोस् ।
हसिना : बिहान अबेरसम्म सुत्ने बानी राम्रो होइन त्यसैले समयमै उठेर आफ्नो काम गर्ने गर ।
मोहम्बत : भोलिदेखि छिटो उठ्छु नि आमा । आज एकछिन सुत्न दिनुहोस् न ।
हसिना : त्यसो नभन न बाबु छिटो उठ, हातमुख धोऊ अनि खाना खाएर नयाँ कपडा लगाऊ ।
मोहम्बत : हवस् आमा, म उठेर तयार हुन्छु तर आज मलाई चिडियाखाना घुमाउन लानुहोस् है त।
हसिना : हुन्छ, ल छिटो तयार भएर तल आऊ है अनि सबै जना मिलेर चिडियाखाना जानुपर्छ ।
मोहम्बत : हवस् आमा ! म उठिहालेँ ।

३. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको प्रश्न न. १ मा दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्न लगाउनुहोस् । राता अक्षरका क्रियापद र रेखाङ्कन गरिएका क्रियापदले बुझाएको फरक कामका बारेमा छलफल गराउनुहोस् । यस क्रममा कुनै कुरा भयो वा भएन (हुन्छ वा हुँदैन) भन्ने सामान्य सूचना दिने क्रियापद सामान्यार्थ क्रियापद र आज्ञा वा आदेश जनाउने क्रियापद आज्ञार्थ क्रियापद हुन् भन्ने कुराको जानकारी गराउनुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको प्रश्न न. २ मा दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्न लगाउनुहोस् र सामान्यार्थ र आज्ञार्थ क्रियापद टिपोट गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले टिपोट गरेका क्रियापद पढेर सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई प्रश्न न. ३ मा दिइएका वाक्यले दिने अर्थ वा भावका आधारमा सामान्यार्थ र आज्ञार्थ वाक्य छुट्याउन सिकाउनुहोस् । **जस्तै :**

**(क) उनीहरू पढ्न थाले । सामान्यार्थ**

**(ख) तिमी आज धेरै नखेल । आज्ञार्थ**

७. विद्यार्थीलाई प्रश्न न. ३ मा दिइएका वाक्यले दिने अर्थ वा भावका आधारमा सामान्यार्थ र आज्ञार्थ वाक्य छुट्याउन लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले छुट्याएका वाक्य एकआपसमा साटेर हेर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थीलाई प्रश्न न. ४ का आधारमा खाली ठाउँमा आज्ञा वा आदेश बुझाउने क्रियापद छानेर लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई प्रश्न न. ५ का आधारमा खाली ठाउँमा सम्भावना बुझाउने क्रियापद छानेर लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीलाई प्रश्न न. ६ का आधारमा कोष्ठकका निर्देशनका आधारमा वाक्य पूरा गर्न सिकाउनुहोस्

**जस्तै : (क) उनीहरूले मलाई ...................... । (भेट् : सामान्यार्थ)**

**उत्तर : (क) उनीहरूले मलाई भेटे ।**

११. विद्यार्थीलाई प्रश्न न. ६ का आधारमा कोष्ठकका निर्देशनका आधारमा वाक्य पूरा गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।। विद्यार्थीले पूरा गरेका वाक्य एकआपसमा साटेर हेर्न लगाउनुहोस् र सहपाठी सिकाइको अवसर प्रदान गर्नुहोस् ।

### (ग) सबलीकरण क्रियाकलाप

१. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा २/३ जना विद्यार्थीको समूहलाई आज्ञा वा आदेशसम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीलाई प्रश्न न. ४ का आधारमा खाली ठाउँमा आज्ञा वा आदेश बुझाउने क्रियापद छानेर लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

### (घ) मूल्याङ्कन

१. विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा २/३ जना विद्यार्थीको समूहलाई नियमित विद्यालय उपस्थित हुनुपर्नेसम्बन्धी कुराकानी गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. क्रियापद छानी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) खायो | आज्ञार्थ |
| (ख) जाऊ | सामान्यार्थ |
| (ग) बस् | सम्भावनार्थ |
| (घ) पर्ला | आज्ञार्थ |

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • वर्णविन्यास<br>( र को प्रयोग)<br>• सुनाइ पाठ १६<br>• छलफल र मौखिक प्रस्तुति<br>• सिर्जना/ परियोजना कार्य | • शब्दमा र को पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ १६ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन<br>• सिर्जना/परियोजनासम्बन्धी कार्य गर्न | • शब्दपत्ती<br>• सुनाइ पाठ १६ को अडियो सामग्री<br>• प्रश्नपत्ती<br>• छलफलका लागि बुँदा |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । **जस्तै : सट ४० मा किनेर ४५ मा बेच्दा कति नाफा हुन्छ ? उत्तर : पाँच** ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ . शब्दमा 'र' वर्णको प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा 'र' वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दमा 'र' वर्णको प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी शब्दमा 'र' वर्णको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

क्रम कृपा कर्तव्य

हृदय पन्ध्र गर्छ

त्रिशुल श्रद्धा बर्को

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ७ का आधारमा दिइएका वर्णमा 'र' जोडेर लेख्न सिकाउनुहोस् । **जस्तै : क्+र = क्र, ख्+र = ख**

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ७ का आधारमा दिइएका वर्णमा 'र' जोडेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. अभ्यास ८ का आधारमा दिइएका शब्दमा 'र' वर्णको प्रयोग गरी शुद्ध बनाई लेख्ने क्रियाकलाप गराउनुहोस् । अन्त्यमा छलफलसहित शैक्षणिक पाटीमा उत्तरको नमुना देखाइ 'र' वर्णको प्रयोगको तरिका स्पष्ट पार्नुहोस् ।

६. विद्यार्थीलाई अभ्यास ९ का आधारमा पाठ्य कथाबाट अर्को वर्णसँग 'र' जोडिएका र रेफ प्रयोग भएका शब्द खोज्न सिकाउनुहोस् । **जस्तै : राम्रो, तर्कवितर्क**

७. विद्यार्थीलाई अभ्यास ९ का आधारमा पाठ्य कथाबाट अर्को वर्णसँग 'र' जोडिएका र रेफ प्रयोग भएका १० ओटा शब्द खोजेर लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । अन्त्यमा छलफलसहित शैक्षणिक पाटीमा उत्तरको नमुना देखाइ 'र' वर्णको प्रयोगको तरिका स्पष्ट पार्नुहोस् ।

८. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ विषयवस्तु ध्यानपूर्वक सुन्न
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिन
- प्रश्नको संरचनाअनुसार उत्तर दिन
- सुनाइ पाठकै आधारमा उत्तर दिन

९. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १६ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा अन्य व्यक्तिले वाचन गरेको मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

१०. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

११. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् ।
जस्तै : (क) गल्तीवश राजाको हातबाट तरबार खुस्क्यो र उनको दाहिने खुट्टाको बुढी औँला च्वाट्टै पाऱ्यो । ठिक

१२. विद्यार्थीको उत्तर ठिक भए नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

१३. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

१४. विद्यार्थीलाई पूर्ण वाक्यसहित जोडा मिलाउन सिकाउनुहोस् ।

जस्तै : (क) राजाले आफूलाई रिस उठेपछि वीरबललाई जेल हालिदिए ।

१५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ का आधारमा उत्तर भन्न लगाउनुहोस् ।

१६. विद्यार्थीलाई पूर्ण वाक्यसहित प्रश्नको उत्तर दिन सिकाउनुहोस् ।

जस्तै : (क) वीरबल कस्ता थिए ?

उत्तर : वीरबल सकारात्मक सोचका व्यक्ति थिए ।

१७. विद्यार्थीले प्रश्नको उत्तर दिन सके नसकेको पहिचान गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ४ का आधारमा विद्यार्थीलाई उनीहरूको घर वा समाजमा भएको कुनै एउटा सामाजिक समस्या भन्न लगाउनुहोस् । उक्त समस्या कसरी समाधान होला भन्ने विषयमा विद्यार्थीबिच सामूहिक छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका विचार वा उपाय कक्षामा सुनाउन

लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।
१९. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न न. १ का आधारमा कुनै एउटा कथा लेखेर ल्याउन लगाउनुहोस् ।
२०. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना/परियोजना खण्डको प्रश्न न. २ का आधारमा 'मेरा हजुरबुबा' वा 'मेरी हजुरआमा' शीर्षकमा एउटा छोटो रचना तयार पारेर ल्याउन लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ४ जस्तै सामाजिक समस्यामा आधारित केही सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. शिक्षकले प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. तलका शब्दमा 'र' जोडेर शुद्ध शब्द लेख्न लगाउनुहोस् ।

शीषक, बाखा, गमी, भमण, प्रकति, नमता ।

२. आफूले भोगेको वा देखेको कुनै एउटा सामाजिक समस्याका बारेमा मौखिक रूपमा वर्णन गर्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना/ परियोजना कार्य (कथा रचना र निर्दिष्ट शीर्षकमा छोटो रचना) | • सुनेको वा पढेको आधारमा कथा रचना गर्न<br>• निर्दिष्ट शीर्षकमा छोटो रचना तयार गर्न | • कथाको नमुना<br>• निर्दिष्ट रचनाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. शिक्षकले निर्देशित कथा रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाका निर्देशित बुँदा प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा छलफल गर्दै कथाका निर्देशित बुँदाका आधारमा कथा लेख्न सिकाउनुहोस् । कथा लेख्ने क्रममा पात्रका बिचमा कम्तीमा एउटा संवाद अनिवार्य हुनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

४. कथा लेखन पश्चात् कथालाई वाचन गरेर सुनाउन लगाउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना/परियोजना खण्डको अभ्यास १ का आधारमा कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा लेखनसम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट लेखिएका कथा कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डको अभ्यास २ गर्नका लागि साइनपेन, सिसाकलम आदि आवश्यक सामग्री दिनुहोस् ।

१०. समूह कार्य पूरा भए पश्चात् कक्षामा प्रदर्शन र प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि समूहको भाषिक अवस्थाका आधारमा कक्षाका सबै भाषा समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

११. अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) सबलीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई आफूले सुनेको वा पढेको आधारमा कुनै एक कथा लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**(घ) मूल्याङ्कन**

१. 'मेरो बाल्यकाल' शीर्षकमा एउटा छोटो रचना तयार पार्न लगाउनुहोस् ।

**अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।**